


# प्रहरीको पहरेदारी कसले गर्छ ?

## राज्यका निकायले गरेको अपराधसम्बन्धी फौजदारी अनुसन्धानमा स्वतन्त्र निकायको भूमिका

ओपन सोसाइटी
जस्टिस इनिसिएटिभ

प्रतिलिपि अधिकार © २०२१ ओपन सोसाइटी फाउन्डेशन

यो प्रकाशन ओपन सोसाइटी फाउन्डेशनको वेवसाइटमा उपलब्ध छ । यो प्रकाशनको पूर्ण भाग ओपन सोसाइटी फाउन्डेशनलाई उचित श्रेय दिई गैर-व्यवसायिक शैक्षिक वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गर्न सकिन्छ । यसमा प्रकाशित तस्बिरहरूलाई मात्र प्रयोग गर्न पाइने छैन ।

ISBN: 78-1-940983-92-9

doi: 10.34880/74m3/9s14

*प्रकाशन*
**ओपन सोसाइटी फाउन्डेशन**
२२४ वेस्ट ५७औं सडक
न्यूयोर्क, एनवाई १००१९
संयुक्त राज्य अमेरिका
www.opensocietyfoundations.org

थप जानकारीको लागि
**माशा लिसिट्स्याना**
ओपन सोसाइटी फाउन्डेशन
masha.lisitsyna@opensocietyfoundations.org

डिजाइन र लेआउट : अह्ल्ग्रीम डिजाइन समूह

आवरण तस्बिर © अन्ना वाटसन/क्यामेरा प्रेस/रेडक्स

# कृतज्ञता

यो अध्ययन प्रतिवेदन ओन्टारियो, क्यानडाको विशेष अनुसन्धान एकाईका पूर्व निर्देशक इयान स्कट र ओपन सोसाइटी जस्टिस इनिसिएटिभको उत्तरदायित्व विभागकी वरिष्ठ कानून अधिकृत माशा लिसिट्स्यानाले लेख्नु भएको हो। यसलाई जस्टिस इनिसिएटिभका एरिका डेली, राहेल नील्ड र रोबर्ट ओ. भेरेनिकले समिक्षा गर्नुभएको हो भने जस्टिस इनिसिएटिभको वरिष्ठ सञ्चार अधिकृत डेभिड बेरीले सम्पादन गर्नु भएको हो।

यस अध्ययन प्रतिवेदनका लागि अनुसन्धान तथा लेखनमा विभिन्न व्यक्तिहरूले योगदान गर्नुभएको छ। हामी स्वतन्त्र अनुसन्धान निकाय (आईआईए) सम्बन्धी प्रारम्भिक नमुना पत्ता लगाउन सहयोग गर्ने ब्रिस्टल विश्वविद्यालयको मानव अधिकार कानून क्लिनिक (शत्र २०१३–२०१४) प्रति आभारी छौँ। हामी एरिन गुयेन नेफ, क्लाउडिया बेनेट र अमालिया अर्डोनेज वाहीलाई अनुसन्धान अद्यावधिक राख्नु भएकोमा विशेष धन्यवाद दिन्छौँ। हार्वर्ड कानून र अन्तर्राष्ट्रिय विकास समाज परियोजना अन्तर्गत अधिवक्ता लुसी प्रेस्टन र ल्यारी लोको सुपरिवेक्षणमा टफ्ट्स विश्वविद्यालयको फ्लेचर स्कूल र बोस्टन कलेज ल स्कूलका विद्यार्थीहरू डाना हाटिक, अमान्डा बोर्क्वेय, जेसिका बिलोन्को र कारा स्पार्लिङले सन् २०२० मा गर्नुभएको थप अनुसन्धानका लागि हामी आभारी छौँ।

सन् २०१३–२०१४ मा जस्टिस इनिसिएटिभ र अमेरिकी विश्वविद्यालयको तियान शान नीति केन्द्रले संयुक्त रूपमा मध्य एशिया तथा किंगस्टन, जमैका र टोरन्टो, क्यानडामा सम्पन्न गरेका अनुसन्धानहरूले पनि यस प्रतिवेदनमा सहयोग पुगेको छ जुन अनुसन्धानहरूका क्रममा अनुसन्धान गर्ने निकाय, नागरिक संस्था र शिक्षाविदहरूसँग विभिन्न अन्तर्वार्ता गरिएको थियो।[१] जमैकाको अनुसन्धान सम्बन्धी स्वतन्त्र आयोग (इन्डिपेन्डेन्ट कमिशन अफ इन्भेस्टिगेशन), एम्नेस्टी इन्टरनेशनल-अमेरिका, ओपन सोसाइटी फाउन्डेशन र एसेक्स विश्वविद्यालयको मानव अधिकार केन्द्रले संयुक्त आयोजना गरेको स्पटलाइट सम्मेलनमा सहभागी प्रहरीहरूले दिनुभएको विचार तथा धारणाका साथै ओपन सोसाइटी फाउन्डेशनद्वारा सन् २०१३–२०१८ बीच आर्मेनिया, जर्जिया र किर्गिजस्तानमा आयोजित सम्मेलन र कार्यशालाहरूबाट पनि हामीलाई सहयोग मिलेको छ।

यस अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा विभिन्न विज्ञहरूले सहयोग गर्नुभएको छ। हामी फातिमा बोखारी, मुसावी, पाकिस्तान; एड्रियाना गार्सिया गार्सिया, सिआइडिइ विश्वविद्यालय, मेक्सिको; अन्ना गुइयुडाइस, अस्ट्रिया; लुकास लेकोर, एक्सयूएमइके, अर्जेन्टिना; थेरेस राइटर, डिग्निटी, डेनमार्क; मार्टिन सोन्टेइख, फौजदारी न्याय सुधार सम्बन्धी स्वतन्त्र परामर्शदाता, संयुक्त राज्य अमेरिका; र मन्दिरा शर्मा, इन्टरनेशनल कमिशन अफ जुरिस्ट, नेपालप्रति आभारी छौँ। हामी ओपन सोसाइटी फाउन्डेशनका सहकर्मीहरू बेट्सी एप्पल, नताशा अर्नप्रिस्टर, सोफियो असन्तानी, अराम बार्रा, अलेक्जान्ड्रा चेरकासेन्को, सान्ड्रा कोलिभर, क्रिस्चियन डे भोस, ओरो फ्रेजर, जर्ज केगोरो, जाजा नामोराडजे, नीना म्याडसेन, सुशीला मठ, फियोना म्याके, मारियाना पेना, क्रिस्टोफर स्कट, जेनिफर श, वाइक्वा वान्योइके, जिलियन विन्क्लर, भ्यासलिना यावोस्का र वेइनी यीप्रति पनि आभारी छौँ।

यस अध्ययन प्रतिवेदनको मस्यौदालाई विभिन्न चरणमा समीक्षा गरी धेरै सहकर्मीहरूले सहयोग गर्नुभएको छ। हामी इस्ट-वेस्ट म्यानेजमेन्ट इस्टिट्युटका जर्जियामा कानूनी शासन सम्बन्धी कार्य गर्ने गियोर्गी छिइड्जे, कोलम्बियाका अन्तर्राष्ट्रिय मानव कानून सम्बन्धी वरिष्ठ परामर्शदाता भेरोनिका हिनेस्ट्रोजा ऐरेनास, क्यानाडा, ओन्टारियाका विशेष अनुसन्धान एकाइका पूर्व कर्मचारी ग्यारेथ जोन्स तथा विशेष अनुसन्धान एकाइका निर्देशक जोसेफ मार्टिनो, दक्षिण अफ्रिकी फौजदारी न्याय सुधार सम्बन्धी कार्य गर्ने लुकाश मुन्टिंघ, क्यानडाको टोरोन्टो विश्वविद्यालयका कानून प्राध्यापक केन्ट रोअच र क्यानाडाको वेस्टर्न ओन्टारियो विश्वविद्यालयका कानून प्राध्यापक क्रिस्टोफर शेरिनप्रति कृतज्ञ छौँ।

यो अध्ययनको दौरान हामीसँग कुराकानी गर्ने, अन्तर्वार्ता दिने धेरै व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौँ। विभिन्न देशहरूमा अनुसन्धान गर्ने निकायहरूको कामकारवाहीको बारेमा बुझ्न अन्तर्वार्ता महत्त्वपूर्ण थियो भने यसले व्यवहारिक तथा कार्यान्वयन गर्न सकिने सुझाव सिफारिस तयार गर्न पनि मद्दत गर्‍यो। अन्तर्वार्ताहरू भिडियो कलको माध्यमबाट सम्पन्न गरिएको थियो। अन्तर्वार्तामार्फत ज्ञान तथा अनुभव बाँड्ने, अनुसन्धानको परिकल्पनालाई चुनौती दिने र अनुभवहरू तथा

व्यवहारिक उदाहरण दिने फावियो अमाडो, रियो द जेनेरियो सरकारी वकिलको कार्यालय, ब्राजिल; इफ्रात वेग्रमान, यातनाविरुद्ध सार्वजनिक समिति, इजरायल; युरी बिलोसोभ, विभाग प्रमुख, महान्यायाधिवक्ताको कार्यालय, युक्रेन; डेभिड ब्रुस, अनुसन्धानकर्ता, दक्षिण अफ्रिका; हामिश क्याम्पबेल, सहायक आयुक्त, अनुसन्धान सम्बन्धी स्वतन्त्र आयोग (इन्डिपेन्डेन्ट कमिशन अफ इन्भेस्टिगेशन), जमैका; जोन डेविट, ट्रान्सपरेन्सी इन्टरनेशनल, आयरल्याण्ड (इमेल अन्तर्वार्ता); तामीइग्रे, अमेरिकी नागरिक स्वतन्त्रता संघ (एसिएलयू), अमेरिका; भेरोनिका हिनेस्ट्रोजा एरेनास, स्वतन्त्र विशेषज्ञ, कोलम्बिया; तमार होप्कीन्स, कानून व्यवसायी तथा अनुसन्धानकर्ता, अष्ट्रेलिया; जर्ज केगोरो, पूर्वी अफ्रिकाको लागि ओपन सोसाइटी इनिसिएटिभ, केन्या; पिटर कियामा, स्वतन्त्र मेडिको लिगल एकाइ, केन्या; येभेन क्रापिभिन, नीति र कानूनी सुधार केन्द्र, युक्रेन; निकोलस लाइनो, संघीय सरकारी वकिलको कार्यालय, अर्जेन्टिना (इमेल मार्फत); पाउला लिटवाच्की र मारियानो लान्जियानो, कानूनी तथा सामाजिक अध्ययन केन्द्र (सेन्ट्रो डे एस्टुडियो लेगालेस ए सोसलेस), अर्जेन्टिना; जुआन ई. मेन्डेज, यातना सम्बन्धी पूर्व संयुक्त राष्ट्र संघीय विशेष प्रतिवेदक, अर्जेन्टिना/अमेरिका; लुकास मुन्टिंघ, अफ्रिकी फौजदारी न्याय सुधार, दक्षिण अफ्रिका; डेभिड एनडेरितु, निर्देशक, उजुरी र कानूनी सेवा, स्वतन्त्र प्रहरी निरीक्षण प्राधिकरण (आईपिओए), केन्या; नताशा नेरी, अनुसन्धानकर्ता र रियो दि जेनेरियो, ब्राजिलमा प्रहरीबाट हत्या गरिएका पीडित परिवारहरूसँग काम गरिरहेकी चलचित्र निर्माता; भिक्टोरिया सेन्टास, न्यू साउथ वेल्स विश्वविद्यालय, अष्ट्रेलिया; कार्ल ताकेइ, एसिएलयू, संयुक्त राज्य अमेरिका; तमार जुवास्भिली, राज्य प्रहरी निरीक्षण सेवा, जर्जिया; डेभिड वेस्ट, प्रहरी उजुरी प्राधिकरणका निर्देशक, ट्रिनिडाड र टोबागो; पाउलो रोबर्टो मेलो कुन्हा जुनियर, रियो द जेनेरियोका अभियोजनकर्ता, ब्राजिल; ग्राहम स्मिथ, म्यानचेस्टर विश्वविद्यालय, संयुक्त अधिराज्य; लौरा पिटर, ह्युमन राईट वाच, संयुक्त राज्य अमेरिका; र नेर्वेका एक प्रहरी अनुसन्धानकर्ता तथा वकिल सबैप्रति हामी आभारी छौँ।

अन्तमा यस प्रतिवेदनलाई नेपाली भाषामा अनुवाद गर्ने वकालत मञ्च नेपालका अनुसन्धानकर्मी रुकमणी महर्जन र भाषा सम्पादन गर्नुहुने वकालत मञ्च नेपालका कार्यकारी निर्देशक ओम प्रकाश सेन ठकुरीलाई धन्यवाद दिन चाहन्छौँ।

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| आईआईए | स्वतन्त्र अनुसन्धान निकाय (इन्डिपेन्डेट इन्भेस्टिगेशन एजेन्सी) |
| आईओपिसि | प्रहरी आचरणका लागि स्वतन्त्र कार्यालय (अफिस फर पुलिस कन्डक्ट), संयुक्त अधिराज्य, बेलायत र वेल्स |
| आईपिआईडि | स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालय (इन्डिपेन्डेन्ट पुलिस इन्भेस्टिगेटिभ डाइरेक्टोरेट), दक्षिण अफ्रिका |
| आईपिओए | स्वतन्त्र प्रहरी निरीक्षण प्राधिकरण (इन्डिपेन्डेन्ट पुलिसिंग ओभरसाइट अथोरिटी), केन्या |
| आईएमडिएलयु | स्वतन्त्र चिकित्सकीय-कानूनी एकाइ (इन्डिपेन्डेन्ट मेडिको लिगल यूनिट), केन्या |
| इन्डेकम | स्वतन्त्र अनुसन्धान आयोग (इन्डिपेन्डेन्ट कमिशन अफ इन्भेस्टिगेशन), जमैका |
| एसआईएस | राज्य निरीक्षकको सेवा (स्टेट इन्स्पेक्टस् सर्भिस), जर्जिया गणतन्त्र |
| एसआईयु | विशेष अनुसन्धान एकाइ (स्पेसल इन्भेस्टिगेशन यूनिट), क्यानाडा, ओन्टारिया |
| एनपिए | राष्ट्रिय अभियोजन प्राधिकरण (नेशनल प्रोसेक्युटिंग अथोरिटी), दक्षिण अफ्रिका |
| जिएईएसपि | सार्वजनिक सुरक्षा सम्बन्धी विशेष कार्य समूह (ग्रुपोडे अटुआक्याओ इस्पेरियलिजाडा इम सेगुरान्का पब्लिका), रियो द जेनेरियो, ब्राजिल |
| जिएसओसि | गार्डा सिओचाना लोकपाल आयोग (गार्डा सिओचाना ओम्बड्समयान कमिशन), आयरल्याण्ड |
| पिओएनआई | उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपाल (पुलिस ओम्बड्सम्यान फर नर्दन आयरल्याण्ड), उत्तरी आयरल्याण्ड, संयुक्त अधिराज्य |
| पिसिए | प्रहरी उजुरी प्राधिकरण (पुलिस कम्प्लेन अथोरिटी), ट्रिनिडाड एण्ड टोबागो |
| प्रोक्युभिन | हिंसा विरुद्ध सरकारी वकिलको कार्यालय (प्रोक्यूराडुरिया डे भियोलेन्सिया इन्स्टिटुसिएनल), अर्जेन्टिना |
| मचास | प्रहरी आन्तरिक अनुसन्धान विभाग (पुलिस इन्टर्नल इन्भेस्टिगेशन्स डिपार्टमेन्ट), इजरायल |

# विषयसूची


६ अनुसन्धान विधि तथा शब्दावली

९ कार्यकारी सारांश तथा मुख्य सिफारिसहरू

१६ १. परिचय

२० २. अनुसन्धान निकायको स्वतन्त्रता
२० क) स्वतन्त्र अनुसन्धान निकाय सम्बन्धी कानूनी संरचना
२१ ख) पर्याप्त बजेट तथा छुट्टै कार्यालय

२३ ३. आईआईएको नेतृत्वको स्वतन्त्रता तथा जिम्मेवारी
२३ क) आईआईएको निर्देशकको स्वतन्त्रता
२५ ख) आईआईएको निर्देशकको नियुक्ति
२५ ग) कार्यकाल
२६ घ) आईआईएको निर्देशकको बर्खास्ती
२७ ङ) नेतृत्वको जिम्मेवारी

२९ ४. अनुसन्धानको अधिकार तथा क्षेत्राधिकार
२९ क) मुख्य अनुसन्धान निकायको रूपमा आईआईए
३१ ख) आईआईएले गर्ने अनुसन्धानको विषयहरू
३४ ग) आईआईएले अनुसन्धान गर्ने व्यक्तिहरू
३७ घ) समयसीमा
३८ ङ) राज्यका निकायलाई कानूनी बचाउ वा गम्भीर मानव अधिकार उल्लंघनको विषयमा हदम्यादको लागू नगर्ने

४१ ५. आईआईएको अनुसन्धानकर्ताको स्वतन्त्रता, क्षमता र तालिम
४१ क) भूतपूर्व राज्य निकायको अधिकारी, वा प्रहरी सेवाको अनुभव नभएका अनुसन्धानकर्ता
४४ ख) अनुसन्धानकर्ताको सेवासुविधा, परिचय तथा पोशाक
४४ ग) आईआईएको अनुसन्धानकर्ताको विविधता र साँस्कृतिक सचेतना

४६ ६. आईआईएको अधिकार सम्बन्धी अभ्यास
४६ क) आईआईएको अनुसन्धानकर्ताको अधिकार
४६ ख) अनिवार्य तत्काल सूचना तथा सहयोगको कर्तव्य
४९ ग) सहयोगको कर्तव्यको उल्लंघन तथा सजाय
५० घ) घटनास्थलको सुरक्षा
५१ ङ) संलग्न राज्यको अधिकारीहरूको पृथकीकरण
५१ च) घटना पश्चात बयान र विवरण
५२ छ) राज्यको अधिकारीको अधिकार तथा कर्तव्य
५३ ज) प्रमाण
५४ झ) तथ्यांक तथा अभिलेखको सुरक्षा

५६ ७. **आईआईएको अनुसन्धान तथा अभियोजनमा पीडित, पीडितका प्रतिनिधि तथा गैर-सरकारी संस्थाको अधिकार तथा सहभागिता**
५७ क) फौजदारी प्रक्रियामा पीडितको सहभागिताको अधिकार
५८ ख) पीडितको सूचनाको अधिकार
५९ ग) आईआईएको निर्णयको पुनरावलोकन
५९ घ) गैर-सरकारी संस्था र सरकारी वकिलको भूमिका

६१ ८. **प्रमाण सम्बन्धी विषयहरू**
६१ क) फरेन्सिक प्रमाण
६२ ख) शव परीक्षण
६२ ग) यातनाको शंका
६३ घ) बलपूर्वक बेपत्ता पारिएको विषयमा छानबिन तथा फौजदारी अनुसन्धान

६५ ९. **पूर्ण तथा समयसापेक्ष अनुसन्धान**

६७ १०. **साक्षी तथा शंखघोषकको सुरक्षा**
६७ क) प्रतिशोधबाट सुरक्षा
६८ ख) शंखघोषकको रूपमा राज्य निकायको अधिकारी
७० ग) अभियोजन तथा सजायबाट उन्मुक्ति

७१ ११. **पारदर्शिता**
७१ क) अनुसन्धानको क्रममा सार्वजनिक वक्तव्य
७१ ख) अनुसन्धानको समाप्तीमा सार्वजनिक वक्तव्य
७३ ग) अभियोग नलगाउने निर्णय सम्बन्धी प्रतिवेदन
७३ घ) वार्षिक प्रतिवेदन
७४ ङ) ढाँचा विश्लेषण
७५ च) जनसाँख्यिकीय तथ्यांक संकलन

७६ १२. **अभियोजन तथा पुर्पक्ष**
७६ क) अभियोजन
७८ ख) प्रत्यायोजित तथा निजी अभियोजन
७९ ग) पुर्पक्ष

८२ १३. **निष्कर्ष**

८३ **सिफारिस**

८८ **अनुसूची : सन्दर्भ सामग्रीको सूची**
८८ क) किताब, लेख तथा प्रतिवेदन
९१ ख) कानूनी सामग्रीहरू
९२ ग) अन्तर्राष्ट्रिय मापदण्ड

९५ **इन्डनोट**

# अनुसन्धान विधि तथा शब्दावली

## अनुसन्धान विधि

यो अनुसन्धान सैद्धान्तिक पद्धति (डेस्क अनुसन्धान), पूर्व साहित्य समीक्षा तथा विज्ञहरूसँग स्थलगत अन्तर्वार्ता पद्धति प्रयोग गरी सम्पन्न गरिएको थियो। यस अध्ययन प्रतिवेदन तयार गर्दा इयान स्कटको प्रहरी निरीक्षण सम्बन्धी पूर्व अनुसन्धान तथा ओन्टारियो, क्यानडामा विशेष अनुसन्धान एकाइको निर्देशकको रूपमा काम गरेको अनुभवले पनि मद्दत मिलेको थियो। यो प्रतिवेदन सन् २०१३ मा जस्टिस इनिसिएटिभले मध्य एशियामा अमेरिकी विश्वविद्यालयको तियान शान नीति केन्द्रसँग सहकार्यमा गरेका अनुसन्धानहरूमा पनि आधारित छ।[२]

यो प्रतिवेदन तयार गर्दा स्वतन्त्र अनुसन्धान निकाय (आईआईए) का कर्मचारी, विज्ञ र नागरिक समाजका प्रतिनिधिहरूका साथै उत्तर अमेरिका, दक्षिण अमेरिका र क्यारिबियन, युरोप, अफ्रिका र अष्ट्रेलियाका विज्ञहरूसँग गरी जम्मा २६ जनासँग अन्तर्वार्ता लिइएको थियो। २६ वटा अन्तर्वार्तामध्ये २४ वटा अन्तर्वार्ता लिन भिडियो कन्फरेन्स र इमेल दुवैको प्रयोग गरिएको थियो भने २ वटा अन्तर्वार्ता इमेलबाट गरिएको थियो।[३] अन्तर्वार्ताहरू नोभेम्बर २०२० र अप्रिल २०२१ को बीचमा सम्पन्न गरिएको थियो। विश्वभरी नै राज्यको अधिकारीबाट भएको अपराधको अनुसन्धान कसरी गरिन्छ र अनुसन्धान अभ्यास सुधार गर्न सिफारिसहरू के-कस्ता हुनसक्छन् भन्ने बारेमा अन्तर्वार्ता केन्द्रित थियो।

यस अनुसन्धानका क्रममा अध्ययन गरिएका सबै आईआईएहरू प्रहरी र अन्य राज्य निकायहरूबाट स्वतन्त्र थिए भने सबैलाई फौजदारी अनुसन्धान गर्ने कार्यादेश प्राप्त थियो। यस प्रतिवेदनमा समावेश भएका आईआईएहरू नै सर्वोत्तम आईआईए हो वा यसले विश्वभरका सबै आईआईएको प्रतिनिधित्व गर्दछ भन्ने पनि होइन। तर यस प्रतिवेदनमा समावेश भएका विभिन्न क्षेत्र तथा कानूनी प्रणालीका आईआईएलाई प्रभावकारी आईआईएको उदाहरण मान्न सकिन्छ। अध्ययन गरिएका निकायहरू स्वतन्त्रता र क्षमतामा भिन्न-भिन्न छन् तर प्रत्येक निकायसँग आईआईएको काम प्रभावकारी रूपमा गर्न सक्ने गरी केही महत्त्वपूर्ण तत्त्वहरू र क्षमताहरू छन्। अध्ययन गरिएका निकायहरूको कुरा गर्दा, २० वर्ष पुरानो उत्तरी आयरल्याण्डको प्रहरी लोकपाल र ३० वर्ष पूरानो ओन्टारियोको विशेष अनुसन्धान एकाइ (स्पेसल इन्भेस्टिगेशन यूनिट) जस्ता सबैभन्दा पूराना निकायहरू देखि सन् २०१९ मा स्थापना भएको जर्जिया गणतन्त्रको राज्य निरीक्षकको सेवा (स्टेट इन्स्पेक्टस् सर्भिस) जस्ता हालै स्थापना भएका निकायहरू छन्।

**यस प्रतिवेदनमा समावेश भएका आईआईएहरू निम्न छन् :**

१. क्यानाडा, ओन्टारियो, विशेष अनुसन्धान एकाइ (एसआईयु)[४]

२. जर्जिया गणतन्त्र, राज्य निरीक्षकको सेवा (एसआईएस)[५]

३. आयरल्याण्ड, (गणतन्त्र), गार्डा सिओचाना लोकपाल आयोग (जिएसओसि)[६]

४. इजरायल, प्रहरी आन्तरिक अनुसन्धान विभाग (मचास वा पिआईआईडि)[७]

५. जमैका, स्वतन्त्र अनुसन्धान आयोग (इन्डेकम)[८]

६. केन्या, स्वतन्त्र प्रहरी निरीक्षण प्राधिकरण (आईपिओए)[९]

७. नर्वे, प्रहरी मामिला अनुसन्धान विभाग[१०]

८. दक्षिण अफ्रिका, स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालय (आईपिआईडि)[११]

९. ट्रिनिडाड एण्ड टोबागो, प्रहरी उजुरी प्राधिकरण (पिसिए)[१२]

१०. संयुक्त अधिराज्य, बेलायत र वेल्स, प्रहरी आचरणका लागि स्वतन्त्र कार्यालय (आईओपिसि)[१३]

११. संयुक्त अधिराज्य, उत्तरी आयरल्याण्ड, उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपाल (पिओएनआई)[१४]

यस अध्ययनले महान्यायाधिवक्ताको कार्यालयभित्र रहेका विशिष्टकृत विभागहरूको बारेमा पनि अध्ययन गरेको छ जुन

आईआईए होइनन् तर आईआईएको जस्तो काम भने गर्न सक्दछन् ।

यी विशिष्टकृत विभागहरूसँग पनि आईआईएको जस्तै घटनाहरूको अनुसन्धान गर्ने समान अधिकार छ तर तिनीहरू पूर्ण रूपमा स्वतन्त्र छैनन्; तिनीहरूको कार्यगत स्वतन्त्रता महान्यायाधिवक्ताको कार्यालयको अभियोजन सेवा सम्बन्धी नीतिहरूमा निर्भर रहन्छ । यसको साथै, तिनीहरूसँग आईआईएमा हुनुपर्ने केही अनुसन्धान सम्बन्धी क्षमताहरूको कमी रहेको छ । तथापि, तिनीहरूको अनुभवले फौजदारी अनुसन्धान गर्ने अधिकार भएका विभिन्न निरीक्षण संयन्त्रको बारेमा विश्लेषण गर्न मार्ग निर्देश गर्दछ ।

**ती विशिष्टकृत विभागहरू निम्न छन् :**

१२. अर्जेन्टिना, हिंसा विरुद्ध सरकारी वकिलको कार्यालय (प्रोक्यूराडुरिया डे भियोलेन्सिया इन्स्टिटुसिएनल) (प्रोक्युभिन)[१५]

१३. युक्रेन, महान्यायाधिवक्ताको कार्यालय, कानून कार्यान्वयन गर्ने निकायबाट हुने यातना र अन्य गम्भीर मानव अधिकारको उल्लंघन सम्बन्धी फौजदारी कारवाहीमा कार्यविधिगत मार्गदर्शन विभाग[१६]

१४. संयुक्त राज्य अमेरिका, न्याय विभाग, नागरिक अधिकार शाखा, फौजदारी फाँट[१७]

यस प्रतिवेदनमा रियो द जेनेरियोका महान्यायाधिवक्ताको मातहतमा रहेको अभियोजन विभाग – सार्वजनिक सुरक्षा सम्बन्धी विशेष कार्य समूह (ग्रुपोडे अटुआक्याओ इस्पेरियलिजाडा इम सेगुरान्का पब्लिका) (जिएईएसपी) का केही अनुभवहरूलाई समावेश गरिएको छ । यो विभागलाई उच्च सुरक्षा जोखिम भएको अवस्था सम्वोधन गर्ने एक राम्रो अभ्यास मानिन्छ । महान्यायाधिवक्ताले मार्च २०२१ मा जिएईएसपीलाई खारेज गर्ने खेदपूर्ण निर्णय गऱ्यो जसले गर्दा राज्यद्वारा हत्या गरिएका पीडितहरूले न्याय पाउने सम्भावना कम भएको छ ।[१८] हाल जिएईएसपी खारेज भइसकेको भए तापनि यसको केही महत्त्वपूर्ण अनुभवहरूलाई उदारणका रूपमा प्रस्तुत गरिएको छ ।

यस प्रतिवेदनमा समावेश गरिएका सबै अनुसन्धान निकाय वा अभियोजन विभागहरूको स्वतन्त्रता र प्रभावकारिताको मूल्यांकन गर्न सम्भव थिएन । तसर्थ यस प्रतिवेदनले विभिन्न निकायहरूको महत्त्वपूर्ण अभ्यासहरू तथा सबल पक्षहरूलाई चित्रण गर्न खोजेको छ । हामीले यी अभ्यासहरू अन्य देशहरूका लागि पनि उपयोगी हुनेछ भन्ने विश्वास गरेका छौँ । यस प्रतिवेदनमा निकायहरूको कमजोरी र चुनौतीहरूको छलफल गरिएको भए तापनि यस प्रतिवेदनको मुख्य केन्द्र भनेको ती निकायहरूको प्रभावकारीता र आशाजनक अभ्यासहरूको उजागर गर्नु हो ।

## शब्दावली

यस प्रतिवेदनमा फौजदारी न्यायसँग सम्बन्धित केही प्राविधिक शब्दहरूको प्रयोग गरिएको छ । प्रायःजसो ती शब्दहरूको परिभाषा प्रतिवेदनमा सम्बन्धित भागहरूमै गरिएको छ । तथापि, यस खण्डमा केही मुख्य शब्दहरूको परिभाषा गरिएको छ :

**स्वतन्त्र अनुसन्धान निकाय (आईआईए) तथा निर्देशक**
विभिन्न देशहरूमा स्वतन्त्र अनुसन्धान निकायको नाम र नेतृत्व गर्ने व्यक्तिको पद फरक भए तापनि यस प्रतिवेदनमा "स्वतन्त्र अनुसन्धान निकाय" (आईआईए) र यसको नेतृत्व गर्ने व्यक्तिलाई "निर्देशक" भनिएको छ ।

**राज्यको अधिकारी**
राज्यको अधिकारी भन्नाले आईआईएको क्षेत्राधिकारभित्र पर्ने प्रहरी अधिकारी तथा अन्य कानून कार्यान्वयन गर्ने निकायको अधिकारीलाई जनाउँदछ । यस शब्दले प्रहरी, सुधार केन्द्रका अधिकारी र हिरासत वा थुना केन्द्रका अन्य अधिकारी समेतलाई जनाउँदछ । केही देशहरूमा, यो शब्दले अध्यागमन अधिकारी, मानसिक स्वास्थ्य सेवा केन्द्रका संरक्षक र हिरासत/थुना केन्द्रका कर्मचारीलाई पनि बुझाउँछ । संयुक्त राष्ट्र संघीय मार्गदर्शनअनुसार कानून कार्यान्वयन गर्ने निकायको काम गरिरहेको बेलामा सैनिकहरू पनि यसमा पर्दछन् ।[१९] केही देशहरूमा यस शब्दले अभियोजनकर्ता समेतलाई समेट्छ ।[२०]

**पीडित तथा प्रभावित व्यक्ति**
मानव अधिकारमा आधारित परिभाषा अनुसार पीडित भन्नाले राज्यका निकायबाट कुनै कार्य गरि वा गर्नुपर्ने कार्य नगरि शक्तिको दुरुपयोग लगायत फौजदारी कानूनको उल्लंघन हुने गरी शारीरिक वा मानसिक हानी, भावनात्मक आघात, आर्थिक क्षति वा मानव अधिकारको व्यापक उल्लंघन लगायत व्यक्तिगत वा सामूहिक हानी भोगेको व्यक्तिलाई बुझाउँदछ ।[२१] अपराधी पहिचान, पक्राउ तथा अभियोजन भए पनि नभए पनि वा अपराधी तथा पीडितबीच

चिनजान वा सम्बन्ध भए पनि नभए पनि फरक पर्दैन।[२२] पीडित शब्दले प्रत्यक्ष पीडितका नजिकका परिवार तथा आश्रित व्यक्तिहरू र पीडितहरूलाई सहयोग गर्दा हानि भोगेका व्यक्तिहरूलाई पनि बुझाउँछ।[२३] धेरै संघसंस्था तथा निकायहरूले राज्यको अधिकारीहरूबाट गैर-कानूनी कार्य भएको भन्ने अनुमानित अर्थ नलगाउनका लागि पीडितको सट्टामा "प्रभावित व्यक्ति" भन्ने शब्दको प्रयोग पनि गर्ने गर्दछन्।

निकायहरूले अभियोजन तथा पुर्पक्षका दौरान एउटै कुरालाई फरक-फरक शब्दमा प्रस्तुत गर्दछन्। उदाहरणका लागि फौजदारी अभियोग लगाउन प्रमाण पुग्छ कि पुग्दैन भनेर निर्क्योल गर्न केही निकायले "सजाय हुन सक्ने मनासिव सम्भावना" भए पुग्छ भन्छन् भने केहीले "सजाय हुने गरि प्रमाण" चाहिन्छ भन्ने गर्छन। केहीले भने "फौजदारी अभियोग लगाउने मनासिव आधार" वा "सम्भावना" चाहिन्छ भन्ने गर्दछन्। यस प्रतिवेदनमा "फौजदारी अभियोग लगाउने मनासिव आधार" भन्ने शब्दावली प्रयोग गरिएको छ जसको अर्थ घटनाको अनुसन्धान भई फौजदारी अभियोग लगाउन पुग्ने प्रमाण संकलन भएको छ र घटनामा अभियोजन तथा पुर्पक्ष हुन्छ भन्ने हो।

# कार्यकारी सारांश तथा मुख्य सिफारिसहरू

अमेरिकी प्रहरीको हातबाट जर्ज फ्लोयड र अन्य अश्वेत व्यक्तिहरूको हत्या[२४] देखि बेलारूसमा प्रहरीद्वारा प्रदर्शनकारीहरूमाथि सुनियोजित यातना[२५] र भारत[२६] तथा केन्या[२७] मा कोभिड-१९ को बन्दाबन्दी (लकडाउन) को दौरान हिरासतमा राखिएका व्यक्तिहरूको मृत्यु जस्ता हालैका घटनाहरूले राज्यको बल प्रयोगमाथि निगरानी गरिएन भने यो सजिलै क्रुर तथा गैर-कानूनी व्यवहारमा परिणत हुन सक्दछ भन्ने देखाउँछ। शान्ति तथा सुव्यवस्था कायम राख्न तथा अपराध नियन्त्रण गर्न आधुनिक समाजहरू प्रहरी र अन्य कानून कार्यान्वयन गर्ने निकायहरूमाथि निर्भर रहन्छ। तसर्थ, महत्त्वपूर्ण प्रश्न भनेको प्रहरीले गरेको अपराधहरूको अनुसन्धान कसले गर्दछ ? शताब्दी अगाडि रोमन कवि जुभेनलले सोधेका थिए, "पालेको पहरेदारी कसले गर्छ ?" झण्डै दुई हजार वर्ष बितिसक्दा पनि यो प्रश्नको सन्तोषजनक जवाफ छैन।

**शताब्दी अगाडि रोमन कवि जुभेनलले सोधेका थिए, "पालेको पहरेदारी कसले गर्छ ?"**

प्रहरी र सेना बल प्रयोग गर्ने अधिकार राख्ने राज्यका निकाय हुन्। तथापि, कानूनभन्दा माथि कोही छैन भन्ने आधारभूत सिद्धान्त हो। तसर्थ प्रहरी र सेनाले अधिकारको दुरुपयोग गर्नु हुँदैन। संयुक्त राष्ट्र संघले विधिको शासनलाई सुशासनको सिद्धान्तको व्याख्या गर्दै सबै व्यक्तिहरू, सार्वजनिक र निजी संस्थाहरू र निकायहरू तथा राज्य आफै पनि सार्वजनिक रूपमा जारी गरिएको, समान रूपमा लागू हुने र उल्लंघन भएको अवस्थामा स्वतन्त्र रूपमा कानूनी कारवाहीबाट न्याय हुने कानूनहरूप्रति जवाफदेही हुनुपर्दछन् र ती कानूनहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानून र सिद्धान्तसँग मेल खाने हुनुपर्दछ भनी व्याख्या गरेको छ।[२८] तर यदि अपराधीहरूलाई प्रभावकारी अनुसन्धान र अभियोजनद्वारा न्यायको कठघरामा ल्याइएन भने विधिको शासन पालनाको कुनै वास्तविक अर्थ रहँदैन।

प्रहरीलाई नियममा बाँध्ने एउटा तरिकाका रूपमा नागरिक समीक्षा समितिलाई मानिन्छ जसले कानून कार्यान्वयन कार्यको निरीक्षण गर्न नागरिकहरूलाई संलग्न गराउँदछ। तर थोरै नागरिक समीक्षा समितिसँग मात्र पर्याप्त अनुसन्धान गर्ने अधिकार भएको देखिन्छ। यस्ता अधिकांश समितिले अनुशासनको कारवाही वा अभियोजनका लागि सिफारिस मात्र गर्ने गर्दछ भने सिफारिस कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने क्षमता पनि हुँदैन। विश्वभर नै नागरिक निरीक्षणको प्रयासहरू बढेको भए पनि कानून कार्यान्वयन गर्ने निकायबाट अधिकारको दुरुपयोग तथा उल्लंघन निरन्तर भइरहेको छ। तसर्थ, यसले स्वतन्त्र र अधिकार सम्पन्न निरीक्षण निकायहरूको आवश्यकता रहेको कुरालाई इंगित गर्दछ।

अन्तर्राष्ट्रिय मानव अधिकार तथा फौजदारी कानूनले प्रहरी र राज्यका अन्य निकायहरूबाट हुने अत्यधिक बल प्रयोग, हिरासतमा हुने यातना तथा मृत्युका

घटनाहरूको अनुसन्धान गर्नुपर्ने दायित्व स्थापित गरिसकेको छ। धेरै अन्तर्राष्ट्रिय महासन्धि, इच्छापत्र, बडापत्र र बाध्यकारी दस्तावेजहरू जस्तै आलेख र मागदर्शनहरूले राज्यलाई स्वतन्त्र, निष्पक्ष, पूर्ण, समयसापेक्ष र प्रभावकारी अनुसन्धान गर्ने बाध्यकारी दायित्व दिएको छ। यस प्रतिवेदनमा राज्यले ती दायित्वहरू पूरा गर्न र न्याय सुनिश्चित गर्न कुनै अपराध राज्य संयन्त्रबाट भएको भए पनि कसरी स्वतन्त्र र सशक्त अनुसन्धान निकाय स्थापना गरी न्याय सुनिश्चित गर्न सक्छ भन्ने अनुसन्धान गरी केही उदाहरण पनि प्रस्तुत गरिएको छ।

**यस प्रतिवेदनले राज्यको अधिकारीले सुरक्षा दिनुपर्ने आम नागरिकविरुद्ध गरेको गम्भीर अपराधहरूको प्रभावकारी अनुसन्धान र अभियोजनको लागि आवश्यक विभिन्न तत्त्वहरूको समीक्षा गरेको छ।**

यस प्रतिवेदनले आईआईएमार्फत प्रहरी तथा राज्यका अन्य निकायहरू विरुद्ध लागेका अपराधको आरोपमा अनुसन्धान तथा अभियोजन गर्ने र प्रहरीको जवाफदेहीता खोज्ने सम्बन्धमा केही आशा लाग्दा नमूनाहरूको खोजी गरेको छ।

यस प्रतिवेदनले राज्यका निकायहरूको क्षेत्राधिकारभित्र भएको हत्या, गम्भीर चोटपटक, यौन दुर्व्यवहार, यातना, बलपूर्वक बेपत्ता पारिएको कार्य जस्ता घटनाहरूमा संलग्न राज्यको अधिकारीहरूमाथि फौजदारी अनुसन्धान र अभियोजन गर्न विभिन्न आईआईएहरूले अपनाउने गरेका पद्धतिहरूको विश्लेषण गरिएको छ। यो प्रतिवेदन राज्यका निकायबाट व्यक्तिको जीवन तथा व्यक्तिगत अखण्डतामा पारिएका गम्भीर हानीमाथि केन्द्रित छ तर यसले भ्रष्टाचार जस्ता अन्य अपराधलाई भने समेटेको छैन।

गम्भीर प्रकृतिका अपराधमा संलग्न राज्यको अधिकारी विरुद्ध अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुसार फौजदारी कारवाही गरिनु पर्छ। यस्ता कारवाहीहरूले राज्यबाट आपराधिक कार्यहरू भएमा समाजले स्वीकार गर्दैन भन्ने स्पष्ट धारणा राखेको छ भने अन्य अधिकार प्राप्त अधिकारीलाई पनि अधिकारको दुरुपयोग तथा गलत कार्य गर्नबाट निरुत्साहित गर्ने लक्ष्य पनि राखेको छ।

यस प्रतिवेदनले राज्यको अधिकारीले सुरक्षा दिनुपर्ने आम नागरिकविरुद्ध गरेको गम्भीर अपराधहरूको प्रभावकारी अनुसन्धान र अभियोजनको लागि आवश्यक विभिन्न तत्त्वहरूको समीक्षा गरेको छ। यस प्रतिवेदनले प्रथमतः आईआईए र यसको निर्देशकको स्वतन्त्रता सम्बन्धी कानूनी संरचना तथा विशेष अपराध तथा राज्यको अधिकारीमाथि आईआईएको क्षेत्राधिकार आकर्षित हुने बारेमा व्याख्या गरेको छ। यस प्रतिवेदनले प्रभावकारी अनुसन्धानका लागि आवश्यक पर्ने आधारभूत कुराहरूको उदाहरणहरू पनि दिन्छ। उदाहरणका लागि प्रहरीलाई कानूनले नै अत्यधिक वैधानिक उन्मुक्ति दिएको छ भने त्यस्तो अवस्थामा अनुसन्धान गर्न सकिदैन। यस प्रतिवेदनले आईआईएको अनुसन्धानकर्ताको योग्यता, अधिकार र तालिमको बारेमा पनि व्याख्या गरेको छ भने यसले आईआईएलाई घटनाहरूको बारेमा तत्काल सूचना दिनुपर्ने विषयमा जोड दिँदै प्रमुख अनुसन्धानकर्ताको रूपमा आईआईएको भूमिकालाई स्पष्ट पार्दछ। यस प्रतिवेदनका विभिन्न भागहरूमा प्रभावकारी अनुसन्धानका लागि आवश्यक तत्त्वहरूको विवरण समावेश गरिएको छ। यस अन्तर्गत घटनास्थलको सुरक्षा, संलग्न राज्यको अधिकारीको विभाजन, सहयोग गर्ने दायित्व, घटनास्थल मुचुल्का तथा बयानहरू, भौतिक दशी प्रमाणहरू, र शव परीक्षण प्रतिवेदन आदि पर्दछन्। यस प्रतिवेदनको एउटा अध्यायमा हिरासत वा थुनाबाट व्यक्ति बेपत्ता पार्ने कार्यको अनुसन्धानसँग सम्बन्धित विषय उल्लेख

गरिएको छ। यस प्रतिवेदनले पीडितहरूको सहभागिता र साक्षी तथा शंखघोषकहरूको संरक्षणको बारेमा पनि छलफल गरेको छ। अन्तमा, यस प्रतिवेदनले आईआईएबाट आम नागरिक लगायत सम्बन्धित सबै पक्षलाई जानकारी दिन गरिने सार्वजनिक वक्तव्य, प्रतिवेदन तथा अभियोगहरू दायर भएमा हुने अभियोजन र न्याय निरुपण सम्बन्धी जिम्मेवारीहरूको समीक्षा गरेको छ।

यस प्रतिवेदनमा कमन ल र सिभिल ल क्षेत्राधिकारहरू बीचको भिन्नताका साथै देश देशबीच रहेको फरक संवैधानिक, कानूनी र राजनीतिक परिवेशहरूलाई पनि मनन गरिएको छ। तथापि, अनुसन्धान र अभियोजन सम्बन्धी संरचना तथा संयन्त्रमा भिन्नता भए तापनि सबै देशहरूमा गम्भीर अपराधहरूमा संलग्न राज्यको अधिकारी विरुद्ध प्रभावकारी फौजदारी अनुसन्धान र अभियोजन गर्न सक्षम संयन्त्रको आवश्यकता रहेको देखिन्छ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले स्वेच्छाचारी हत्या, यातना, र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने, यस्ता कार्यहरूबाट आमनागरिकलाई संरक्षण दिने, यस्तो कार्यमा संलग्न कानून कार्यान्वयन गर्ने अधिकारीमाथि अनुसन्धान तथा अभियोजन गरी कानूनको दायरामा ल्याउने र पीडित तथा पीडितको परिवारलाई परिपूरण दिने विभिन्न दायित्वहरू दिएको छ। तर राज्यको अधिकारीबाट भएको अधिकार दुरुपयोग तथा उल्लंघनको अनुसन्धान गर्न निक्कै चुनौतीपूर्ण छ। अदालतहरूले प्रायः उजुरीकर्ताको तुलनामा प्रहरीको भनाईलाई प्राथमिकतामा राख्ने गरेको पाइन्छ र विशेष गरी प्रहरीमाथि नै फौजदारी अभियोग लगाइएको छ भने यस्तो हुने सम्भावना बढी हुन्छ। अधिकांश अवस्थामा, राज्यको अधिकारी एक दमनकारी प्रणालीको भाग हुन्छन् जसमा हिंसाको प्रयोगलाई बढावा दिने वा दुरुत्साहन गरिन्छ वा आदेश दिइन्छ। यस्तो दमनकारी प्रणाली नभएको अवस्थामा पनि प्रहरी र कानून कार्यान्वयन गर्ने अन्य निकायहरू बीचको बलियो सम्बन्धका कारण एक अर्काले गरेको अपराधमा मौनता साँध्ने काम गरिन्छ।

यसै सन्दर्भमा, अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड र विधिशास्त्रले "प्रायः राज्य पक्षले मात्र सम्बन्धित सूचना तथा प्रमाणमा पहुँच राख्ने" कुरालाई मध्यनजर गर्दै धेरै परिस्थितिहरूमा प्रमाणको भार उजुरीकर्तामाथि मात्र हुनु हुँदैन भनी भनेको छ।[२९] यस्तो अवस्थामा, प्रमाण सहितको सन्तोषजनक र व्यावहारिक स्पष्टीकरण उपलब्ध गराउने गरी प्रमाणको भार सरकारमा सार्नु पर्दछ।[३०]

प्रत्यक्ष अपराधमा संलग्न वा अपराध गर्न आदेश दिने वा अपराध हुनबाट रोक्न असफल हुने उच्च पदस्थ अधिकारी विरुद्ध सजाय गर्न उच्चस्तरको प्रमाण चाहिन्छ। धेरै प्रणालीहरूमा "शंकारहित तवरबाट अपराधको पुष्टि" गर्ने मापदण्ड पूरा गर्न चुनौतीपूर्ण छ।

यी चुनौतीहरूलाई पार गर्दै सत्य र न्याय प्राप्त गर्नु आवश्यक छ। गम्भीर अपराध गर्ने राज्यका अधिकारहरूमाथि प्रभावकारी अनुसन्धान र अभियोजन हुनुले त्यस्ता आचरणलाई राज्यले स्वीकार गर्दैन र भविष्यमा यस्तो प्रकृतिको व्यवहारप्रति राज्य असहिष्णु छ भन्ने संस्कृतिलाई बढावा दिन्छ। यी अनुसन्धानको लक्ष्य भनेको गम्भीर अपराध गर्ने राज्यको अधिकारीलाई न्यायको कठघरामा ल्याउनु हो। यो कार्य स्वतन्त्र,

पूर्ण र पारदर्शी अनुसन्धानले मात्र पूरा हुन सक्छ जुन अदालत र आम नागरिकको निगरानीमा सम्पन्न हुन्छ । यदि यो उद्देश्य प्राप्त भएमा बल प्रयोग गर्ने अधिकार प्राप्त राज्यको अधिकारी पनि विधिको शासनप्रति उत्तरदायी रहेको कुराप्रति जनविश्वास स्थापना भई कानून कार्यान्वयन गर्ने निकायहरूप्रति जनआस्था कायम हुन जान्छ ।

आईआईएको अनुसन्धानलाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी प्रभावकारी अनुसन्धान र दस्तावेजीकरण सम्बन्धी मार्गदर्शन ("इस्तानबुल प्रोटोकल")[३१] र गैर-कानूनी, स्वेच्छाचारी र सक्षिप्त हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धान सम्बन्धी मार्गदर्शन ("मिनेसोटा प्रोटोकल")[३२] मा समावेश गरिएका प्रभावकारी अनुसन्धान सम्बन्धी मुख्य मार्गदर्शनहरूले निर्देशित गर्नुपर्दछ । अनुसन्धानहरू स्वतन्त्र, निष्पक्ष, शीघ्र, पूर्ण, र पारदर्शी हुनुपर्छ, र पीडित र तिनका परिवारलाई पनि संलग्न गर्नुपर्छ ।[३३]

प्रहरी मामिला सम्बन्धी नर्वेली विभाग (नर्वेजियन ब्यूरो अफ इन्भेस्टिगेशन्स अफ पुलिस अफियर्स) र इजरायलको माचास बाहेक, यस प्रतिवेदनमा उल्लेख गरिएका आईआईएहरू अनुसन्धान गर्ने निकायहरू हुन्, तर तिनहरूलाई अभियोजन गर्ने अधिकार भने छैन ।

कुनै पनि आईआईएलाई पूर्ण रूपमा सर्वोत्तम उदाहरण मान्न सकिदैन तर ती निकायहरूले आशाजनक अभ्यासहरूको उदाहरणहरू भने दिन्छन् । हामीले उच्च स्तरको स्वतन्त्र र फौजदारी अनुसन्धान गर्ने कार्यादेश प्राप्त विश्वभरका निकायहरूको पहिचान गऱ्यौँ । ती निकायहरूको अनुभवले राज्यहरूले आफ्ना अधिकारीबाट भएको अपराधहरूको आरोपको अनुसन्धान कसरी गर्नुपर्छ भन्ने व्यावहारिक उदाहरणहरू प्रदान गर्न सक्छ । यस प्रतिवेदनमा उल्लेख भएका निकायहरूको सूची व्यापक वा प्रतिनिधिमूलक नभए पनि, यस प्रतिवेदनले ओन्टारियो (क्यानाडा) विशेष अनुसन्धान एकाइ (एसआईयू)[३४] देखि जमैकाको इन्डेकम[३५] देखि जर्जिया गणतन्त्रको राज्य निरीक्षकको सेवा[३६] देखि दक्षिण अफ्रिकाको स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालय[३७] सम्मका विभिन्न क्षेत्र र कानूनी प्रणालीहरूका ११ वटा उदाहरणहरू प्रस्तुत गरेको छ ।

यस प्रतिवेदनले आईआईएको जस्तै अनुसन्धानको कार्यादेश भएको महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहेका तीनवटा विशिष्टकृत विभागहरू पनि अध्ययन गरेको छ । ती विभागहरू स्वतन्त्र अनुसन्धान निकाय होइनन् र पूर्ण रूपमा स्वतन्त्र छैनन भने ती विभागहरूसँग आईआईएमा हुनुपर्ने केही अधिकारहरूको अभाव पनि छ, तर तिनीहरूको अनुभव सान्दर्भिक छ र प्रहरी लगायत राज्यका अन्य निकायहरूबाट भएको अपराधहरूको अनुसन्धान तथा अभियोजनका लागि आशाजनक अभ्यासहरू पनि प्रस्तुत गर्दछ । यी विशिष्टकृत विभागहरू युक्रेन,[३८] अर्जेन्टिना,[३९] र संयुक्त राज्य अमेरिका[४०] का हुन् । यस प्रतिवेदनमा ब्राजिलको रियो दि जेनेरियो राज्यको अभियोजन एकाइ[४१] को पनि उदाहरण प्रस्तुत गरिएको छ जसलाई मार्च २०२१ मा नयाँ महान्यायाधिवक्ताद्वारा खारेज गरिएको थियो । यस प्रतिवेदनको क्षेत्रभित्र अनुसन्धान निकाय वा अभियोजन विभागहरूको स्वतन्त्रता र प्रभावकारीताको बारेमा पूर्ण रूपमा मूल्यांकन गर्ने कुरा पर्दैन । कुनै पनि निकायले यस प्रतिवेदनमा उल्लेख गरिएका सबै सिफारिसहरू पूर्ण रूपमा पालना गर्न सकेको छैन । तसर्थ, यस प्रतिवेदनले विभिन्न निकायहरूको सबल पक्षहरूलाई

चित्रण गर्दै असल अभ्यासहरूमा केन्द्रित गरेको छ र अन्य देशहरूका नीति निर्माताहरू र अभ्यासकर्ताहरूले सन्दर्भमा लिन सक्ने पक्षहरूलाई उजागर गरेको छ। यस प्रतिवेदनले प्रभावकारी मानिएका आईआईएका चुनौती, र कमी कमजोरी उल्लेख गर्दै यसको आशाजनक अभ्यासहरूमा मुख्य रूपमा केन्द्रित गरेको छ।

यस प्रतिवेदनले प्रभावकारी अनुसन्धान निकायका लागि आवश्यक सिद्धान्तहरूको अध्ययन गरी विभिन्न सिफारिसहरू गरेको छ। यी सिफारिसहरू तल संक्षेपमा र यस प्रतिवेदनको अन्त्यमा विस्तृत रूपमा प्रस्तुत गरिएको छ। यसले जनविश्वास तथा राज्यको अधिकारीबाट बल प्रयोग भएको बारेमा निरीक्षणको अधिकार भएको अनुसन्धान निकायहरूको स्थापनाका लागि मद्दत गर्दछ। यी सिफारिसहरूले राज्यको अधिकारीबाट भएको उल्लंघनका लागि पीडितको न्याय सुनिश्चित गर्ने तथा संलग्न राज्यको अधिकारीको लागि वैधानिक प्रक्रियाको सम्मान गर्ने सिफारिस गरेको छ। यस प्रतिवेदनमा दिइएको सिफारिसलाई राजनीतिक सन्दर्भ, कानूनी ढाँचा, वास्तविक र सम्भावित दुरुपयोग, आईआईएको क्षेत्रमा पार्ने राज्यको अधिकारीहरूको सम्भावित संख्या र अन्य जवाफदेहीता सम्बन्धी संयन्त्रको विद्यमानता जस्ता सान्दर्भिक विषयहरूसँग जोडेर गम्भीर विश्लेषण गरी ग्रहण गर्नु आवश्यक छ।

स्वतन्त्रता र उपयुक्त अधिकार र स्रोतहरू बिना, आईआईए सबैभन्दा निष्प्रभावी र मिथ्या परिकल्पना मात्र हुनेछ र राज्यको अधिकारीबाट गरिएका अपराधहरूको लागि न्याय स्थापना गर्ने कुरा भ्रम मात्र हुनेछ। यदि यस प्रतिवेदनका सिफारिसहरू लागू भएमा, नागरिक र राज्यको अधिकारीबीच समान व्यवहार सुनिश्चित भई सबैलाई निष्पक्ष व्यवहार गरिने र विधिको शासन लागू हुने कुराको सुनिश्चितता हुनेछ।

**स्वतन्त्रता र उपयुक्त अधिकार र स्रोतहरू बिना, आईआईए सबैभन्दा निष्प्रभावी र मिथ्या परिकल्पना मात्र हुनेछ र राज्यको अधिकारीबाट गरिएका अपराधहरूको लागि न्याय स्थापना गर्ने कुरा भ्रम मात्र हुनेछ।**

# प्रमुख सिफारिसहरूको सारांश

## १ स्वतन्त्र कार्यादेश तथा पर्याप्त बजेट

आईआईएको वास्तविक स्वतन्त्रता सुनिश्चित गर्नका लागि आईआईएको कार्यादेशबारेमा छुट्टै कानून बनाइ स्थापना गर्नुपर्दछ र कार्यदेश अनुसार काम गर्नका लागि पर्याप्त बजेटको व्यवस्था हुनु आवश्यक छ।

## २ स्वतन्त्र नेतृत्व

आईआईएको निर्देशकलाई निश्चित अवधिको लागि नियुक्ति गरिनु पर्दछ र नियुक्ति र विधायिकाप्रति उत्तरदायी हुने गरी कानून प्रणालीले दिएसम्मको उच्चत्तम स्वतन्त्रताको सुनिश्चितता हुनुपर्दछ। निर्देशक हुनका लागि योग्य उम्मेदवारको छनोट सार्वजनिक प्रक्रियाबाट हुनुपर्दछ जसमा नागरिक समाज तथा सरकारका विभिन्न अंगहरूले पनि सहभागिता जनाउन पाउनुपर्दछ। निर्देशकलाई पूर्वाग्रही तरिकाबाट हटाउन नमिल्ने गरी कार्यकालको सुनिश्चितता हुनुपर्दछ।

## ३ जिम्मेवारी

अनुसन्धानको समाप्ती पछि अभियोग लगाउने वा नलगाउने बारेमा निर्णय लिने पूर्ण जिम्मेवारी निर्देशकको हुनुपर्दछ। जहाँ अभियोग सम्बन्धी निर्णय अभियोजनकर्ताले गर्दछ, त्यस्तो अवस्थामा अभियोजन नगर्ने निर्णय भएमा अभियोजनकर्ताले सोको कारण खुलाएर आईआईएको निर्देशकलाई जानकारी गराउनुपर्दछ। तत्पश्चात निर्देशकलाई सो कारणहरू सार्वजनिक गर्ने नगर्ने स्वविवेकी अधिकार दिइनुपर्दछ।

## ४ विशेष तथा सीमित क्षेत्राधिकार

राज्यको अधिकारीबाट गरिएको हत्या, गम्भीर हानी, यौन दुर्व्यवहारको आरोप, र यातनाको कुनै पनि घटनामा आईआईएको विशेष क्षेत्राधिकार हुनुपर्दछ। राज्यको अधिकारीबाट व्यक्तिलाई बलपूर्वक बेपत्ता पारिएका घटनाको अनुसन्धान गर्न पनि आईआईएसँग विशेष क्षेत्राधिकार हुनुपर्दछ। यस बाहेक थप विषयहरूमा कानूनमा स्पष्ट रूपमा व्यवस्था गरेर विशेष क्षेत्राधिकार दिन सकिन्छ। सार्वजनिक हितमा आईआईएले अन्य आवश्यक अनुसन्धान गर्न सक्ने गरि व्यवस्था गर्नु आवश्यक छ।

## ५ राज्यको अधिकारीमाथि अनुसन्धान गर्ने अधिकार

प्रहरी, सेना, सुधार केन्द्र तथा कानून कार्यान्वयन गर्ने अन्य निकायको अधिकारीमाथि अनुसन्धान गर्न सक्ने अधिकार आईआईएसँग हुनुपर्दछ। यस अन्तर्गत ड्युटीमा नखटाइएको बेलामा गरेको उल्लंघन पनि पर्दछ। कसैलाई पनि अनुसन्धान नगरि त्यसै छोड्नु हुँदैन। प्रहरी प्रशासनको जस्तो काम गरिरहेको अवस्थामा सेना पनि यसको क्षेत्राधिकारमा पर्दछ।

## ६ तालिम प्राप्त स्वतन्त्र अनुसन्धानकर्ता

स्वार्थको द्वन्द्व रोक्नका लागि, आईआईएमा प्रहरी वा सुरक्षा क्षेत्रको अनुभव नभएका व्यक्तिहरूलाई अनुसन्धानकर्ताका रूपमा समावेश गर्न सकिन्छ। आईआईएमा अन्य देशका राज्य निकायको अधिकारी लगायत राज्यका भूतपूर्व अधिकारीलाई पनि संलग्न गराउन सकिन्छ।

आईआईएको अनुसन्धानकर्ताहरूलाई प्रभावकारी फौजदारी अनुसन्धान विधि र शान्ति तथा सुव्यवस्था सम्बन्धी कार्यको साथसाथै जातीय समानता, विविधता र समावेशीकरण, लैंगिक हिंसा, मानव अधिकार, मानसिक स्वास्थ्य, र राज्यको अधिकारी तथा शान्ति सुव्यवस्थासँग सम्बन्धित सामुदायिक इतिहास आदिको बारेमा नियमित र प्रभावकारी प्रशिक्षण दिइनु पर्दछ।

## ७ कानूनी अधिकार तथा सहकार्यको कर्तव्य

आईआईएको अनुसन्धानकर्तासँग प्रहरी अधिकारीको जस्तै कानूनी अधिकारहरू हुनुपर्दछ र ती अधिकारहरू प्रयोग गर्दा अरू कसैको अनुमति नलिईकन गर्न पाउनु पर्छ। राज्यको अन्य निकाय तथा अधिकारीले आईआईएलाई सहयोग गर्नुपर्दछ। अन्यथा सहयोगको कर्तव्य पूरा नभएमा अनुशासनात्मक कारवाही तथा फौजदारी कारवाही समेत हुने व्यवस्था हुनुपर्छ।

## ८ प्रमुख अनुसन्धान निकाय तथा तत्काल बाध्यकारी सूचना

आईआईए राज्यको अधिकारीबाट गरिएका गम्भीर अपराधहरूको छानबिन गर्ने प्रमुख निकाय हुनुपर्दछ। कुनै राज्यको अधिकारीलाई आईआईएको कार्यादेशभित्र पर्ने घटनाको जानकारी भएमा सोको सूचना तत्काल आईआईएलाई दिनुपर्दछ। आईआईएको कार्यादेशभित्र पर्ने कुनै घटना भएमा सो घटनास्थललाई आईआईएको अनुसन्धानकर्ता आइनपुगुन्जेल सुरक्षित राख्नु पर्दछ। आईआईएले तेस्रो पक्षबाट प्राप्त उजुरी तथा सूचना स्वीकार गर्नुपर्दछ र आफ्नो कार्यादेशभित्र पर्ने विषय भएमा अनुसन्धान शुरू गर्नुपर्दछ। आईआईएसँग अनुसन्धान गर्ने वा नगर्ने विषयमा निर्णय गर्ने अधिकार हुनुपर्दछ र अनुसन्धान गर्न अस्वीकार गर्ने अधिकार पनि हुनुपर्दछ।

## ९ फरेन्सिक प्रमाण

आईआईएलाई सबै आवश्यक चिकित्सकीय तथा कानूनी परीक्षणहरू (मेडिको-लिगल परीक्षणहरू) र अन्य फरेन्सिक परीक्षणहरूमा प्राथमिकता दिइनु पर्दछ र आईआईए त्यस्ता परीक्षणहरू गर्नका लागि स्वतन्त्र, योग्य विशेषज्ञहरूलाई प्रयोग गर्न सक्ने हुनुपर्दछ।

## १० पारदर्शिता

अनुसन्धान सम्पन्न भइसकेपछि सबैभन्दा पहिले पीडित र आरोपित राज्यको अधिकारीलाई अभियोग दायर हुने नहुने विषयमा सूचित गरिनुपर्दछ। अभियोग दायर नहुने भएमा निर्देशकले अनुसन्धानको संक्षिप्त विवरण र अभियोग दायर नगर्ने निर्णयका कारणहरू सार्वजनिक गर्नुपर्दछ। आईआईएले बजेट विवरण, मुद्दा सम्बन्धी तथ्यांक, अनुसन्धानको परिणाम, तथा कानूनी विवरणहरू वार्षिक प्रतिवेदनमा सार्वजनिक गर्नुपर्दछ। यसको साथै आईआईएले उल्लंघनका ढाँचा र संस्थागत विषयहरू विश्लेषण गरी प्रतिवेदनहरू प्रकाशन गर्नुपर्दछ।

# परिचय

१

प्रहरी तथा राज्यका अन्य अधिकारीले गरेको गम्भीर अपराधको आरोपको प्रभावकारी अनुसन्धान सम्बन्धी अधिकारको सुनिश्चितता विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले गरेको छ ।

**समाजमा शान्ति तथा सुव्यवस्था कायम राख्न कानून कार्यान्वयन गर्ने भूमिका महत्त्वपूर्ण छ र विश्वभर नै यसको बारेमा चर्चा परिचर्चा भइरहेको छ ।** शान्ति तथा सुव्यवस्था कायम राख्ने प्रहरी प्रशासन सम्बन्धी कार्य, कार्यादेश, तथा अधिकारहरूमाथि सीमाहरूको विषयमा छलफल भइरहेको छ । अमेरिकामा "प्रहरीलाई रकम नदेऊ" भन्ने अभियानले प्रहरी प्रशासनभन्दा फरक सामाजिक सेवा, युवा सेवा, आवास, शिक्षा, स्वास्थ्य सेवा लगायत अन्य सार्वजनिक सुरक्षा र समुदाय सहायतालाई रकम उपलब्ध गराउन माग गर्दछ ।[४२] कोभिड-१९ को बन्दाबन्दी (लकडाउन) लागू गर्ने नाममा विभिन्न देशहरूमा भएको हिंसा र प्रदर्शनकारीहरूमाथि भएको दमन र यातनाका घटनाहरूले आधुनिक प्रहरीको जरा औपनिवेशिक कालमा रहेको कुरा उजागर गरेको छ । बन्दाबन्दी (लकडाउन) लागू गर्न सेनाको प्रयोग वा प्रहरी र सेनाको संयुक्त कारवाही सञ्चालनमा वृद्धि भएको कुराले गर्दा पनि राज्यको अधिकारीमाथि निरीक्षण गर्न आवश्यक भएको कुरा उजागर गर्दछ । प्रहरी प्रशासन सम्बन्धी समसामयिक बहसको केन्द्रबिन्दु भनेको कसरी राज्यको अधिकारीबाट हुने गम्भीर अपराधहरू रोक्ने, र प्रहरी र अन्य सुरक्षा संयन्त्रबाट हुने उल्लंघन र गैर-कानूनी कार्यहरूको लागि कसरी जवाफदेही बनाउने भन्ने हो । गम्भीर अपराध गर्ने कानून कार्यान्वयन गर्ने अधिकारीहरूलाई सजाय नभई दण्डहिनताको स्थिति विद्यमान रहनुले प्रहरी प्रशासन तथा राज्यको वैधानिकतामाथि नै आमविश्वास घटिरहेको पाइन्छ । जवाफदेहीता लोकतान्त्रिक प्रहरी प्रशासनको एक मुख्य भाग हो र विधिको शासन कायम राख्नको लागि आवश्यक तत्त्व हो ।[४३]

प्रहरी तथा राज्यका अन्य अधिकारीले गरेको गम्भीर अपराधको आरोपहरूको प्रभावकारी अनुसन्धान सम्बन्धी अधिकारहरूको सुनिश्चितता विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले गरेको छ । संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले यो अधिकार नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २ र ६ (प्रभावकारी उपचारको अधिकार र जीवनको अधिकार) मा निहित रहेको र पक्ष राष्ट्रहरूले राज्यको अधिकारीले गरेको सबै हत्याको अनुसन्धान तथा छानबिन गर्नुपर्दछ भनि व्याख्या गरेको छ । यातनाविरुद्धको महासन्धिको धारा १२ ले राज्यको क्षेत्राधिकारभित्र कसैले यातना वा अन्य प्रकारको दुर्व्यवहार गरेको मनासिव आधार भएमा तत्काल निष्पक्ष अनुसन्धान गर्नुपर्दछ भनी व्यवस्था गरेको छ । अनुसन्धानको दायित्वलाई उजुरी प्रक्रियासम्मको पहुँचको अधिकार दिने कुरासँग पनि जोडेर हेर्ने गरिन्छ ।[४४] यसको साथै, अन्तर-अमेरिकी मानव अधिकार आयोगले माइकल गेयल वि. जमैकाको मुद्दामा मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धिको धारा ४, ५, ८ र २५ (अरू अधिकारहरूमध्ये जीवनको अधिकार) ले राज्यका कारणले जीवनको अधिकार उल्लंघन भएको अवस्थामा अनुसन्धान गर्ने दायित्व सिर्जना हुन्छ र विशेष गरी प्रहरीको कार्यको कारणले भएका अवस्थामा यो

आर्कषित हुन्छ भनी व्याख्या गरेको छ । गेयलको मुद्दा पश्चात अमेरिकी आयोगले विभिन्न मुद्दाहरूमा यस दायित्वमाथि जोड दिदै कोलम्बिया, गुयाना र ब्राजिलमा अनुसन्धान नभएको विषयमा फैसला गरेको छ । मानव अधिकार सम्बन्धी यूरोपेली अदालतले पनि मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धिको धारा २ (जीवनको अधिकार) सँग जोडी प्रहरीका कारण भएको हत्याहरूको पर्याप्त अनुसन्धान गर्ने अधिकारको व्याख्या गरेको छ । म्याक्कान वि. संयुक्त अधिराज्य समेतको मुद्दामा, अदालतले धारा ३ यातनाविरुद्धको अधिकार अन्तर्गत राज्य निकायहरूबाट भएको गम्भीर हानी वा गम्भीर दुर्व्यवहारमा अनुसन्धानको अधिकार रहेको निर्णय गरेको थियो । यी न्यायिक निर्णयहरूको व्याख्या अनुसार राज्यका निकायहरूले पर्याप्त अनुसन्धान गरी जवाफदेहीता सुनिश्चित नगरि जीवनको अधिकार समाप्त पार्न मिल्दैन ।

अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूका अनुसार यस्तो विषयमा अनुसन्धान विशिष्टकृत निकायहरूले गर्नुपर्दछ । उदाहरणका लागि, बलपूर्वक वा स्वेच्छाचारी बेपत्ता पार्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय कार्य समूहले “अनुसन्धान तथा फौजदारी अभियोजनका लागि विशिष्टकृत निकायको स्थापना गर्नु प्रभावकारी तरिका हुनुको साथै फौजदारी न्याय प्रणालीसँग राम्रो समन्वय विकास गर्न मद्दत गर्छ” भनी जोड दिएको छ ।[४५]

अन्तर्राष्ट्रिय महासन्धि र न्यायिक फैसलाहरूमा स्पष्ट भए तापनि, राज्य अधिकारीहरूले गरेका गम्भीर अपराधहरूको लागि जवाफदेहीता स्थापना गर्ने प्रयासहरू सधै प्रभावकारी भएको पाइदैन । यस्ता प्रयासहरू दीर्घकालीन तथा संस्थागत भएको पाइदैन । अझै, ती प्रयासहरू प्रहरीबाटै स्वतन्त्र भएको पाइदैन ।

हाल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्यायिक निकायहरूले अनुसन्धान गर्ने निकायहरू स्वतन्त्र भएको सुनिश्चित गर्न सरकारहरूलाई आदेश दिने क्रम बढेको छ । कानून कार्यान्वयन गर्ने निकायहरूबाट हुने गम्भीर अपराधहरू हेर्दा पनि स्वतन्त्र अनुसन्धान निकायहरूको आवश्यकता रहेको स्पष्ट हुन्छ र यसले किन ती निकायहरू स्वतन्त्र हुनुपर्दछ भन्ने कुरा पनि स्पष्ट पार्छ । सन् १९८९ मा प्रहरीबाट गोली चलाई अश्वेत व्यक्तिहरूको हत्या भएको घटनामा प्रहरी सम्बन्ध तथा प्रहरी प्रशासन सम्बन्धी कार्यदलको प्रतिवेदनपश्चात ओन्टारियोमा विशेष अनुसन्धान एकाइ स्थापना गरियो ।[४६] युरोपमा मानव अधिकार सम्बन्धी यूरोपेली अदालतहरूबाट भएका थुप्रै निर्णयहरूले अनुसन्धानको अप्रभावकारीतालाई औल्याएका छन् भने जर्जिया गणतन्त्रको कारागारमा यातना दिइएको भिडियोहरू बाहिर आएपछि स्वतन्त्र अनुसन्धान निकायको स्थापना गर्नुपर्छ भन्ने तर्कलाई बल मिल्यो ।[४७] जमैकामा अन्तर-अमेरिकी अदालतबाट भएको गायल मुद्दाको निर्णयको कार्यान्वयनका क्रममा अनुसन्धान सम्बन्धी स्वतन्त्र आयोग (इन्डेकम) को स्थापना भयो ।[४८] केन्यामा निर्वाचन सम्बन्धी हिंसाको अनुसन्धान आयोगको सिफारिसहरू पश्चात स्वतन्त्र प्रहरी प्रशासन निरीक्षण प्राधिकारण (आईपिओए)[४९] को स्थापना भयो र तत्पश्चात प्रहरी सुधार सम्बन्धी राष्ट्रिय कार्यदल स्थापना भयो । दक्षिण अफ्रिकामा अश्वेत समुदायमाथि भएको भेदभाव तथा प्रहरीबाट व्यापक उल्लंघनको इतिहासका कारण अन्तरिम संविधान तथा १९९६ को संविधानमा प्रहरीविरुद्ध उजुरी तथा अनुसन्धान निकायको व्यवस्था गरियो ।[५०] जनवरी २०२० मा नेपालको सर्वोच्च अदालतले

सरकारलाई गैर न्यायिक हत्या लगायत मानव अधिकार उल्लंघनका मुद्दाहरूको अनुसन्धान गर्न निष्पक्ष तथा प्रभावकारी संयन्त्र विकास गर्न आदेश दियो ।[५१]

आईआईएबाट अपराधका लागि जिम्मेवार प्रहरीको पहिचान तथा अभियोजन हुने गरी प्रभावकारी अनुसन्धान हुनका लागि उचित वातावरण तथा स्रोतसाधनको व्यवस्था हुन जरुरी छ । फौजदारी दायित्वबाट राज्यको अधिकारीलाई पूर्ण उन्मुक्ति दिने कानूनले अनुसन्धान तथा जवाफदेहीताका लागि गरिने प्रयासहरूलाई निरर्थक बनाइदिन्छ । तसर्थ त्यस्ता कानूनहरू खारेज गरिनु आवश्यक छ । यसका साथै राज्यको अधिकारीको क्रियाकलापलाई अभिलेख गर्न शरीरमा भिड्ने बडी क्यामेरा वा थुना तथा हिरासत केन्द्रहरूमा सिसिटिभी क्यामेरा जडान हुनु आवश्यक छ । प्रहरी तथा राज्यका अन्य निकायहरूले आम नागरिक वा व्यक्तिहरूसँग सम्पर्क गर्ने प्रहरी अधिकारीहरूको नाम तथा समय, पक्राउ गरिएको सही समय, स्थानान्तरण र थुनामा व्यक्तिहरूसँगको सम्पर्क आदिको बारेमा सही अभिलेख राख्नु पर्दछ ।

स्वतन्त्र अनुसन्धान निकायका समर्थकहरूले आईआईएलाई जवाफदेहीता स्थापना गर्ने विभिन्न संयन्त्रहरूमध्ये एउटा अंग मात्र भएको स्वीकार गर्दछन् । आईआईएसँग राज्यको अधिकारीले गरेका गम्भीर प्रकृतिका उल्लंघनको अनुसन्धान गर्ने निश्चित तथा स्पष्ट कार्यादेश हुनुपर्दछ । तर प्रहरीबाट भएका स-साना दुर्व्यवहारका घटनालाई सम्वोधन गर्न अनुशासन सम्बन्धी विभागिय कारवाही तथा अन्य सजायको मार्फत पनि जवाफदेहीता स्थापित गरिन पर्छ । प्रहरी तथा कानून कार्यान्वयन गर्ने अन्य निकायहरूले आफ्नो संस्थाभित्र नै जवाफदेहीता स्थापित गर्ने आन्तरिक संयन्त्र बनाउनु पर्दछ ।[५२] त्यस्ता अनुशासन सम्बन्धी संयन्त्रहरूलाई स्वतन्त्र निकायहरूले निगरानी गर्नु आवश्यक छ । यस प्रतिवेदनमा व्याख्या गरिएका विभिन्न आईआईएसँग फौजदारी अभियोग लगाउनुको साथै अनुशासनको कारवाही गर्ने अधिकार पनि रहेको छ ।[५३]

पीडितहरूले फौजदारी प्रक्रियाभन्दा बाहिर देवानी वा प्रशासकीय न्यायिक प्रक्रिया, प्रशासकिय परिपूरण कार्यक्रम वा राष्ट्रिय अदालत वा अन्तर्राष्ट्रिय निकायहरूसमक्ष संवैधानिक वा मानव अधिकार हननका उजुरीबाट परिपूरण प्राप्त गर्न सक्दछ ।[५४] केही देशहरूमा अभियोजनकर्ताले प्रहरीबाट भएको संस्थागत उल्लंघनको अनुसन्धानपश्चात देवानी मुद्दाहरू दायर गर्न सक्छ ।[५५] विशेष गरी गम्भीर उल्लंघनका केही उदाहरणहरूमा तदर्थ अनुसन्धान आयोगहरूले जवाफदेहीताको खोजीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।[५६] बलपूर्वक बेपत्ता बनाइएका घटनाहरूमा केन्द्रित स्वतन्त्र, बहुआयामिक समूहहरूले प्रभावकारी परिणाम ल्याएको उदाहरणहरू छन् ।[५७] कानून कार्यान्वयन गर्ने निकाय लगायतका विभिन्न निकायहरूमा भएको भ्रष्टाचारमा केन्द्रित विशिष्टकृत निकायहरूको उदाहरण लिन सकिन्छ । लोकपाल र अन्य राष्ट्रिय मानव अधिकार संस्थाहरू, राष्ट्रिय निवारक संयन्त्रहरू, मानव अधिकार सम्बन्धी गैर-सरकारी संस्थाहरू, अभियन्ताहरू र पीडितका संस्थाहरू सबैले दण्डहिनता रोक्नका लागि आफ्नै निरीक्षण तथा अनुसन्धान गर्दछन् । सरकारी वकिलहरूले यातना, गैर-न्यायिक हत्या र अन्य मानव अधिकार उल्लंघनहरू रोक्न सक्रिय भूमिका खेल्न सक्दछ ।[५८] यस प्रतिवेदनमा प्रहरी, सेना र अन्य सुरक्षा निकायहरूलाई अझ उत्तरदायी बनाउने सबै संयन्त्रहरूको बारेमा

समावेश गरिएको छैन। यस प्रतिवेदन जीवनको अधिकार तथा व्यक्तिगत अखण्डताको अधिकार उल्लंघनसँग सम्बन्धी फौजदारी अनुसन्धानहरू र आईआईएमाथि केन्द्रित छ।

आईआईए नै सबै समस्याको समाधान होइन। राजनीतिक समस्याहरूको प्राविधिक समाधान छैन, राजनीतिक प्रतिबद्धताले मात्र पनि राज्यको अधिकारीबाट हुने गम्भीर अपराधहरूको रोकथाम तथा सजाय हुने होइन। आईआईए समाजको एक भाग हो र यसलाई समाजमा विद्यमान राम्रा र नराम्रा कुराहरूले असर गर्दछ। प्रहरीलाई प्रभावकारी ढंगबाट नियममा बाँध्नका लागि आईआईएलाई कानूनबाट संरक्षित गरी आफ्नो कार्य सम्पादन गर्न सक्ने गरी स्वतन्त्रता, अधिकार, स्रोतसाधन र प्राविधिक क्षमता दिनु आवश्यक छ। अनुसन्धान निकायलाई प्रभावकारी बनाउनका लागि, सशक्त कानूनी संरचना, पर्याप्त बजेट तथा सबै राज्य निकायहरूबीच सहकार्य हुनुको साथै सक्षम र प्रतिबद्ध अनुसन्धानकर्ता र कर्मचारीको आवश्यकता पर्दछ। फरेन्सिक प्रमाण आईआईएको अनुसन्धानकर्ताका लागि महत्त्वपूर्ण साधन हो। तसर्थ राज्यको विधिविज्ञान प्रयोगशालाहरू प्रहरी तथा अन्य सुरक्षा निकायहरूको प्रभावबाट स्वतन्त्र हुनु आवश्यक छ।[५९]

आईआईएलाई सक्षम बनाउन आवश्यक पर्ने आधार र स्रोतसाधनहरूको सूची लामो छ। त्यसभित्र उचित उपकरण, विस्तृत अभिलेख राख्ने उपकरण देखि राज्यको अधिकारीलाई फौजदारी दायित्वबाट पूर्ण उन्मुक्ति दिने कानूनको विद्यमानता नभएको अवस्था सबै पर्दछ। विश्वभरिका आईआईएको अभ्यासहरू तथा कार्यादेशहरूको सफल कार्यान्वयन लगायत यी कुराहरूको बारेमा प्रतिवेदनभित्र छलफल गरिएको छ। तथापि, आईआईए सफल हुनुका लागि सबैभन्दा महत्त्वपूर्ण आधार भनेको स्वतन्त्रता हो जसलाई अध्याय दुई र तीनमा विश्लेषण गरिएको छ।

**आईआईएलाई सक्षम बनाउन आवश्यक पर्ने आधार र स्रोतसाधनहरूको सूची लामो छ। त्यसभित्र उचित उपकरण, विस्तृत अभिलेख राख्ने उपकरण देखि राज्यको अधिकारीलाई फौजदारी दायित्वबाट पूर्ण उन्मुक्ति दिने कानूनको विद्यमानता नभएको अवस्था सबै पर्दछ।**

# अनुसन्धान निकायको स्वतन्त्रता

२

**स्वतन्त्रता भनेको स्वतन्त्र अनुसन्धान निकायको लागि अपरिहार्य अक्सिजन जस्तै हो ।** आईआईएको लागि एक पूर्वशर्त भनेको स्वतन्त्रता हो । तथापि, स्वतन्त्रता सधैं प्राप्त नहुन सक्दछ र स्वतन्त्रता प्राप्त भएको अवस्थामा पनि विभिन्न तरिकाबाट खोसिन वा प्रभावित हुन सक्छ । यस अध्यायले स्वतन्त्रताको आवश्यकताको साथै कानूनी तथा बजेटको माध्यमबाट कसरी स्वतन्त्रता प्राप्त गर्न सकिन्छ भनी चर्चा गरेको छ ।

राज्यको खराब आचरणको अनुसन्धान गर्ने स्वतन्त्र निकायको बारेमा अन्तरनिहित तनावहरू रहेका छन् । अनुसन्धान निकायको स्वतन्त्रताको विषयले संरचनागत अन्योलता सिर्जना गर्दछ किनभने यसको कार्यादेश लगायत बजेट पनि सरकारबाट नै प्राप्त हुन्छ भने यसले सरकारका निकाय र अधिकारीबाट भएका सम्भावित अपराधको अनुसन्धान गर्ने जिम्मेवारी पाएको हुन्छ । प्रभावकारी अनुसन्धान गर्न र यी अनुसन्धान गर्ने निकायप्रति आम नागरिकको विश्वास र भरोसा जित्न तिनलाई प्राप्त व्यवहारिक स्वतन्त्रता निक्कै महत्त्वपूर्ण छ ।

## क) स्वतन्त्र अनुसन्धान निकायहरू सम्बन्धी कानूनी संरचना

स्वतन्त्र अनुसन्धान निकायहरू प्राय गरी कानूनमार्फत स्थापना गरिएको हुन्छ जसमा तिनीहरूको काम, कर्तव्य र अधिकारहरूको बारेमा उल्लेख गरिएको हुन्छ । कानून राम्रो हुँदैमा मात्र पनि आईआईए सफल हुन्छ भन्ने होइन तर कमजोर कानूनले यसको कार्यगत सफलतामा नकारात्मक असर गर्दछ भन्ने कुरामा दुई मत छैन । यस प्रतिवेदनमा अध्ययन गरिएका आईआईएका कानूनी विश्लेषणले आईआईएको स्थापना गर्ने कानूनहरूका विभिन्न महत्त्वपूर्ण पक्षहरू रहेको देखाउँछ ।

आईआईए सम्बन्धी कानून प्रहरी सम्बन्धी कानूनमा नभई छुट्टै कानूनमा व्यवस्था हुनुपर्दछ । यसले आईआईएको अधिकार र उद्देश्यहरूलाई स्पष्ट पार्नुका साथै कानून कार्यान्वयन गर्ने अन्य निकायभन्दा यो फरक रहेको सन्देश पनि दिन्छ । दक्षिण अफ्रिकाको उदाहरण लिने हो भने संविधानमै “खराब आचरण सम्बन्धी आरोपहरूको अनुसन्धान गर्न” “राष्ट्रिय कानूनमार्फत स्थापना गरिएको स्वतन्त्र प्रहरी उजुरी निकाय हुने” व्यवस्था गरको थियो ।[६०] वास्तवमा भन्ने हो भने यस प्रतिवेदनमा उल्लेख भएका केन्या,[६१] जमैका[६२] ट्रिनिडाड र टोबागो[६३] लगायतका धेरै स्वतन्त्र निकायहरूको स्थापना छुट्टै कानून मार्फत भएको थियो ।

उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपाल (पिओएनआई ) र प्रहरी आचरणका लागि बेलायत र वेल्सको स्वतन्त्र कार्यालय (आईओपिसी)[६४] जस्ता केही आईआईएको

पर्याप्त बजेट हुनु भनेको आईआईएको स्वतन्त्रता र प्रभावकारीताको लागि महत्त्वपूर्ण पक्ष हो ।

उदाहरण हेर्दा तिनीहरूको अधिकार र जिम्मेवारी सम्बन्धी कानूनहरू प्रहरी ऐनहरूको संग्रहमा समावेश गरिएको थियो जसमा प्रहरी प्रशासन बारेमा थुप्रै पक्षहरू समावेश थिए। यसले गर्दा प्रहरी सम्बन्धी हितहरूको बीचमा आईआईएले कसरी काम गर्दछ भन्ने कुरा छुट्ट्याउन गाह्रो थियो। यसको साथै प्रहरी ऐन संग्रहमा संलग्न गरिएका कारणले आईआईए सम्बन्धी ऐनको संशोधन गर्न पनि सहज थिएन।

छुट्टै कानूनबाट आईआईएको स्थापना हुँदा आईआईएको कार्यादेश र अधिकारहरूको बारेमा स्पष्टता हुने गर्दछ। ओन्टारियो, क्यानाडामा करिब ३० वर्षसम्म विशेष अनुसन्धान एकाइ (एसआईयू) को व्यवस्था कानून प्रहरी सेवा ऐनमा नै गरिएको थियो। १ डिसेम्बर २०२० मा एसआईयू सम्बन्धी छुट्टै कानून विशेष अनुसन्धान एकाइ ऐन बन्यो।[६५] उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपालले पनि हालै मात्र प्रहरी लोकपाललाई सभाको अधिकारी हुने गरी १६ वटा कानूनी दस्तावेजहरूलाई संग्रहित गरी एउटा छुट्टै ऐन बनाउनका लागि सिफारिस गरेको छ।[६६] आईआईएका लागि छुट्टै ऐन हुँदा स्वतन्त्रता सुनिश्चित हुनुको साथै आईआईएको जिम्मेवारी व्यापक हुने वा खुम्चिने अवस्थाबाट पनि मुक्त गर्न सकिन्छ।

महान्यायाधिवक्ताको कार्यालयमा रहेका विशिष्टकृत विभागहरू भनेको प्राविधिक रूपमा आईआईए होइनन् तर महान्यायाधिवक्ताले प्रस्तावहरू पारित गरि यसको स्थापना गरेमा तिनीहरूले आईआईएको जस्तो भूमिका भने निर्वाह गर्न सक्दछ। यसको उदाहरण युक्रेन रहेको छ।[६७] महान्यायाधिवक्ताको प्रस्तावमार्फत स्थापना हुनु पर्याप्त नभए पनि यसले राज्यको अधिकारीबाट भएको गम्भीर अपराधहरूको जवाफदेहीता स्थापना गर्ने गर्दछ। जवाफदेहीता स्थापना गर्ने उद्देश्यका साथ स्थापना भएपछि यसको कार्यादेशलाई मजबुत बनाउन सकिन्छ। अर्जेन्टिनाको हिंसा विरुद्ध सरकारी वकिलको कार्यालय (प्रोकुराडुरियडे भ्वाइलेसिया इन्टिटुनाल) को उदाहरणले पनि स्वतन्त्रताको सुनिश्चितता सुधारमार्फत गर्न सकिने देखाउँछ। यस कार्यालय (प्रोक्युभिन) को स्थापना संघीय महान्यायाधिवक्ताको कार्यालयको निर्णयबाट भएको थियो भने सन २०१८ मा महान्यायाधिवक्ताको कार्यालय सम्बन्धी कानून[६८] ले यस कार्यालय (प्रोक्युभिन) लाई स्थायीत्व दिदै महान्यायाधिवक्ताको कार्यालयको सात विशिष्टकृत कार्यालयहरूमध्ये एक मानेको छ।[६९]

## ख) पर्याप्त बजेट तथा छुट्टै कार्यालय

स्वतन्त्रता सुनिश्चित हुन तथा कार्यादेशको स्पष्टता हुनुका साथै आईआईएको छुट्टै कानून हुनुको विभिन्न फाइदाहरू छन्। अर्को फाइदा भनेको बजेट विनियोजन पनि हो। आईआईएलाई पर्याप्त आर्थिक स्रोत चाहिन्छ र आर्थिक स्रोत बजेटमार्फत प्राप्त हुन्छ। आईआईएको बजेट पर्याप्त हुनुपर्दछ जसले गर्दा आफ्नो जिम्मेवारीभित्रका सबै घटनाहरूको पर्याप्त सम्वोधन गर्न सकिन्छ।

स्रोतसाधनको अभाव भएमा यसले अनुसन्धानको प्रभावकारीतामा असर गर्दछ। तसर्थ, पर्याप्त बजेट हुनु भनेको आईआईएको स्वतन्त्रता र प्रभावकारीताको लागि महत्त्वपूर्ण

पक्ष हो। अपर्याप्त बजेट भएमा साक्षीहरूको बकपत्र वा प्रमाण संरक्षण गर्ने लगायतका कार्यहरूमा प्रहरीको सहायता लिनु हुँदैन। प्रहरीमाथि निर्भरता भनेको यो निकाय स्वतन्त्र छैन भन्ने पहिलो संकेत हो।[७०]

केन्यामा आईपिओएको पहिलो परिषद्ले सकारात्मक प्रभाव पाऱ्यो जसका कारण राजनीतिक सहयोग मार्फत आर्थिक स्रोत वृद्धि भयो र आम मानिसको विश्वास र भरोसामा पनि वृद्धि भयो। यसको परिणाम स्वरूप आईपिओए केन्यामा निरीक्षण गर्ने सबै निकायहरूमध्ये धेरै आर्थिक स्रोत भएको निकाय भएको छ।[७१]

आईआईएको आफ्नै कानून, र बजेटको साथै, प्रहरी कार्यालयभन्दा फरक छुट्टै कार्यालय पनि हुनु आवश्यक छ। आईआईएको कार्यालय राज्य निकायको कार्यालयभन्दा फरक हुनुपर्दछ र आधिकारीक व्यक्तिहरूलाई मात्र प्रवेश दिने गर्नुपर्दछ। विभिन्न कारणहरू जस्तै स्वतन्त्रता कायम राख्न, सुरक्षा प्रयोजन र अपराध पीडितहरू प्रहरी कार्यालयमा जान हिचकिचाउने भएकोले यस्तो हुनु आवश्यक छ। भौगोलिक क्षेत्रको कुरा गर्दा पीडितको पहुँच तथा अनुसन्धानकर्ता घटनास्थलमा तत्काल पुग्न सक्ने गरी क्षेत्रीय कार्यालयहरू स्थापना गर्न आईआईएको बजेट पर्याप्त हुनुपर्दछ। दक्षिण अफ्रिकाको स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालय (आईपीआईडि) को उदाहरण लिने हो भने ठूलो क्षेत्रफल भएको देश भए पनि पर्याप्त पहुँचको व्यवस्था गरेको छ।[७२] पहुँचको सुनिश्चितताका लागि जमैकाको इन्डेकम र इजराइलको मचासले पनि धेरै सम्पर्क कार्यालयहरू स्थापना गरेका छन्।[७३]

सारांशमा, आईआईए स्वतन्त्र हुनुपर्दछ र स्वतन्त्रता कानून, बजेट र कार्यालय परिसर सबैमा झल्किनु पर्दछ। स्वतन्त्रताको आधारहरू आईआईएको कर्मचारी र विशेष गरी यसको नेतृत्वको भूमिकामा पनि देखिनु पर्दछ जसको बारेमा अर्को अध्यायमा चर्चा गरिएको छ।

# आईआईए नेतृत्वको स्वतन्त्रता तथा जिम्मेवारी

**संस्था बलियो हुनका लागि नेतृत्व बलियो हुनुपर्दछ र स्वतन्त्र अनुसन्धान निकाय स्वतन्त्र हुन नेतृत्व स्वतन्त्र हुनुपर्दछ।** आईआईएको नेतृत्व गर्नु भनेको कठिन कार्य हो किनभने विभिन्न स्वार्थ समूहहरूको बीचमा बसेर काम गर्नुपर्ने हुन्छ। आईआईएलाई सफल नेतृत्व दिन, यसको निर्देशक बाह्य दबाब तथा प्रभावबाट स्वतन्त्र हुनु आवश्यक छ जुन विशेष गरी नियुक्ति र बर्खास्ती प्रक्रियासँग सम्बन्धित छ।

३

## क) आईआईए निर्देशकको स्वतन्त्रता

आईआईएको स्वतन्त्रता आईआईएले प्रतिवेदन बुझाउने प्रक्रिया (रिर्पोटिंग प्रक्रिया) सँग पनि सम्बन्धित छ। आईआईएमा फौजदारी अभियोजनका लागि आधार भएको नभएको निर्णय लिनका लागि आफ्नो क्षेत्राधिकारभित्र पर्ने सबै प्रकारको घटनाहरूको अनुसन्धान गर्न इच्छुक निर्देशकको आवश्यकता पर्दछ। प्रायःजसो, निकायहरूले मन्त्री वा सरकारी विभागका प्रमुखलाई कार्य प्रतिवेदन बुझाउने गर्दछ।[७४] सरकारी संयन्त्रभित्र बसेर काम गर्नुपर्दा निर्देशक राजनीतिक हस्तक्षेपको शिकार हुन सक्छ जसले गर्दा बर्खास्ती हुने वा अनावश्यक सुझाव लगायत ओहोदामा बसेका व्यक्तिहरूले अप्रत्यक्ष हस्तक्षेप गर्ने हुन सक्दछ। एउटा समाधान भनेको यदि कानूनी प्रणालीको क्षेत्राधिकारले अनुमति दिन्छ भने सरकारी विभागलाई प्रतिवेदन बुझाउनु भन्दा विधायिकी संसद्को मातहतमा राख्नु उचित हुन्छ।

**सरकारी संयन्त्रभित्र बसेर काम गर्नुपर्दा निर्देशक राजनीतिक हस्तक्षेपको शिकार हुन सक्छ।**

आईआईएको निर्देशक सरकारी हस्तक्षेपबाट सुरक्षित हुनु आवश्यक छ जुन कुरा विभिन्न देशहरूको संवैधानिक व्यवस्थाहरूमा उल्लेख गरिएको पाइन्छ।[७५] दक्षिण अफ्रिकामा संवैधानिक अदालतले प्रहरी सम्बन्धी मन्त्रीले आईपीडिआईको निर्देशकलाई निलम्वन गर्ने वा हटाउने प्रावधानलाई अवैध घोषणा गऱ्यो किनभने संविधानले आईपीडिआईलाई स्वतन्त्रताको प्रत्याभूति गरेको छ।[७६] यो निर्णयसँग मेल खाने गरी दक्षिण अफ्रिकाको राष्ट्रिय सभाले कानूनमा संशोधन गरेको छ।[७७] आईपीडिआईको निर्देशकलाई संसद्ले मात्र हटाउन सक्दछ, जसको लागि राष्ट्रिय सभाको दुई तिहाई बहुमतको आवश्यकता पर्दछ।[७८]

जमैकाको अनुसन्धान सम्बन्धी स्वतन्त्र आयोग (इन्डेकम)ले सुपरिवेक्षण तथा रिर्पोटिंगमा स्वतन्त्रताको उदाहरण दिन्छ। आयोग सम्बन्धी ऐनमा "कुनै व्यक्ति वा निकायको निर्देशन वा नियन्त्रणमा नरहने" र "आयुक्तको बर्खास्तीका लागि दुवै सदनको प्रस्ताव चाहिने" व्यवस्था गरेको छ।[७९]

राजनीतिक हस्तक्षेप र प्रहरीबाट स्वतन्त्र निकाय र निर्देशकहरू स्वतन्त्र छन् भन्ने जन विश्वास हुनु आवश्यक छ। पूर्व वा वहालवाला राज्य अधिकारीहरूलाई निर्देशक बनाउनु हुँदैन। विद्यमान आईआईएका धेरै निर्देशकहरू वकिलहरू छन्। जमैकाका इन्डेकमका प्रथम निर्देशक लगायत धेरै जसो निर्देशकहरूले अभियोजनकर्ताका रूपमा काम गरेका थिए। तथापि, अभियोजन सम्बन्धी अनुभव नै हुनुपर्दछ भन्ने छैन। उत्तरी आयरल्याण्डको प्रहरी लोकपालका हालका निर्देशक पनि वकिल हुन जसले सार्वजनिक सेवाहरूका लागि लोकपालको काम गरेका थिए भने संयुक्त अधिराज्यका प्रहरी आचरणका लागि स्वतन्त्र कार्यालयका वर्तमान निर्देशक भने अनुभवी लेखापाल हुन।

केन्यामा स्वतन्त्र प्रहरी निरीक्षण प्राधिकरण (आईपीओए) को सञ्चालन परिषद्ले गर्दछ भने व्यवस्थापन निर्देशकले गर्दछ। स्वतन्त्र प्रहरी निरीक्षण प्राधिकरण ऐन (आईपीओए ऐन)ले परिषद् सदस्य हुनका लागि उच्च योग्यता तोकेको छः अध्यक्ष हुनका लागि उच्च अदालतको न्यायधीश सरह योग्यता चाहिन्छ भने सात अन्य सदस्य हुनका लागि अपराधशास्त्र, मनोविज्ञान, कानून, मानव अधिकार र लैंगिक विषय, औषधी विज्ञान, वैकल्पिक विवाद समाधान, सुरक्षा विषय वा सामुदायिक प्रहरी जस्ता क्षेत्रमा १० वर्षको अनुभवसहित बृहत् विषयगत ज्ञानको आवश्यकता हुनुपर्दछ। आईपीओएका परिषद्ले संसद्सँग सम्पर्क गर्ने लगायतका काम गर्दछ जसले गर्दा निर्देशकले आईपीओएको सञ्चालन तथा प्रशासनमा ध्यान दिन सक्छन्।[८०] तथापि, स्वतन्त्रताको सुनिश्चितताका लागि परिषद् हुन मात्र पर्याप्त छैन। केन्याका मानव अधिकार संस्थाका निर्देशकले निर्वाचित परिषद्माथि राजनीतिक हस्तक्षेप हुन सक्ने बारेमा चाँसो देखाएका छन् र निर्देशकको स्वतन्त्रताको सम्मान परिषद्ले गर्नुपर्ने बारेमा जोड दिएका छन्।[८१]

निष्पक्षताको उच्चतम आवश्यकताका कारण आईआईएका नेतृत्व तहका व्यक्तिहरू प्रहरी तथा सेनामा बृहत् अनुभव भएका व्यक्ति हुनु हुँदैन। क्यानाडाको उदाहरण लिने हो भने ओन्टारियोको आईआईए सम्बन्धी कानूनले "प्रहरी अधिकारी वा निवर्तमान प्रहरी अधिकारीलाई निर्देशकका रूपमा नियुक्त गरिने छैन" भनी व्यवस्था गरेको छ। त्यस्तै गरी संयुक्त अधिराज्यको आईओपीसिमा पनि उस्तै व्यवस्था रहेको छ भने उत्तरी आयरल्याण्डमा प्रहरी लोकपालले योग्यता सम्बन्धी यस्तै व्यवस्था कानूनमा गर्न सिफारिस गरेको छ।[८२]

यसको ठिक उल्टो, जर्जिया गणतन्त्रको कानूनमा आईआईएको नेतृत्व गर्ने व्यक्तिहरूसँग "उच्च कानूनी शिक्षा, र न्यायिक क्षेत्र वा कानून कार्यान्वयन निकाय वा मानव अधिकारको क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव हुनुपर्ने" व्यवस्था रहेको छ।[८३] जर्जियाको महान्यायाधिवक्ताको कार्यालय पनि कानून कार्यान्वयन गर्ने प्रणालीको भाग हो। तसर्थ यो कानूनले अभियोजनकर्ताहरूलाई पनि समावेश गरेको छ भनी व्याख्या गर्न सकिन्छ तर समस्या भनेको यो व्यवस्थाले आईआईएको नेतृत्व लिनबाट वर्तमान वा निवर्तमान प्रहरीहरूलाई स्पष्ट रूपमा बन्देज भने लगाएको छैन।

## ख) आईआईए निर्देशकको नियुक्ति

कार्यकारी र प्रहरीको हस्तक्षेप नहुने गरी उच्चतम स्वतन्त्रता सुनिश्चित हुने गरी कठिन प्रक्रियाबाट आईआईएको निर्देशक छनोट गरिनुपर्दछ। यस विषयमा लोकपाल संस्थाहरूलाई जस्तै सुनिश्चितता हुनु आवश्यक छ। यस सन्दर्भमा लोकपाल संस्थाहरू सम्बन्धी संरक्षण र प्रवर्धन सम्बन्धी सिद्धान्तहरू ("भेनिस सिद्धान्तहरू") ले महत्त्वपूर्ण मार्गदर्शन दिन्छ।[८४] यी सिद्धान्तहरू आत्मसात गरि उम्मेदवार छान्नका लागि सार्वजनिक निवेदन आह्वान गर्दा सम्पूर्ण प्रक्रिया सार्वजनिक, पारदर्शि, योग्यतामा आधारित, वस्तुगत र कानून बमोजिम हुनुपर्छ।[८५] बहुदलिय छनोट समिति बनाई नागरिक समाज र सरोकारवाला संस्थाहरूको सहभागितामा सार्वजनिक निवेदनमा उल्लेख भएका स्पष्ट र बृहत् मापदण्डका आधारहरूमा उम्मेदवार छानिनु पर्छ। अन्तमा सम्बन्धित सदनको बृहत् बहुमतबाट पारित गरी निर्देशकको नियुक्तिका लागि स्वीकृत गर्ने प्रक्रिया हुनुपर्दछ।

जर्जिया गणतन्त्रमा राज्य निरीक्षक सेवा सम्बन्धी कानूनले संसद्का प्रतिनिधि, न्यायपालिका, महान्याधिवक्ताको कार्यालय, लोकपालको कार्यालय, र नागरिक समाज समेतको अन्तर निकाय आयोगलाई प्रधानमन्त्रीसमक्ष दुई देखि पाँच उम्मेदवारहरू मनोनयन गर्न दिन्छ। प्रधानमन्त्रीले तत्पश्चात त्यो सूचीबाट दुई जना उम्मेदवारहरू छानी संसद्समक्ष पेश गर्दछ र संसद्ले अन्तमा निर्णय लिने गर्दछ। कानूनले स्पष्टसँग "उम्मेदवारहरू मनोनयन गर्दा फरक लिंगको हुनुपर्ने कुराको उच्चतम सुनिश्चितता हुनुपर्ने" भनी व्यवस्था गरेको छ।[८६]

आईआईएको निर्देशक छान्नका लागि स्वतन्त्र छनोट प्रक्रिया भिन्न-भिन्न भए तापनि यी सबै प्रक्रियाहरू कठोर, वस्तुनिष्ठ, कार्यकारी वा प्रहरीबाट स्वतन्त्र र विभिन्न चरणमा समीक्षा हुनुपर्नेमा जोड दिएको पाइन्छ। सही निर्देशकको नियुक्ति गर्नु पहिलो कदम हो। यसको साथै निर्देशकले उचित कार्यकाल पूरा गर्न पाउने र कार्यकाल पूरा नहुँदै नहटाइने कुरा पनि महत्त्वपूर्ण छ जसका बारेमा अर्को दुईवटा खण्डमा चर्चा गरिएको छ।

## ग) कार्यकाल

भेनिस सिद्धान्तले निम्न व्यवस्था गरेको छ : "लोकपालको कार्यालयको कार्यकाल नियुक्त गर्ने निकायको भन्दा लामो हुन सक्दछ। कार्यालयको कार्यकाल एक कार्यकाल मात्र हुनेछ, पुनः नियुक्त हुने छैन। लोकपालको कार्यकाललाई कुनै पनि अवस्थामा एक पटक भन्दा बढी थप गर्न पाइने छैन। एक कार्यकाल भन्नाले सात वर्षभन्दा कम हुनु हुँदैन।"[८७] आईआईएको निर्देशकको कार्यकालको हकमा पनि यो मार्गदर्शनलाई लागू गर्न सकिन्छ। आईआईएको निर्देशकको कार्यकालमाथि सीमा लगाउँदा निर्देशकको पद एउटै व्यक्तिको जागिर बन्नबाट जोगिन्छ भने निर्देशक थाक्ने वा लामो समय काम गरिसकेपछि निर्देशक प्रहरी वा अन्य संस्थागत हितहरूका लागि काम गर्ने व्यक्ति बन्नबाट पनि रोक्न सकिन्छ।

आईआईएको निर्देशकको कार्यकाल निश्चित हुनुपर्दछ र वरिष्ठ उम्मेदवारलाई आकर्षित गर्न सक्ने गरी लामो अवधिको पनि हुनुपर्छ। आईआईएको निर्देशकको कार्यकाल बढीमा दुई कार्यकालसम्मको हुनुपर्दछ। जर्जियाको कानूनले पुनः नियुक्त नहुने गरी छ वर्षको एक कार्यकालको व्यवस्था गरेको छ भने उत्तरी आयरल्याण्डमा सात वर्षको एक कार्यकालको मात्र व्यवस्था गरेको छ। जमैकामा निर्देशकले दुई कार्यकाल सेवा गर्न सक्दछ। कार्यकाल र पुनः नियुक्ति सम्बन्धी व्यवस्थाले आईआईएको शक्तिलाई अक्षुण्ण राख्दछ।

## घ) आईआईए निर्देशकको बर्खास्ती

आईआईएको निर्देशकले गम्भीर अपराधका लागि जवाफदेहीता स्थापना गर्ने क्रममा शत्रु पनि कमाउने गर्दछ र त्यस्ता शत्रुहरूले आईआईएको निर्देशकलाई बाधा पुऱ्याउने वा बर्खास्ती गराउन पनि खोज्दछ। तसर्थ बर्खास्ती सम्बन्धी प्रक्रियाहरू निर्देशकमाथि हुन सक्ने प्रत्याघात रोक्न सक्ने गरी सुरक्षित हुनुपर्दछ।

कार्यकालभन्दा अगाडि निर्देशकको बर्खास्ती न्यायोचित कारणबाट मात्र हुनुपर्दछ र पर्याप्त संरक्षण सहितको प्रक्रिया जस्तै संसद्को दुई तिहाई बहुमतबाट मात्र हुनुपर्दछ। भेनिस सिद्धान्तले बर्खास्तीको विषयमा पनि मार्गदर्शन दिन सक्दछ। यस सिद्धान्त अनुसार "कानूनबाट स्थापित गरेको स्पष्ट र मनासिव कारणहरूको बृहत् सूचीको आधारमा मात्र लोकपाललाई बर्खास्त गर्न सकिन्छ। यस अन्तर्गत 'असक्षमता', वा 'कार्यालयको काम सम्पादन गर्न नसक्ने गरी असक्षमता' वा 'दुर्व्यवहार', वा 'खराब आचरण' पर्दछ जसको गहन व्याख्या गरिनुपर्दछ। निर्देशकको बर्खास्तीको लागि संसद्को बहुमतको आवश्यकता पर्दछ वा संसद्को अनुरोधमा अदालतबाट गर्न सकिन्छ जसको लागि निर्वाचन आह्वान गर्न चाहिने वा त्योभन्दा बढी बहुमतको आवश्यकता पर्दछ। बर्खास्तीको प्रक्रिया सार्वजनिक, पारदर्शि र कानून बमोजिम हुनुपर्दछ।"[८८]

आईआईएको निर्देशकको जस्तो अभियोजन सेवाहरूमा रहेको विशिष्टकृत विभागका प्रमुखहरूको कार्यकालको सुनिश्चितता हुँदैन। मार्च २०२१ मा नयाँ महान्यायाधिवक्ताले विशिष्टकृत विभाग जिएईएपि भंग गरेको उदाहरणबाट प्रस्ट हुन्छ जसले ब्राजिलको रियो द जेनेरियो राज्यमा प्रहरीबाट भएका गम्भीर अपराधहरूको जवाफदेहीताका लागि काम गरिरहेको थियो। महान्यायाधिवक्ताको कार्यालयमा काम गर्ने कर्मचारीहरूलाई सरकारी वकिलहरूका रूपमा न्यायोचित कारणबिना शुरूमा नियुक्त गरिएको कानून बमोजिम स्थापना गरिएको विभागबाट बर्खास्ती गर्न नसकिने गरी सुनिश्चितता दिएको छ।[८९] तर यस्तो प्रत्याभूतिले जिएईएपिलाई भने भंग हुनबाट रोक्न सकेन। वास्तवमा, जिएईएपिको उदाहरणले महान्यायाधिवक्ताको कार्यालय मातहत रहेको विशिष्टकृत विभागहरूभन्दा किन आईआईए प्रभावकारी छ र विशेष गरी आईआईएका निर्देशकहरूलाई गैर-कानूनी बर्खास्तीबाट संरक्षण दिनु किन महत्त्वपूर्ण छ भन्ने कुरालाई स्पष्ट पार्दछ।

**जिएईएपिको उदाहरणले महान्यायाधिवक्ताको कार्यालय मातहत रहेको विशिष्टकृत विभागभन्दा किन आईआईए प्रभावकारी छ र विशेष गरी आईआईएको निर्देशकलाई गैर-कानूनी बर्खास्तीबाट संरक्षण दिनु किन महत्त्वपूर्ण छ भन्ने कुरालाई स्पष्ट पार्दछ।**

## ङ) नेतृत्वको जिम्मेवारी

निर्देशकले राज्यको अधिकारीलाई अभियोग लगाउने निर्णय लिनु पर्दछ कि महान्यायाधिवक्ताको कार्यालय जस्तै अन्य निकायलाई सिफारिस गर्नुपर्दछ ? अभ्यासहरू फरक-फरक छन् । प्रहरी र महान्यायाधिवक्ताको कार्यालय (अभियोजन सेवा) बीचको ऐतिहासिक सम्बन्धलाई मध्यनजर गरी आईआईए निर्देशकले नै राज्यको अधिकारीमाथि अभियोग लगाउने वा नलगाउने निर्णय गर्नु उचित हुन्छ । ओन्टारियोमा सरकारले प्रहरी प्रशासन र अभियोजन सेवाबीच स्पष्ट रेखा खिचिदिएको छ । प्रहरीलाई अभियोजनकर्ताहरूले सल्लाह दिन सक्दछन्, प्रहरीले अनुसन्धान गर्दछ र अभियोजनकर्ताले नभई प्रहरीले नै अभियोग पनि लगाउँदछ । यही अभ्यास ओन्टारियोको आईआईए, विशेष अनुसन्धान एकाइमा लागू गरिएको छ । यसको अर्थ निर्देशकले कुनै प्रहरी अधिकारी विरुद्ध फौजदारी अभियोग लगाउने नलगाउने निर्णय गर्दछ ।[९०] अभियोग दायर भएमा विशिष्टकृत एकाइका अभियोजनकर्ताहरूले अभियोजन गर्ने गर्दछ ।

**यस प्रतिवेदनमा अध्ययन गरिएका धेरै जसो आईआईएको कुरा गर्दा अभियोग दायर गर्ने अधिकार थिएन । तिनीहरूले अभियोजन सेवा (महान्यायाधिवक्ताको कार्यालय) लाई सिफारिस गर्ने गर्दछ जसले अभियोजन तथा पुर्पक्ष गर्ने नगर्ने सम्बन्धी निर्णय लिने गर्दछ ।**

यस प्रतिवेदनमा अध्ययन गरिएका धेरै जसो आईआईएको कुरा गर्दा अभियोग दायर गर्ने अधिकार थिएन । तिनीहरूले अभियोजन सेवा (महान्यायाधिवक्ताको कार्यालय) लाई सिफारिस गर्ने गर्दछ जसले अभियोजन तथा पुर्पक्ष गर्ने नगर्ने सम्बन्धी निर्णय लिने गर्दछ । यसको कमजोरी ट्रिनिडाड र टोबागोमा देखिएको छ । ट्रिनिडाड र टोबागोको प्रहरी उजूरी प्राधिकरण (पिसिए) ले अनुसन्धान पूरा गरिसकेपछि निर्देशकले सार्वजनिक अभियोजन सम्बन्धी निर्देशकसमक्ष सिफारिस गर्दछ । यदि सार्वजनिक अभियोजन सम्बन्धी निर्देशक अभियोजन गर्न सहमत भएमा प्रहरीलाई अभियोग दायर गर्न लेखि पठाउँछ र प्रहरीले दोस्रो अनुसन्धान गर्दछ । यस्तो गर्नुको सट्टा सार्वजनिक अभियोजन सम्बन्धी निर्देशकले सीधै पीसिएलाई मुद्दा अगाडि बढाउन अभियोजन गर्न अनुमति दिनु उचित हुन्छ ।[९१]

जमैकामा इन्डेकमको पहिलो आयुक्तले सशक्त रणनीति अवलम्बन गऱ्यो जस अन्तर्गत यसले राज्यको अधिकारी विरुद्ध आफैले अभियोग दायर गऱ्यो । धेरै वर्षसम्म यो अभ्यासलाई जमैकाको सर्वोच्च अदालतले पनि सहायता गऱ्यो तर २०२० मा जमैकाको प्रहरी संघले दायर गरेको मुद्दामा संयुक्त अधिराज्यको प्रिभी काउन्सिलले निर्णय गऱ्यो कि इन्डेकमसँग अभियोग दायर गर्ने वा अभियोजन सेवाको निर्णयलाई प्रतिस्थापन गर्ने कुनै अधिकार छैन ।[९२] इन्डेकम र सार्वजनिक अभियोजनका निर्देशक (डिपिपि) बीच इन्डेकमले पठाएको मुद्दामा डिपिपिले ३० दिनभित्रमा अभियोग दायर गर्ने नगर्ने निर्णय लिनेछ भनी सम्झौता भएको छ ।[९३] यसको साथै, संयुक्त अधिराज्यको प्रिभी काउन्सिलले इन्डेकमसँग आफ्नो अनुसन्धानको कार्यमा बाधा पुऱ्याएको विषयमा अभियोजन गर्ने र आफ्नो काममा सहकार्य गराउन राज्यको अधिकारीलाई बाध्य पार्ने अधिकार रहेको भनी व्याख्या गरेको छ ।[९४]

प्रहरी मामिला सम्बन्धी अनुसन्धान गर्ने नर्वेली विभागका निर्देशकले १० वर्षसम्म जेल सजाय हुने अपराधहरूको अभियोजनको बारेमा निर्णय गर्न सक्दछ ।[९५] तर गम्भीर अपराधहरूको हकमा सार्वजनिक अभियोजन सम्बन्धी निर्देशकले निर्णय लिने गर्दछ ।[९६] इजरायलमा न्याय मन्त्रालय अन्तर्गत रहेको अन्तर्राष्ट्रिय प्रहरी अनुसन्धान विभागसँग पनि

केही अपवादहरूसहित आफ्नो क्षेत्राधिकारभित्र रहेको अपराधहरूमा अभियोग दायर गर्ने र अभियोजन गर्ने अधिकार रहेको छ ।[९७]

केन्यामा आईपिओएका परिषद् सदस्यहरूले संयुक्त रूपमा अनुसन्धानको अन्तमा सिफारिसहरू सम्बन्धी निर्णय गर्दछन् । यस प्रक्रियाले व्यक्तिगत जिम्मेवारीलाई कम बनाउने भए तापनि समूहले निर्णय गर्दा बाह्य प्रभावबाट कम प्रभावित हुने कुरालाई एक केन्याली मानव अधिकार वकिलले बताएका छन् ।[९८] आईपिओएमा अनुसन्धानकर्ताहरूले कानून विभागको समन्वयमा काम गर्ने गर्दछ र कानून विभागले सार्वजनिक अभियोजन सम्बन्धी निर्देशकसमक्ष पठाउने सिफारिसहरू तयार पार्ने गर्दछ भने निर्देशकले हस्ताक्षर गर्नु अघि सबै मापदण्डहरू पूरा भएको नभएको सुनिश्चित गर्न परिषद्को प्राविधिक समितिले समीक्षा गर्ने गर्दछ ।[९९] रियो द जेनेरियोको जिएइएसपीमा व्यक्तिगत प्रत्याघात रोक्नका लागि दस्तावेजहरूमा अभियोजनकर्ताहरूले संयुक्त रूपमा हस्ताक्षर गर्ने गरिन्थ्यो । यो अभ्यास प्रहरी अधिकारीलाई गिरफ्तार गर्ने निर्णय दिने न्यायाधीशको हत्या भएपछि गरिएको हो ।[१००]

सबैभन्दा प्रभावकारी तरिका भनेको आईआईएको निर्देशकलाई नै राज्यको अधिकारीमाथि अभियोग लगाउने नलगाउने भनी निर्णय गर्न दिनु हो । निर्देशकको कार्यालयलाई यो अधिकार दिँदा निश्चित व्यक्तिलाई निर्णयको लागि उत्तरदायी बनाउन सकिन्छ । जसले गर्दा यस्ता निर्णय अभियोजन सेवाबाट स्वतन्त्र भई लिन सकिन्छ । निर्देशकले अभियोग सम्बन्धी निर्णय नलिने देशहरूमा बाह्य निकायहरू प्रायः गरी अभियोजन सेवाबाट निर्णय लिइने गरिन्छ जसको पारदर्शिता र जवाफदेहीताको प्रत्याभूति गरिनु पर्छ । । अभियोजन सेवाले अभियोजन नगर्ने निर्णय लिएका आईआईएको निर्देशकलाई लिखितमा कारणसहित जानकारी गराउनु पर्दछ । निर्देशकसँग ती कारणहरू सार्वजनिक गर्ने नगर्ने स्वविवेकी अधिकार हुनुपर्दछ ।

यस अध्यायमा आईआईएको नेतृत्वको स्वतन्त्रता र नेतृत्वसँग प्रत्यक्ष रूपमा अभियोग दायर गर्ने नगर्ने अधिकार हुनुपर्ने विषय समावेश गरिएको छ । यसले गर्दा राज्यको ज्यादै शक्तिशाली अधिकारीबाट भएको अति गम्भीर अपराधको अनुसन्धान पनि आईआईएले प्रभावकारी र निष्पक्ष ढंगबाट गर्न सक्दछ । आईआईएले के-कस्तो विषय अनुसन्धान गर्नुपर्दछ, कसमाथि आईआईएको क्षेत्राधिकार हुनुपर्दछ भन्ने कुरा अर्को अध्यायमा व्याख्या गरिएको छ ।

# अनुसन्धान सम्बन्धी अधिकार तथा क्षेत्राधिकार

४

**आईआईएले प्रभावकारी ढंगबाट काम तथा कार्यादेश पूरा गर्नका लागि यसको क्षेत्राधिकार स्पष्ट हुनु जरुरी छ।** राज्यको अधिकारीको नियन्त्रणमा नभएको स्वतन्त्र निकायले आफूमाथि क्षेत्राधिकार ग्रहण गर्ने कुराप्रति राज्यको अधिकारीले असहमति/विरोध जनाउनु सामान्य कुरा हो। यस कारण पनि आईआईएको क्षेत्राधिकार स्पष्ट रूपमा परिभाषित हुनु आवश्यक छ जसले गर्दा यसको क्षेत्राधिकार भित्र पर्ने राज्यका निकायहरूले कस्तो अवस्थामा आईआईएलाई सूचना दिने र सूचना दिइसकेपछि उनीहरूले निर्वाह गर्नुपर्ने भूमिका के-कस्तो रहन्छ भन्ने बारेमा जानकार हुन्छन्। आईआईएलाई सूचना दिइसकेपछि यसले उक्त घटना आफ्नो क्षेत्राधिकारभित्र पर्ने नपर्ने निर्क्योल गर्छ र उक्त घटनाका बारेमा अनुसन्धान गर्न आफ्नो पूर्ण अधिकारको प्रयोग गर्न सक्दछ।

आईआईएले केही निश्चित प्रकृतिका गम्भीर अपराधका घटना वा आरोपहरूमा अनुसन्धान गर्न पूर्ण क्षेत्राधिकार प्राप्त गर्नुपर्दछ। यसका साथै निर्देशकलाई सार्वजनिक हितका लागि अन्य उल्लंघनका घटनाहरूमा पनि अनुसन्धान गर्ने नगर्ने स्वविवेकीय अधिकार हुनुपर्छ। पर्याप्त स्रोतसाधन र क्षेत्राधिकार स्पष्ट नभएमा अनुसन्धानको प्रभावकारीतामा असर पर्ने वा कम गम्भीर वा कम जटिल अपराधहरूको मात्र अनुसन्धान हुने स्थिति सिर्जना हुन्छ। राज्यको अधिकारीबाट व्यापक उल्लंघन हुँदा पूर्ण क्षेत्राधिकारसहित निश्चित कार्यादेश पाएमा मात्र आईआईए धेरै प्रभावकारी हुन सक्दछ।

यस अध्यायमा प्रमुख अनुसन्धान निकायको रूपमा आईआईएको भूमिका, आईआईएको क्षेत्राधिकारभित्र पर्ने अपराध र व्यक्ति, समयसीमा र आईआईए प्रभावकारी हुनका लागि राज्यको अधिकारीलाई दिन नहुने कानूनी बचाउ आदिको चर्चा गरिएको छ।

## क) मुख्य अनुसन्धान निकायको रूपमा आईआईए

आईआईएको क्षेत्राधिकारभित्र पर्ने र आईआईएबाट अनुसन्धान हुने सबै घटनाहरूको कुरा गर्दा ती घटनाको अनुसन्धान गर्ने क्षेत्राधिकार अन्य निकायसँग पनि रहने गर्दछ। उदाहरणका लागि धेरै देशहरूमा गम्भीर घटनाहरूमा चिकित्सकबाट अनुसन्धान गर्ने गराउने कानूनी व्यवस्थाहरू छन्। प्रायःजसो हानी, दुर्व्यवहार वा यातना भोगेका उजूरीकर्ताहरूमाथि फौजदारी अपराधका लागि थुनामा राखी अनुसन्धान भइरहेको हुन्छ। एउटै घटनामा विभिन्न निकायहरूबाट अनुसन्धान हुँदा अन्योलता आउन सक्दछ।

तर यस्तो अवस्थामा आईआईएबाट अनुसन्धान भइरहेको अवस्थामा अन्य अनुसन्धानात्मक निकायहरूलाई समानान्तर अनुसन्धान गर्न अनुमति दिनु हुँदैन। आईआईएलाई नै प्रमुख अनुसन्धानात्मक निकाय बनाइनुपर्दछ किनभने यो स्वतन्त्र छ भने अन्य निकायहरूको हकमा स्वार्थको द्वन्द्व हुने सम्भावना रहन्छ। यसका साथै, आईआईएले गर्ने अनुसन्धानबाट फौजदारी अभियोग दायर हुन सक्दछ जुन गम्भीर कसूर गरेको आरोप लागेका राज्यको अधिकारीको लागि सबैभन्दा गम्भीर सामाजिक आक्षेप तथा सजाय हो। पुर्पक्षका लागि प्रमाणको एकरूपता कायम राख्न आईआईए नै प्राथमिक प्रमाण संकलन गर्ने निकाय हुनुपर्दछ।

**पुर्पक्षका लागि प्रमाणको एकरूपता कायम राख्न आईआईए नै प्राथमिक प्रमाण संकलन गर्ने निकाय हुनुपर्दछ।**

आईआईए सम्बन्धी कानूनी व्यवस्थाले आईआईएलाई प्रमुख अनुसन्धानात्मक निकायको रूपमा स्पष्ट व्यवस्था गर्नुपर्दछ।

प्रमुख अनुसन्धानात्मक निकाय हुनुको अर्थ प्रत्यक्ष वा परोक्ष रूपमा राज्यको निकायसँग सम्बन्धित अनुसन्धानमा सुपरिवेक्षण वा निरीक्षण मात्र गरेर पुग्दैन। यस्तो गरेर स्वतन्त्र अनुसन्धान भयो भन्ने कुरामा जन विश्वास स्थापना हुँदैन। आईआईएले नै अनुसन्धान तथा अनुसन्धानको निरीक्षण गर्नुपर्दछ। मानव अधिकार सम्बन्धी यूरोपेली अदालतलबाट फैसला भएको केली समेत वि. संयुक्त अधिराज्यको मुद्दामा आयरल्याण्डको सैनिकले प्रहरी थानामा आक्रमण गरेको कारण गोली चलाउँदा बेलायती सैनिकको विशेष बल एकाइबाट मारिएका ९ जना व्यक्तिको अनुसन्धान तत्कालीन कानून अनुसार स्वतन्त्र प्रहरी निरीक्षण प्राधिकरणबाट गरिएको थियो। तथापि, अनुसन्धान भने आईआईएको अनुसन्धानकर्ताहरूबाट नभई प्रहरी आफैले गरेको थियो। अदालतले यसको आलोचना गर्दै भनेको छ "अनुसन्धान गरिएको प्रहरी कारवाही (अपरेसन) सँग अप्रत्यक्ष रूपमा जोडिएका प्रहरी अधिकारीहरूबाट व्यवहारिक प्रयोजनका लागि गरिएको अनुसन्धानले आवश्यक सुरक्षा दिन सक्दैन।"[१०१]

यसको विपरित ओन्टारियोको विशेष अनुसन्धान ऐनले "एसआईयू निर्देशकलाई ऐनको क्षेत्राधिकारभित्र पर्ने घटना वा विषयवस्तुको अनुसन्धानका लागि प्रमुख अनुसन्धानकर्ता तोकेको छ र घटनाको अनुसन्धान गर्ने प्रहरीलाई भन्दा प्राथमिकतामा राखेको छ।"[१०२] धेरै जसो आईआईएले प्रमुख अनुसन्धानात्मक निकायको रूपमा काम गर्दछ तर सबैको कार्यादेशमा यो स्पष्ट छैन र विभिन्न अनुसन्धानात्मक निकायहरू मध्ये आईआईएले नै प्राथमिकता पाउनु पर्छ भन्ने कुरा पनि प्रस्ट छैन। यसका साथै स्थलगत अनुसन्धान गर्न कानूनले परिकल्पना गरेको जस्तो सहज छैन।

उदाहरणका लागि केन्याको कानूनी प्रावधान स्पष्ट छ कि आईपिओएले "सेवामा रहेका कुनै अधिकारीले गरेको अनुशासन सम्बन्धी वा फौजदारी कसूर सम्बन्धी कुनै उजूरीको अनुसन्धान गर्ने छ"। तर यो कानूनले गम्भीर अपराधको अनुसन्धानहरू गर्ने जिम्मेवारी फौजदारी अनुसन्धान निर्देशनालयलाई दिने राष्ट्रिय प्रहरी सेवा ऐनसँग कसरी सम्बन्धित छ भन्ने विषयमा स्पष्ट व्याख्या गरेको छैन। दुईटा अनुसन्धान निकायहरूको क्षेत्राधिकार बाँझिएको अवस्थामा कसले अनुसन्धान गर्ने भन्ने विषयमा तानातान हुने वा केही अवस्थाहरूमा महत्त्वपूर्ण सार्वजनिक स्रोतहरू दुरुपयोग हुने गर्दछ।[१०३]

केही अवस्थाहरूमा आईआईएले आवश्यकताका आधारमा केही अनुसन्धानात्मक कदमहरू नियमित कानून कार्यान्वयन गर्ने निकायलाई दिएको हुन सक्दछ। उदाहरणका लागि आईआईएसँग भएको कर्मचारीभन्दा धेरै संख्याको कर्मचारी आवश्यक भएमा घटनास्थल सुरक्षित राख्न अन्य निकायको सहायता लिनुपर्ने हुन सक्छ। तर यस्तो प्रत्यायोजनलाई कम गर्दै आईआईएबाट नै पूर्ण निरीक्षण र अनुसन्धान गरिनुपर्दछ।

जर्जियामा राज्य निरीक्षक सेवासँग राज्यको अधिकारीबाट भएको अपराधको अनुसन्धान गर्ने पूर्ण क्षेत्राधिकार र जिम्मेवारी छ। तथापि अभियोजनकर्ताको कार्यालयको अनुमतिबिना यसले खानतलासी तथा पक्राउ जस्ता महत्त्वपूर्ण अनुसन्धानात्मक क्रियाकलापहरू गर्न सक्दैन। त्यस्तैगरी, अर्जेटिनाको विशिष्टकृत अभियोजनकर्ताको विभागलाई पनि मुद्दाहरूको अनुसन्धान गर्न नियमित अभियोजनकर्ताको मञ्जुरीको आवश्यकता पर्दछ। यसले आफ्नो क्षेत्राधिकारभित्र रहेको मुद्दाहरूको प्रभावकारी अनुसन्धान गर्ने आईआईएको क्षमतालाई नकारात्मक प्रभाव पार्दछ।[१०४]

तसर्थ, आईआईएलाई प्रमुख अनुसन्धानात्मक निकाय बनाइनुका साथै अन्य सरकारी निकायहरूलाई यो कुरा बुझाउनु महत्त्वपूर्ण छ।

**राज्यको अधिकारी संलग्न हत्या, गम्भीर शारीरिक चोटपटक वा बेपत्ता पारिएको घटनाको सूचना आईआईएलाई दिनु राज्यका सबै निकायको कर्तव्य हुन्छ।**

## ख) आईआईएले गर्ने अनुसन्धानका विषयहरू

आईआईएको कार्यादेशमा राज्यको अधिकारीबाट भएको हत्या, गम्भीर शारीरिक चोटपटक, यातना र यौन हिंसाका आरोपहरूको प्रभावकारी फौजदारी अनुसन्धान गर्ने कार्यादेश पर्दछ। (माथि उल्लेख गरिए जस्तै यस प्रतिवेदनले भ्रष्टाचार जस्ता अन्य अपराधहरूको जवाफदेहीताको विषयमा सम्वोधन गर्दैन। आईआईएले राज्यको अधिकारीबाट भएको सबैभन्दा गम्भीर अपराधहरूको अनुसन्धान गर्ने गर्दछ र प्रहरीको विरुद्धमा लगाइएका सबै प्रकारका आरोपहरूको अनुसन्धान गर्न आईआईएबाट सम्भव छैन।) केही राज्यहरूमा थुनाबाट मानिसहरू बेपत्ता बनाइने गरिन्छ तसर्थ त्यस्ता बेपत्ता पारिएको विषयमा आईआईएले अनुसन्धान गर्नुपर्दछ। यस्ता गम्भीर अपराधहरूले पीडित र पीडितको परिवारलाई मात्र नभई राज्य व्यवस्थालाई नै खलल पारी अन्तत समाजलाई नै हानी पुऱ्याउने गर्दछ।

राज्यको अधिकारी संलग्न हत्या, गम्भीर शारीरिक चोटपटक वा बेपत्ता पारिएको घटनाको सूचना आईआईएलाई दिनु राज्यका सबै निकायको कर्तव्य हुन्छ। राज्यका सबै निकायहरूले प्रहरी अधिकारीहरू संलग्न यौन दुर्व्यवहारका आरोप, यातना वा बलपूर्वक बेपत्ता पारिएका घटनाहरू आईआईएलाई पठाउनु पर्छ। राज्यका निकायहरू पीडित वा पीडितको परिवारले उजूरी नहालेसम्म चुप लागेर बस्न हुँदैन। आईआईएले पीडितको उजूरी प्राप्त भएमा मात्र अनुसन्धान गर्ने हो भने धेरै गम्भीर घटनाहरू आईआईएको जानकारी मै नआउन सक्दछ।

आईआईएको कार्यादेश लागू हुने अवस्थाहरूको विस्तृत व्याख्या र स्पष्ट बुझाई हुनु आवश्यक छ। प्रभावकारी अनुसन्धान गर्ने आईआईएको क्षमताका लागि आईआईएलाई

सूचना दिने कुरा महत्त्वपूर्ण छ किनभने यसले आईआईएलाई प्रमुख अनुसन्धानात्मक निकायको भूमिका निर्वाह गर्न, घटनास्थल सुरक्षित राख्न, प्रमाण संकलन गर्न र यस प्रतिवेदनको अन्य भागमा चर्चा गरिने अन्य कदमहरू लगायत महत्त्वपूर्ण क्रियाकलापहरू सम्पन्न गर्न मद्दत गर्छ ।

कुनै व्यक्तिलाई निम्न हानीहरू भएको अवस्थामा अनुसन्धान गर्ने पूर्ण क्षेत्राधिकार आईआईएको हुनेछ :

१. **हत्या :** पक्राउ गरिएको, थुना वा हिरासतमा रहँदा कुनै व्यक्तिको मृत्यु भएमा सो कुराका लागि प्रथम दृष्टिमै राज्यको अधिकारी जिम्मेवार हुन्छन् ।

२. **गम्भीर शारीरिक चोटपटक :** गम्भीर शारीरिक चोटपटकको उचित परिभाषा आवश्यक पर्दछ किनभने स्पष्ट परिभाषा नभएमा राज्यको अधिकारीले स्वविवेकीय व्याख्या गर्न सक्दछ । परिभाषा अनावश्यक रूपमा संकुचित हुनु हुँदैन । ओन्टारियोको विशेष अनुसन्धान एकाइले निम्न परिभाषा गरेको छ :

  "गम्भीर चोटपटक भन्नाले क्षणिक वा सानो मात्राको हानी नभई उजूरीकर्ताको स्वास्थ्य वा कल्याणमा हानी गर्ने कुनै चोटपटकलाई बुझाउँदछ । यदि उजूरीकर्ता निम्न अवस्थामा छ भने चोटपटकलाई प्रारम्भिक रूपमा गम्भीर मानिन्छ ।

  (अ) अस्पताल भर्ना गरिएको अवस्था ।

  (आ) टाउको, खुट्टा, करङ्ग वा ढाड भाँचिएको अवस्था ।

  (इ) व्यक्तिको शरीरको महत्त्वपूर्ण भाग जलेको अवस्था

  (ई) व्यक्तिको शरीरको कुनै भाग टुक्रा भएको अवस्था वा

  (उ) दृष्टि वा सुन्ने शक्ति गुमाएको अवस्था ।"[१०५]

३. **यौन दुर्व्यवहारको आरोप :** विभिन्न देशहरूको अपराध संहिताहरूले यस अपराधको परिभाषा फरक-फरक ढंगले गरेको पाइन्छ तर यसको मुख्य सार भनेको यौनिक रूपमा मञ्जुरीबिना छुनु हो । कुनै उजूरीकर्ताले ड्युटीमा रहेको राज्यको अधिकारीले यौन दुर्व्यवहार गरेको आरोप लगाएमा यी आरोपहरू आईआईएको कार्यादेशमा पर्दछ । धेरै देशहरूमा यौन दुर्व्यवहारको परिभाषा पद, अधिकार वा शक्तिको दुरुपयोग गरी मञ्जुरी वेगर यौनिक रूपमा छुनु भनी गरेको पाइन्छ र उजूरीकर्ता थुनामा छ र यस्तो आरोप लगाउँछ भने यो कुरालाई संवेदनशीलताका साथ सम्वोधन गर्नु आवश्यक छ ।[१०६]

४. **यातनाको आरोप :** यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको धारा १ ले गरेको यातनाको परिभाषा अनुसार "कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साविति लिने वा निज वा तेस्रो व्यक्तिले गरेको वा गरेको भनी शंका गरिएको कार्यको लागि दण्ड दिने वा निज वा तेस्रो व्यक्तिलाई

त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरू वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनु पर्छ। कानूनी बन्देज लगाउँदा उत्पन्न हुने वा तिनमा अन्तर्निहित वा सोसंग अनुसांगिक पीडा वा कष्ट यसमा समावेश हुदैन।"[१०७]

५. **बलपूर्वक व्यक्ति बेपत्ता सम्बन्धी आरोप :** बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिलाई संरक्षण प्रदान गर्ने अन्तर्राष्ट्रिय महासन्धिको धारा २ अनुसार "बलपूर्वक बेपत्ता भन्नाले राज्यको अधिकारी वा राज्यको अख्तियारी, समर्थन वा स्वीकृतिमा काम गर्ने व्यक्ति वा व्यक्तिहरूको समूहद्वारा पक्राउ, नजरबन्द, अपहरण वा कुनै पनि प्रकारको स्वतन्त्रता हनन मानिन्छ। स्वतन्त्रताको हननको बारेमा राज्यले स्वीकारोक्ति गर्दैन वा बेपत्ता व्यक्तिको स्थिति लुकाएर राख्छ जसले गर्दा त्यस्तो व्यक्ति कानूनको संरक्षणभन्दा बाहिर रहन्छ।"[१०८]

धेरै निरीक्षण निकायहरूको माथि उल्लेख गरिएकोभन्दा धेरै घटनाहरू समेट्ने गरी बृहत् कार्यादेश समेटेको हुन सक्छ। बलको प्रयोग विभिन्न प्रकारले हुन सक्छ जुन आईआईएको कार्यादेशभित्र पर्न सक्दछ जस्तै प्रहरीको गोली लक्ष्यमा नभई अन्य ठाउँमा लाग्नु वा गम्भीर शारीरिक चोट नलाग्ने गरी मरिचको स्प्रे वा अन्य "कम घातक" हतियारको प्रयोग आदि। केही आईआईएले ड्युटीमा नरहेका अधिकारी विरुद्ध लागेका आरोपहरूमा अधिकारको दुरुपयोग गरी फौजदारी अपराध गरेको नदेखिए पनि अनुसन्धान गर्ने गरेको देखिन्छ।[१०९] यदि राष्ट्रिय फौजदारी कानूनमा छुट्टै व्याख्या गरिएको भएमा दुर्व्यवहारका आरोपहरू पनि कार्यादेशमा समावेश गर्न सकिन्छ।[११०] यी सबै विषयहरू महत्त्वपूर्ण छन तर सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको कुन अपराध आईआईएले अनुसन्धान गर्ने हो भन्ने स्पष्ट परिभाषा हुनुपर्छ। यसका साथै, संलग्न राज्यको अधिकारीले आईआईएलाई सूचना दिने कर्तव्य कुन अवस्थामा लागू हुन्छ भन्ने कुरा स्पष्ट हुनु आवश्यक छ।

केही निकायहरूको कार्यादेशमा सार्वजनिक हितको विषयलाई पनि समावेश गरिएको छ जसले महत्त्वपूर्ण सार्वजनिक हित रहेको भन्ने लागेमा आईआईएको कानूनी कार्यादेशभन्दा बाहिर रहेको घटनामा पनि निर्देशकले अनुसन्धान गर्ने अनुमति दिन सक्छ।[१११] यस्तो अवस्थामा आईआईएको क्षेत्राधिकार तवमात्र शुरू हुन्छ जव यसले अनुसन्धान गर्ने राज्यका निकायलाई आईआईए अब उक्त घटनामा प्रमुख अनुसन्धानात्मक निकाय भएको सूचना दिन्छ।

आईआईएको सीमित स्रोतसाधनलाई मध्यनजर गर्दै आरोपहरूको गम्भीरतालाई हेरी मुद्दाहरूको प्राथमिकता निर्धारण गरिनु पर्छ। प्राथमिकता निर्धारण गर्ने प्रणालीबिना आईआईएले प्रभावकारी काम गर्न नसक्ने वा स्रोतहरूको सही सदुपयोग नहुन सक्छ। दक्षिण अफ्रिकाको स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालय (आईपिआईडि) सम्बन्धी एक प्रतिवेदनले स्रोतको अभावका कारणले आईपिआईडिले अपराधको गम्भीरता हेरी मुद्दाहरूको प्राथमिकता निर्धारण गर्नुपर्ने भनी सुझाव दिएको छ।[११२]

## ग) आईआईएले अनुसन्धान गर्ने व्यक्तिहरू

**प्रत्यक्ष रूपमा घटनामा संलग्न नभए पनि प्रमाणलाई नष्ट गर्ने वा आईआईएको अनुसन्धानमा हस्तक्षेप गर्ने प्रयास गर्ने व्यक्तिहरूको पनि फौजदारी दायित्व सिर्जना हुन सक्दछ ।**

### पीडक

आईआईएले अनुसन्धान गर्ने व्यक्तिहरू को-को हुन भन्ने प्रश्नको स्पष्ट जवाफ छैन । "राज्यको अधिकारी" को परिभाषामा को-को पर्दछन् ? अध्यागमन विभागका अधिकारीहरू ? सैनिकहरू ? सैनिकहरू तर निश्चित समयावधी वा निश्चित जिम्मेवारी पूरा गरिरहेको बेलामा मात्र ?

यस प्रतिवदेनले कानून कार्यान्वयन गर्ने व्यक्तिलाई मात्र राज्यका सम्बन्धित अधिकारी भनी परिभाषित गर्न सुझाव दिन्छ । यस अन्तर्गत प्रहरी, र सुधार गृहका अधिकारीहरू, र पक्राउ र थुनामा भूमिका निर्वाह गर्ने थुनाकेन्द्रका अधिकारीहरू पर्दछन् । योभन्दा अरू को-को लाई कानून कार्यान्वयन गर्ने व्यक्ति भनी परिभाषित गर्ने भन्ने कुरा बजेट, राजनीतिक इच्छाशक्ति र संघीय राज्यको क्षेत्राधिकार आदिमा निर्भर रहन्छ । यसभित्र सीमा सुरक्षा अधिकारीहरू,[११३] मानसिक अस्पतालका संरक्षक वा थुना केन्द्रमा काम गर्ने यूवा कर्मचारीहरू पनि समावेश गर्न सकिन्छ । प्रहरीले जस्तो काम गरिरहेको बेलामा सेनालाई पनि समावेश गर्न सकिन्छ ।

विभिन्न आईआईएमा "राज्यको अधिकारी" को परिभाषा फरक-फरक छ । आईआईएको क्षेत्राधिकारभित्र पर्ने राज्यको अधिकारीको स्पष्ट परिभाषा हुनु आवश्यक छ जसले गर्दा सबै पक्षहरूले कहिले आईआईएको कार्यादेश लागू/आकर्षित भयो भनी बुझ्न सजिलो हुन्छ ।

मुख्य अपराधीलाई सहयोग गर्ने, दुरुत्साहन गर्ने वा सल्लाह दिने, वा कुनै कार्य गरेमा वा नगरेमा फौजदारी कानूनी सिद्धान्त अनुसार जिम्मेवार हुनुपर्दछ भन्ने तथ्य थाहा हुँदाहुँदै पनि अपराधीलाई सहयोग गर्नेहरूको पनि आपराधिक दायित्व सिर्जना हुन्छ । यसका साथै राज्यको अधिकारीसँग आफ्नो जिम्मा वा हेरचाहमा रहेका व्यक्तिको सुरक्षा गर्ने कानूनी कर्तव्य रहन्छ । त्यस्तो अवस्थामा ती व्यक्तिको सुरक्षा गर्न असफल भएमा वा सो कारणले अपराधमा सहयोग पुगेमा ती अधिकारीलाई फौजदारी रूपमा उत्तरदायी ठहराउन सकिन्छ । उदाहरणका लागि क्यानाडाको भ्यानकुभर सिटी प्रहरी थानाको इन्चार्जले आफ्नो उपस्थितिमा एकजना पहिचान नखुलेको प्रहरी अधिकारीले आफ्नो जिम्मामा रहेका एकजना थुनुवाको घुँडामा हान्दा पनि बचाउन गर्न नसकेको कारणले उनलाई पीडक नभए पनि दोषी ठहर गरिएको थियो ।[११४] दक्षिण अफ्रिकाका अदालतहरूले पनि यस्तै निर्णयहरू गरेका छन् ।[११५]

यसका साथै प्रत्यक्ष रूपमा घटनामा संलग्न नभए पनि प्रमाणलाई नष्ट गर्ने वा आईआईएको अनुसन्धानमा हस्तक्षेप गर्ने प्रयास गर्ने व्यक्तिहरूको पनि फौजदारी दायित्व सिर्जना हुन सक्दछ । यी अपराधहरूलाई सामान्यतया "न्याय प्रशासन विरुद्धको अपराध" भनिन्छ तर यो व्यक्ति विरुद्धको अपराध भने होइन । तथापि, आईआईएसँग यी सम्बन्धित आरोपहरूको अनुसन्धान गर्ने क्षेत्राधिकार हुनुपर्छ ।

राज्यको अधिकारीले ड्युटीमा नरहँदा गरेका अपराधहरू राज्यको अख्तियार दुरुपयोगको रूपमा व्याख्या गरिदैन तर राज्यको अधिकारीले अपराध गर्नमा आफ्नो अधिकारको दुरुपयोग गरेको छ भने आईआईएले अनुसन्धान गर्नुपर्दछ । दक्षिण अफ्रिकामा राज्यको अधिकारीले ड्युटीमा छन् कि छैनन् भन्ने कुरालाई निम्न तरिकाले व्याख्या गरेको छ : स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालयले क्षेत्राधिकार ग्रहण गर्नु अघि "प्रहरी अधिकारी हुनु र तिनीहरूले गरेको गैर-कानूनी कार्यहरूबीच सम्बन्ध पर्याप्त हुनुपर्दछ" ।[११६] तसर्थ "राज्यको अधिकारी" को परिभाषामा ड्युटीमा नरहेको बेलामा पनि राज्यको अधिकार दुरुपयोग गरेको अवस्थालाई समावेश गर्नुपर्दछ ।

### उच्चस्थ अधिकारी वा आदेशको जिम्मेवारी

आफ्नो मातहतमा रहेका कानून कार्यान्वयन गर्ने अधिकारीहरूले बल र हतियारको गैर-कानूनी प्रयोग गरेको वा गरिरहेको छ भन्ने थाहा भएमा वा थाहा पाउने कानूनी कर्तव्य भएमा र त्यस्तो प्रयोगलाई रोक्न, दबाउन वा रिपोर्ट गर्न आफ्नो अधिकारमा रहेका सबै उपायहरू अवलम्बन नगरेको अवस्थामा सरकार र कानून कार्यान्वयन गर्ने निकायहरूले उच्च अधिकारीहरूलाई जिम्मेवार बनाउनु पर्दछ ।[११७]

अपराधिक कार्यका लागि उच्च अधिकारीहरू प्रत्यक्ष रूपमा संलग्न नभएको अवस्थामा पनि उच्च अधिकारीले कमाण्डरको हैसियतले जिम्मेवारी बहन गर्नुपर्छ भन्ने अवधारणालाई प्रयोग गर्न सकिन्छ । उल्लंघन आफ्नो मातहतका कर्मचारीले गरेको अवस्थामा आदेश दिने अधिकारीको भूमिका प्रमाणित गर्न कठिन हुन्छ तर प्रमाणले उच्च अधिकारीको भूमिका तर्फ संकेत गर्छ भने तिनीहरूलाई पनि अनुसन्धानको दायरामा ल्याउनु पर्छ । आईआईए सम्बन्धी कानूनी व्यवस्थामा प्रत्येक तहका अधिकारीहरूलाई फौजदारी अपराधका लागि जवाफदेही बनाउन सक्ने हुनुपर्दछ । गम्भीर हानी वा हत्याका घटनामा विश्वसनीय प्रमाणहरू पाइएको अवस्थामा आईआईएले कसैलाई पनि अनुसन्धानबाट कसैलाई स्वतः उन्मुक्ति दिनु हुँदैन (दूर्भाग्यवश जर्जियाको राज्य निरीक्षकको सेवा सम्बन्धी वर्तमान कानूनले यो मापदण्ड पूरा गरेको छैन ।[११८] यातना रोकथाम समितिले त्यस कार्यालयको "संकुचित क्षेत्राधिकारको" आलोचना गरेको छ किनभने यसले वरिष्ठ राजनीतिज्ञहरूलाई अनुसन्धानको दायराभन्दा बाहिर राखेको छ ।)[११९]

आईआईएको अनुसन्धानमा बाधा पुऱ्याउने तत्त्वहरूबारे अनुसन्धान गर्ने अधिकारले पनि वरिष्ठ अधिकारीहरूलाई जिम्मेवार बनाउन मद्दत गर्दछ । यसको उदाहरणमा जमैकाको डाइह मुद्दालाई लिन सकिन्छ । अगस्ट २०१३ मा इन्डेकमले सेन्ट क्याथेरिन पारिशमा एकजना युवा महिलाको गोली लागि मृत्यु भएको घटनाको सूचना प्राप्त गऱ्यो र अनुसन्धानको शुरूवात गऱ्यो । अनुसन्धानको क्रममा तत्कालीन नायव उपरीक्षक अल्वर्ट डाइहले इन्डेकमका अनुसन्धानकर्ताहरूको निर्देशन मान्न अस्वीकार गर्नुका साथै केही अनुसन्धानात्मक क्रियाकलापहरूमा बाधा पुऱ्यायो विशेष गरी हतियारको जाँचमा बाधा पुऱ्यायो । तिनलाई इन्डेकमको अनुसन्धानमा बाधा पुऱ्याएको तथा कानूनी दायित्व पूरा नगरेकोमा अभियोग दायर गरियो । झण्डै सात वर्षको मुद्दा प्रक्रिया पश्चात प्रिभी काउन्सिलको न्यायिक समितिले तिनलाई दोषी ठहर गरेको थियो ।[१२०]

मार्च २०१९ मा अर्जेन्टिनाको नेउकेनमा संघीय फौजदारी अदालतले १४ जना कारागार अधिकारीहरूलाई अर्जेन्टिनी नागरिक पेलोजो इटुर्रीको यातना तथा हत्याका साथै आफ्नो अपराध लुकाउन गरेका प्रयासहरूका लागि आजीवन कारावासको सजाय दिएको छ।[१२१] अदालतले कारागार एकाइका निर्देशकलाई यातना रोक्न असफल भएकोमा दोषी ठहर गर्दै ६ वर्ष ६ महिनाको कैद सजाय गरेको छ। उपनिर्देशक र एकाइको आन्तरिक सुरक्षाका प्रमुखलाई क्रमशः ६ वर्ष र ७ वर्ष कैद सजाय भएको छ। यसका साथै, कारागार सम्बन्धी सेवाका क्षेत्रीय निरीक्षकलाई पनि यातना भएको विषयमा सूचना दिन असफल भएको कारण ६ वर्ष कैद सजाय भएको छ।[१२२]

जुलाई २०१७ मा रियो द जेनेरियोको महान्यायाधिवक्ताको कार्यालय (अभियोजनकर्ताको कार्यालय) अन्तर्गतका विशिष्टकृत विभाग जिएईएसपिका अभियोजनकर्ताहरूले प्रहरी एकाइका कमाण्डरलाई मेजर लियोनार्डो गोमेज जुमालाई आम नागरिकहरूको घर अतिक्रमण गरी सम्पत्ति सम्बन्धी अधिकारहरूको उपभोगमा प्रतिबन्ध लगाएको अभियोगमा मुद्दा चलायो। जनवरी देखि अप्रिल २०१७ बीचका अवधिमा मेजर जुमाको मातहतमा रहेका सैनिक प्रहरीहरूले नोभा ब्रासिलिया समुदायका बासिन्दाहरूको घरहरूमा अतिक्रमण गऱ्यो र तिनीहरूको इच्छाविपरित सम्पत्तिहरू कब्जा गऱ्यो। ती बासिन्दाहरूलाई प्रहरी अधिकारीहरूको उपस्थितिलाई स्वीकार्न बाध्य पारियो जुन एउटा अवस्थामा २ महिनासम्म निरन्तर चल्यो।[१२३] मेजर जुमालाई आफ्नो मातहतका एकाइबाट भएका उल्लंघनहरूका लागि सजाय दिइयो।

### सेना

सेनाको कामकारवाहीको नागरिक निरीक्षणले राज्यको सेनाका आधारभूत जिम्मेवारी सम्बन्धी प्रश्न उठाउँछ। धेरै जसो देशहरूमा रणनीतिक सैनिक निर्णयहरू व्यवसायिक सैनिक अधिकारीहरूले भन्दा पनि राजनीतिक नेतृत्वबाट गरिन्छ र प्रायःजसो सेनालाई आफ्नै अनुसन्धान पद्धती र कोर्ट मार्शल मार्फत उल्लंघनका आरोपहरूको अनुसन्धान, अभियोजन तथा निरुपण गर्ने अधिकार रहेको हुन्छ। तथापि, अन्तर्राष्ट्रिय कानूनका मापदण्डहरूले सेनाको न्याय प्रणालीको क्षेत्राधिकार मानव अधिकार उल्लंघनमा आकर्षित हुनु हुँदैन भनी स्पष्ट पारेको छ।[१२४] उदाहरणका लागि, बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धका अन्तर-अमेरिकी महासन्धिको धारा ९ अनुसार "बलपूर्वक बेपत्ता पार्ने अपराधको लागि जिम्मेवार व्यक्तिहरूलाई प्रत्येक राज्यको नियमित कानून अन्तर्गतको सक्षम अदालतमा नै मुद्दा चलाउन सकिन्छ, र अन्य सबै विशेष क्षेत्राधिकार, विशेष गरी सैन्य क्षेत्राधिकार आकर्षित हुँदैन। बलपूर्वक बेपत्ता बनाउने कार्य सैन्य कर्तव्यको सिलसिलामा गरिएको मानिने छैन।"[१२५] यसका साथै न्यायाधीश र वकिलहरूको स्वतन्त्रता सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष प्रतिवेदकले "सैनिक अधिकारीले गरेको उल्लंघन लगायत जुनसुकै परिस्थितीमा गम्भीर मानव अधिकार उल्लंघनका अपराधहरूको अनुसन्धान, अभियोजन र आरोपित अधिकारीलाई कठघरामा उभ्याउने क्षेत्राधिकार नियमित अदालतलाई हुनुपर्दछ, सैन्य अदालतलाई हुनुहुँदैन"[१२६] भनी जोड दिएका छन्।

सरकारहरूले आफ्ना नागरिकहरूका विरुद्ध सेना परिचालन गर्छन । सन् २०२० मा कोभिड-१९ को बन्दाबन्दीको कार्यान्वयनका लागि सेनाको परिचालनमा वृद्धि भएको थियो भने लागू औषध विरुद्ध सरकारी कारवाही (प्राय लागू औषध विरुद्धको युद्ध भनिने) मा पनि सेनाको प्रयोग भएको छ । धेरै देशहरूमा कोभिड-१९ सम्बन्धी प्रतिबन्धहरूको कार्यान्वयनका लागि सेनाको प्रयोग भएको कुराले नागरिक निरीक्षण र प्रभावकारी अनुसन्धानको आवश्यकतालाई प्रकाश पार्दछ । जमैकामा सन् २०२० मा १२ जना नागरिकहरू सेनाबाट मारिएका थिए[१२७] भने त्योभन्दा अघि वर्षमा एक जना मात्र मारिने गरेको तथ्यांकले देखाउँछ ।[१२८] बन्दाबन्दी कार्यान्वयन गराउने क्रममा दक्षिण अफ्रिकाको राष्ट्रिय सुरक्षा बलका सदस्यहरूले पिटेका कारण मृत्यु भएका कोलिन्स खोसाको मुद्दाले पनि यस विषयमा थप प्रकाश पार्दछ । सेनाले कोलिन्स खोसाको मुद्दामा संलग्नहरूलाई कुनै कारवाही नगर्ने भने पनि स्वतन्त्र प्रहरी अनुसन्धान निर्देशनालयले अनुसन्धान गरी खोसामाथि कुटपिट हुँदा मुकदर्शक भएर बस्ने पाँच जना प्रहरी अधिकारीहरूमाथि अनुशासनको कारवाही गर्न सिफारिस गरेको छ ।[१२९]

आईआईएले राज्यको अधिकारीबाट भएको हत्या वा गम्भीर हानीका लागि तिनीहरूलाई जवाफदेही बनाइन्छ भन्ने जनविश्वास जगाउनु महत्त्वपूर्ण छ । त्यसका लागि सेनाले प्रहरीको जस्तो कार्य गरिरहेको अवस्थामा वा प्रहरीसँग संयुक्त रूपमा काम गरिरहेको अवस्थामा सेनालाई पनि आईआईएको क्षेत्राधिकार भित्र ल्याइनु पर्छ ।

**सेनाले प्रहरीको जस्तो कार्य गरिरहेको अवस्थामा वा प्रहरीसँग संयुक्तरूपमा काम गरिरहेको अवस्थामा सेनालाई पनि आईआईएको क्षेत्राधिकार भित्र ल्याइनु पर्छ ।**

जमैकाको इन्डेकमसँग जमैकाको सुरक्षा बलका सदस्यहरूले प्रहरीसँग संयुक्त कारवाही गरेको अवस्थामा गरेको उल्लंघनहरूको अनुसन्धान गर्ने क्षेत्राधिकार छ । जमैकाको सुरक्षा बल (जेडिएफ) ले सन् २०१० मा किङ्गस्टनको छिमेकी टिभोली गार्डेनमा भएको प्रहरी/सेनाको संयुक्त कारवाहीमा मोर्टारहरू प्रयोग गरेको सम्बन्धमा आईआईएले अनुसन्धान गर्न खोज्दा आईआईएसँग क्षेत्राधिकार नभएको भनी चुनौती दिएको थियो । जुलाई २०१८ मा अदालतले इन्डेकमसँग क्षेत्राधिकार भएको भनी निर्णय दियो तर एउटा सानो अपवादका रूपमा सेनाले आफ्नो कारवाही सम्बन्धी आदेशलाई प्रस्तुत गर्न नपर्ने भनी सेनालाई उन्मुक्ति दियो ।[१३०]

सरकारहरूले सकेसम्म आफ्ना नागरिकहरूको विरुद्ध सेना परिचालन गर्न हुँदैन । तर जहाँ प्रहरी प्रशासन सम्बन्धी कार्यका लागि सेनाको प्रयोग गरिन्छ सो समयमा सेनालाई आईआईएको क्षेत्राधिकारभित्र पार्नु पर्दछ ।

## घ) समयसीमा

अधिकांश आईआईएका अनुसन्धानहरू यसको स्थापना भएपश्चात घटेका घटनाहरूमा केन्द्रित हुन्छन् । तर आईआईएलाई स्थापनाभन्दा अगाडि घटेका केही घटनाहरूको अनुसन्धान गर्ने क्षेत्राधिकार पनि दिनुपर्ने देखिन्छ । विशेष गरी हिरासतबाट व्यक्ति बेपत्ता पारिएको घटना, प्रहरीबाट भएका अत्यधिक बल प्रयोगका ऐतिहासिक घटनाहरू, यौन दुर्व्यवहारका आरोपहरूमा यो लागू हुन्छ जुन धेरै वर्ष पहिले घटेको हुन सक्दछ ।

केही आईआईएमा ऐतिहासिक घटनाहरूको अनुसन्धान गर्न विशेष एकाइहरू रहेका छन् । उत्तरी आयरल्याण्डको प्रहरी लोकपालको उदारहण हेर्ने हो भने १९६८ देखिका घटनाहरूसँग सम्बन्धी आरोपहरूको अनुसन्धान गर्ने ऐतिहासिक अनुसन्धान निर्देशनालय रहेको छ ।[१३१] तथापि, धेरै आईआईएसँग यस्ता ऐतिहासिक घटनाहरूको अनुसन्धान गर्ने कार्यादेश तथा स्रोतसाधनहरू रहेको देखिदैन । उदाहरणका लागि, जर्जियाको राज्य निरीक्षकको सेवासँग यसको स्थापनाभन्दा पूर्व भएका अपराधहरू अनुसन्धान गर्ने कार्यादेश छैन[१३२] र कर्मचारीहरूका अनुसार कार्यालयले थप स्रोतहरू प्राप्त नगरीकन थप कार्यभार लिन सक्दैन ।[१३३]

नयाँ स्थापना भएका आईआईएलाई धेरै संख्यामा ऐतिहासिक आरोपहरूको अनुसन्धान गर्न गाह्रो हुने भएकोले ती घटनाहरू छुट्ट्याउन तथा प्राथमिकतामा राख्ने क्षमता हुनुपर्ने हुन्छ । समाधान नभएका ऐतिहासिक घटनाहरूका कारण वर्तमानमा कानून कार्यान्वयन गर्ने अधिकारीहरूसँगको सम्बन्ध चिसिन सक्छ । त्यसैले निरीक्षण निकायमाथि जन विश्वास बढाउने उद्देश्य प्राप्त गर्नु अगावै सो विषयलाई सम्वोधन गरिनु पर्छ । यसका साथै यो प्रतिवेदनले आईआईएको कार्यादेशभित्र ऐतिहासिक आरोपहरूको अनुसन्धान समावेश गर्न सुझाव दिन्छ र आईआईएसँग अनुसन्धान नगर्ने अधिकार पनि हुनु आवश्यक छ ।

## ङ) राज्यको निकायलाई कानूनी बचाउ वा गम्भीर मानव अधिकार उल्लंघनको विषयमा हदम्याद लागू नगर्ने

राज्यको अधिकारीले कानूनी रूपमा बल प्रयोग गर्ने अधिकारलाई मनपरी प्रयोग गरेको देखिन्छ । धेरै देशहरूमा राज्यको अधिकारीले आफ्नो कार्यादेशको पालनाको सिलसिलामा घातक बल प्रयोग लगायत बल प्रयोग गरेमा र विद्यमान खतरासँग बल समानुपातिक भएमा वा परिस्थिति अनुसार आवश्यक भएमा फौजदारी दायित्व सिर्जना नहुने कानूनी प्रावधान रहेको हुन्छ । राज्यको अधिकारीमाथि गरिने अधिकांश फौजदारी अनुसन्धानहरू मनासिव बलको प्रयोग थियो कि अत्यधिक बलको प्रयोग भन्नेमा केन्द्रित हुन्छ, मनासिव बलको प्रयोग भएमा कानून बमोजिम भएको मानिन्छ भने अत्यधिक भएमा गैर-कानूनी हुन जान्छ ।

तथापि केही देशहरूमा राज्यको अधिकारीलाई जस्तो सुकै बलको प्रयोगमा पनि कानूनी संरक्षण दिने गरिन्छ । उदाहरणका लागि सन् १९७८ मा कोलम्बियाले अपराध संहितामा संशोधन गरी अन्य अवस्थामा सजाय हुने बाहेक "जबरजस्ती असूली र अपहरण, र लागू औषधको उत्पादन, प्रशोधन र ओसारपसार रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यका साथ गरिएको कारवाहीमा" घातक बल प्रयोगलाई न्यायोचित मानिएको छ । यस विशेष प्रतिरक्षाका कारण निशस्त्र र पछाडि वा टाउकोमा गोली हानी हत्या गरिएको भनी फरेन्सिक प्रमाणले देखाएको ७ जना व्यक्तिहरूको मुद्दामा प्रहरी अधिकारीहरूलाई सजाय भएन ।[१३४] सन् १९७९ मा ती ७ जना मारिएका व्यक्ति मध्ये एक महिलाका परिवारले

संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा दायर गरेको मुद्दाको फैसलामा समितिले "सो घटनामा कानून कार्यान्वयनका लागि आवश्यकताभन्दा बढी असमानुपातिक ढंगबाट बलको प्रयोग भएको" भन्दै सो घटनाले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६(१) – स्वेच्छाचारी ढंगबाट जीवनको अधिकारको हनन भएको ठहर गरेको थियो।[१३५]

**कानून कार्यान्वयन गर्ने अधिकारीहरूले बलको प्रयोग गर्दा वैधता, सावधानी, आवश्यकता, समानुपातिकता, गैर-भेदभाव, र जवाफदेहीताको सिद्धान्तको पालना गर्नुपर्छ।**

यातना, गैर न्यायिक हत्या, र बलपूर्वक बेपत्ता पार्ने कार्यहरू अन्तर्राष्ट्रिय कानून अन्तर्गतका अपराध हुन र हदम्याद लागू हुनु हुँदैन। अन्तर-अमेरिकी मानव अधिकार अदालतले "यातना, संक्षिप्त, गैर-कानूनी वा स्वेच्छाचारी हत्या र व्यक्ति बेपत्ता पार्ने कार्य जस्ता मानव अधिकारको गम्भीर उल्लंघनका लागि जिम्मेवार व्यक्तिहरूमाथि अनुसन्धान र सजायलाई रोक्नको लागि माफीका प्रावधानहरू, हदम्यादको व्यवस्था वा फौजदारी दायित्व नहुने गरी अवलम्बन गरिने उपायहरूको प्रयोग अस्वीकार्य छ, यी कार्यहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत अहरणीय अधिकारको उल्लंघनका रूपमा निषेधित छन्, भनी व्याख्या गरेको छ।"[१३६] मानव अधिकार सम्बन्धी यूरोपेली अदालतले पनि यस्तै निर्णय गरेको छ : "राज्यको अधिकारीमाथि यातना वा दुर्व्यवहार लगायत अपराधको आरोप लागेको अवस्थामा फौजदारी कारवाही र सजायका लागि हदम्याद राखिनु हुँदैन भने क्षमादान वा माफी नदिई 'प्रभावकारी उपचार' दिनु अत्यन्त आवश्यक हुन्छ। राष्ट्रिय कानूनमा यी न्यायिक फैसलाहरू अनुसारको प्रावधान समावेश हुनु आवश्यक छ।"[१३७]

फौजदारी दायित्वबाट संरक्षण दिने कानूनी प्रावधान विधिको शासनको अवधारणाको प्रतिकुल रहेको छ। यस्तो उन्मुक्तिहरू विद्यमान भएको अवस्थामा स्वतन्त्र अनुसन्धान गर्नुको कुनै महत्त्व छैन। राज्यको अधिकारीको लागि कानूनी संरक्षण दिन सकिने एउटै अवस्था भनेको खतरासँग समानुपातिक र परिस्थितिजन्य आवश्यक हुने गरी बल प्रयोग भएमा मात्र हो। यातना विरुद्धको संयुक्त राष्ट्र संघीय समितिले "...अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरी, कुनै पनि राज्य वा यसका अधिकारी वा गैर-राज्यका निकायलाई यातना वा दुर्व्यवहारको लागि उन्मुक्ति प्रदान गर्नु भनेको पीडितलाई उपचार प्रदान गर्ने दायित्वको विपरित हुन जान्छ। जब दण्डहीनतालाई कानूनबाट अनुमति दिइएको छ वा तथ्यगत रूपमा दण्डहीनता व्याप्त छ भने यसले पीडितलाई पूर्ण उपचार खोज्नबाट रोक्छ किनकि यसले उल्लंघन गर्नेलाई सजाय नदिई पीडितको अधिकारको पूर्ण प्रत्याभूति दिदैन।"[१३८]

कानून कार्यान्वयन गर्ने अधिकारीहरूले बलको प्रयोग गर्दा वैधता, सावधानी, आवश्यकता, समानुपातिकता, गैर-भेदभाव, र जवाफदेहीताको सिद्धान्तको पालना गर्नुपर्छ।[१३९] जीवनको रक्षा गर्न हतियारको प्रयोग अपरिहार्य थियो कि थिएन वा बल प्रयोग आवश्यक र समानुपातिक थियो कि थिएन भनी मूल्यांकन गर्न, राज्यले कानून कार्यान्वयन गर्ने अधिकारी सम्बन्धी आचार संहिता,[१४०] कानून कार्यान्वयन गर्ने अधिकारीहरूबाट बल र हतियार प्रयोग सम्बन्धी आधारभूत सिद्धान्त,[१४१] र कम-घातक हतियारको प्रयोग सम्बन्धी संयुक्त राष्ट्र संघीय मानव अधिकार मार्गदर्शन[१४२] जस्ता अन्तर्राष्ट्रिय कानून र सिद्धान्तको प्रयोग गर्नुपर्दछ।

फौजदारी जिम्मेवारीबाट संरक्षण दिने बृहत् कानूनले गम्भीर अपराधहरूमा प्रहरी अधिकारीहरूको जवाफदेहीता स्थापना गर्न सकिदैन । यसले आईआईएको कामलाई असम्भव बनाइदिन्छ । अर्को अध्यायमा अनुसन्धानकर्ताको क्षमता तथा तालिमको बारेमा चर्चा गरिएको छ ।

# आईआईएको अनुसन्धानकर्ताको स्वतन्त्रता, क्षमता र तालिम

५

**राज्यको अधिकारीमाथि गरिने फौजदारी अनुसन्धान प्रायः जटिल हुन्छ ।** एकातिर अनुसन्धानकर्ता प्रहरी प्रशासनबाट औपचारिक वा अनौपचारिक तरिकाबाट दबाबमा पर्दछन् भने अर्को तर्फ प्रहरी कारवाहीप्रति जनआक्रोशको पनि सामना गर्नुपर्ने हुन्छ । हत्या र कुटपिट जस्ता अपराधहरूको अनुसन्धान गर्न विशेष प्राविधिक सीपहरूको आवश्यकता पर्दछ । बेलायत र वेल्सको प्रहरी व्यवहारका लागि स्वतन्त्र कार्यालयको वेभपेजमा अनुसन्धानकर्ता बन्नका लागि चाहिने आवश्यक योग्यताहरू निम्नानुसार उल्लेख गरिएको छ : "हामी स्वतन्त्र हुनको लागि विभिन्न सीपहरू भएका समाजका सबै क्षेत्रका व्यक्तिहरू चाहिन्छ । प्रमाणहरू छान्न सक्ने र महत्त्वपूर्ण जानकारी पत्ता लगाउन सक्ने विश्लेषणात्मक क्षमता चाहिन्छ । शोकमा डुबेका वा जोखिममा रहेका मानिसहरूप्रति संवेदनशील रूपमा व्यवहार गर्ने मानवता चाहिन्छ र सोधपुछ लगायतका काम गर्न सहनशिलता चाहिन्छ किनभने कहिलेकाहीँ सोधपुछ गर्दा अप्ठ्यारो परिस्थिति र समाचार बन्ने पनि हुन सक्छ ।"[१४३]

यस अध्यायमा को आईआईएको अनुसन्धानकर्ता बन्न सक्छ, के-कस्तो सीप र स्रोतसाधनहरू आवश्यक पर्दछ भन्ने कुराको विश्लेषण गरिएको छ ।

## क) काजमा कर्मचारी लिने, राज्य निकायको भूतपूर्व अधिकारी वा प्रहरी सेवाको अनुभव नभएका अनुसन्धानकर्ता

आदर्शको कुरा गर्ने हो भने स्वतन्त्र अनुसन्धानकर्ता विभिन्न पृष्ठभूमि भएका, फौजदारी अनुसन्धानमा दक्षता भएका तर राज्यको अधिकारीको रूपमा काम नगरेको हुनुपर्दछ । तिनीहरू हत्या जस्ता जटिल विषयहरू लगायत सबै विषयहरूमा अनुसन्धान गर्न सक्षम हुन्छन् तर राज्यको अधिकारी सम्बन्धी कुनै प्रकारका स्वार्थको द्वन्द्व वा पूर्वाग्रह राख्दैनन् । तथापि, राज्यको अधिकारीको रूपमा काम नगरी फौजदारी अनुसन्धान गर्ने सीप विकास गर्न धेरै गाह्रो छ । व्यवहारिकताको कुरा गर्ने हो भने फौजदारी अनुसन्धान गर्ने प्रहरी लगायतका अन्य जिम्मेवार निकायहरूबाट मात्र योग्य कर्मचारीहरू प्राप्त गर्न सकिन्छ ।

**राज्यको अधिकारीको रूपमा काम नगरी फौजदारी अनुसन्धान गर्ने सीप विकास गर्न धेरै गाह्रो छ ।**

आईआईएलाई सामान्यतया राज्यका भूतपूर्व अधिकारीको आवश्यकता पर्दछ र विशेष गरी प्रारम्भिक चरणहरूमा यस्तो आवश्यकता वढी हुन्छ । ब्रिटिश कोलम्बियाको स्वतन्त्र अनुसन्धान एकाइका पूर्व निर्देशक रिचर्ड रोसेन्थलले क्यानाडाको स्वतन्त्र अनुसन्धान निकायहरूको समीक्षा गर्दै लेखमा निष्कर्ष निकाले कि "प्रहरी प्रशासनको अनुभव नभएका नागरिक अनुसन्धानकर्ताहरू मात्र कर्मचारी राख्नु आफैमा व्यवहारिक समस्या हो र आफैमा ठूलो अवरोध साबित भएको छ । यसको परिणाम स्वरूप पूर्व प्रहरीहरूलाई

अनुसन्धानकर्ताको रूपमा प्रयोग नगर्ने कुनै विद्यमान निकायहरू छैनन् । दीर्घकालीन रूपमा नागरिकहरूलाई मात्र अनुसन्धानकर्ता बनाउन सकिन्छ तर अहिले भने यो लक्ष्य हासिल भएको छैन ।"[१४४]

त्यसैगरी, ट्रिनिडाड र टोबागोमा प्रहरी उजुरी प्राधिकरण (पिसिए) का निर्देशकले धेरैभन्दा धेर प्रहरी प्रशासनको अनुभव नभएका अनुसन्धानकर्ता नियुक्त गर्न चाहन्छन् तर त्यसो गर्दा तालिमको लागि समय आवश्यक हुने भएकोले चुनौतीपूर्ण छ । पिसिएले आन्तरिक तालिम सञ्चालन गर्छ र अनुसन्धानकर्ताहरूलाई तालिमका लागि संयुक्त राज्य अमेरिका पनि पठाउँछ ।[१४५] तर त्यस्ता प्रयासहरूको बाबजुद चुनौती विद्यमान छ । सिद्धान्ततः अनुसन्धानकर्ता राज्यका निकायहरूसँगको विगतको सम्बन्धबाट मुक्त हुनेछन्, तर व्यवहारमा भने सीप भएका व्यक्तिलाई भर्ती गर्दा त्यस्ता विगतका सम्बन्धहरू बेवास्ता गर्न गाह्रो हुन्छ ।

तसर्थ, योग्यता र पूर्वाग्रही धारणा बीचको सन्तुलन गरी आईआईएलाई पूर्व कानून कार्यान्वयन निकायका कर्मचारीहरूलाई अनुसन्धानकर्ताहरूको रूपमा भर्ती गर्न अनुमति दिनुपर्छ भन्ने हाम्रो सुझाव छ । तर आईआईएहरूले पूर्ण रूपमा भूतपूर्व अधिकारीहरूमा मात्र भर पर्नु हुँदैन र सम्भव भएसम्म भूतपूर्व अधिकारीहरूको बाहुल्यता पनि हुनु हुँदैन ।

यसका साथै आईआईएको अनुसन्धानकर्ताका रूपमा कार्यरत पूर्व कानून कार्यान्वयन निकायका कर्मचारीहरू कुनै पूर्वाग्रही नभएको सुनिश्चित गर्नका लागि कदमहरू चाल्नु पर्छ । पूर्वाग्रही भएको घटनाहरूले सार्वजनिक विश्वासमा असर गर्दछ र वास्तवमै पूर्वाग्रही प्रमाणित भएमा निकायको अनुसन्धानको निष्पक्षतालाई पनि नष्ट गर्छ ।

पूर्वाग्रह सम्बन्धी विषयहरूलाई भर्ती प्रक्रियामा नै सम्बोधन गरिनुपर्छ र त्यसपछि निरन्तर रूपमा पूर्वाग्रह विरुद्ध प्रशिक्षण दिइनुपर्दछ । यसका साथै कुनै पनि भूतपूर्व अधिकारीलाई आफू पहिले कर्मचारी भएको निकायसँग सम्बन्धित अनुसन्धानमा संलग्न गराउनु हुँदैन ।

जर्जियाको राज्य निरीक्षक सेवा (एसआईएस) ले अनुसन्धानकर्ताहरूको भर्तीका लागि खुल्ला छनोट प्रक्रियाको प्रयोग गर्दछ जसमा शिक्षाविद् र नागरिक समाजका सदस्यहरूको पनि सहभागिता रहन्छ । राज्य निरीक्षकको सेवाको अनुसन्धानकर्ता हुनका लागि आवश्यक योग्यताहरू कानूनमै तोकिएका छन् ।[१४६] हालै मात्र लगभग २०० जना व्यक्तिहरूले एसआईएसको अनुसन्धानकर्ताको पदका लागि आवेदन दिएका थिए । छनोट समितिले विशेष गरी महत्त्वपूर्ण मुद्दाहरूको अनुसन्धानका लागि १६ जना उम्मेदवार छनोट गरेको छ ।[१४७] १६ जना नयाँ अनुसन्धानकर्ताहरूको पृष्ठभूमि फरक थियो : दुईजना भूतपूर्व प्रतिरक्षा वकिल थिए, सातजना सरकारी वकिल थिए, पाँच जनासँग आन्तरिक मामिला मन्त्रालयमा काम गरेको अनुभव थियो र दुईजना अर्थ मन्त्रालयको अनुसन्धान सेवामा कार्यरत थिए ।[१४८]

राज्यका भूतपूर्व अधिकारीलाई भर्ती गर्ने र वहालवाला अधिकारीलाई अस्थायी रूपमा आईआईएमा काजमा पठाइनुको बीच महत्त्वपूर्ण भिन्नता छ । भूतपूर्व अधिकारीलाई आईआईएको कर्मचारी बनाउन सकिन्छ तर वहालवालाहरूलाई भने आईआईएको काममा प्रयोग गर्नुहुँदैन । वहालवाला अधिकारीको प्रयोगका कारण पूर्वाग्रहको अवस्था

सिर्जना हुन सक्छ । यसरी वहालवाला कर्मचारीहरूलाई अस्थायी रूपमा प्रयोग गर्दा प्रहरी निरीक्षण निकायहरूको प्रभावकारितामा खलल पार्न सक्दछ ।[१४९] उदाहरणका लागि इजरायलमा मचासले प्रहरी प्रशासनबाट नै अस्थायी रूपमा कर्मचारीलाई अनुसन्धानमा खटाउने गरेको थियो जसले गर्दा आईआईएको स्वतन्त्रतामा असर गरेको स्वीकार गर्दै भविष्यमा तिनीहरूलाई प्रयोग गर्ने छैन भनी महान्यायाधिवक्ताले विश्वास दिलाउनु परेको थियो ।[१५०]

केही निकायहरूले काजमा अस्थाथी कर्मचारी लिनुको सट्टामा अन्य देशका भूतपूर्व अधिकारीलाई भर्ती गर्ने गर्दछन् । नर्वेको प्रहरी मामिला अनुसन्धान विभागका एक अनुसन्धानकर्ता स्वीडेनको प्रहरी सेवामा कार्यरत थिए ।[१५१] उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपालले प्रारम्भिक चरणमा संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया र हंगकंग लगायत विभिन्न देशहरूका अनुभवी अनुसन्धानकर्ताहरूलाई भर्ती गरेको थियो ।[१५२] यस तरिकाबाट सम्भावित स्वार्थको द्वन्द्व वा पूर्वाग्रही धारणा हटाई अनुभवी अनुसन्धानकर्ताहरूलाई नयाँ आईआईएमा समावेश गर्न सकिन्छ ।

राज्यका भूतपूर्व अधिकारीलाई अनुसन्धानकर्ताको रूपमा काम गर्न अनुमति दिने सिफारिसको अर्थ तिनीहरू मात्र योग्य उमेदवार हुन् भनेर होइन । प्रहरी प्रशासनको अनुभव नभएका सक्षम उम्मेदवारहरूलाई पनि समावेश गरिनुपर्दछ । तिनीहरूलाई प्रहरी तालिम केन्द्रबाट दिइने विभिन्न तालिमहरूमा सहभागी गराउन सकिन्छ र आईआईएले पनि आन्तरिक प्रशिक्षण, मार्गदर्शन, र कार्यसम्पादन मूल्यांकन गरी सक्षम अनुसन्धानकर्ता भएको सुनिश्चित गर्न सकिन्छ । यसबाट नागरिक तथा भूतपूर्व अधिकारी सम्मिलित उच्च तालिम प्राप्त अनुसन्धानकर्ता आईआईएमा रहन्छन् र तिनीहरूले गरेको अनुसन्धानबाट उच्चस्तरका फौजदारी पूर्पक्ष गर्न सकिने हुन्छ ।

बेलायत र वेल्सका प्रहरी आचरण सम्बन्धी स्वतन्त्र कार्यालयले प्रशिक्षार्थी अनुसन्धानकर्ताहरूलाई भर्ती गर्दछ र त्यसपछि १२ देखि १८ महिनाको सीप, ज्ञान र विशेषज्ञता सम्बन्धी औपचारिक र रोजगार प्रशिक्षण दिइन्छ । यस प्रक्रियामा फौजदारी र दुर्व्यवहार सम्बन्धी आरोपहरू लगायतका आरोपमाथि उच्चस्तरको अनुसन्धान कसरी गर्ने भन्ने प्रशिक्षण दिइन्छ । प्रशिक्षार्थीहरूले अन्तर्वार्ता लिने, घटनास्थलहरू भ्रमण गर्ने, र प्रमाणहरू संकलन, संरक्षण र विश्लेषण गर्ने प्रशिक्षणमा भाग लिन्छन । तालिम पूरा भएपछि, तिनीहरू स्थायी अनुसन्धानकर्ताका रूपमा नियुक्त हुन्छन् ।[१५३]

"घटनास्थल अधिकारी" का रूपमा मानिने फरेन्सिक अनुसन्धानकर्ता नियुक्त गर्न सबैभन्दा कठिन काम मानिन्छ । प्रहरीसँग सम्बन्धित भएर काम नगरेको तर दक्ष फरेन्सिक अनुसन्धानकर्ता पाउन असम्भव छ । तसर्थ प्रहरी अनुभव नभएका व्यक्तिहरूलाई तालिममार्फत दक्ष बनाउन नसकेसम्म पूर्व फरेन्सिक अधिकारीहरूलाई आईआईएमा समावेश गर्न सकिन्छ ।

## ख) अनुसन्धानकर्ताको सेवासुविधा, परिचय तथा पोशाक

**आईआईएले समाजको विविधता प्रतिबिम्बित हुने गरी अनुसन्धानकर्ता भर्ना गर्नुपर्छ ।**

आईआईएको अनुसन्धानकर्ता प्रहरीको जस्तो पूर्ण अधिकार सम्पन्न हुनुका साथै उच्च स्तरको सीप आवश्यक पर्ने अनुसन्धानहरू सम्पन्न गर्न सक्षम हुन्छन । तसर्थ, तिनीहरूको पारिश्रमिक प्रहरी अनुसन्धानकर्ताहरूसँग समान वा त्योभन्दा बढी हुनु आवश्यक छ । यसका साथै आईआईएको अनुसन्धानकर्ताहरूको पद-क्रम तिनीहरूले अनुसन्धान गर्ने राज्यको अधिकारीको समान वा त्योभन्दा उच्च पदको हुनु आवश्यक छ किभने यसले आईआईएको अनुसन्धानकर्ताप्रति उच्च सम्मान जगाउन मद्दत गर्दछ । जर्जिया गणतन्त्रमा राज्य निरीक्षकको सेवामा आबद्ध अनुसन्धानकर्ताहरूको पारिश्रमिक र अभियोजनकर्ताहरूको पारिश्रमिक समान छ ।[१५४] जमैकामा इन्डेकमका अनुसन्धानकर्ताको पारिश्रमिक तिनीहरूको शैक्षिक योग्यतामा आधारित छ । उच्च शिक्षा भएका अनुसन्धानकर्ताभन्दा शैक्षिक योग्यता नभएका अनुसन्धानकर्तालाई कम पारिश्रमिक दिइन्छ ।[१५५]

आईआईएको अनुसन्धानकर्तासँग तिनीहरूको पद अनुसार ब्याच लगायत अन्य पहिचान चिह्न हुनुपर्दछ । घटनास्थलमा जाँदा अन्य राज्यको अधिकारीभन्दा फरक छुट्ट्याउन सकिने गरि ज्याकेट जस्ता पोशाक हुनपर्ने कुरा हामी सिफारिस गर्दछौं । तिनीहरूको पहिचान चिह्न भएको आफ्नै सवारीसाधन भए राम्रो हुन्छ ।

ब्याच, ज्याकेट र पहिचान चिह्न भएको सवारीसाधनबाहेक आईआईएको अनुसन्धानकर्ताहरूसँग प्रहरीहरूसँग जस्तो हतियार र हतकडी हुनु आवश्यक छैन । आईआईएको अनुसन्धानकर्ता अग्रपंक्तिका कानून कार्यान्वयनमा संलग्न हुनु नपर्ने भएकोले बल प्रयोग गर्न आवश्यक पर्ने सम्भावना कम हुन्छ । यसका साथै आईआईएको अनुसन्धानकर्ता जनताको नजरमा प्रहरी जस्तो देखिनु र काम गर्नु आवश्यक छैन । अन्तमा आईआईएको अनुसन्धानकर्ताका रूपमा सेवा गर्ने राज्यका भूतपूर्व अधिकारहरूले आफ्नो पुरानो कार्यालयसँग सम्बन्धित कुनै पनि ब्याच, ज्याकेट र अन्य पहिचान चिह्न लगाउन वा प्रदर्शन गर्न अनुमति दिइनु हुँदैन ।[१५६]

## ग) आईआईएको अनुसन्धानकर्ताको विविधता र साँस्कृतिक सचेतना

आईआईएले कर्मचारीहरूभित्र लैंगिक, जातीय, जनजातीय, र साँस्कृतिक विविधतालाई ध्यान दिनुपर्दछ । यस्तो विविधताले संस्थालाई बलियो बनाउँछ र यसको कामको प्रभावकारीता बढाउँछ किनभने अनुसन्धानकर्ताहरूले विभिन्न संस्कृति र भाषाहरूको प्रतिनिधित्व गर्ने र राज्यको अधिकारीसँग भिन्न ऐतिहासिक सम्बन्ध राख्ने विविध मानिसहरूसँग काम गर्नुपर्ने हुन्छ ।

आईआईएको अनुसन्धानकर्तामा समाजको विविधता प्रतिबिम्बित हुनु आवश्यक छ । मचासमाथि जनविश्वास बढाउनका लागि इथियोपियाली, अरब र अति-

धार्मिक समुदायका सदस्यहरूलाई मचासमा समावेश गरिनेछ भनी इजरायलका महान्यायाधिवक्ताले भर्खरै घोषणा गरेका छन् । कर्मचारी भर्तीमा विविधता सुनिश्चितता गर्नुका साथै आईआईएले प्रहरी दुर्व्यवहारबाट धेरै प्रभावित अल्पसंख्यक समुदायहरू र अन्य समुदायहरूसम्म पुगी संस्थाको बारेमा बुझाई विश्वास र पहुँच स्थापना गर्न विभिन्न कदमहरू चाल्नु पर्दछ ।

यसका साथै कर्मचारी छनोट समितिहरू जात, जातीय, लैंगिक वा धार्मिक सम्बन्धका आधारमा हुन सक्ने पूर्वाग्रहप्रति सतर्क हुनुपर्छ । भर्ती पछि अनुसन्धानकर्ताहरूले जातीय समानता, विविधता, समावेशीकरण, लैंगिक हिंसा र मानसिक स्वास्थ्य सम्बन्धी निरन्तर तालिम प्राप्त गर्नुपर्दछ । तालिममा आफन्त गुमाएका परिवार र यौन दुर्व्यवहारका पीडितहरू लगायतका पीडितहरूप्रति संवेदनशीलता देखाउने कुरा पनि समावेश गर्नुपर्छ ।

आईआईएको अनुसन्धानकर्ता आईआईएको सार्वजनिक अनुहारहरू हुन र प्रभावकारी अनुसन्धान सञ्चालन गर्न सबै नागरिक तथा सरोकारवालाहरूको सहयोग चाहिन्छ । यी कुराहरूलाई ध्यानमा राखेर तिनीहरूको छनोट गरी तालिम दिनु पर्दछ । आईआईएको अनुसन्धानकर्ताको भूमिका कठिन छ र तिनीहरूको कर्तव्यहरू धेरै छन् । अर्को अध्यायमा ती कर्तव्यहरूलाई अझ विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

# आईआईएको अधिकार सम्बन्धी अभ्यास

६

**एक स्वतन्त्र अनुसन्धान निकायलाई दिइएको अधिकारहरूले यसको प्रभावकारीता निर्धारण गर्दछ।** सामान्य प्रकृतिका अधिकारहरूको बारेमा अगाडि चर्चा गरिसकेको हुनाले यस अध्याय आईआईएको अनुसन्धानकर्ता र जवाफदेही बनाउनु पर्ने राज्यको अधिकारीबीचको अन्तरक्रियासँग सम्बन्धित अधिकारहरूको बारेमा केन्द्रित रहेको छ। यस अध्यायमा आईआईएको अनुसन्धानकर्ताको अधिकारहरू र राज्यको अधिकारीको सहयोग गर्ने कर्तव्यको बारेमा व्याख्या गरिएको छ।

## क) आईआईएको अनुसन्धानकर्ताको अधिकार

आईआईएको अनुसन्धानकर्तासँग आफ्नो क्षेत्राधिकारभित्र पर्ने प्रहरीको जस्तै अधिकार हुनुपर्दछ। यस अन्तर्गत पक्राउ गर्ने, आदेशहरू तथा खानतलासी पूर्जी माग गर्ने अधिकार, र अनुसन्धानका क्रममा फोन विवरण वा फोन सुन्ने लगायत सञ्चार सम्पर्कहरूमाथि पहुँच प्राप्त गर्ने अधिकार आदि पर्दछन्। यसको साथै पूर्व अनुमतिबिना कानून कार्यान्वयन गर्ने निकायको परिसरमा प्रवेश गरी अनुसन्धानसँग सम्बन्धित सामग्रीहरू जफत गर्ने अधिकार हुनु सबैभन्दा महत्त्वपूर्ण छ।

## ख) अनिवार्य तत्काल सूचना तथा सहयोगको कर्तव्य

आईआईएहरूले प्रायःजसो शक्तिशाली प्रहरी संगठनको साथै केही राजनीतिक शक्तिहरूबाट विरोधको सामाना गर्नुपर्ने हुन सक्दछ भने आईआईएको प्रतिष्ठालाई कमजोर पार्ने प्रयासहरू पनि हुने गर्दछन्। तसर्थ स्पष्ट कार्यादेशका साथै, आईआईएले अनुसन्धान गर्ने घटनाहरूको बारेमा राज्यको अधिकारीले आईआईएलाई सूचित गर्नुपर्ने बाध्यकारी दायित्वका साथै सहयोगको कर्तव्य लागू गर्ने क्षमता आईआईएसँग हुनुपर्दछ।

आईआईएले उजूरीहरू प्राप्त गरेपछि कारवाही अगाडि बढाउनु पर्दछ तर आईआईएको काम प्रतिक्रियात्मक मात्र हुनु हुँदैन। राज्यका निकायहरूलाई निश्चित अवस्थामा आईआईएलाई तुरुन्तै सूचित गर्ने दायित्व हुनुपर्छ। उदाहरणका लागि, प्रहरी संलग्न भएको वा हिरासत वा थुनामा मृत्यु वा गम्भीर चोटपटक लागेको अवस्थामा ओन्टारियोमा राज्यका निकायहरूले एसआईयू र जमैकामा इन्डेकमलाई सूचित गर्नु आवश्यक छ। त्यस्तै, हिरासत वा थुनामा भएको प्रहरी संलग्न हत्या वा गम्भीर चोटपटकको घटना घटेको

अवस्थामा प्रहरीले बेलायत र वेल्सका प्रहरी आचरण सम्बन्धी स्वतन्त्र कार्यालयलाई सूचित गर्नुपर्दछ।[१५७]

आईआईए सामान्यतया राज्यका निकायको सूचनामा निर्भर हुन्छ किनभने घटनास्थलमा सबैभन्दा पहिले राज्यको अधिकारीहरू पुग्छन्।

आईआईएको क्षेत्राधिकारभित्र पर्ने कुनै घटना घटेको जानकारी भएमा राज्यको अधिकारीले तत्काल सीधै वा चेन अफ कमाण्ड मार्फत आईआईएलाई सूचित गर्नुपर्छ। यसरी घटनाको सूचना नदिएमा अनुशासनात्मक कारवाही हुनुपर्दछ।

यातना जस्तो फौजदारी प्रकृतिका घटनाहरूको बारेमा आईआईएलाई सूचित गरिन्छ भन्ने कुरामा विश्वास गर्न सकिदैन। यातना सार्वजनिक स्थानमा हुँदैन र यातनाको सधै शारीरिक असर वा चिह्न हुन्छ भन्ने पनि हुँदैन। मानसिक यातना पनि शारीरिक यातना जत्तिकै गम्भीर हुन सक्छ तर यसको प्रभावहरू इस्तानबुल प्रोटोकल अनुसार अन्तर्वार्ता र मेडिको-लिगल (चिकित्सा-कानूनी) परीक्षणहरूबाट मात्र पत्ता लगाउन सकिन्छ।[१५८] उजुरीकर्तालाई हिरासत मुक्त गरिसकेपछि केही गम्भीर चोटपटकहरू देखिन सक्छन्, चक्कर लाग्ने वा हाडनशाहरूमा समस्या गम्भीर समस्या देखिन हप्तौ लाग्न सक्छ। पीडितले यौन दुर्व्यवहारका उजुरी गर्न लामो समय लगाउन सक्छ। बलपूर्वक बेपत्ता बनाइएको घटनाहरूको उजूरी लामो समय वितेपछि मात्र आउन सक्छ। तसर्थ राज्यका निकायहरूले उजूरीहरू पठाउने तथा पीडितहरूबाट पनि सीधै उजूरी लिन मिल्ने गरी प्रभावकारी उजूरी प्रणाली हुनु महत्त्वपूर्ण छ। यसले धेरै उल्लंघनका घटनाहरू उजागर गर्न मद्दत गर्छ।

बेलायत र वेल्समा आईओपिसिले राज्यका निकायहरूले उजूरीहरूलाई कसरी व्यवस्थापन गर्ने र कुन बेला कसरी अर्को निकायमा पठाउने भन्ने बारे धेरै विस्तृत निर्देशिका बनाएको छ।[१५९] जमैकामा इन्डेकम र जर्जियामा राज्य निरीक्षकको सेवाले नाम नखुलाईएका उजूरी लगायत उजुरीहरू प्राप्त गर्न हटलाइनहरू सञ्चालन गर्दछ। नाम नखुलाईएका उजूरी वा तेस्रो पक्षहरूमार्फत प्राप्त भएका उजुरीहरूको अनुसन्धान पनि पीडितबाट प्रत्यक्ष उजुरी प्राप्त भए सरह अनुसन्धान गर्नुपर्दछ।

**नाम नखुलाईएका उजूरी वा तेस्रो पक्षहरूमार्फत प्राप्त भएका उजुरीहरूको अनुसन्धान पनि पीडितबाट प्रत्यक्ष उजुरी प्राप्त भए सरह अनुसन्धान गर्नुपर्दछ।**

संयुक्त राज्य अमेरिकाको न्याय विभागका अनुसार नाम नखुलाईएका उजुरीहरूमाथि कारवाही अगाडि बढाउनु महत्त्वपूर्ण रहेको छ। सन् २०१७ को शिकागो प्रहरी विभाग सम्बन्धी अनुसन्धानमा न्याय विभागले शिकागो प्रहरी विभागको आलोचना गर्दै भनेको छ, "सामूहिक सौदावाजीका कारण शिकागो प्रहरी विभाग र स्वतन्त्र प्रहरी समीक्षा प्राधिकरणले नाम नखुलाईएका उजूरीहरूको अनुसन्धान नगरेका कारणले अनुसन्धान गर्ने क्षमतामा र खराब आचारण सम्बन्धी घटनाहरू पहिचान गर्नमा बाधा पुगेको छ। ... शिकागो प्रहरी विभागभित्र मौन संहिता र बदला लिने सम्भावित डरलाई ध्यानमा राख्दै उजुरीकर्ताले नाम नखुलाई प्रहरी दुर्व्यवहारको बारेमा उजूरी दिएको हुन सक्छ र विशेष गरी सहकर्मीले नै उजूरी गरेको पनि हुन सक्छ।"[१६०]

केही विशेष परिस्थितिहरूमा, आईआईए आफैले अनुसन्धान शुरू गर्न सक्दछ। आईआईएले घटनाको बारेमा आमसञ्चारको माध्यमबाट जानकारी प्राप्त गरेको हुन

सक्दछ तर औपचारिक उजूरी प्राप्त नगरको हुनसक्दछ । आईआईए प्रहरी लगायत अन्य राज्यका निकायहरूको औपचारिक सूचनामा मात्र निर्भर हुनु हुँदैन ।

सन् २०१९ मा युक्रेनमा महान्यायाधिवक्ताको कार्यालयको मातहतमा नयाँ विशेष विभागको स्थापना भयो । सो विभागले करिब २०० वटा यातनाका उजूरीहरू राज्य अनुसन्धान विभागलाई थाहा नदिई प्रहरी आफैले अनुसन्धान गरेको पत्ता लगायो ।[१६१] केन्यामा आईपिओएले प्रहरीबाट सूचना पाउदैन । प्रहरीबाट सूचना दिने क्रम घट्दो छ । आईपिओएले आफै अनुसन्धान शुरू गर्ने वा पीडितको उजूरीको आधारमा अनुसन्धान शुरू गर्ने क्रम जारी राखेको छ ।[१६२]

फौजदारी अनुसन्धानको कुरा गर्दा अनुसन्धान गरिने समय पनि महत्त्वपूर्ण छ । तर आईआईएले भन्दा पहिले प्रहरीले घटनाहरूको बारेमा जानकारी पाउँछन् । केली वि. संयुक्त अधिराज्य मुद्दामा मानव अधिकार सम्बन्धी यूरोपेली अदालतले निर्णय गरेको छ, "... अत्यधिक बलको प्रयोगको अनुसन्धानले विधिको शासनमाथि जनविश्वास कायम राख्न र गैर-कानूनी कायर्हरू रोक्न तथा त्यस्ता कार्यहरूप्रति असहिष्णुता दर्शाउन मद्दत गर्दछ ।"[१६३] राज्यका निकायहरूले आईआईएलाई तुरुन्तै सूचित नगर्दा साक्षीहरू तथा प्रमाणहरू नष्ट हुन सक्छन् । उदाहरणका लागि, समयमा नै सूचना नहुँदा घटनास्थलको यर्थाथ तस्बिर आईआईएले खिच्न पाउँदैन र यौन दुर्व्यवहारको आरोपमा डीएनएको नमूनाहरू संकलन गर्न सक्दैन ।

यसको साथै, आईआईएको क्षेत्राधिकारभित्र पर्ने घटनाहरू घटेमा तुरुन्तै आईआईएलाई सूचित गर्ने राज्यका सबै निकायहरूको कर्तव्य हुनुपर्दछ । शंका लागेको अवस्थामा पनि आईआईएलाई सूचना दिनुपर्दछ । कुनै पनि घटनाको अनुसन्धान गर्ने कि नगर्ने भन्ने निर्णय आईआईए आफैले गर्छ । उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपालले सकेसम्म छिटो सूचना प्राप्त गर्नका लागि हप्ताका सातै दिन चौबिस घण्टा खुल्ला रहने आपतकालीन सम्पर्क केन्द्र सञ्चालन गर्नुको साथै तत्काल सूचना दिन प्रहरीलाई निर्देशन पनि दिएको छ ।[१६४] जर्जिया गणतन्त्रमा राज्य निरीक्षकको सेवाले चौबिस घण्टा सुचारु रहने हटलाइन र देशभरिबाट एसएमएसमार्फत सूचना दिन सक्ने गरी एसएमएस सूचना प्रणाली शुरू गरेको छ ।[१६५]

आईआईएको कार्यादेश आकर्षित भएपछि घटनामा संलग्न सबै राज्यको अधिकारी र राज्यको निकायका अन्य कर्मचारीहरूले आईआईएको अनुसन्धानकर्तालाई सहयोग गर्नुपर्ने कर्तव्य रहेको छ र आईआईएको अनुसन्धानकर्ताले भनेको निर्देशन पालना गर्नुपर्दछ । घटनामा संलग्न सबै राज्यको अधिकारी र अन्य कर्मचारीहरूलाई सहयोगको कर्तव्य बाध्यकारी नहुने हो भने सूचना प्राप्त भए पनि आईआईएले प्रभावकारी अनुसन्धान गर्न सक्दैन ।

## ग) सहयोगको कर्तव्यको उल्लंघन तथा सजाय

आईआईएलाई सहयोग गर्नुपर्ने कर्तव्यको पालना नगर्ने राज्यको अधिकारीलाई जवाफदेही बनाउनु पर्ने हुन्छ। जवाफदेही नबनाउने हो भने यसले दण्डहीनताको वातावरण सिर्जना गरी अनुसन्धानमा नकारात्मक प्रभाव पार्दछ र आईआईएमाथि जन विश्वास घटाउँछ। सहयोगको कर्तव्यको उल्लंघन भन्नाले घटनाको सूचना नदिने र प्रमाण नष्ट गर्ने लगायतका कार्यहरूको साथै झुटो बयान तथा बकपत्र गर्ने कार्यहरू पर्दछ। झुटो बयान वा झुटो बकपत्रले सत्य पत्ता लगाउने आईआईएको क्षमतालाई कमजोर बनाउँछ।

राज्यका निकायहरू सहयोगको कर्तव्य उल्लंघन हुँदा जवाफदेहीता स्थापना गर्न अनुच्छुक हुन सक्दछन किनभने कहिलेकाहीँ यसको प्रत्यक्ष प्रभाव नहुन सक्छ भने केही परिस्थितिमा यसले राज्यका निकायलाई नै फाइदा पुग्न सक्छ। तसर्थ आईआईए आफैले नै असहयोग गर्ने राज्यका निकायविरुद्ध अनुशासनात्मक कारवाही गर्ने अधिकार हुनु अत्यावश्यक छ। सहयोगको कर्तव्य उल्लंघन हुँदा प्रहरी संगठनले नभई स्वतन्त्र निकायले अनुशासनात्मक कारवाही प्रक्रियाको न्याय निरुपण गर्नुपर्दछ।

राज्यको अधिकारीबाट अनुसन्धानमा बाधा पुऱ्याउने गम्भीर प्रयास भएमा निर्देशकले तिनमाथि न्याय प्रशासन विरुद्ध फौजदारी अपराध गरेको आरोप लगाई कारवाही गर्ने अधिकार पनि हुनुपर्छ। सन् २०२० मा प्रिभी काउन्सिलको न्यायिक समितिले अनुसन्धानमा बाधा पुऱ्याएको अवस्थामा इन्डेकमसँग कारवाही गर्ने अधिकार छ भनी महत्त्वपूर्ण निर्णय गऱ्यो जुन निर्णयलाई अन्य देशहरूले मापदण्ड बनाउन सन्दर्भमा लिन सकिन्छ।[१६६]

केन्यामा, राष्ट्रिय प्रहरी ऐनले बल प्रयोग गर्दा मृत्यु, गम्भीर चोटपटक वा अन्य गम्भीर परिणामहरू भएको अवस्थामा आईपिओएलाई खबर नगरेमा अनुशासनात्मक कारवाही हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले उच्चस्थ पदमा रहेका अधिकारीहरूलाई आफ्नो मातहतमा रहेका कर्मचारीहरूबाट भएको हुन सक्ने बलको गैर-कानूनी प्रयोगको बारेमा सूचना दिने बाध्यकारी कर्तव्य दिएको छ। घटनास्थल सुरक्षित राखी आईपिओएलाई "उपलब्ध सञ्चार माध्यमको प्रयोग गरी तुरुन्त सूचना दिनुपर्दछ भने घटना घटेको चौबिस घण्टाभित्र लिखित सूचना दिनुपर्छ। सम्बन्धित सबै प्रमाण र अन्य जानकारीहरू आईपिओएलाई उपलब्ध गराउनुपर्छ। यी प्रावधानहरूको परिपालना नभएमा उच्चस्थ पदमा रहेका अधिकारीबाट कसूर भएको मानिने छ।"[१६७]

यसको साथै दक्षिण अफ्रिकाको आईपिआईडिले आईपिआईडि ऐनको परिपालना नभएमा अनुशासनात्मक कारवाही गर्न सिफारिस गर्ने गर्दछ। सन् २०१९–२०२० मा १५ वटा त्यस्ता मुद्दाहरूमा सजाय भएको थियो।[१६८]

## घ) घटनास्थलको सुरक्षा

घटनाको समय र आईआईएको अनुसन्धानकर्ताहरूबाट अनुसन्धान शुरू हुने बीच केही समयान्तर रहने गर्दछ। (कहिलेकाहीँ ऐतिहासिक मुद्दाहरूमा समयान्तर वर्षौं वर्ष हुन सक्छ।) तथापि, घटनास्थल पहिचान भएको अवस्थामा आईआईएको अनुसन्धानकर्ताहरूले अनुसन्धान शुरू नगरुन्जेलसम्म घटनास्थललाई सुरक्षित राखिनु पर्दछ। मानव अधिकार सम्बन्धी अन्तर-अमेरिकी आयोगले "घटनास्थलको सही सुरक्षा र संरक्षण प्रभावकारी अनुसन्धानको लागि एक पूर्व शर्त हो" भनी भनेको छ।[१६९] घटनास्थलमा रगत, कपाल, फाइवर, गोलीका छर्रा, वा रगतका दागहरू जस्ता फरेन्सिक प्रमाणहरू बाँकी हुन सक्छन्। तसर्थ हामी आईआईएले अनुसन्धान शुरू नगर्दासम्म प्रहरीले जसरी घटनास्थलको सुरक्षा गर्दछ, त्यसरी घटनास्थलको सुरक्षा गरिनुपर्दछ भनी सिफारिस गर्छौं। आईआईएको फरेन्सिक क्षमता विकास गरी घटनास्थलको अनुसन्धान गर्ने आफ्नै कर्मचारीहरू तयार पार्नु महत्त्वपूर्ण छ। जमैकामा इन्डेकमका अनुसन्धानकर्ताहरूले पहिचानका लागि अन्तर्राष्ट्रिय संघ (इन्टरनेशनल एसोसिएसन फर आइडेन्टिफिकेसन) बाट घटनास्थल विश्लेषकका रूपमा मान्यता प्राप्त गरिसकेका छन्।[१७०]

**आईआईएको फरेन्सिक क्षमता विकास गरी घटनास्थलको अनुसन्धान गर्ने आफ्नै कर्मचारीहरू तयार पार्नु महत्त्वपूर्ण छ।**

इन्डेकमले प्रहरी, प्रहरीसँग संयुक्त रूपमा कारवाही गरिरहँदा सेना, सुधारगृहका कर्मचारी लगायतका अन्य राज्यको अधिकारी संलग्न सबै घटनास्थलको निरीक्षण तथा अनुसन्धान गर्ने गर्दछ। इन्डेकम ऐनले इन्डेकमलाई घटनास्थलको जिम्मेवारी लिन र सुरक्षा गर्न अधिकार दिएको छ।[१७१]

दक्षिण अफ्रिकामा आईपिआईडिले व्यवहारिक रूपमा सम्भव भएको अवस्थामा घटनाको सूचना पाएको चौबिस घण्टाभित्र घटनास्थलको जिम्मेवारी लिने गर्दछ र शव परीक्षणहरूमा सहभागी पनि हुने गर्दछ। सन् २०१९–२०२० को आईपिआईडिको प्रतिवेदन अनुसार, आईपिआईडिको सहभागितामा ६९ प्रतिशत घटनास्थल र ७० प्रतिशत शव परीक्षण भएको देखिन्छ।[१७२]

जर्जियाको राज्य निरीक्षकको सेवासँग आफ्नै घटनास्थल विश्लेषकहरू छन्[१७३] तर टिबिलिसी र कुटैसीमा रहेका दुई जना विश्लेषकहरूले देशभरिको घटनास्थल अनुसन्धान गर्न कठिन छ र प्रहरी संलग्न सबै घटनास्थलहरूमा तत्काल पुग्न असम्भव छ।[१७४]

न्याय मन्त्रालय अन्तर्गत स्थापना भएको आईआईए वा महान्यायाधिवक्ताको कार्यालयको विशेष विभागहरूले घटनास्थलको अनुसन्धान गर्ने क्षमता विकास गर्न आवश्यक छ। इजरायलमा मचाससँग अनुसन्धान गर्ने क्षमता छ तर घटनास्थलको विश्लेषण गर्ने क्षमताको अभाव छ। यातनाविरुद्ध काम गर्ने एक गैर-सरकारी संस्थाका अनुसार घटनास्थलको जाँच, (पीडितले स्वयंले साक्षी नाम नदिएसम्म ) प्रत्यक्षदर्शी साक्षीको खोजी, वा सडकमा राखिएका क्यामेरा रेकर्डिङ जस्ता प्रमाण संकलन गर्न मचास सक्रिय भएको पाइदैन।[१७५]

## ङ) राज्यको अधिकारीहरूको पृथकीकरण

घटनामा संलग्न राज्यको अधिकारीले लिखित रूपमा आफ्नो बयान नदिएसम्म र आईआईएको अनुसन्धानकर्ताले अन्तर्वार्ता नलिएसम्म वा आईआईएको अनुसन्धानकर्ताले अन्तर्वार्ता लिन नपर्ने भनी नभनेसम्म आफ्ना सहकर्मी, वकिल र प्रहरी संगठनका अन्य अधिकारीबाट अलग राख्नु पर्दछ। बयान प्रभावित नहोस् भन्ने उद्देश्यले बयान लिने काम नसकेसम्म तिनलाई कसैसँग भेट्न दिनु हुँदैन।[१७६] यसको साथै आईआईएको अनुसन्धानकर्तासँग राज्यको अधिकारीको हातहतियार, कपडा र मोबाइल फोन जफत गर्ने अधिकार हुनुपर्दछ।

घटनामा संलग्न राज्यको अधिकारीको बयान भनेको घटना सम्बन्धी स्मरणमा आधारित विवरण हो। यो बयान अरूसँग सम्पर्क नगरिकन स्वतन्त्र रूपमा लेखिनुपर्दछ। तसर्थ, हामी आईआईएसँग संलग्न सबै अधिकारीहरूलाई अलग अलग राखेर घटनाको विवरण स्वतन्त्र रूपमा लेखाउने सक्ने अधिकार हुनुपर्दछ भनी सिफारिस गर्दछौँ। घटना भई सकेपछि तत्काल घटनाको बारेमा विवरण लेखाउनु पर्दछ, भिडियो रेकर्डिङ हेरेर लेख्नु हुँदैन।[१७७]

## च) घटना पश्चात बयान र विवरण

घटना भइसकेपछि राज्यको अधिकारीले आफू र आफ्ना सहकर्मीलाई फौजदारी दायित्वबाट बचाउने प्रयास गर्न सक्छ। यसका लागि उजूरीकर्ता वा घटनाका दौरान मारिएको व्यक्तिबाट उच्च खतरा भएकोले बल प्रयोग गरिएको भनी बल प्रयोगलाई न्यायोचित सावित गर्ने वा घटनाको बारेमा अभिलेख नराख्ने वा गलत अभिलेख राख्ने गरिन्छ।[१७८]

राज्यको अधिकारीहरूबीच एक आपसमा कार्यगत सम्बन्ध हुने भएका कारण एकअर्काप्रति वफादारी पनि हुन्छन्। केही राज्यको अधिकारीहरूले सही घटनाको विवरण दिनुको सट्टा सहकर्मीलाई बचाउन खोज्छन्। केन्यामा अदालतले अमेरिका, युरोप, एशिया र अफ्रिकाका विभिन्न देशहरूका प्रहरी संगठनमा 'तैँ चुप मैँ चुप' अलिखित आचार संहिता विद्यमान रहेको हुनाले प्रहरीले आफ्ना सहकर्मीलाई फौजदारी दायित्व हुने गरी सूचना नदिई मौन बस्छन् र गल्ती गर्ने सहकर्मीलाई सामूहिक आत्म-संरक्षणको खोल ओढाई बचाउने गरिन्छ भनी आफ्नो निर्णयमा भनेको छ।[१७९]

गलत वा अस्पष्ट बयान दिनु भनेको कानूनको परिपालना गर्ने शपथ विरुद्धको कार्य हो। यसले आईआईएको सत्य पत्ता लगाउने क्षमतामाथि पनि नकारात्मक असर गर्दछ। राज्यको अधिकारी आफ्नै दायित्वको बारेमा पनि चिन्तित हुन्छन् र सकेसम्म थोरै सूचना दिने कोसिस गर्न सक्छन्। सत्य बताउने कर्तव्यलाई प्रोत्साहन दिन निम्न कदमहरू अवलम्बन गर्न सकिन्छ।

## छ) राज्यको अधिकारीको अधिकार तथा कर्तव्य

आईआईएले अनुसन्धान शुरू गरेपछि राज्यको अधिकारीहरूको अधिकार र कर्तव्य तिनीहरूको वर्गीकरणमा निर्भर रहने गर्दछ। घटना भइसकेपछि राज्यको अधिकारीहरूलाई साक्षी र आरोपित गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ। साक्षीले घटनाको लागि फौजदारी दायित्व वहन गर्नुपर्दैन भने आरोपित राज्यको अधिकारीले भने फौजदारी दायित्व वहन गर्नुपर्ने सक्दछ। यस्तो कुरा राज्यको अधिकारीको नियुक्ति पत्र वा रोजगारी सम्झौतामा नै उल्लेख गरिनु पर्दछ। यो गर्दा भविष्यमा अनुसन्धान हुने अवस्था सिर्जना भएमा अन्योलता हुँदैन। संवैधानिक वा कानूनी अधिकारहरूसँग मेल खाने गरी रोजगारी सम्झौतामा अधिकारहरू उल्लेख गरिनुपर्दछ।

**भिडियो रेकर्डिङ जस्ता अन्य बाध्यकारी प्रमाणहरू नभएको अवस्थामा साक्षीको भनाई र बकपत्र ज्यादै महत्त्वपूर्ण हुन्छ।**

### साक्षीका रूपमा राज्यको अधिकारी

साक्षीले घटनाको लागि फौजदारी दायित्व वहन गर्नु पर्दैन। सहयोग गर्ने कर्तव्य अन्तर्गत तिनले घटनाको बारेमा सत्य बताउनु पर्ने हुन्छ भने आईआईएको अनुसन्धानको क्रममा सबै सान्दर्भिक प्रश्नहरूको जवाफ दिनु साक्षीको कर्तव्य हुन्छ। यो कर्तव्य अनुसन्धान प्रभावकारी बनाउन महत्त्वपूर्ण छ। भिडियो रेकर्डिङ जस्ता अन्य बाध्यकारी प्रमाणहरू नभएको अवस्थामा साक्षीको भनाई र बकपत्र ज्यादै महत्त्वपूर्ण हुन्छ।

साक्षीले कुनै प्रकारको फौजदारी दायित्व वहन गर्न नपर्ने हुनाले आईआईएले अन्तर्वार्ता लिनु अघि कानून व्यवसायी वा संगठन प्रतिनिधिसँग परामर्श गर्नु दिनु आवश्यक छैन भन्ने हाम्रो धारणा रहेको छ। प्रहरी संगठनका कानून व्यवसायीले आईआईएको अनुसन्धानमा हस्तक्षेप गरी सत्य पत्ता लगाउने प्रक्रियामा नकारात्मक भूमिका खेलेको उदाहरणहरू पनि छन्। शिकागो प्रहरी विभाग सम्बन्धी संयुक्त राज्य अमेरिकाको न्याय विभागको प्रतिवेदनले "... कानून व्यवसायीसँग परामर्श गरिसकेपछि आईआईएको अनुसन्धानकर्तासँगको अन्तर्वार्तामा प्रहरी अधिकारीले आफ्नो बयान परिवर्तन गर्ने वा बयान फिर्ता लिने गरेको" निष्कर्ष निकालेको छ।[१८०] तसर्थ, साक्षीहरूबाट घटनाको यथार्थ विवरण प्राप्त गर्न कानूनी वा अन्य प्रतिनिधित्व बिना साक्षीको अन्तर्वार्ता लिनुपर्छ।

जमैकामा इन्डेकमका अनुसार "शपथ ग्रहण गरी साक्षीको रूपमा भनाई राख्न दिएका व्यक्तिलाई कानूनी प्रतिनिधित्वको कुनै आवश्यकता छैन। तर कानून व्यवसायीको उपस्थितिमा मात्र बकपत्र गर्न चाहने कुरालाई साक्षीको बकपत्र गर्न ढिलाई गर्ने आधार बनाउनु हुँदैन।"[१८१]

आईआईएको अनुसन्धानकर्तासँगको अन्तर्वार्तालाई कानूनले नै स्वैच्छिक भनी व्यवस्था गरेको अवस्थामा साक्षीलाई बकपत्र गर्न बाध्य पार्नु चुनौतीपूर्ण छ। जर्जिया गणतन्त्रमा अन्तर्वार्ता दिने व्यक्तिलाई प्रमाण वा जानकारी दिन बाध्य पार्न सकिदैन।[१८२] तर बकपत्र गर्न अस्वीकार गरेको अवस्थामा राज्य निरीक्षकको सेवा जस्तो निकायले बकपत्र गर्न मजिस्ट्रेट न्यायाधीशबाट म्याद जारी गरी बकपत्र गर्न बाध्य पार्न सकिन्छ भने यसरी म्याद जारी हुँदा पनि बकपत्र गर्न नआएमा फौजदारी दायित्व सिर्जना हुन्छ भनी साक्षीलाई जानकारी गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ।[१८३] ओन्टारियोमा, साक्षी

बकपत्र गर्ने कुरा रोजगारी सम्झौतामा आधारित दायित्व हो जसको परिपालना नभएमा अनुशासनात्मक कारवाही हुन्छ।[१८४]

### आरोपित राज्यको अधिकारी

आरोपित राज्यको अधिकारीहरूले भने फौजदारी दायित्व वहन गर्नुपर्ने हुन सक्दछ। कमन ल प्रणालीमा आधारित फौजदारी अनुसन्धानका आरोपितले अनुसन्धानलाई सहयोग हुने गरी बयान दिनुपर्ने कुनै दायित्व हुँदैन।

मानव अधिकार सम्बन्धी यूरोपेली अदालतको निष्पक्ष सुनुवाइको अधिकार सम्बन्धी मार्गदर्शनले "अभियुक्तलाई मौन बस्ने तथा आफू विरुद्ध साक्षी हुन बाध्य नपारिने अधिकार छ"[१८५] भनी व्याख्या गरेको छ। मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धिको धारा ६ मा स्पष्ट शब्दमा उल्लेख नगरिएको भए पनि मौन बस्ने अधिकार र आफू विरुद्ध साक्षी हुन बाध्य नपारिने अधिकारलाई अन्तर्राष्ट्रिय मापदण्ड मानिन्छ। "अनुसन्धान तथा सजाय निर्धारण गर्दामा सार्वजनिक हित र आफू विरुद्ध प्रमाण नदिने व्यक्तिगत हितबीच सन्तुलन कायम राख्नु आवश्यक छ तर सार्वजनिक हितले आफूविरुद्ध साक्षी हुन बाध्य नपारिने अधिकार लगायत व्यक्तिको प्रतिरक्षा सम्बन्धी अधिकारलाई समाप्त पार्न सक्दैन।"[१८६]

संयुक्त राज्य अमेरिकामा प्रहरी अधिकारीमाथि अनुसन्धान हुँदा आफूविरुद्ध साक्षी हुन बाध्य नपारिने अधिकारलाई ग्यारिटी चेतावनी भनिन्छ।[१८७] फौजदारी अपराध गरेको हुन सक्ने प्रहरी अधिकारीले जागिर गुमाउने डरले प्रश्नहरूको उत्तर दिएको हुन सक्छ तर यसरी दिइएको उत्तरहरूलाई फौजदारी पुर्पक्षमा मान्यता दिइदैन। आफ्नो रोजगारी गुमाउनु पर्ने डरले दिएको बयानलाई अदालतले ग्रहण योग्य प्रमाण मानेको छैन।

जमैकामा इन्डेकम र ट्रिनिडाड र टोबागोमा प्रहरी उजूरी प्राधिकरणले आरोपित प्रहरी अधिकारीहरूले बयान दिनुपर्ने तर कुनै प्रश्नको उत्तर दिन नचाहेमा वा बयान दिन नै इन्कार गरेमा सो अधिकारीको मौन बस्ने अधिकारको सम्मान गर्नुपर्दछ भनी भनेको छ।

आरोपित अधिकारीलाई मौन बस्ने अधिकार हुनु पर्दछ भन्ने कुराको अर्को कारण पनि छ। यदि आरोपित अधिकारीहरूले स्वेच्छाले बयान दिएमा अभियोग दायर भइसकेपछि अदालतमा बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न गराउन केही बाधा आउँदैन।

## ज) प्रमाण

राज्यको अधिकारी संलग्न घटनाका विभिन्न प्रमाणहरू हुन्छन्। मृतकको शव परीक्षण प्रतिवेदन वा पीडितको चोटका तस्बिरहरू जस्ता केही प्रमाणहरू अनुसन्धान भइरहेको राज्यको अधिकारीको पहुँचभन्दा बाहिर हुन्छन्। तथापि, केही महत्त्वपूर्ण प्रमाणहरू भने राज्यको अधिकारीको तत्काल नियन्त्रणमा हुन सक्छन्। उदाहरणका लागि घटनाको समयमा राज्यको अधिकारले लगाएको लुगा, चोटपटकको तस्बिरहरू, वा बन्दुकको गोलीका छर्राहरू आदि।

घटनापछि लिइने बयान तथा विवरणहरूको सन्दर्भमा आफू विरुद्ध साक्षी हुन बाध्य पारिएको भन्ने कुरा उठ्न सक्छ तर भौतिक प्रमाणहरूको सन्दर्भमा भने यस्तो हुँदैन। भौतिक प्रमाण संकलन गर्ने बेलामा फौजदारी दायित्वको कुरा हुँदैन किनभने त्यो बेला आईआईएलाई सूचना प्राप्त भइसकेको हुँदैन। आईआईएको अनुसन्धानकर्ता स्वेच्छाचारिता, स्वामित्व वा आफू विरुद्ध साक्षी हुन बाध्य पारिएको लगायतका विषयहरू सामना नगरिकन विभिन्न प्रकारको प्रमाणहरूमाथि पहुँच प्राप्त गर्न, नियन्त्रण लिन र सुरक्षित गर्न सक्षम हुनुपर्दछ। राज्यको अधिकारीभन्दा अलग र फरक प्रमाण भएको अवस्थामा आईआईएको अनुसन्धानकर्ताहरूले संकलन गरी प्रस्तुत गर्न सक्ने हुनुपर्दछ। यसको अर्थ अनुसन्धानकर्ताले पक्राउ पूर्जी वा न्यायिक आदेशबिना नै राज्यको अधिकारीहरूको कपडा जफत गर्ने, तस्बिर खिच्ने र गोलीका छर्राहरूको नमूनाहरू लिने जस्ता काम गर्न सक्षम हुनुपर्छ।

**अनुसन्धानकर्ताले पक्राउ पूर्जी वा न्यायिक आदेशबिना नै राज्यको अधिकारीहरूको कपडा जफत गर्ने, तस्बिर खिच्ने र गोलीका छर्राहरूको नमूनाहरू लिने जस्ता काम गर्न सक्षम हुनुपर्छ।**

निश्चित परिस्थितिहरूमा सान्दर्भिक प्रमाणहरू दिने दायित्व अन्तर्गत शरीरसँग सम्बन्धित प्रमाणहरू पनि पर्दछन्। उदाहरणका लागि, घटना घटेको समयमा आरोपित अधिकारीले रक्सी वा लागूऔषध सेवन गरेको भन्ने मनासिव शंका लागेमा अनुसन्धानकर्ताले न्यायिक पूर्जी प्राप्त नगरी रगतको नमुना लिन वा सास परीक्षण गर्न सक्छन्। त्यसैगरी यौन दुर्व्यवहारमा संलग्न भएको आशंका लागेको अवस्थामा डिएनए परीक्षणको लागि नमुना संकलन गर्ने अधिकार आईआईएसँग हुनुपर्छ।

आईआईएको अनुसन्धानकर्तासँग साक्षीलाई पनि शरीरसँग सम्बन्धित भौतिक प्रमाणहरू माग गर्ने अधिकार हुनुपर्छ। यसले साक्षीलाई सम्भावित अपराधमा निर्दोष सावित हुन मद्दत गर्न सक्छ।

## झ) तथ्यांक तथा अभिलेखको सुरक्षा

राज्यका निकायहरूसँग आपतकालीन फोनकल, सवारीसाधानभित्र भएको संवादको रेकर्डिङ, भिडियो रेकर्डिङ र थुना केन्द्रको स्वास्थ्य सम्बन्धी अभिलेखहरू लगायत विभिन्न तथ्यांकहरू हुन्छ। सहयोग गर्ने कर्तव्यभित्र यी अभिलेखहरूलाई सुरक्षित राखी आईआईएलाई आवश्यक परेको बेला उपलब्ध गराउने पनि पर्दछ।

जर्जियामा राज्य निरीक्षकको सेवाका अनुसार विभिन्न राज्यका निकायहरूले आवश्यक अभिलेखहरू उपलब्ध नगराउँदा समयमै प्रभावकारी अनुसन्धान गर्ने क्षमतामा नकारात्मक प्रभाव पारेको छ।[१८८] जर्जियाको कानूनले एसआईएसका अनुसन्धानकर्ताहरूलाई खानतलास वा जफत गर्ने जस्ता कार्य गर्न ३० दिनको समय दिएको छ भने भिडियो फुटेज जस्ता प्रमाण उपलब्ध गराउन राज्यका निकायलाई कुनै समय सीमा तोकेको छैन। यसले गर्दा धैरै अवस्थाहरूमा प्रमाण उपलब्ध नगराउने वा मेटाउने गरेको पाइन्छ।[१८९]

प्रमाण उपलब्ध गराउने कर्तव्य आईआईएले अनुसन्धान शुरू गर्नु अगावै संकलन गरिएका बयानहरूको सन्दर्भमा पनि लागू हुन्छ। बयानहरू भनेको घटना हुनासाथ तत्काल लिनु उचित हुन्छ भने सो समयमा राज्यको अधिकारीको फौजदारी दायित्व सम्बन्धी

आईआईएले अनुसन्धान पनि शुरू गरेको हुँदैन । तसर्थ, आफू विरुद्ध साक्षी बन्न बाध्य पारिएको भन्ने कुरा उठ्दैन ।

अनुसन्धानकर्ताले माग गरेको अवस्थामा आरोपित राज्यको अधिकारीको प्रशिक्षण अभिलेख र व्यक्तिगत विवरण उपलब्ध गराइनु पर्दछ । यी अभिलेखहरूबाट आरोपित राज्यको अधिकारीको ज्ञान र प्रशिक्षण सम्बन्धी महत्त्वपूर्ण जानकारी प्राप्त हुन्छ ।

राज्यको अधिकारीबाट भएको गम्भीर अपराधहरूको छानबिन गर्नु एक जटिल कार्य हो जसमा तत्काल सूचना, सहयोग गर्ने कर्तव्य, घटनास्थलको सुरक्षा, सम्भावित आरोपीको पृथकीकरण लगायत विभिन्न चरणहरू हुन्छन् । यस अध्यायमा विश्लेषण गरिएको जस्तै, निष्पक्ष अनुसन्धान अन्तर्गत आरोपित राज्यको अधिकारीको अधिकारको सम्मान गरिनु पर्दछ । अनुसन्धानसँग सम्बन्धित पीडित र पीडितका प्रतिनिधिको अधिकारको बारेमा अर्को अध्यायमा छलफल गरिएको छ ।

# आईआईएको अनुसन्धान तथा अभियोजनमा पीडित, पीडित प्रतिनिधि तथा गैर-सरकारी संस्थाको अधिकार तथा सहभागिता

७

**यातना लगायत मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान तथा छानबिन गर्ने दायित्व सार्वजनिक सुरक्षा कायम गर्ने राज्यको दायित्वसँग मात्र नभई पूर्ण र प्रभावकारी उपचार प्राप्त गर्ने पीडितको अधिकारसँग पनि सम्बन्धित छ।**[१९०] मानव अधिकार उल्लंघनका पीडितको सन्तुष्टि र सत्यको अधिकार सुनिश्चित गर्न प्रभावकारी फौजदारी अनुसन्धान आवश्यक छ। यातनाको घटनामा फौजदारी अनुसन्धान नगर्नु, कारवाही नगर्नु वा देवानी प्रकृतिको कारवाही गर्नु जस्ता कुराले तथ्यगत रूपमा उपचारको अधिकार हनन गर्छ।[१९१]

पीडिकको पहिचान भए पनि नभए पनि पीडितले मान्यता पाउनु पर्दछ।[१९२] अपराध पीडितलाई सम्मानपूर्वक, संवेदनशीलताका साथ बिनाभेदभाव व्यवसायिक तरिकाबाट व्यवहार गरिनुपर्दछ।[१९३]

यातना वा यौन दुर्व्यवहार भोगेका व्यक्ति, र बेपत्ता वा मारिएका परिवार प्रायः पीडामा हुन्छन् र कष्टकर जीवन बाँच्छन्। बेपत्ता पारिएका व्यक्तिको अवस्था बारेमा थाहा नहुनु आफैमा यातना वा दुर्व्यवहार हो।[१९४] पीडितलाई नियमित सहयोग उपलब्ध गर्न गराउन आवश्यक छ। यस अन्तर्गत स्वास्थ्य सेवा, सामाजिक सेवा र सहायताका कार्यक्रमहरू पर्दछन्। कुटपिट वा हत्या भएको देख्ने साक्षीलाई पनि सहायता चाहिन सक्छ।

राज्यको अधिकारीबाट परिवारको सदस्यको हत्या भयो भनी खवर सुनाउन गाह्रो छ। यसबारेमा अनुसन्धानकर्ताले तालिम प्राप्त गरेको हुनुपर्दछ। यस्तो अवस्थामा सहायता गर्ने कर्मचारी वा दोभाषेको सहयोग चाहिन सक्छ। बेपत्ता पारिएका व्यक्तिको परिवारलाई सूचना दिदाँ तथा छलफल बैठक गर्दा पुन पीडित नबनाउने वातावरण सुनिश्चित गरी तनाव कम गर्ने र मनोसामाजिक सहायता दिने काम गर्नुपर्दछ।[१९५]

पीडितसँग अनुसन्धानका लागि उपयोगी सूचना हुन सक्छ भने पीडित तथा पीडितको परिवारले राज्यको निकायलाई निरन्तर प्रश्न गरी दबाब दिई रहँदा घटनाको बारेमा सत्य तथ्य पत्ता लगाउन मद्दत पुग्छ।[१९६] अनुसन्धानको क्रममा पीडित र पीडितको परिवारको अन्तर्वार्ता लिनु आवश्यक छ। तिनीहरूको सुझावले अनुसन्धानलाई सही दिशा दिई अन्य महत्त्वपूर्ण साक्षीहरू पहिचान गर्न सहयोग मिल्छ। सुसूचित सहमतिका साथ दोभाषेको आवश्यकता भएमा दोभाषेको प्रयोग गरी तालिम प्राप्त कर्मचारीले मात्र पीडित तथा पीडितको परिवारको अन्तर्वार्ता लिनु पर्दछ। बालबालिका, यौन हिंसाका पीडित र महिला जस्ता जोखिममा रहेका व्यक्तिको अन्तर्वार्ता गर्न विशेष संयन्त्र स्थापना गरिनु पर्दछ भने

अन्तर्वार्ता गर्दा सम्मान र गोपनियता सुनिश्चित गरिनु पर्दछ। यसको साथै आवश्यकता अनुसार आईआईएले मनोसामाजिक सहायता पनि प्रदान गर्नुपर्दछ। जर्जिया गणतन्त्रमा राज्य निरीक्षकको सेवाले सन् २०१९ को आफ्नो प्रतिवेदनमा बाल मनोविदहरूलाई अनुसन्धानात्मक कार्यमा समावेश गर्न कठिन भएको उल्लेख गर्दै बजेटको अभावका कारण बालबालिकाको अन्तर्वार्ता लिन विशेष स्थानको व्यवस्था गर्न नसकेको उल्लेख गरेको छ।[१९७]

यी सबै प्रयासहरूका बाबजुद पीडितलाई सन्तुष्टि दिने परिणाम नआउन सक्छ। आईआईएले विस्तृत तथा स्वतन्त्र अनुसन्धानहरू गरेको अवस्थामा पनि थोरै संख्यामा मात्र मुद्दाको अभियोजन तथा पुर्पक्ष भई दोषीलाई सजाय हुन्छ। बलको अनुचित प्रयोग गरिएको भनी प्रमाण जुटाउन कठिन छ। विस्तृत अनुसन्धान गरिएको अवस्थामा पनि बलको प्रयोग कानून कार्यान्वयनको लागि न्यायोचित थियो वा प्रतिरक्षामा बलको प्रयोग गरिएको थियो भन्ने निष्कर्ष आउने गर्दछ। व्यक्तिगत फौजदारी दायित्व प्रमाणित गर्न फौजदारी अभियोजनमा प्रमाणको भार उच्चस्तरको रहेको छ।

पीडितको अधिकार र सहभागिताको सम्मानले आईआईएको अनुसन्धान प्रभावकारी बनाउन मद्दत गर्दछ। यस अध्यायमा सर्वप्रथम फौजदारी कारवाहीमा सहभागिताको अधिकार र सूचनाको अधिकार लगायत पीडितको अधिकारको चर्चा गरी अनुसन्धान र अभियोजनमा गैर-सरकारी संस्थाहरूको भूमिकाको विश्लेषण गरिएको छ।

## क) फौजदारी प्रक्रियामा पीडितको सहभागिताको अधिकार

फौजदारी न्याय प्रणालीमा पीडितको भूमिका र फौजदारी कारवाहीमा सक्रिय सहभागिता देश अनुसार फरक-फरक हुन्छ। राष्ट्रिय प्रणालीले पनि पीडितको भूमिका निर्धारण गर्दछ भने राष्ट्रिय प्रणालीले फौजदारी कारवाहीको पक्षको रूपमा पीडितलाई मान्यता दिन्छ कि दिदैन; फौजदारी कारवाहीमा साक्षीको रूपमा पीडितको आवश्यकता छ कि छैन वा पीडितलाई बोलाइएको छ कि छैन; र/वा पीडितलाई फौजदारी कारवाहीमा सक्रिय रूपमा भाग लिनको लागि राष्ट्रिय कानूनले अधिकार दिएको छ कि छैन र राष्ट्रिय कानूनी प्रणालीले पीडितलाई फौजदारी कारवाहीमा पक्षको मान्यता नदिएको अवस्थामा पनि सहभागी हुन खोजिरहेको छ जस्ता विभिन्न कुराहरूले प्रभाव पार्दछ।[१९८]

पीडितलाई कारवाहीमा संलग्न हुने तथा कारवाहीलाई प्रभाव पार्ने अधिकारहरू देश अनुसार फरक छ। यसमा कमन ल प्रणाली र सिभिल ल प्रणालीले पनि असर गर्दछ। कमन ल प्रणाली मान्ने एकातिर देशहरूमा पीडितको संलग्नताले कारवाहीको एकरूपता र समानतामा असर गरी सजायको आधारभूत सिद्धान्तमा असर गर्न सक्दछ भन्ने मान्यता रहेको छ भने अर्को तर्फ पीडितलाई अदालतमा उपस्थिति भई मागदावी गर्न वा आफ्ना कुरा राख्न दिदाँ थोरै संख्यामा मात्र पीडित अदालत आउने गर्दछन् र पीडित उपस्थिति भएको मुद्दामा प्रतिवादीलाई कडा सजाय भएको पाइन्छ।[१९९]

आईआईएबाट अनुसन्धान गरिएका धेरै मुद्दाहरूमा समानताको विषयमा प्रश्न उठ्ने गर्दछ किनभने राज्यको अधिकारीलाई शक्तिशाली युनियन, संघ, वकिलको सहायता प्राप्त हुन्छ भने धेरै अवस्थामा तिनले सत्य बोलेको भनी अनुमान गरिन्छ। प्रहरीबाट भएको हत्या र यौन हिंसा सम्बन्धी मुद्दामा अन्तर-अमेरिकी अदालतले ब्राजिललाई "अपराधका पीडित वा तिनका परिवारका सदस्यलाई औपचारिक तथा प्रभावकारी रूपमा प्रहरी वा सरकारी वकिलको कार्यालयबाट गरिने अनुसन्धानमा सहभागी गराउन आवश्यक कानूनी वा अन्य उपायहरू अवलम्बन गर्न आदेश दिएको छ।"[२००]

**राज्यको अधिकारीलाई शक्तिशाली युनियन, संघ, वकिलको सहायता प्राप्त हुन्छ भने धेरै अवस्थामा तिनले सत्य बोलेको भनी अनुमान गरिन्छ।**

अर्जेन्टिनामा संघीय स्तरमा फौजदारी कार्यविधि संहिताले पीडितलाई निजी उजुरीकर्ता (क्वेरलेन्ट) बन्ने तथा राज्य अभियोजनकर्तासँगै प्रक्रियामा भाग लिने अधिकार दिन्छ।[२०१] अर्जेन्टिनाको पीडितको अधिकार सम्बन्धी कानून (कानून २७.३७२) ले पीडित उजूरीकर्ता नबने पनि सरकारी वकिलमार्फत स्वतन्त्र प्रतिनिधित्वको साथै पुर्पक्ष र प्यारोल जस्ता विषयमा निर्णय लिइँदा सुनुवाइको अधिकार लगायत पीडितको विभिन्न अधिकारहरू सुनिश्चित गरेको छ।[२०२]

## ख) पीडितको सूचनाको अधिकार

पीडितलाई अनुसन्धानको प्रगतिको बारेमा नियमित जानकारी गराउने कुरा भनेको मानव अधिकार उल्लंघनको प्रभावकारी अनुसन्धानको दायित्व र न्याय तथा सत्यमा पहुँचको अधिकारको एक भाग हो। उदाहरणका लागि संयुक्त अधिराज्यमा प्रहरी आचरण सम्बन्धी स्वतन्त्र कार्यालयले प्रत्येक २८ दिनमा उजुरीकर्ताहरूलाई अनुसन्धानको स्थितिको बारेमा जानकारी गराउँदछ।[२०३]

जर्जिया गणतन्त्रमा फौजदारी कार्यविधि संहिता अनुसार पीडितलाई अनुसन्धान र/वा फौजदारी अभियोजन सम्बन्धी निर्णय र/वा फैसलाको प्रतिलिपिहरू प्राप्त गर्ने अधिकार छ। तथापि पीडितको रूपमा अभियोजनकर्ताको निर्णयमा मान्यता नदिएका सम्भावित अन्य पीडितलाई भने यो अधिकार प्राप्त छैन। राज्य निरीक्षकको सेवाको अनुसन्धानकर्ताले भने सम्भावित सबै पीडितलाई अनुसन्धानको अन्त्यको बारेमा सूचित गर्छन्।[२०४]

ट्रिनिडाड र टोबागोमा अनुसन्धान समाप्त भएपछि पीडितहरूले प्रहरी उजूरी प्राधिकरणका निर्देशकसँग सूचना माग गर्न सक्दछन् र (पिसीएका कर्मचारीहरूले गोपनियताको विषयमा समीक्षा गरिसकेपछि) मुद्दा सम्बन्धी मिसिलहरूमा पहुँच प्राप्त गर्न सक्छन्। निर्देशकले सूचना तथा पहुँच दिन अस्वीकार गरेमा न्यायिक समीक्षाको विषय बन्छ। पिसिएका निर्देशकका अनुसार अदालतमा त्यस्तो विषय पुगेमा पीडितको पक्षमा फैसला हुने भएकोले पिसिए आफैले सूचना दिने गरिन्छ।[२०५]

नर्वेमा आईआईएको निर्देशकले नै यी विषयहरूमा निर्णय गर्ने गर्दछन्।[२०६] अनुसन्धान नगरिकन बन्द गरिएका लगायत सबै मुद्दाहरूमा निर्णयको कारण लिखितमा उल्लेख गरिन्छ। निर्णयमा के उजूरी परेको थियो, के अनुसन्धान तथा छानबिन गरियो, मुद्दाको

तथ्य, घटनाको न्यायिक जाँच आदि विस्तृतमा उल्लेख गरिन्छ। यो दस्तावेज मुद्दाका सबै पक्षहरूलाई उपलब्ध गराइन्छ।[२०७]

## ग) आईआईएको निर्णयको पुनरावलोकन

यूरोपेली परिषद्का विज्ञहरूले यातना वा दुर्व्यवहारको गम्भीर तरिकाबाट अनुसन्धानहरू गरी दुर्व्यवहारको मूल कारण पत्ता लगाउने तर्फ अनुसन्धान केन्द्रित हुनुपर्दछ भनी सिफारिस गरेको छ। कारवाही रोक्ने वा खारेज गर्ने वा मुद्दा चलाउन अस्वीकार गरिएको अवस्थामा, सो निर्णयको वैधानिकताको न्यायिक पुनरावलोकन हुनु आवश्यक छ वा राष्ट्रिय कानून व्यवस्था बमोजिम फौजदारी उजुरी दर्ता गरेर न्यायिक कारवाही शुरू गरिनु पर्दछ।[२०८]

अभियोग नलगाउने निर्णयविरुद्ध पुनरावलोकन गर्नका लागि पीडितले पुनरावेदन गर्न पाउने कि नपाउने भन्ने विषयमा देशहरू अनुसार फरक-फरक अभ्यास रहेको छ। इजरायलमा पीडितले न्याय मन्त्रीसमक्ष पुनरावेदन गर्न सक्दछ। मन्त्रालय अन्तर्गतको पुनरावेदन एकाइले पुनरावेदन गर्न अस्वीकार गरेमा पीडितहरूले उच्च अदालतमा पुनरावलोकनको लागि निवेदन दिन सक्छन्। पुनरावेदन प्रक्रिया कठिन छ र सामान्यतया पीडितले कानून व्यवसायीको मद्दतबिना पुनरावेदन गर्न सक्दैन। पुनरावेदन प्रक्रिया लामो भएकोले प्रक्रिया आफैमा प्रभावकारी छ कि छैन भन्ने प्रश्न उठेको छ।[२०९]

जर्जिया गणतन्त्रमा (अभियोजनकर्ताको निर्णयद्वारा मान्यता प्राप्त) पीडितले अनुसन्धान र/वा फौजदारी अभियोजन समाप्त गर्ने निर्णय विरुद्ध उच्चस्थ पदका अभियोजनकर्ता समक्ष पुनरावेदन गर्न सक्दछ। विशेष गरी गम्भीर अपराध वा राज्य निरीक्षकको सेवाको क्षेत्राधिकार अन्तर्गत पर्ने अपराध भएको अवस्थामा बाहेक सामान्यतया उच्चस्थ पदका अभियोजनकर्ताको निर्णयलाई अन्तिम मानिन्छ। त्यस्तो अवस्थामा पीडितले उच्चस्थ पदका अभियोजनकर्ताको निर्णय विरुद्ध अदालतमा पुनरावेदन गर्न सक्छ।[२१०]

संयुक्त अधिराज्यमा १ फेब्रुअरी २०२० मा नयाँ कानून लागू गरिएको छ जस अनुसार पुनरावेदनको अधिकारको सट्टामा पीडितलाई नयाँ समीक्षाको अधिकार दिइएको छ। समीक्षा गर्ने निकायले उजूरीको सम्वोधन वा अन्तिम परिणाम मनासिव तथा समानुपातिक थियो कि थिएन भनेर मात्र मूल्यांकन गर्ने गर्दछ।[२११]

## घ) गैर-सरकारी संस्था र सरकारी वकिलको भूमिका

यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका विभिन्न व्यक्तिहरू[२१२] ले आईआईएले आफ्नो क्षेत्राधिकारभित्र पर्ने अपराधहरूको बारेमा सूचना प्राप्त गर्नका लागि, पीडितसँग प्रभावकारी सम्बन्ध बनाउनका लागि, प्रमाण संकलन गर्नका लागि र अनुसन्धान

प्रक्रियाको प्रगति तथा परिणामको बारेमा पीडितलाई सूचित गरी राख्नका लागि नागरिक समाज संस्थासँग राम्रो सम्बन्ध बनाउनु पर्ने आवश्यकतामाथि जोड दिएका थिए।

अर्जेन्टिनामा संघीय स्तरमा फौजदारी कार्यविधि संहिताले मानवता विरुद्धको अपराध वा गम्भीर मानव अधिकार उल्लंघन सम्बन्धी मुद्दामा नागरिक समाज संस्थालाई उजूरीकर्ता बन्ने अधिकार दिएको छ।[२१३] उजूरीकर्ताले आफ्नै कानून व्यवसायी राख्न पाउँछन् भने "आफ्नै साक्षी पेश गर्ने, विभिन्न आदेश माग्ने, र प्रतिवादीको साक्षीको जिरह तथा परीक्षण गर्ने" अधिकार पनि हुन्छ।[२१४]

**प्रमाण संकलन लगायत आईआईएको काममा गैर-सरकारी संस्थाले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ र खेल्नु पर्दछ।**

अर्जेन्टिना र ब्राजिलका केही राज्यहरूमा सरकारी वकिलको कार्यालयले अनुसन्धान तथा पुर्पक्षका क्रममा सरकारी मुद्दाका पीडितलाई कानूनी सल्लाह र सहयोग दिने गरेको छ। यी सेवाहरू राज्यले दिने कानून सहायता कार्यक्रमको एक भाग हो। रियो द जेनेरियोमा रहेको सरकारी वकिलको कार्यालयमा मानव अधिकार एकाइ छ जसले फौजदारी मुद्दामा पीडितको प्रतिनिधित्व गर्ने र पीडितको तर्फबाट देवानी तथा सार्वजनिक सरोकारको मुद्दा दायर गर्ने गर्दछ। कानूनी सहायता दिनेभन्दा पनि यस एकाइले गम्भीर, रणनीतिक वा संस्थागत ढाँचा भएको मुद्दा छनोट गरी अभियोजन गर्ने गर्दछ।[२१५] सन् २०१७ मा अर्जेन्टिनामा लागू भएको नयाँ कानूनले संघीय सरकारी वकिलको कार्यालयको मातहतमा पीडितका लागि सरकारी वकिलको कार्यालय स्थापना गरेको छ। फेब्रुअरी २०२१ सम्म आईपुग्दा योजना गरिएका २४ मध्ये तीन वटा कार्यलयहरू सञ्चालनमा आइसकेका छन्।[२१६]

केन्याका केही विश्लेषकहरूका अनुसार नागरिक समाज संस्थाले नै शुरूमा राज्यको अधिकारीबाट भएको उल्लंघनको बारेमा सूचना दिन्छ।[२१७] गैर-सरकारी "स्वतन्त्र चिकित्सकीय-कानूनी एकाइ" (आईएमडिएलयु) ले पीडितलाई आईपिओएमा पठाउने मात्र नभई मिनेसोटा प्रोटोकल अनुसार गरिएको स्वतन्त्र शव परीक्षण प्रतिवेदन पनि पठाउने गर्दछ र पीडितलाई मनो-सामाजिक सहायता प्रदान गर्दछ। आईएमडिएलयुबाट तयार गरिएका प्रमाणहरू आईपिओएले उपयोग गर्ने गरेपनि आईपिओएले मुद्दाको बारेमा जानकारी वा सुझाव आईएमडिएलयुलाई दिने गरेको पाइदैन।[२१८] अगस्त २०१४ मा दुईजना प्रहरी अधिकारीहरूले गोली हानी मारेका १४ वर्षीया बालिकाको पहिलो शव परीक्षण राम्रो तरिकाबाट भएको थिएन। आईएमडिएलयुले स्वतन्त्र शव परीक्षण गर्ने उद्देश्यका साथ शव उत्खननका लागि उच्च अदालतमा निवेदन दियो। उच्च अदालतले आईएमडिएलयुको निवेदन स्वीकार गरी शव उत्खनन गरी शव परीक्षणका लागि अनुमति दियो। त्यसपश्चात सरकारी चिकित्सकको उपस्थितिमा आईएमडिएलयुका चिकित्सकहरूले दोस्रो पटक शव परीक्षण गऱ्यो। यसको साथै आईएमडिएलयुले दायर गरेको मुद्दाको फैसलामा पीडित संरक्षण ऐन २०१४ अन्तर्गत फौजदारी कारवाहीमा परिवारले सक्रिय सहभागिता जनाउन पाउने नजिर स्थापना भयो। सोही फैसलाका कारण आईएमडिएलयुका वकिलहरूले एउटा परिवारलाई फौजदारी कारवाहीमा पूर्ण रूपमा सहभागी गराई दोषीलाई सजाय सुनाउनु अघि पीडित प्रभाव मूल्यांकन प्रतिवेदन समेत अदालतमा पेश गर्न सफल भयो। दुवै अधिकारीहरूलाई ७ वर्षको कैद सजाय भएको छ।[२१९]

प्रमाण संकलन लगायत आईआईएको काममा गैर-सरकारी संस्थाले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ र खेल्नु पर्दछ। यस विषयमा अर्को अध्यायमा चर्चा गरिएको छ।

# प्रमाण सम्बन्धी विषय

८

## क) फरेन्सिक प्रमाण

**सामान्यतया अनुसन्धानात्मक निकायले विष, हातहतियार, रगतका छिटा, गोप्य राखिएका कम्प्युटरको डी-इन्क्रिप्शन र डिएनए जस्ता कुराहरूको फरेन्सिक विश्लेषणको लागि राज्यबाट सञ्चालित विधिविज्ञान प्रयोगशालाहरूको प्रयोग गर्दछ।** आईआईएको "पर्याप्त पूर्वाधार, पर्याप्त आर्थिक तथा मानव संसाधन सम्पन्न उचित मापदण्डहरू पालना गर्ने राष्ट्रिय, स्वायत्त विधिविज्ञान सेवा दिने संस्थामा पहुँच हुनु आवश्यक छ।"[२२०] विधिविज्ञान सम्बन्धी सेवा प्रहरीको नियन्त्रणमा हुनु स्वतन्त्र अनुसन्धानका लागि चुनौती हो। उदाहरणका लागि रियो दि जेनेरियोमा प्रहरी अधिकारी नै विशेषज्ञ चिकित्सक छन्।

यी संस्थामा आबद्ध फरेन्सिक विशेषज्ञ सामान्यतया राम्ररी प्रशिक्षित वैज्ञानिक हुन्। तथापि, तिनले राज्यका निकायहरूसँग नजिक रहेर काम गर्छन् र आईआईएको अनुसन्धानमा प्रमाण विश्लेषण गर्दा स्थार्थको द्वन्द्वको अवस्था उत्पन्न हुनसक्छ। आईआईएको मुद्दाका लागि मात्र छुट्टै विधिविज्ञान एकाइ स्थापना गर्न आर्थिक रूपमा सम्भव नहुन सक्छ। त्यसैले सम्भावित स्थार्थको द्वन्द्वलाई सम्बोधन गर्ने विभिन्न तरिका अवलम्बन गरिनु पर्दछ। एउटा तरिका भनेको परीक्षणका लागि पठाइएको सामग्रीमा निकायको नाम उल्लेख नगरीकन पठाउने अभ्यास गर्न सकिन्छ जसले गर्दा विश्लेषकहरूलाई कुन निकायको सामग्री हो भन्ने थाहा नहुने हुँदा पूर्वाग्रहको अवस्था सिर्जना हुँदैन। तर यो तरिका अवलम्बन गर्दा विभिन्न कठिनाई उत्पन्न हुन सक्छ। उदाहरणको लागि, परीक्षणलाई प्राथमिकता दिनुपर्ने अवस्थामा वा इस्तानबुल प्रोटोकल अनुसार पीडितको भनाई वा बयानलाई सन्दर्भमा लिई चोटपटकहरूको मूल्यांकन गर्नुपर्ने अवस्थामा यो तरिका उपयुक्त नहुन सक्छ। अर्को तरिका भनेको आफ्नो क्षेत्रभन्दा बाहिरको विधिविज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउन सकिन्छ। तेस्रो तरिका भनेको आईआईएले चाहेको विज्ञसँग प्रमाणको पुन मूल्यांकन गर्न लगाउने व्यवस्था हुनुपर्दछ।

विगतमा जमैकाको इन्डेकमले गोली चलाइएको घटनामा विदेशी विज्ञलाई प्रयोग गरी प्रहरीको ब्यालिस्टिक विज्ञहरूले तयार पारेको प्रतिवेदनको पुनरावलोकन गर्ने गर्दथ्यो। सो विदेशी विज्ञले प्रतिवेदनको गुणस्तर र प्रतिवेदनमा भएको कमी तथा असंगति पत्ता लगाउने गर्दथ्यो।[२२१] अब भने यस्तो विश्लेषण गर्न सक्ने इन्डेकमसँग आफ्नै ब्यालिस्टिक विज्ञ कर्मचारी छ।

विधिविज्ञान सम्बन्धी सेवा प्रहरीको नियन्त्रणमा हुनु स्वतन्त्र अनुसन्धानका लागि चुनौती हो। उदाहरणका लागि रियो दि जेनेरियोमा प्रहरी अधिकारी नै विशेषज्ञ चिकित्सक छन्।

## ख) शव परीक्षण

मृत्यु वा हत्या भएको अवस्थामा घटनाको परिस्थितिको बारेमा स्पष्ट पार्ने सबैभन्दा महत्त्वपूर्ण प्रमाण शव परीक्षण प्रतिवेदन हो। यो प्रतिवेदनको निष्कर्षबाटै मृत्युको कारण दुर्घटना, हत्या वा आत्महत्या के थियो भन्ने पत्ता लाग्दछ भने मृत्यु/हत्या कसरी भयो भन्ने निर्धारण हुन्छ।

शव परीक्षण गर्दा गैर-कानूनी, स्वेच्छाचारी र सक्षिप्त हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धान सम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गदर्शन ("मिनेसोटा प्रोटोकल") र मानव अधिकार सम्बन्धी अन्तर-अमेरिकी आयोगका सिद्धान्तको परिपालना गरिनु पर्दछ।[२२२] ती मापदण्डहरू अन्तर्गत शव स्थानान्तर वा हस्तान्तरण सम्बन्धी अभिलेख (चेन अफ कमाण्ड) राख्ने, प्रशिक्षित फरेन्सिक विज्ञबाट शव परीक्षण गराउने र शवको पर्याप्त तस्बिरहरू खिच्ने, शवको एक्स-रे गर्ने, सबै चोटपटकको पूर्ण विवरण राख्ने र पूर्ण प्रतिवदेन बनाउने आदि पर्दछ। शवको परीक्षण नगरीकन परीक्षण प्रतिवेदन बनाउनु हुँदैन।

हत्याको आशंका लागेको अवस्थामा पूर्वाग्रह कम गर्न निम्न थप तरिका अवलम्बन गर्न सकिन्छ :

(क) थुनामा मृत्यु वा राज्यको अधिकारीको संलग्नतापछि मृत्यु भएमा आईआईएलाई तुरुन्त सूचना दिइनुपर्दछ।

(ख) माथि भनिएको प्रकृतिका सबै मृत्युका अवस्थामा शवलाई आईआईएको जिम्मामा सुम्पिनु पर्दछ र आईआईएले अस्पताल वा विधिविज्ञान प्रयोगशालामा तत्काल परीक्षणको लागि लग्नु पर्दछ।

(ग) आईआईएको अनुसन्धानकर्ता मात्र उपस्थिति हुनुपर्दछ।

(घ) शव परीक्षणको भिडियो रेकर्ड गरिएको हुनुपर्दछ।

(ङ) शंकास्पद मृत्युको सबै शव परीक्षण प्रतिवेदन राज्यका निकाय र आईआईएसँग संलग्नता नभएको फरेन्सिक विज्ञबाट समीक्षा गरिनु पर्छ।

(च) मृतकको परिवारलाई आफ्नो रोजाइको विज्ञबाट दोस्रो शव परीक्षण गराउने मौका दिइनुपर्छ।

राज्यका निकायबाट गरिएको शव परीक्षण प्रतिवेदनमा निष्पक्षता वा पूर्णताको कमी हुने कुरालाई मनन गर्दै केही आईआईए वा अभियोजन विभागले आफ्नै फरेन्सिक विज्ञता विकास गर्न थालेका छन्। उदाहरणका लागि जमैकाको इन्डेकमसँग आफ्नै फरेन्सिक एकाइ छ।

## ग) यातनाको शंका

यातना दिइएको शंका भएको अवस्थामा मेडिको-लिगल प्रमाण ज्यादै महत्त्वपूर्ण छ। पीडित स्वयंले अदालतमा उपस्थित भएर बकपत्र गर्न सक्छन् तर पीडितको बकपत्र र

विज्ञको बकपत्रबीच सामन्जस्यता हुनु प्रभावकारी अनुसन्धानका लागि महत्त्वपूर्ण छ। यी अवस्थामा यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी प्रभावकारी अनुसन्धान र दस्तावेजीकरण सम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गदर्शन (इस्तानबुल प्रोटोकल) को परिपालना हुँदा महत्त्वपूर्ण प्रमाण उपलब्ध हुन सक्छ।[२२३] इस्तानबुल प्रोटोकल र शारीरिक यातनाको विवरणले मानसिक यातनाको बारेमा पनि इंगित गर्दछ। शारीरिक तथा मानसिक यातनाको विवरणले पीडितको शारीरिक चोट र मनोवैज्ञानिक अवस्था पीडितले भनेको यातना सम्बन्धी कथनसँग मिल्दोजुल्दो छ कि छैन भनी निष्कर्ष निकाल्न विज्ञलाई सहयोग गर्दछ र यसले विशेषज्ञ रायलाई प्रमाणिक आधार प्रदान गर्छ। राज्यको अधिकारीको उपस्थिति बिना परीक्षण गर्ने विषय लगायत इस्तानबुल प्रोटोकललाई आईआईएले सकेसम्म पूर्ण रूपमा पालना गर्नुपर्दछ।[२२४]

जर्जिया गणतन्त्रमा फरेन्सिक विज्ञहरूलाई स्वतन्त्र तथा इस्तानबुल प्रोटोकलमा आधारित भई परीक्षण गर्न उचित तालिम दिइएको छ। राज्य निरीक्षकको सेवाका अनुसन्धानकर्ताले पनि इस्तानबुल प्रोटोकल सम्बन्धी तालिम लिएका छन्। तथापि राज्य निरीक्षक सेवाले फरेन्सिक परीक्षण सम्बन्धी विभिन्न चुनौतीको समाना गर्नु परेको छ। उदाहरणका लागि, केही पीडितले फरेन्सिक परीक्षण गर्न नमान्ने, विज्ञ समयमै उपलब्ध नहुने र फरेन्सिक परीक्षण सम्बन्धी प्रतिवेदन समयमै उपलब्ध नहुने जस्ता चुनौतीहरू विद्यमान छन्। इस्तानबुल प्रोटोकलले परीक्षणका लागि पीडितको सहमति अनिवार्य छ भनेको छ तर विशेष गरी थुनामा रहेका यातना पीडित उजूरी गर्न डराउँछन्।

## घ) बलपूर्वक बेपत्ता पारिएको विषयमा खोजी तथा फौजदारी अनुसन्धान

कुनै व्यक्तिलाई राज्यको अधिकारीले लगेपछि वा हिरासतबाट बेपत्ता पारिएको अवस्थामा अनुसन्धान दुईटा कुरामा केन्द्रित हुनुपर्दछ : बेपत्ताको खोजी (लास वा सास) र बेपत्ता पारिएको घटनाको लागि जिम्मेवार व्यक्तिको पहिचान गरी अभियोजन गर्ने उद्देश्यले फौजदारी अनुसन्धान। व्यापक रूपमा बेपत्ता पार्ने कार्य हुने देशमा खोजी गर्नका लागि विशेष तदर्थ आयोग वा विशेष निकाय स्थापना गर्न सकिन्छ।[२२५] बेपत्ता व्यक्तिको खोजी गर्दा बेपत्ता व्यक्तिको खोजी सम्बन्धी मार्गनिर्देशक सिद्धान्त[२२६] र बलपूर्वक बेपत्ता पार्ने कार्यको प्रभावकारी अनुसन्धानका लागि मार्गदर्शन तथा सार्वजनिक नीति सम्बन्धी बलपूर्वक वा स्वेच्छाचारी बेपत्ता पार्ने कार्य सम्बन्धी कार्यगत समूहको प्रतिवेदन[२२७] को प्रयोग गर्नुपर्दछ। बेपत्ता व्यक्तिको खोजी गर्दा तिनी अझै जीवित छन् भन्ने विश्वासका साथ खोजी गरिनु पर्दछ।[२२८] यसले पीडितको मर्यादाको साथै पीडितको परिवारको सहभागिताको अधिकारको सम्मान हुन्छ।[२२९] बेपत्ता व्यक्तिको खोजी बन्द गरिदैमा बेपत्ता पारिएको अपराधका लागि फौजदारी अनुसन्धान बन्द गर्नु हुँदैन।[२३०]

आईआईएले व्यक्तिलाई किन बेपत्ता पारियो र त्यसमा राज्यको अधिकारी संलग्न छन् वा छैनन् भनी पत्ता लगाउने काम गर्नुपर्छ। खोजी कार्य आईआईएले नभई अर्को निकायले

पनि गर्न सक्दछ तर फौजदारी अनुसन्धानको जिम्मेवारी आईआईएलाई हुनुपर्दछ। यस्तो अवस्थामा अनुसन्धान प्रभावकारीता सुनिश्चित गर्दै समयमै काम समाप्त गर्न खोजी गर्ने तथा अनुसन्धान गर्ने विभिन्न निकायबीच सहकार्य, समन्वय र सूचनाको आदानप्रदान गर्न प्रभावकारी संयन्त्रको स्थापना गरिनुपर्दछ।[२३१]

**आईआईएले व्यक्तिलाई किन बेपत्ता पारियो र त्यसमा राज्यको अधिकारी संलग्न छन् वा छैनन् भनी पत्ता लगाउने काम गर्नुपर्छ।**

राज्यले बेपत्ता पारिएका व्यक्तिको बारेमा तथ्यांक राख्नु पर्दछ भने सो तथ्यांकमा आनुवंशिक तथ्यांक (जेनेटिक डाटा) लगायत खोजीमा सहयोग हुने सूचना समावेश हुनुपर्दछ।[२३२] आईआईएलाई सो तथ्यांकमा निर्वाध पहुँच दिई तथ्यांकमा एकरूपता सुनिश्चित गर्न तथ्यांकको लेखाजोखा गर्ने अधिकार पनि हुनुपर्दछ।

बेपत्ता पारिएको धेरै समय पछि शरीरका अवशेष भेटिन सक्छ। अवशेष भेटिएको अवस्थामा आईआईएले फरेन्सिक परीक्षण गर्न सक्ने गरी अवशेषको संकलन गरिएको सुनिश्चित गर्न तथा सम्भव भएसम्म आफन्तको उपस्थिति सुनिश्चित गर्न आईआईएले निरीक्षण गर्नुपर्दछ।[२३३] पीडितको पहिचान गर्ने र पीडितको परिवारलाई सूचना दिने प्रयास हुनुपर्दछ। यस्तो बेलामा फरेन्सिक विज्ञले मृत्युको कारण पत्ता लगाउन शव परीक्षण गर्नुपर्दछ। शव परीक्षण प्रतिवेदनमा यातनाको प्रमाण लगायत सबै चोटपटकको विवरण" समावेश हुनुपर्दछ।[२३४] आईआईएले गरेको शव परीक्षणपछि परिवारलाई आफूले चाहेको विज्ञबाट दोस्रो पटक शव परीक्षण गराउन पाउने अधिकारको जानकारी दिनु पर्दछ।

आईआईएले यस्ता मुद्दामा ढाँचाको विश्लेषण गर्नुपर्दछ। परिप्रेक्ष्य विश्लेषणमार्फत उस्तै तरिका अपनाउने राज्यको निकायको निश्चित एकाइ वा राज्यको अधिकारीको पहिचान गर्न सहयोग पुग्दछ।

बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार, युक्रेनको आईआईए लगायत केही आईआईएले अभिलेख नराखी व्यक्तिलाई थुनामा राख्ने कार्यका लागि प्रहरी अधिकारीमाथि बलपूर्वक बेपत्ता पार्ने कार्य अन्तर्गत अनुसन्धान तथा अभियोग लगाउने गर्दछन्। सन् २०२० मा, अनुसन्धानका लागि राज्य विभाग र महान्यायाधिवक्ताको कार्यालयले बलपूर्वक बेपत्ता पार्ने कार्यका लागि दुई जना प्रहरी अधिकारीहरूको अनुसन्धान गरी अभियोग दायर गर्‍यो। दुई जना व्यक्तिलाई अभिलेख नराखीकन थुनामा राखी कुटपिट गरेको तथा एक जनामाथि यौन दुर्व्यवहार गरेका कारणले सो अनुसन्धान तथा अभियोग लगाइएको थियो। यसको साथै युक्रेनको कागरलिक प्रहरी विभागका भूतपूर्व प्रमुखलाई लापरवाहीका लागि फौजदारी आरोप लगाइएको थियो किनभने तिनले यी घटनाहरू हुनबाट रोक्न कदमहरू चालेनन् र अपराधको बारेमा सम्बन्धित निकायलाई सूचना दिएनन्।[२३५]

आईआईएको लागि विस्तृत र उचित प्रमाण संकलन महत्त्वपूर्ण छ। अर्को महत्त्वपूर्ण विषय भनेको समयमै पूर्ण अनुसन्धान सम्पन्न गर्नु हो जसको बारेमा अर्को अध्यायमा चर्चा गरिएको छ।

# पूर्ण तथा समयसापेक्ष अनुसन्धान

**राज्यको अधिकारीबाट भएको सम्भावित अपराधिक कार्यको समयमै अनुसन्धान गर्ने राज्यको जिम्मेवारी हो।**[२३६] अनूचित ढिलाई हुनु भनेको नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, यातनाविरुद्धको महासन्धि र अन्य मानव अधिकार सम्बन्धी कानून अन्तर्गत रहेको प्रभावकारी उपचारको अधिकारको उल्लंघन हो।[२३७] आईआईएको अनुसन्धानमा अनूचित ढिलाई हुनुको अर्थ भनेको आईआईएसँग स्रोतसाधनको अभाव हुनु वा आईआईएले मुद्दाको छनोट राम्ररी गर्न नसक्नु वा यसको कार्यादेश अति विस्तृत हुनु हो।

तथापि, छिटो अनुसन्धान सम्पन्न गर्ने नाममा पूर्ण अनुसन्धान नगरीकन अनुसन्धान समाप्त गर्न हुँदैन। वास्तवमा, जसरी हुन्छ छिटो अनुसन्धान सम्पन्न गरी मुद्दा टुंग्याउन खोज्नु आफैमा अर्को समस्या हो। सन् २०२० को फेब्रुअरीको प्रतिवेदनमा प्रहरी सम्बन्धी अफ्रिकी नागरिक निरीक्षण मञ्चले दक्षिण अफ्रिकी प्रहरी अनुसन्धान निर्देशनालयले छिटो मुद्दा टुंग्याउने हिसाबले काम गर्दा कानून कार्यान्वयन गर्ने निकायले गरेको अपराधका पीडितले न्याय प्राप्त गर्न सकेको छैन भनी निष्कर्ष निकालेको छ।[२३८]

अनुसन्धानमा केही ढिलाई हुन सक्दछ जसलाई रोक्न सकिदैन। केही अनुसन्धानमा विज्ञको प्रतिवेदन चाहिन्छ जुन आईआईएको क्षमताभन्दा बाहिर हुन्छ र बेपत्ता व्यक्ति सम्बन्धी अनुसन्धानमा वर्षौं लाग्न सक्दछ।

पूर्ण अनुसन्धान र छिटो अनुसन्धानबीच सन्तुलन राख्ने कुरामा हामी पूर्ण अनुसन्धानमाथि जोड दिन्छौँ। यी दुई बीच सन्तुलन राख्न हामी अनुसन्धानलाई समयमा सम्पन्न गर्न तथा ढिलाई हुने अवस्था भएमा कारण खुलाई सार्वजनिक जानकारी प्रकाशित गर्न सिफारिस गर्दछौँ। जमैकाको इन्डेकमले ३० देखि ६० दिनभित्रमा अनुसन्धान सम्पन्न गर्न खोज्दछ।[२३९] इजरायलमा मचासले महान्यायाधिवक्ताको निर्देशन अनुसार साना कसूरहरूमा ६ महिना र गम्भीर कसूरहरूमा १८ महिना सम्म अनुसन्धान गर्न समय लिन सक्दछ।[२४०] जर्जियामा राज्य निरीक्षकको कार्यालयले अनुसन्धानका लागि समयसीमा तोकेको छैन तर यसले यूरोपेली

१

**आईआईएको अनुसन्धानमा अनूचित ढिलाई हुनुको अर्थ भनेको आईआईएसँग स्रोतसाधनको अभाव हुनु वा आईआईएले मुद्दाको छनोट राम्ररी गर्न नसक्नु वा यसको कार्यादेश अति विस्तृत हुनु हो।**

परिषद्को “मनासिव समय” को आधारलाई पालना गर्दै जर्जियाको अपराध संहिताले तोकेको हदम्याद भन्दा धेरै समय लगाउनु हुँदैन भन्ने अभ्यास गरिरहेको छ।[२४१] ओन्टारियोको एसआईयुले १२० दिनभन्दा धेरै समय लागेको अवस्थामा अनुसन्धान सम्बन्धी सूचना प्रकाशन गर्ने आशालाग्दो अभ्यासको थालनी गरेको छ।[२४२] यी सिफारिसहरूले अनुसन्धानमा लामो समय लागेमा निर्देशकले निरीक्षण गर्नुपर्ने तथा आम नागरिकलाई प्रगतिको बारेमा जानकारी गराउनु पर्ने कुरा दर्शाउँछ।

# साक्षी तथा शंखघोषकको सुरक्षा

१०

**साक्षी तथा शंखघोषकले राज्यको अधिकारीबाट भएको अपराधको अनुसन्धानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।** तसर्थ साक्षी र शंखघोषकले राज्यको अधिकारीबाट प्रतिशोध लगायत विभिन्न जोखिमको सामना गर्नुपर्ने हुन सक्छ। आईआईएसँग साक्षी संरक्षण कार्यक्रम तथा साक्षीलाई फौजदारी अभियोजनबाट उन्मुक्ति लगायत साक्षी तथा शंखघोषकको सुरक्षाका लागि स्पष्ट र पूर्ण योजना हुनुपर्दछ।

## क) प्रतिशोधबाट सुरक्षा

उजुरीकर्ता र साक्षीविरुद्ध प्रतिशोधको धम्कीले अनुसन्धानको प्रभावकारीतालाई कमजोर बनाउन सक्छ। विशेष गरी साक्षी थुनामा रहेका अवस्थामा यो समस्या जटिल हुन सक्दछ। यातना विरुद्धको महासन्धि[२४३] लगायत अन्य अन्तर्राष्ट्रिय कानून तथा राष्ट्रिय कानूनले साक्षी संरक्षणको दायित्व राज्यलाई दिएको छ। इस्तानबुल प्रोटोकलले पीडित र साक्षीलाई प्रतिशोधबाट जोगाउने आवश्यकतामाथि जोड दिदै यातना वा दुर्व्यवहारमा संलग्न भएको आरोप लागेको व्यक्तिलाई उजुरीकर्ता, साक्षी, परिवार र अनुसन्धानकर्ता माथि प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण वा अधिकारको प्रयोग गर्न सक्ने कुनै पनि पदबाट हटाइनु पर्छ भन्ने व्यवस्था गरेको छ।[२४४] तथापि, पीडित, साक्षी, परिवार, वा पीडितका वकिललाई भौतिक हानी लगायत प्रतिशोध लिने जोखिम धेरै हुन्छन्। तसर्थ, हामी आईआईएका निर्देशकसँग अनुसन्धान सम्पन्न नभएसम्म वा फौजदारी अभियोग लगाइएको अवस्थामा अभियोजन नसकेसम्म आरोप लागेको राज्यको अधिकारीलाई पदबाट निलम्बन गर्ने अधिकार हुनुपर्दछ भनी सिफारिस गर्दछौं।

साक्षीलाई धम्काउन वा अनुचित दबाब प्रभाव पार्न राज्यको अधिकारीबाट हुने प्रयासका लागि गम्भीर सजायको व्यवस्था हुनुपर्दछ र आईआईएसँग यस्तो प्रकृतिको आरोपको अनुसन्धान गर्ने अधिकार पनि हुनुपर्दछ।

**साक्षीलाई धम्काउन वा साक्षीमाथि अनुचित दबाब प्रभाव पार्न राज्यको अधिकारीबाट हुने प्रयासका लागि गम्भीर सजायको व्यवस्था हुनुपर्दछ र आईआईएसँग यस्तो प्रकृतिको आरोपको अनुसन्धान गर्ने अधिकार पनि हुनुपर्दछ।**

सन् २०११ मा अर्जेन्टिनामा संघीय महान्यायाधिवक्ताको कार्यालयले दुर्व्यवहार र यातना सम्बन्धी अनुसन्धानका लागि कार्यगत आलेख जारी गऱ्यो जसमा इस्तानबुल प्रोटोकललाई अनुसन्धानको मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गरिएको छ। कार्यगत आलेखका अनुसार अभियोजनकर्ताले पीडित र साक्षीको संरक्षण गर्नुपर्ने कुरामाथि जोड दिइएको छ। यस अन्तर्गत राज्यको अधिकारीको उपस्थिति नभएको अवस्थामा बयान लिने, सबै अधिकारको व्याख्या गर्ने, व्यक्तिगत अखण्डताको संरक्षणको अधिकार, सुरक्षाको प्रत्याभूति हुने गरी थुनुवाको सरकारी वकिलको कार्यालयमा स्थानान्तरणको व्यवस्था, सबै पक्षलाई पर्याप्त जानकारी दिई बयान तथा बकपत्रको भिडियो रेकर्डिङ

गर्ने, एउटा थुनुवा केन्द्रबाट अर्को थुनुवा केन्द्रमा थुनुवाको स्थानान्तरण र पीडित थुनामा नरहेको अवस्थामा सबै आरोपको तत्काल अनुसन्धान गर्ने आदि पर्दछ।[२४५] सन् २०१२ मा संघीय महान्याधिवक्ताको कार्यालयले पिजिएन ४-१२ प्रस्ताव पारित गरी ड्युटीमा रहेका सुरक्षाकर्मीबाट भएको कुटपिट र हत्याको अनुसन्धान गरिदा संलग्न राज्यको अधिकारीलाई पदबाट निलम्वित गरी अर्को निकायले अनुसन्धान गर्नुपर्दछ भनी व्यवस्था गरेको छ।[२४६]

यी सिद्धान्त र प्रतिबद्धताका बाबजुद प्रोक्यूभिन र अन्य विशिष्टकृत अभियोजन विभाग सम्बन्धी अनुसन्धानले थुनामा रहेका साक्षी र पीडितलाई संरक्षण गर्न ज्यादै कठिन रहेको देखाउँछ। व्यवहारिक कुरा गर्दा थुनामा रहेका साक्षी र पीडितलाई संरक्षण गर्ने एक मात्र उपाय भनेको तिनीहरूलाई भौतिक एकरूपता सुरक्षा प्रणालीमा स्थानान्तरण गर्नु हो जुन खराब आचारण गर्ने थुनुवा तथा कैदीलाई कारागारमा एक्लै थुन्ने व्यवस्थासँग मिल्दोजुल्दो छ। यसरी एक्लै थुन्ने ठाउँ ज्यादै साँधुरो हुन्छ र "हुलाक बाकस" जस्तो हुन्छ। अर्को उपाय भनेको पीडितलाई कारागार प्रणाली भित्र नै अर्को एकाइमा स्थानान्तरण गर्नु हो तर यसो गर्दा उजूरीकर्ताको पहिचान खुल्न सक्छ। यस्तो गर्दा प्रतिशोधको जोखिम भने यथावत रहन्छ किनभने थुनुवा केन्द्रमा सुरक्षाकर्मी पालो पालो अनुसार बस्छन्। अर्को विकल्प भनेको श-शर्त थुनामुक्त गर्नु वा उजूरीकर्ता थुनुवा वा बयान दिन बाँकी साक्षीलाई अन्य कम-निषेधयुक्त उपाय अवलम्बन गर्न सकिन्छ।[२४७]

केही अवस्थामा डरधम्की वा दुर्व्यवहारबाट बचाउन साक्षी संरक्षण कार्यक्रम अन्तर्गत उजूरीकर्ता लगायत साक्षीलाई आवासको व्यवस्था मिलाउन सकिन्छ। आईआईएले साक्षी संरक्षण कार्यक्रमको उपयोग गर्न सक्नु पर्दछ र यस्ता कार्यक्रम प्रहरीबाट स्वतन्त्र हुनुपर्दछ।

ब्राजिलको रियो द जनेरियोमा साक्षी संरक्षण कार्यक्रम नागरिक समाज संस्था, राज्यको सरकारी वकिल, संघीय वकिलको कार्यालय, राज्य तथा संघीय अदालत आदि सम्मिलित परिषद्ले सञ्चालन गर्ने गर्दछ।[२४८] सो परिषद्मा आबद्ध एक सरकारी वकिलको भनाइमा सेरा राज्यको साक्षी संरक्षणमा राखिएको एक साक्षीको हत्या भएको एउटा घटना बाहेक ब्राजिलमा साक्षी संरक्षणमा राखिएका कुनै पनि साक्षीलाई भौतिक हानी भएको छैन।[२४९] एक अभियोजनकर्ताका अनुसार संरक्षणको आवश्यकता भएका धेरै साक्षी आफ्नो घरपरिवार छोडी टाढा जान सक्ने अवस्थामा छैन।[२५०]

## ख) शंखघोषकको रूपमा राज्यको अधिकारी

महत्त्वपूर्ण प्रमाणको स्रोत भनेको राज्यको अधिकारीबाट भएको गलत कार्यको बारेमा प्रमाण दिन तयार अर्को राज्यको अधिकारी नै हुन् जसलाई शंखघोषक भनिन्छ। यस्ता स्रोत महत्त्वपूर्ण छन् किनभने तिनले एकदमै आन्तरिक सूचना दिन सक्छन्। तर यसको लागि तिनलाई संरक्षण दिनु आवश्यक छ। जागिर सम्बन्धी वा मानहानीको कारवाहीबाट कानूनी रूपमा संरक्षण दिने कुरा सूचनाको सत्यतामा निर्भर रहन्छ तर तिनी वा तिनका

परिवारलाई सम्भावित हानी वा झुठा आरोपहरू लगायतका प्रत्याघातबाट सधैँ सुरक्षित बनाउनु पर्दछ।

**केही अवस्थामा सहयोग गर्ने राज्यको अधिकारीलाई साक्षी संरक्षण कार्यक्रममा राख्नु पर्ने हुन सक्दछ।**

शंखघोषकको संरक्षणको कुरा चुनौतीपूर्ण छ किनभने तिनले आफ्नै निकायबाट संरक्षण प्राप्त गर्दैन। तसर्थ, आईआईएलाई सहयोग गर्ने राज्यको अधिकारीलाई अनुचित दबाब दिने कार्य गर्नेलाई गम्भीर सजाय दिइनुपर्दछ। शंखघोषकलाई दिइने संरक्षणभित्र अनुसन्धानमा सहयोग गरेकै आधारमा डरधम्की, प्रतिशोध वा अन्य नकारात्मक परिणाम भोग्न नपर्ने सुनिश्चितता हुनुपर्दछ। अनुसन्धानमा सूचना दिई सहयोग गर्न तयार राज्यको अधिकारीलाई सजायबाट उन्मुक्ति दिने वा कम सजाय गर्ने विषयमा आईआईएको निर्देशक र अभियोजनकर्ताबीच छलफल हुनुपर्दछ। केही अवस्थामा सहयोग गर्ने राज्यको अधिकारीलाई साक्षी संरक्षण कार्यक्रममा वा सुरक्षात्मक हिरासतमा राख्नु पर्ने हुन सक्दछ।

आयरल्याण्ड गणतन्त्रमा संरक्षित खुलासा ऐन २०१४ ले राज्यको सुरक्षामा असर गर्ने सूचना दिने प्रहरी लगायतका व्यक्तिलाई संरक्षण प्रदान गर्दछ।[२५१] सुरक्षा क्षेत्रका शंखघोषकलाई पनि सुरक्षा प्रदान गर्ने यो नै युरोपको पहिलो ऐन हो।[२५२] राज्यको सुरक्षा, रक्षा तथा अन्तर्राष्ट्रिय सम्बन्धको बारेमा सूचना दिने शंखघोषकको बारेमा विभिन्न अवस्था खुलाइएको छ भने सरकारले त्यस्ता सूचना लिने जिम्मेवारी दिएका व्यक्तिले शंखघोषकबाट सूचना लिनुपर्ने भनी व्यवस्था गरेको छ।[२५३] ट्रान्सपरेन्सी इन्टरनेशनल आयरल्याण्डले बोल (स्पिक अफ) हटलाईनमार्फत प्रहरी शंखघोषक लगायत विभिन्न शंखघोषकका लागि व्यावहारिक र कानूनी सल्लाह दिने गर्दछ र यसको कार्यमा इमानदारी कार्यक्रममार्फत प्रहरी व्यवस्थापनलाई मार्गदर्शन र प्रशिक्षण दिने गर्दछ।[२५४]

हालैको शंखघोषक सम्बन्धी एउटा घटनाले आयरल्याण्ड गणतन्त्रमा ठूलो विवाद उत्पन्न भयो भने यसले महत्त्वपूर्ण सुधार ल्याउन पनि मद्दत गऱ्यो। आयरल्याण्डको प्रहरी सेवा (ए गार्डा सिओचाना) मा विद्यमान रहेको संस्थागत खराब अभ्यासलाई शंखघोषक सार्जेन्ट मौरिस म्याककेब र गार्डा जोन विल्सनले पर्दाफाश गरिदिए। दुवै जनाले ट्रान्सपरेन्सी इन्टरनेशनल आयरल्याण्डको बोल (स्पिक अफ) हटलाईनबाट सहायता लिएका थिए। म्याककेबविरुद्ध बाल दुराचार लगायत विभिन्न झुठा आरोप लगाइयो। जन विरोध गरेपछि म्याककेब र अन्य व्यक्तिले गरेको संरक्षित खुलासाहरूको बारेमा अनुसन्धान गर्नका लागि सरकारले अनुसन्धान न्यायाधीकरणको स्थापना गऱ्यो जसलाई सर्वोच्च अदालतले अध्यक्षता गऱ्यो र सर्वोच्च अदालतले म्याककेब एक असल नागरिक भएको र आयरल्याण्डको जनताको हितका लागि काम गरेको हो भनी निष्कर्ष निकाल्यो।[२५५] यी घटनाहरूले प्रहरी प्रशासनलाई कसरी जवाफदेही बनाउन सकिन्छ र विशेष गरी ए गार्डा सिओचाना लोकपाल आयोगको शक्तिलाई कसरी सुदृढ पार्दै लाग्न सकिन्छ भन्ने विषयमा सुधार गर्न योगदान दियो र साथै वरिष्ठ राजनीतिज्ञ र गार्डा आयुक्तबीच भिन्नता पनि निर्धारण गऱ्यो।[२५६]

## ग) अभियोजन तथा सजायबाट उन्मुक्ति

राज्यको अधिकारीबाट भएको अपराधका पीडित वा साक्षीले अभियोजन तथा सजायबाट उन्मुक्तिको प्रत्याभूति नपाएसम्म घटनाको विवरण दिन तथा साक्षी बस्न इन्कार गर्न सक्दछ । उदाहरणका लागि राज्यको अधिकारीमाथि अत्यधिक बल प्रयोगको लागि अनुसन्धान भइरहँदा सोही घटनाका लागि पीडित वा साक्षीलाई प्रहरीमाथि दुर्व्यवहार गरेको आरोप लाग्न सक्ने अवस्था हुन सक्दछ । त्यस्तै उन्मुक्ति प्राप्त हुने सुनिश्चितता नभई राज्यको अधिकारी शंखघोषक बन्न चाहँदैन किनभने ती घटनामा तिनको पनि संलग्नता हुन सक्दछ ।

धेरै देशहरूमा अभियोजनकर्तासँग अभियोजनलाई सहयोग हुने गरी साक्षी बन्ने व्यक्तिलाई उन्मुक्ति दिने स्वविवेकीय अधिकार हुन्छ । साक्षीले दिने बकपत्र र प्रमाण सान्दर्भिक तथा महत्त्वपूर्ण भएको अवस्थामा त्यस्ता साक्षीमाथि कारवाही गर्नुभन्दा पनि साक्षीको रूपमा प्रयोग गर्नु उचित हुन्छ ।

यसरी उन्मुक्ति दिने कुरालाई महान्यायाधिवक्ताबाट स्वीकार वा पारित गरिनु पर्दछ र निश्चित घटनाको बारेमा उल्लेख गरी लिखित सहमति गर्नुपर्दछ । यसरी उन्मुक्ति दिने कुरा पनि विवादित छ किनभने यसो गर्दा सबैभन्दा धेरै दोषी व्यक्तिलाई मात्र सजाय हुन्छ । उदाहरणका लागि सन् २०१५ मा मेरिल्याण्ड, बाल्टीमोरमा फ्रेड्डी ग्रेको हत्यामा संलग्न एक जना प्रहरी अधिकारीलाई उन्मुक्ति दिई साक्षीको रूपमा प्रयोग गरियो भने ६ जना अन्य अधिकारीहरूमाथि अभियोजन गरियो ।[२५७]

आईआईएले अनुसन्धानमा सहयोग गर्ने साक्षी र शंखघोषकलाई संरक्षण दिनु आवश्यक छ । यसरी संरक्षण प्रदान गर्दा पारदर्शिताको पनि आवश्यकता पर्दछ । पारदर्शिताको बारेमा अर्को अध्यायमा चर्चा गरिएको छ ।

# पारदर्शिता

११

**सफल अनुसन्धानको प्रस्थानविन्दु भनेको पूर्ण र प्रभावकारी अनुसन्धान हो भने यस अध्यायमा आम नागरिकप्रतिको जवाफदेहीताको बारेमा चर्चा गरिएको छ।** प्रभावकारी अनुसन्धानको बारेमा आम नागरिकले थाहा पाएनन् भने सार्वजनिक निकायमाथि नागरिक निगरानीको बारेमा जन विश्वास प्रवर्धन हुन सक्दैन।

## क) अनुसन्धान सम्बन्धी सार्वजनिक वक्तव्य

घटना घटिसकेपछि सामाजिक सञ्जालमा राज्यको अधिकारीको तस्बिर प्रकाशित भएमा आम नागरिकले थप जानकारी माग गर्न थाल्छन्। यस्तो अवस्थामा राज्यको निकायले आम नागरिकलाई शान्त पार्नका लागि प्रायःजसो अपूरो वा गलत जानकारी राखी प्रेस वक्तव्य वा अन्य सार्वजनिक वक्तव्य निकाल्न सक्दछ।[२५८] अपूरो वा गलत जानकारीले घटनाको बारेमा साक्षीको स्मृतिलाई प्रभाव पार्न सक्दछ। तसर्थ, हामी आईआईएको अनुसन्धानको दौरान राज्यको निकायलाई सार्वजनिक वक्तव्य निकाल्न दिनु हुँदैन भनी सिफारिस गर्दछौँ। आईआईएको अनुसन्धानको दौरान राज्यको निकायले सार्वजनिक वक्तव्य निकाल्न परेमा वक्तव्यमा घटनाको बारेमा नलेखी आईआईएको अनुसन्धान जारी रहेको भन्ने व्यहोरा मात्र उल्लेख गर्नुपर्दछ।

**घटना घटिसकेपछि सामाजिक सञ्जालमा राज्यको अधिकारीको तस्बिर प्रकाशित भएमा आम नागरिकले थप जानकारी माग गर्न थाल्छन्।**

आईआईएले अनुसन्धानको दौरानमा आम नागरिकलाई अनुसन्धानको बारेमा जानकारी वा घटनाका प्रत्यक्षदर्शीलाई साक्षी बनी सहयोग गर्न अनुरोध गर्न परेमा सार्वजनिक वक्तव्य निकाल्न सक्दछ। उदाहरणका लागि ओन्टारियोको विशेष अनुसन्धान ऐनले आईआईएको निर्देशकलाई आवश्यकता अनुसार सार्वजनिक वक्तव्य निकाल्ने अनुमति दिन्छ। एसआईयु निर्देशकले अनुसन्धान वा प्रारम्भिक छानबिनको बारेमा निम्न अवस्थामा सार्वजनिक वक्तव्य निकाल्न सक्दछ : (क) आम नागरिकको विश्वास कायम राख्ने उद्देश्य भएमा र (ख) अनुसन्धानमाथि पर्ने कुनै नकारात्मक प्रभावभन्दा आम नागरिकको विश्वास कायम राख्नु सबैभन्दा महत्त्वपूर्ण भएमा।

## ख) अनुसन्धानको समाप्ती पश्चात सार्वजनिक वक्तव्य

अनुसन्धानको समाप्ती पश्चात यस प्रतिवेदनमा उल्लेख भए जस्तै निर्देशकसँग अभियोग लगाउने वा नलगाउने बारेमा निर्णय गर्ने अधिकार कानूनले दिएको अवस्थामा निर्देशकले मनासिव आधार खुलाई निर्णय गर्छन्। निर्णय गरिँदा कि त अभियोग लगाउने निर्णय हुन्छ

कि त अभियोग नलगाउने भनी हुन्छ। निर्णय जे भए पनि आईआईएले निर्णयको बारेमा परिवारका सदस्यलाई जानकारी दिनु पर्दछ।

अभियोग लगाउने निर्णय भएमा अनुसन्धान सम्बन्धी पारदर्शिताको विषय अदालती प्रक्रियाबाट सम्बोधन हुन्छ। अदालतले पुर्पक्षको दौरान दोषी वा निर्दोष भनी फैसला गर्दछ वा अभियोजनकर्ताले अभियोग फिर्ता लिन सक्दछ।

निर्देशकको दृष्टिकोणबाट हेर्दा परिवार र आम नागरिकप्रतिको जवाफदेहीता सुनिश्चित गर्ने कुरा अभियोग नलगाउने निर्णय गरिन्दा थप चुनौतीपूर्ण बन्न जान्छ। यस्तो निर्णय हुँदा सम्बन्धित पक्षहरूले अनुसन्धानका चरणहरूका साथै गम्भीर हानी वा हत्यामा संलग्न राज्यको अधिकारीलाई अभियोग नलगाउने निर्णयका कारणको बारेमा जान्न चाहन्छन्। केलीको मुद्दामा सरकारी वकिलले ९ जना व्यक्तिहरूको हत्यामा संलग्न सेनाहरूको विरुद्ध अभियोग दायर नगर्ने तथा अभियोजन नगर्ने भनी निर्णय गऱ्यो तर सो निर्णयका लागि मनासिव कारणहरू दिन नसक्दा मानव अधिकार सम्बन्धी यूरोपेली अदालतले मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धिको धारा २(१) मा प्रदत्त जीवनको अधिकारको हनन भएको भनी फैसला सुनाएको थियो।[२५९]

**अभियोजन नगर्ने भनी निर्णय गरिएको अवस्थामा आईआईएको निर्देशकले अनुसन्धानको बारेमा संक्षिप्त जानकारी तथा कारण खुलाई सार्वजनिक वक्तव्य जारी गर्नुपर्दछ।**

केलीको मुद्दाले अभियोजन नगर्ने भनी निर्णय गरिएको अवस्थामा आईआईएको निर्देशकले अनुसन्धानको बारेमा संक्षिप्त जानकारी तथा कारण खुलाई सार्वजनिक वक्तव्य जारी गर्नुपर्दछ भन्ने कुरालाई इंगित गर्छ। यसरी सार्वजनिक वक्तव्य जारी गरिदाँ अनुसन्धानको दायरा तथा अभियोजन नहुनुको कानूनी आधारहरूको बारेमा सम्बन्धित सबै पक्षहरूलाई जानकारी हुन्छ। विवादास्पद मुद्दाहरूमा निर्देशकको निर्णयसँग आम नागरिकले सहमति नजनाए पनि यसले आईआईएको अनुसन्धान प्रक्रिया र निर्णयका कारणहरूको बारेमा नागरिकहरूले थाहा पाउँछन्।

जमेकाको इन्डेकमले अभियोग दायर नगर्ने निर्णय भएका घटनाहरूको बारेमा आफ्नो प्रतिवेदनमा संक्षिप्त जानकारीसहित प्रकाशन गर्ने गरेको छ।[२६०]

नर्वेमा प्रहरी मामिला सम्बन्धी अनुसन्धानका लागि नर्वेली विभागले अभियोग दायर नगर्ने भनी गरेका निर्णयहरू लगायत सबै निर्णयहरूको विरुद्ध सार्वजनिक अभियोजन सम्बन्धी निर्देशनालयमा पुनरावेदन गर्न सकिन्छ।[२६१]

आईआईएको प्रतिवेदनले अभियोजन गर्न सिफारिस गरेको अवस्थामा अभियोजनकर्ताले मुद्दा नचलाउने निर्णय गरेमा आईआईएको निर्देशकलाई कारणसहित लिखितमा जानकारी गराउनु पर्दछ। तत्पश्चात आईआईएको अनुसन्धानको पूर्णतामाथि आम नागरिकको विश्वास बनाई राख्न निर्देशकसँग सो कारणहरू सार्वजनिक गर्ने स्वविवेकीय अधिकार हुनुपर्दछ।

केही अवस्थामा आईआईएको निर्देशक र अभियोजनकर्ताबीच मतभेद पनि हुन सक्दछ। अभियोजन हुनुपर्दछ भन्ने निर्देशकको विचार हुन सक्छ तर अभियोजनकर्तालाई अभियोजन हुनु पर्दैन भन्ने लाग्न सक्छ। यस्तो अवस्थामा आईआईएको निर्देशकसँग

बृहत् नागरिक सचेतना तथा बहस अघि बढाउन मद्दत हुने गरी अभियोजन हुनुपर्ने कारण खुलाई सार्वजनिक वक्तव्य जारी गर्ने स्वतन्त्रता हुनुपर्दछ।

## ग) अभियोग नलगाउने निर्णय सम्बन्धी प्रतिवेदन

आईआईएको निर्देशक र अभियोजनकर्ताबीच अभियोग दायर गर्ने तथा अभियोजन गर्ने बारेमा मतभेद हुन सक्छ। अभियोजन सम्बन्धी निर्णय अभियोजनकर्ताले नभई आईआईएको निर्देशकले गर्ने देशमा अभियोग लगाईसकेपछि पनि मुद्दा फिर्ता लिइन सक्छ। मतभेद हुनुको केही कारणहरू हुन सक्दछ। अभियोग लगाउने मापदण्ड पुर्पक्षको मापदण्डभन्दा कम कठोर हुन सक्दछ। त्यसको साथै अभियोग लगाइएको समय र पुर्पक्षको समयबीच परिस्थिति फरक हुनसक्दछ। उदाहरणका लागि साक्षीले आफ्नो बयान फिर्ता लिन सक्दछ वा नयाँ फरेन्सिक प्रतिवेदनले आरोपित व्यक्तिको दोषलाई फरक बनाई दिन सक्छ। अभियोग दायर गरिसकेपछि पनि अभियोजन बन्द हुनुको विभिन्न वैधानिक कारण हुन सक्दछन्। यस्तो अवस्थामा आम नागरिकले नियमित अदालतको इजलासमा राज्यको अधिकारी विरुद्ध फौजदारी अभियोग पुष्टि गर्न सक्ने प्रमाण पेश नगरिकन अभियोजन नगर्ने निर्णय लिन मात्र प्रयोग गरियो भन्ने कुरा बुझ्नु आवश्यक छ।

दक्षिण अफ्रिकाको आईपिआईडिको लागि एउटा प्रमुख चुनौती भनेको राष्ट्रिय अभियोजन प्राधिकरणले आफ्नो निर्णय तथा मुद्दाको परिणामको बारेमा आईपिआईडिलाई जानकारी गराउन पर्ने बाध्यकारी दायित्व छैन र आईपिआईडिले खासै जानकारी पनि पाउँदैन।[२६२] यसले जन विश्वासमा असर गर्दछ। तसर्थ हामी अभियोजन सेवाले आईआईएका निर्देशकलाई जानकारी गराउनु पर्ने बाध्यकारी दायित्व हुनुपर्ने कुरा सिफारिस गर्दछौ। यसको साथै आईआईएले दायर गरेको कुनै अभियोग फिर्ता लिइएको अवस्थामा आईआईएको निर्देशकलाई के कति आधारमा फौजदारी अभियोग लगाइएको हो भन्ने बारेमा प्रतिवेदन प्रकाशित गर्ने स्वतन्त्रता हुनुपर्दछ।

## घ) वार्षिक प्रतिवेदन

पारदर्शिता र स्वतन्त्रता सम्बन्धी नागरिक चासोहरू सम्वोधन गर्ने एउटा महत्त्वपूर्ण तरिका भनेको नियमित प्रतिवेदन हो।[२६३] धेरै आईआईएले वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गर्दछ जसमा वर्ष भरिको गतिविधि, बजेट, मुद्दा र निर्णय सम्बन्धी तथ्यांक र कानूनी जानकारी समावेश गरिएको हुन्छ। यस्ता वार्षिक प्रतिवेदनले आईआईएको गतिविधिलाई बयान गर्दै आम नागरिक तथा आईआईएमाथिको निरीक्षकसमक्ष जवाफदेही बनाउन मद्दत गर्छ।

प्रतिवेदनमा बल प्रयोगको बारेमा तथ्यांक नहुनु शंकाको विषय हुन सक्दछ। उदाहरणका लागि इजरायलको प्रहरी आन्तरिक अनुसन्धान विभागले विगतका केही वर्ष देखि आफ्नो कम्प्युटर प्रणाली पर्याप्त रूपमा परिष्कृत नभएको भन्ने कारण देखाउँदै प्रहरी हिंसाको

बारेमा परेको उजूरीहरू सम्बन्धी तथ्यांक सार्वजनिक गर्न अस्वीकार गर्दै आइरहेको थियो। नागरिक अधिकार सम्बन्धी संघले उच्च अदालतमा मुद्दा दायर गरेपछि सो निकायले आफ्नो कम्प्युटर प्रणाली अद्यावधिक गरिने र जनवरी २०२० देखि तथ्यांक प्रकाशन गर्ने कुराको जानकारी गऱ्यो।[२६४]

वार्षिक प्रतिवेदनले राज्यको अधिकारीबाट भएको बलको प्रयोग सम्बन्धी घटनाहरूको जानकारी तथा आईआईएबाट सो घटनाहरूमा भएको अनुसन्धानको बारेमा जानकारी दिन्छ। यसको साथै वार्षिक प्रतिवेदनको विश्वसनीयतालाई कायम राख्न आईआईए आफैले प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्दछ। प्रतिवेदन पूर्ण रूपमा आईआईएको आफ्नै प्रतिवेदन हुनुपर्दछ।

**जनसाँख्यिकीय तथ्यांकले निश्चित जातजातिमाथि लक्षित गरी राज्यबाट हिंसा भए नभएको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ।**

दक्षिण अफ्रिकाको आईपिआईडिले विस्तृत तथ्यांक, सूचांकाक, प्रशासकिय विषयवस्तु तथा बजेट लगायतका सबै विषयवस्तु समावेश गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्दछ। बेलायत र वेल्सका आईओपिसिले पनि नियमित प्रभाव प्रतिवेदन प्रकाशन गर्दछन्। जमैकाको इन्डेकमको ऐनले वार्षिक प्रतिवेदनको बारेमा मात्र उल्लेख गरेको भए तापनि यसले आम नागरिक र संसद्सँग नियमित संवाद जारी राख्न त्रैमासिक प्रतिवेदन पनि प्रकाशन गर्दछ। जर्जिया गणतन्त्रको राज्य निरीक्षकको सेवाले आफ्नो पहिलो वार्षिक प्रतिवेदन देखि नै अनुसन्धानको तथ्यांकको साथै सरकारी वकिलको कार्यालय र गैर-सरकारी संस्थासँगको सहकार्यको बारेमा जानकारी समावेश गर्दै आएको छ।

## ङ) ढाँचा विश्लेषण

केही आईआईएले दुर्व्यवहारको ढाँचा विश्लेषण गरी विषयगत प्रतिवेदन प्रकाशन गर्ने गरेको पाइन्छ। उदाहरणको लागि सन् २०१४ मा इन्डेकमले प्रहरी कारवाहीको क्रममा भएका हत्याको ढाँचा विश्लेषण गरेको थियो।[२६५] यस ढाँचा विश्लेषणको कारण प्रहरी कारवाही पश्चात तयारीको समीक्षा र लेखाजोखा गर्न प्रहरी अधिकारीहरूले घटना पश्चात प्रश्नावली/मूल्यांकन फाराम भराउने व्यवस्था लागू भयो। सन् २०१४–२०१९ को अवधिमा भएको मूल्यांकनले योजनाबद्ध प्रहरी कारवाहीमा घातक गोली चलाउने कार्य घटेको देखाउँछ। सन् २०१५ मा त्यस्तो घातक गोली चलाउने कार्य ३३ प्रतिशत देखि ३७ प्रतिशत थियो भने सन् २०१६ मा घटेर २५ प्रतिशत भयो। सन् २०१९ को तथ्यांकले हत्याको घटना १२ प्रतिशत भन्दा कम रहेको देखाउँछ। संख्यामा कुरा गर्ने हो भने सन् २०१३ मा २५८ वटा हत्या प्रहरीबाट भएको हत्या थियो भने सन् २०१९ मा ८६ वटा हत्या भएको देखिन्छ।[२६६]

## च) जनसाँख्यिकीय तथ्यांक संकलन

आईआईएले जनसाँख्यिकीय तथ्यांक संकलन गर्नुपर्दछ किनभने यसले प्रमाणमा आधारित सार्वजनिक नीति तयार गर्न मद्दत गर्छ । जनसाँख्यिकीय तथ्यांकले निश्चित जातजातिमाथि लक्षित गरी राज्यबाट हिंसा भए नभएको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । अमेरिकी सामाजिक संघले जनसाँख्यिकीय तथ्यांक संकलन गरिनु पर्ने कुरामा जोड दिदै भनेको छ कि जनसाँख्यिकीय तथ्यांकले "जातिको बारेमा विद्यमान वर्गिकरण र धारणा सम्बन्धी सामाजिक परिणाममाथि वर्तमान वैज्ञानिक र नागरिक बहस सम्बन्धी वैज्ञानिक प्रमाण प्रदान गर्दछ, यसले सामाजिक श्रेणी, स्रोतमाथिको पहुँच र जीवन अनुभव कसरी जाति अनुसार फरक छ भन्ने कुरा अभिलेखीकरण गर्न र सामाजिक न्यायलाई प्रवर्धन गर्नका लागि सामाजिक जीवनको विभिन्न महत्त्वपूर्ण आयाम बुझ्न मद्दत गर्दछ ।"[२६७] जातिवाद तथा असहिष्णुताको विरुद्ध यूरोपेली आयोगले पनि व्यक्तिगत तथ्यांकको संरक्षण मापदण्डको पूर्ण परिपालना गरी व्यक्तिगत पहिचान नखुल्ने गरी सामूहिक तथ्यांकका रूपमा प्रहरी प्रशासन सम्बन्धी अभ्यासको मूल्यांकन गर्न जाति सम्बन्धी तथ्यांक संकलन गर्न अनुरोध गरेको छ ।[२६८]

प्रहरी अधिकारीबाट हुने हत्या र जातजाति सम्बन्धी हालका अध्ययनहरूले दुईटा कुराबीच सम्बन्ध भएको देखाएको छ । अगस्त २०२०को ओन्टारियो मानव अधिकार आयोगको प्रतिवेदनले क्यानाडाको टोरोन्टोमा श्वेत व्यक्तिको तुलनामा अश्वेत व्यक्ति प्रहरीको गोलीबाट मारिने सम्भावना २० गुणा बढी छ भन्ने निष्कर्ष निकालेको थियो ।[२६९] भारतको दिल्लीस्थित यातनाविरुद्धको राष्ट्रिय अभियानको प्रतिवेदन अनुसार सन् २०१९ मा भारतको हिरासत तथा थुनामा १,७३१ जना व्यक्तिहरूको हत्या भएको थियो जसमा धेरै पीडितहरू मुस्लिम र कथित तल्लो जातका हिन्दुहरू थिए ।[२७०] सन् २०१८ मा वासिंगटन पोष्टले संयुक्त राज्य अमेरिकामा प्रहरीबाट गोली प्रहार भएको घटनाको तथ्यांक संकलन गऱ्यो । सो तथ्यांक अनुसार त्यो वर्ष ९८२ जनाको हत्या प्रहरीबाट भएको देखियो । अमेरिकाको जनसंख्याको १३ प्रतिशतमात्र अश्वेत नागरिक भए पनि २३ प्रतिशत घटनाका पीडित अश्वेत नागरिकहरू थिए ।[२७१]

यी तथ्यांकले जातजाति र राज्यबाट हुने बल प्रयोग सम्बन्धी जटिल विषयमा सामाजिक नीति तय गर्न मद्दत गर्दछ । तसर्थ, हामी आईआईएलाई जाति र जनजाति सम्बन्धी तथ्यांक संकलन गरी व्यक्तिगत पहिचान नखुल्ने गरी सामूहिक तथ्यांक बनाई वार्षिक प्रतिवेदनमा प्रकाशन गर्न सिफारिस गर्दछौँ । यसको साथै पहिचान नखुल्ने गरी संकलन गरिएको अप्रशोधित तथ्यांकलाई सामाजिक अनुसन्धानकर्ताले थप विश्लेषण गरी निष्कर्ष निकाल्नका चाहेको अवस्थामा सो तथ्यांक उपलब्ध गराइनु पर्दछ ।

# अभियोजन तथा पुर्पक्ष

१२

**यस अध्ययनका क्रममा अन्तर्वार्ताको सहभागीहरूले राज्यको अधिकारीबाट भएको गम्भीर अपराधको लागि अनुसन्धान तथा अभियोजन गर्ने सुसंगत प्रणालीको आवश्यकता रहेको कुरामा जोड दिएका थिए।** यस्तो अनुसन्धान ज्यादै जटिल हुन्छ किनभने अन्य राज्यको अधिकारी (प्रहरी तथा अन्य सुरक्षा अधिकारी) लाई जवाफदेही बनाउन अनुसन्धान गर्ने कर्मचारी (आईआईएको कर्मचारी) चाहिन्छ। राज्यको अधिकारीको अभियोजन आफैमा जटिल छ। प्रहरी मामिला सम्बन्धी नर्वेली अनुसन्धान विभाग र इजरायलको मचासबाहेक यस प्रतिवेदनमा अध्ययन गरिएका आईआईएसँग अभियोजन गर्ने अधिकार छैन।

## क) अभियोजन

स्थानीय अभियोजनकर्ताले प्रहरी र अन्य राज्यको अधिकारीसँग नजिक रहेर काम गर्ने हुनाले राज्यको अधिकारीबाट भएको अपराधको अभियोजन गर्ने बेलामा स्वार्थको द्वन्द्वको अवस्था आउन सक्दछ। राज्यको अधिकारीबाट भएको गम्भीर अपराध सम्बन्धी स्वतन्त्र अनुसन्धान आईआईएले गर्छ तर माथि उल्लेख गरिएजस्तै धेरै आईआईएसँग अभियोजन गर्ने अधिकार छैन। तसर्थ अनुसन्धान मात्र नभई अभियोजन गर्न पनि स्वतन्त्र प्रणालीको विकास गर्नु आवश्यक छ।

**स्थानीय अभियोजनकर्ताले प्रहरी र अन्य राज्यको अधिकारीसँग नजिक रहेर काम गर्ने हुनाले राज्यको अधिकारीबाट भएको अपराधको अभियोजन गर्ने बेलामा स्वार्थको द्वन्द्वको अवस्था आउन सक्दछ।**

यस्तो प्रणालीको कुरा गर्दा कानूनी प्रणाली, राजनीतिक र सुरक्षा पृष्ठभूमिले पनि असर गर्दछ। तथापि, निश्चित संरचना जे भए तापनि राज्यको अधिकारीबाट भएको गम्भीर अपराधमा जवाफदेहीता सुनिश्चित गर्न प्रतिबद्ध अनुसन्धानकर्ता तथा अभियोजनकर्ताको आवश्यकता पर्दछ।

आईआईएले अभियोजन गर्न सिफारिस गरेको मुद्दामा अभियोजन सेवा अन्तर्गत विशिष्टकृत विभागले अभियोजन गर्नुपर्दछ र विशिष्टकृत विभागले आईआईएसँग समन्वयमा काम गर्नुपर्दछ। (कमन ल प्रणालीमा आईआईएका निर्देशकलाई बार एसोसियनको कानूनी परामर्श सम्बन्धी सेवा प्राप्त गर्ने अधिकार हुनुपर्दछ।) आईआईए सम्बन्धी मुद्दामा प्रतिबद्ध अभियोजनकर्ता हुनुले जनविश्वास बढ्छ किनभने विशिष्टकृत अभियोजनकर्ता प्रहरीसँग आबद्ध हुँदैन। विशिष्टकृत अभियोजन विभागले राज्यको अधिकारीबाट भएको गम्भीर अपराध सम्बन्धी विषयमा बृहत् दृष्टिकोणसहित काम गर्न सक्दछ। यसको साथै यस्तो विभागको अभियोजनकर्ताले आईआईएको कार्यादेशसँग सम्बन्धित इस्तानबुल प्रोटोकल र मिनेसोटा प्रोटोकलका साथै अन्य अनुसन्धानात्मक मापदण्ड सम्बन्धी तालिम प्राप्त गर्नुपर्दछ।

महान्यायाधिवक्ताको कार्यालयभित्र रहेको केही विशिष्टकृत एकाइले आईआईएको जस्तो अनुसन्धानात्मक काम गर्दछ भने राज्यको अधिकारीबाट भएको अपराधको अभियोजनको लागि जिम्मेवार हुन्छ। यस्ता एकाइ अभियोजनकर्ताको आन्तरिक प्रस्तावहरू[२७२] बाट स्थापना गरिने हुनाले सजिलै भंग पनि गर्न सकिन्छ (उदाहरणको लागि रियो द जेनेरियोको गिएइएपि मार्च २०२१ मा भंग गरियो) तर यस्ता एकाइ व्यवहारिक रूपमा स्वतन्त्र रहने गर्दछ वा स्वतन्त्र जस्तो देखिन्छ। अर्जेन्टिनाको प्रोक्युभिनको स्थापना संघीय महान्यायाधिवक्ताको कार्यालयको प्रस्तावबाट भएको थियो भने सन् २०१८ मा राष्ट्रको महान्यायाधिवक्ताको कार्यालय सम्बन्धी ऐनमा यसलाई समावेश गरियो।[२७३] अमेरिकामा न्याय विभाग, नागरिक अधिकार शाखाको फौजदारी एकाइको स्थापना कानूनबाट भएको थियो।[२७४]

प्रोक्यूभिनले जटिल कानून प्रणालीमा काम गर्दछ। अर्जेन्टिना संघीय राज्य हो र सबै अपराधहरू संघीय अपराध संहितामा संहिताबद्ध गरिएको छ। तर प्रत्येक प्रान्तमा आफ्नै प्रान्तिय फौजदारी कार्यविधि संहिता छ।[२७५] संघीय अभियोजनकर्ताले निश्चित कानूनमा व्यवस्था भएको "संघीय" अपराधहरूको मात्र अनुसन्धान गर्दछ (उदाहरणका लागि लागू औषधी सम्बन्धी अपराध वा संघीय प्रहरीले गरेको अपराध)। संघीय राज्यको अधिकारीबाट भएको अपराध सम्बन्धी मुद्दा संघीय अभियोजनकर्तासमक्ष पठाइन्छ र त्यसपछि संघीय अभियोजनकर्ताले प्रोक्यूभिनलाई पठाउँछ। सामान्यतया प्रोक्यूभिनले मुद्दा लिँदैन तर अभियोजनकर्ताको साथमा काम गर्दछ वा आमसञ्चार वा गैर-सरकारी संस्थाको प्रतिवेदनमा आधारित भएर केही मुद्दा आफै अनुसन्धान गर्न सुझाव दिन्छ। प्रोक्यूभिनले सेनाबाट भएको अपराधको अभियोजन गर्दैन तर आम नागरिकसँग सम्बन्धित वा मानव अधिकार उल्लंघनसँग सम्बन्धित भएमा सेना सम्बन्धी मुद्दा पनि नियमित अदालतमा अभियोजन हुन्छ।[२७६] प्रोक्यूभिनले अभियोजन गरेका केही मुद्दामा उजूरीकर्ता (क्वारेलेन्टे) भई काम गरेको अर्जेन्टिनाको एक महत्त्वपूर्ण मानव अधिकार संस्था कानूनी तथा सामाजिक अध्ययन केन्द्र (सेन्ट्रो दे इस्टुडियोस लेगालेस ये सोसियालेस) का अनुसार प्रोक्युभिन जस्तो निकायको स्थापनाले संस्थागत हिंसाका लागि जवाफदेहीता सुनिश्चित गर्ने काम संघीय अभियोजनकर्ताको प्राथमिकता हो भन्ने सन्देश दिएको छ। साथै यो पनि सत्य हो कि प्रोक्यूभिनलाई अभियोजनकर्ताको सामान्य नीतिमा निर्भर बनाउनुको सट्टा अझै कार्यगत स्वतन्त्रता दिन सकिन्छ।[२७७] यसले अझै प्रभावकारी अनुसन्धानात्मक क्षमता अभिवृद्धि गर्न सक्दछ भने घटनास्थलको परीक्षण गर्न सक्ने फरेन्सिक अनुसन्धानकर्तालाई तालिम पनि दिन सक्छ।[२७८]

युक्रेनमा महान्यायाधिवक्ताको कार्यालयको यातना तथा अन्य मानव अधिकार उल्लंघन सम्बन्धी विशिष्टकृत विभागले अनुसन्धान सम्बन्धी राज्य विभाग (एसविआई) लाई कार्यविधिगत मार्गदर्शन दिन्छ। यो विभागको स्थापना सन् २०१९ मा भएको हो।[२७९] यस विशिष्टकृत विभागमा विभाग प्रमुख, १९ जना अभियोजकर्ता र पाँच जना अन्य कर्मचारीहरू छन्। विशिष्टकृत विभागका अभियोजनकर्ताले एसविआईलाई अनुसन्धानमा मार्गदर्शन दिनुका साथै विभिन्न अनुसन्धानात्मक कार्यहरू आफै गर्दछ। विशिष्टकृत विभागले ज्यादै कठिन तथा चर्चित मुद्दा भने आफैले अनुसन्धान गर्छ। यसको साथै विभागका अभियोजनकर्ताको समूहले यातना तथा गैर-कानूनी थुना

सम्बन्धी ढाँचा विश्लेषन गर्न क्षेत्रीय अभियोजनकर्ताको कार्यालयसँग सम्बन्ध विस्तार गर्ने, उजूरीका बारेमा जानकारी संकलन गर्ने, अनुसन्धान तथा अभियोजन गर्ने गर्दछ। क्षेत्रीय अभियोजनकर्ताले सम्बन्धित मुद्दाको मिसिल विभागलाई पठाउनु पर्दछ। त्यसपछि विभागले मिसिल आफैसँग राख्न सक्छ वा विस्तृत निर्देशनसहित क्षेत्रीय अभियोजनकर्तालाई नै मिसिल फिर्ता पठाउन पनि सक्छ। हाल विभागले सेनाबाट भएको अपराधमा मार्गनिर्देशन दिने वा अभियोजन गर्ने गर्दैन तर पर्याप्त स्रोत तथा इच्छाशक्ति भएमा महान्यायाधिवक्ताको कार्यालयको प्रस्तावबाट कार्यादेश विस्तृत बनाउन सकिन्छ।[२८०]

**राज्यले पीडित र पीडितका परिवारले शुरू गर्न सक्ने देवानी मुद्दा वा निजी अभियोजन जस्ता अन्य कारवाहीलाई रोक्नु हुँदैन।**

रियो द जेनेरियोको गिएइएसपी भंग हुनुभन्दा पहिला यसमा नागरिक प्रहरी, सेना प्रहरी र कारागार अधिकारीबाट भएको जीवनको अधिकार वा व्यक्तिगत अखण्डता सम्बन्धी अधिकारको उल्लंघनको अनुसन्धान गर्ने अभियोजनकर्ता समावेश थिए। संस्थागत विषय तथा सार्वजनिक सरोकारको विषयमा सुधार गर्न प्रहरीसँग "कार्यान्वयन सम्झौता" पनि विकास गरिसकेको थियो। तर गिएइएसपीका अभियोजनकर्ताले अभियोग दायर गरेपनि अदालतमा मुद्दाको अभियोजन भने नियमित अभियोजनकर्ताबाट हुने गर्दथ्यो जसले प्रहरीसँग नजिकबाट काम गर्ने गर्दथ्यो भने राज्यको अधिकारी विरुद्ध अभियोजन गर्न विशेषज्ञता हासिल गरेको थिएन।[२८१]

अमेरिकामा न्याय विभागको नागरिक अधिकार शाखाको फौजदारी एकाइले प्रहरीको खराब आचरणका लागि फौजदारी अभियोजन गर्न सक्छ।[२८२] न्याय विभागको विशेष मुद्दा शाखा ढाँचा र अभ्यास सम्बन्धी अनुसन्धानका लागि जिम्मेवार छ भने यसले नागरिक मुद्दा तथा प्रहरी विभाग अन्तर्गत "सहमति आदेशहरू" मा पनि काम गर्दछ।[२८३] कुनै फौजदारी अपराध न्याय विभागको फौजदारी शाखा अन्तर्गत पनि पर्ने र दुर्व्यवहारको ढाँचा विश्लेषण पनि गर्नुपर्ने भएमा फौजदारी अभियोजनलाई प्राथमिकता दिईनु पर्दछ। फौजदारी शाखाका लागि तथ्य पत्ता लगाउने र प्रमाणहरू संकलन गर्ने काम संघीय अनुसन्धान विभागबाट गरिन्छ जुन औपचारिक रूपमा न्याय विभागको भाग हो तर स्वतन्त्र रूपमा काम गर्दछ। फौजदारी शाखाका वकिलहरूले उजुरीहरू (वा फौजदारी अनुसन्धानका लागि निवेदन) प्रत्यक्ष रूपमा वा अर्को निकाय मार्फत प्राप्त गर्न सक्छन्, उजूरी प्राप्त नभए पनि आफै अनुसन्धान शुरू गर्न सक्छन् र राज्यका महान्यायाधिवक्ताबाट पनि निर्देशन प्राप्त गर्न सक्छन्। राज्यका महान्यायाधिवक्ताले राज्यको अधिकारीको संलग्नता भएको मृत्यु वा हत्याका घटनाहरूको सूचना दिनुपर्छ। संयुक्त राज्य अमेरिकामा हिरासतमा भएको मृत्यु सम्बन्धी ऐन छ (जस अनुसार हिरासतमा भएको मृत्युको बारेमा तथ्यांक राखी सो तथ्यांकका आधारमा अनुसन्धान गर्न आवश्यक भए नभएको निष्कर्ष निकाल्न सकिन्छ ) तर यस ऐनको कार्यान्वयन भने खासै भएको छ।[२८४]

## ख) प्रत्यायोजित तथा निजी अभियोजन

सन् २००५ को संयुक्त राष्ट्र संघीय मानव अधिकार आयोगको स्वतन्त्र विज्ञको प्रतिवेदन – दण्डहीनता अन्त्य सम्बन्धी सिद्धान्तले अभियोजन गर्ने निर्णय प्रमुख रूपमा राज्यको भए

पनि राज्यले पीडित र पीडितका परिवारले शुरू गर्न सक्ने देवानी मुद्दा वा निजी अभियोजन जस्ता अन्य कारवाहीलाई रोक्नु हुँदैन भनी भनेको छ। कुनै पनि विषयमा वैधानिक हित भएको कुनै व्यक्ति, समूह वा गैर-सरकारी संस्थालाई "हकदैया" दिइनुपर्दछ।[२८५]

दक्षिण अफ्रिकामा अभियोजनलाई विभिन्न तरिकाबाट सहयोग गर्नुपर्ने ठूलो आवश्यकता देखिएको छ। दक्षिण अफ्रिकामा राष्ट्रिय अभियोजन प्राधिकरण (एनपिए) मा वर्षौंसम्म व्यवस्थापनमा समस्या भयो जसले गर्दा वर्तमान निर्देशकले प्राधिकरणको सुधार गर्ने प्रयास गरे पनि प्रहरी तथा राज्यका अन्य अधिकारीबाट भएको दुर्व्यवहारको मुद्दा प्राथमिकतामा पर्न सकेको छैन।[२८६] राज्यको अधिकारीलाई अभियोजन गर्न एनपिएसँग नीतिगत निर्देशन छ तर अभियोजनकर्तालाई आफूभन्दामाथिको वरिष्ठ अभियोजनकर्ताबाट अनुमति चाहिन्छ।[२८७] एनपिएले अभियोजन सम्बन्धी गर्ने निर्णयको बारेमा आईपिआईडिलाई जानकारी गराउने कुनै स्पष्ट दायित्व वा समयसीमा तोकिएको छैन। सन् २०१९–२०२० को वार्षिक प्रतिवेदनमा आईपिआईडिले एनपिएलाई पठाएको १,५९४ वटा मुद्दामा अझै जानकारी प्राप्त नभएको उल्लेख गरेको छ। ७८५ वटा मुद्दामा भने अभियोजन नहुने निर्णय भएको छ भने ५५ वटा मुद्दामा अभियोजन हुने निर्णय भएको छ र ९ वटा मुद्दाहरू भने फिर्ता लिइएको छ।[२८८] हालैका वर्षमा मुद्दाको तथ्यांकको बारेमा छलफल गर्न तथा मुद्दा सम्बन्धी विद्युतीय व्यवस्थापन प्रणाली विकास गर्न एनपिएले आईपिआईडिसँग नियमित बैठक गर्न थालेको छ।

एनपिएले अभियोजन गर्ने आफ्नो अधिकार अर्को निकायलाई प्रत्यायोजन गर्न सक्छ। यसले ट्राफिक कसूर सम्बन्धी मुद्दामा अभियोजन गर्ने अधिकार प्रत्यायोजन गरेको छ। कानूनी रूपमा केही निश्चित मुद्दाको अभियोजन गर्न आईपिआईडिलाई अधिकार प्रत्यायोजन गर्न सकिन्छ। यसरी प्रत्यायोजित गरिएको अवस्थामा राज्यले निजी वकिललाई शुल्क तिरी अभियोजन गर्न गराउन सकिन्छ। दक्षिण अफ्रिकामा एनपिएले अभियोजन नगर्ने भनी प्रमाणपत्र जारी गरेको अवस्थामा निजी अभियोजन गर्न सम्भव छ।[२८९]

जमैका र ट्रिनिडाड र टोबागोमा सार्वजनिक अभियोजन सम्बन्धी विभागले पत्र जारी गरी निजी व्यक्तिलाई अभियोजनमा संलग्न गराउन सक्दछ। न्यायका लागि जमैकी नागरिक जस्ता मानव अधिकार समूहले प्रहरी अधिकारीमाथि अभियोजन गर्न यसको प्रयोग गर्दैआइरहेको छ।[२९०]

## ग) पुर्पक्ष

अनुसन्धान गर्दा प्रथम दृष्टिमै राज्यको अधिकारीमाथि लागेको आरोप सावित गर्ने प्रमाण प्राप्त भएमा तिनलाई कानूनी मापदण्ड प्रयोग गरी अभियोजन गरिनु पर्छ भन्ने विषयमा विवाद हुँदैन तर कुन निकायले आरोपित व्यक्ति दोषी हो कि निर्दोष भनी न्याय निरुपण गर्ने हो भन्ने विषयमा प्रश्न उठ्न सक्दछ। संयुक्त राष्ट्र संघले विधिको शासनको परिभाषा

गर्दा राज्य कानूनप्रति जवाफदेही हुन पर्ने छ जुन "कानून सबैलाई समान रूपले लागू हुनुको साथै स्वतन्त्र रूपमा न्याय निरुपण" गरिन्छ भनी उल्लेख गरेको छ।[२९१]

स्वतन्त्र न्याय निरुपण जवाफदेहीताको महत्त्वपूर्ण भाग हो। यस अन्तर्गत पत्रकारलाई निर्वाध पहुँच भएको खुल्ला इजलासमा सुनुवाइ, राज्यबाट स्वतन्त्र, स्वार्थको द्वन्द्व नभएको तथा निर्णयका लागि आधार खुलाउने न्यायाधीश, पूर्वाग्रहरहित र प्रतिशोधबाट मुक्त जुरीका सदस्यहरू पर्दछन्। सुनुवाइको क्रममा भएको कानूनको त्रुटी सुधार गर्न पुनरावेदन सम्बन्धी संयन्त्र हुनुपर्दछ। न्याय निरुपणको विषयमा सेनाले गरेको मानव अधिकारको उल्लंघनका विषयको पुर्पक्ष पनि पर्दछ जुन नियमित अदालतमा हुनुपर्दछ।[२९२]

राज्यको अधिकारी विरुद्धको केही मुद्दामा मात्र पुर्पक्ष हुन्छ भने त्यसमध्ये पनि केही मुद्दामा मात्र सजाय हुन्छ। सन् २०१९–२०२० मा दक्षिण अफ्रिकाको आईपिआईडिमा भएको मुद्दाको कुल संख्या ५,६४० थियो।[२९३] तर त्यो अवधिमा आईपिआईडिले अनुसन्धान गरेका १३६ वटा मुद्दामा मात्र पुर्पक्ष भयो भने करिब त्यसको आधाजति मुद्दामा मात्र राज्यको अधिकारीलाई सजाय भयो।[२९४] राष्ट्रिय अभियोजन प्राधिकरणले आईपिआईडिको सिफारिस अनुसार फौजदारी अभियोजन गर्न स्वीकार गरेको बेलामा कुल ७०१ वटा मुद्दा अदालतमा विचाराधीन थिए।[२९५]

युक्रेनमा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत स्थापना भएको नयाँ विशेष विभागले अपराध भएको क्षेत्रभन्दा पनि अर्को क्षेत्राधिकारमा मुद्दा अभियोजन गर्ने गर्दछ। यौन दुर्व्यवहार, यातना र व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने अपराध हुने गरी गोप्य रूपमा थुनामा राख्ने विषयसँग सम्बन्धित मुद्दामा स्थानीय प्रहरी चौकीका प्रमुखविरुद्ध पुर्पक्ष हुँदा त्यहाँको स्थानीय अदालतका न्यायाधीशले स्वार्थको द्वन्द्वलाई मध्यनजर गरी मुद्दा हेर्न नमिल्ने भनी निष्कर्ष निकाल्यो। पुनरावेदन अदालतले सो मुद्दालाई अर्को नजिकको अदालतमा स्थानान्तरण गऱ्यो।[२९६] यस्ता कदमहरू सधै सही नभए तापनि न्यायिक स्वतन्त्रता कायम राख्न र न्यायाधीश तथा अन्य अदालतका कर्मचारीलाई प्रतिशोधको धम्कीबाट बचाउन आवश्यक हुन सक्दछ।

पुर्पक्ष अगाडि र पछाडि राज्यको अधिकारी विरुद्ध पुर्पक्ष गर्ने व्यक्तिलाई संरक्षण गर्न आवश्यक छ। यस्तो संरक्षण साक्षी र पीडितको लागि महत्त्वपूर्ण छ। विशेष गरी राज्यको अधिकारीलाई सजाय भएमा र पीडित थुनामा भएमा यो अझै महत्त्वपूर्ण हुन जान्छ। अर्जेन्टिनामा एउटा महत्त्वपूर्ण मुद्दामा प्रोक्युभिन लगायत संघीय न्यायपालिकाले अनुसन्धान र अभियोजन गऱ्यो।[२९७] २० वर्षिय ब्रायन नुनेजलाई यातना दिने ४ जना सुरक्षाकर्मीलाई सजाय भयो तर पीडित कारागारमै थियो। सन् २०१५ मा चार वर्षपछि नुनेजले अन्तर्वार्तामा फरक तरिकाबाट आफूमाथि निरन्तर दुर्व्यवहार भएको बताए। कारागारका सुरक्षाकर्मीले तिनलाई औषधी नदिने, खुल्ला ठाउँमा जान नदिने र चिसो खाना दिने गऱ्यो। न्यायाधीशले नुनेजलाई २४ घण्टा निगरानीमा राख्न आदेश दियो र कारागारका अधिकारीले तिनको कोठामा क्यामेरा राखी दिए। यो सुरक्षाको उपायले झन अफठ्यारो भयो किनभने तिनी क्यामेराभन्दा टाढा जान पाएनन्।[२९८]

केही अवस्थामा न्यायाधीश र वकिललाई पनि निशाना बनाउन सक्छन् । सन् २०११ मा रियो द जेनेरियोमा न्यायाधीश प्याट्रिसिया एसियोलीको आफ्नै घर नजिक हत्या भयो । त्यो बेला उनी आफ्नै कारमा थिइन । एसियोलीले डेथ स्वाड र मिलिसिया समूहमा संलग्न करिब ६० जना प्रहरीलाई सजाय सुनाएकी थिइन् ।[२९९] ब्राजिलको न्यायाधीश संघको अनुसार एसियोलीको हत्या पश्चात सरकारी सुरक्षा माग गर्ने न्याय सेवाका कर्मचारीको संख्या ४०० प्रतिशतले बढेको छ ।[३००] स्थानीय प्रहरी प्रमुख र ७ जना प्रहरी अधिकारीलाई एसियोलीको हत्याका लागि पक्राउ गरिएको थियो ।[३०१] पुर्पक्षको दौरान एक प्रहरी अधिकारीले गैर-न्यायिक हत्याको आरोप लागेका तीन जना प्रहरी अधिकारीको पक्राउ आदेश जारी गरेको प्रतिशोध साँध्न एसियोलीको हत्या गरिएको बताए ।[३०२]

निष्पक्ष न्याय निरुपण भनेको सत्यको खोजी मात्र नभई न्यायको खोजी पनि हो । फौजदारी न्याय प्रक्रियामा न्यायको अवधारणा र सत्यको अवधारणबीच अन्योलता पनि हुने गर्दछ । उदाहरणका लागि निष्पक्ष पुर्पक्षले अभियुक्तको लागि पर्याप्त प्रतिनिधित्व, प्रमाणको नियम र शंकारहित तरिकाबाट आरोपको पुष्टिको सुनिश्चितता गर्दछ । गलत तरिकाले सजाय नहोस भनी सुनिश्चित गर्ने मापदण्डका कारण अभियुक्तलाई सजाय नहन पनि सक्दछ जुन आम नागरिकले स्वीकार गर्न नसक्ने पनि हुन्छ । तथापि आम नागरिकले पुर्पक्ष सही तरिकाबाट र निष्पक्ष रूपमा भएको थियो भन्ने बुझेमा असहमतिका बाबजुद परिणामलाई स्वीकार गर्न सक्ने हुन्छ । पुर्पक्षको परिणाम सजाय वा सफाई जेभए तापनि जवाफदेहीताको पहिलो खुड्किलो भनेको फौजदारी अपराधको विश्वसनीय प्रमाण जुटाउने स्वतन्त्र अनुसन्धान हो ।

# निष्कर्ष

१३

**राज्यको अधिकारी भनेको को हुन् भन्ने प्रश्न पुरानो यक्ष प्रश्न हो ।** यो प्रश्नको उत्तर राज्यको अधिकारीको उचित भूमिका र विशेष गरी प्रहरीको भूमिका तथा प्रहरीबाट भएको उल्लंघनको सम्वोधन गर्ने विषयमा केन्द्रित भई चलेका छलफलले दिन खोजेको छ । कोभिड-१९ को कारणले भएको लकडाउन (बन्दाबन्दी) तथा अन्य निधेष लागू गर्न गराउन राज्यको अधिकारीबाट भएको बलको प्रयोगले सामान्यतया राज्यको अधिकारीबाट हुने बल प्रयोगलाई नियन्त्रण गर्न र दुरुपयोगको लागि जवाफदेहीता सुनिश्चित गर्नु आवश्यक छ भन्ने कुरा पुनः स्मरण गराएको छ । यसका साथै वितेको दशकमा नयाँ आईआईए र अभियोजन विभागको स्थापना र केही विद्यमान स्वतन्त्र निकायको सुदृढीकरण लगायत राज्यको अधिकारीबाट हुने उल्लंघनका लागि जवाफदेहीता खोज्ने विषयमा उल्लेख्य प्रगति भएको थियो ।

स्वतन्त्र अनुसन्धान निकायको लक्ष्य भनेको आम नागरिक विरुद्ध गम्भीर अपराध गर्ने राज्यको अधिकारीलाई न्यायको कठघरामा ल्याउनु हो जुन लक्ष्य स्वतन्त्र, प्रभावकारी, पूर्ण र पारदर्शी अनुसन्धानबाट मात्र प्राप्त गर्न सकिन्छ । यस प्रतिवेदनमा दिइएका सिफारिसको कार्यान्वयन गरी नागरिक, सरकार र कानून कार्यान्वयन गर्ने निकायले गलत अभ्यासमा सुधार गरी असल अभ्यास अवलम्बन गरी प्रहरी प्रशासनलाई राम्रो बनाउन सकिन्छ । यो उद्देश्य प्राप्त भएमा बल प्रयोग गर्न अधिकार प्राप्त राज्यको निकायलाई विधिको शासनप्रति जवाफदेही बनाइनेछ भन्ने विश्वासका साथै कानून कार्यान्वयन गर्ने राज्य संयन्त्रमा जन विश्वास बढ्नेछ । यस प्रतिवेदनले यो उद्देश्य प्राप्त गर्न गराउन योगदान गर्न खोजेको छ ।

यस प्रतिवेदनले आईआईएको कामको समीक्षा गरी महत्त्वपूर्ण सिकाई उजागर गर्दै मुख्य सिफारिस प्रस्तुत गरको छ जुन अर्को अध्यायमा समावेश गरिएको छ । तर यो प्रतिवेदनमा लेखिएको कुरा मात्रै पूर्ण र पर्याप्त होइन । हामी आशा गर्दछौँ कि यसले आईआईएको विषयमा थप अध्ययन अनुसन्धान गर्न प्रोत्साहित गर्नेछ । यस विषयमा थप अनुसन्धान तथा जानकारीका लागि सन्दर्भ स्रोतको सूची पनि समावेश गरिएको छ ।

# सिफारिस

## १ स्वतन्त्र अनुसन्धान निकायको स्वतन्त्रता

**कानून :** आईआईएको वास्तविक स्वतन्त्रता सुनिश्चित गर्नका लागि प्रहरी प्रशासन सम्बन्धी ऐन कानूनमा नभई आईआईए सम्बन्धी छुट्टै कानून बनाई आईआईएको स्थापना गर्नुपर्दछ।

**आईआईएमाथिको निकाय :** राष्ट्रिय कानून प्रणालीले अनुमति दिएको अवस्थामा आईआईएले विधायिकी संसद्लाई कार्य प्रतिवेदन बुझाउने व्यवस्था गर्नुपर्दछ। सकेसम्म कार्यपालिकाको प्रभावबाट आईआईएलाई टाढा राख्नु पर्दछ।

**बजेट :** आईआईएले आफ्नो कार्यादेश अनुसार काम गर्न सक्ने बनाउनका लागि पर्याप्त बजेटको व्यवस्था हुनु आवश्यक छ।

**कार्यालय :** आधिकारीक व्यक्तिको मात्र पहुँच हुने गरी आईआईएको कार्यालय अन्य राज्यका निकायको कार्यालयभन्दा फरक स्थानमा हुनुपर्दछ।

## २ नेतृत्वको स्वतन्त्रता र जिम्मेवारी

**नियुक्ति :** कानूनमै आईआईएको निर्देशक लोकपाल जस्तै उच्चत्तम स्वतन्त्र हुने कुराको सुनिश्चितता गरिनु पर्दछ। निर्देशक हुनका लागि योग्य उम्मेदवारको छनोट सरकारका विभिन्न अंगहरू, राजनीतिक दल र नागरिक समाज सम्मिलित सार्वजनिक आयोग/प्रक्रियाबाट हुनुपर्दछ र नियुक्तिको अनुमोदन विधायिकी संसद्बाट हुनुपर्दछ।

**कार्यकाल :** आईआईएको निर्देशकलाई निश्चित कार्यकालको लागि नियुक्त गरिनु पर्दछ।

**बर्खास्ती :** कार्यकालभन्दा अगाडि निर्देशकलाई पदबाट बर्खास्ती गर्ने हो भने न्यायोचित कारणको आधारमा पर्याप्त संरक्षण दिई (उदाहरणका लागि संसद्को सर्वोच्च बहुमतबाट मात्र) बर्खास्ती गर्न सकिने व्यवस्था गर्नुपर्दछ।

**जिम्मेवारी :** अभियोग लगाउने नलगाउने भन्ने निर्णय गर्ने पूर्ण जिम्मेवारी निर्देशकको हुनुपर्दछ। अभियोजनकर्ताले अभियोग सम्बन्धी निर्णय गर्ने अवस्थामा अभियोजन नगर्ने निर्णय गरिएमा अभियोजनकर्ताले सोको कारण खुलाई आईआईएको निर्देशकलाई जानकारी गराउनुपर्दछ। तत्पश्चात निर्देशकलाई सो कारण सार्वजनिक गर्ने नगर्ने स्वविवेकीय अधिकार दिइनुपर्दछ।

## ३ अनुसन्धान गर्ने अधिकार र क्षेत्राधिकार

**मुख्य अनुसन्धानात्मक निकाय :** आईआईएसँग अनुसन्धान गर्ने पूर्ण अधिकार हुनुपर्दछ र आईआईएको अनुसन्धानलाई सबैभन्दा बढी प्राथमिकता दिइनुपर्दछ।

**पूर्ण क्षेत्राधिकार :** राज्यको अधिकारीबाट भएको हत्या, गम्भीर हानी, यौन दुर्व्यवहारको आरोप र यातनाको घटनामा आईआईएको विशेष क्षेत्राधिकार आकर्षित हुने गरी कानूनी व्यवस्था गरिनु पर्दछ। यस बाहेकका विषयमा कानूनमा नै स्पष्ट रूपमा व्यवस्था गरी विशेष क्षेत्राधिकार दिन सकिन्छ।

**क्षेत्राधिकार सम्बन्धी समयसीमा :** आईआईए स्थापना हुनु पूर्वका घटनामा पनि आईआईएको क्षेत्राधिकार आकर्षित हुनुपर्दछ ।

**सार्वजनिक हित :** आईआईएले सार्वजनिक हितलाई मध्यनजर गरी अनुसन्धान गर्न सक्ने कानूनी व्यवस्था गर्नु आवश्यक छ ।

**घटनाको छनोट र प्राथमिकता निर्धारण :** आरोपको गम्भीरता हेरी आईआईएले प्राथमिकता निर्धारण गर्नुपर्दछ ।

**दायित्व :** आईआईएसँग राज्यको अधिकारीको परिभाषाभित्र पर्ने प्रहरी, सुरक्षाकर्मी, सुधार केन्द्रका कर्मचारी, (प्रहरीको जस्तो कार्य गरिरकेको बेलामा) सेना तथा अन्य थुना केन्द्रका कर्मचारी लगायत कानून कार्यान्वयन गर्ने निकायका कर्मचारी तथा वरिष्ठ अधिकारीलाई अनुसन्धान गर्न सक्ने अधिकार हुनुपर्दछ । यस अन्तर्गत प्रत्यक्ष आरोपित व्यक्तिका साथै ड्युटीमा नखटाइएको बेलामा समेत अधिकारको दुरुपयोग गर्ने राज्यको अधिकारी लगायत सहायता गर्ने, मतियार वा षडयन्त्र गर्ने राज्यको अधिकारीलाई अनुसन्धान गर्ने अधिकार समेत हुनुपर्दछ । कुनै पनि अधिकारीलाई अनुसन्धान नगरी त्यसै छोड्नु हुँदैन । यसको क्षेत्राधिकार प्रहरी प्रशासनको जस्तो काम गरिरहेको बेलामा सेनालाई पनि आकर्षित हुन्छ ।

**उन्मुक्ति :** राज्यको अधिकारीको कानूनी उम्मुक्ति खतरासँग समानुपातिक र विद्यमान अवस्थामा आवश्यक हुनुपर्दछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुसार यातना, बलपूर्वक बेपत्ता पारिएको कार्य वा अन्य गम्भीर मानव अधिकार उल्लंघनको घटनामा कानूनी उन्मुक्ति वा हदम्याद लाग्दैन ।

# ४ अनुसन्धानकर्ता र अनुसन्धान

**अनुसन्धानकर्ता र भूतपूर्व राज्यको अधिकारीहरू :** आईआईएमा प्रहरी वा सुरक्षा निकायका भूतपूर्व कर्मचारीको बाहुल्यता हुनु हुँदैन । भूतपूर्व राज्यको अधिकारीलाई आईआईएमा समावेश गर्न सकिने भए तापनि संख्या भने सीमित हुनुपर्दछ । आईआईए अन्य निकायबाट काजमा खटाइएका कर्मचारीमा निर्भर हुनु हुँदैन । आईआईएको अनुसन्धानकर्तालाई राम्रो प्रशिक्षण दिइनु पर्दछ ।

**विविधता, साँस्कृतिक क्षमता र पहुँच :** आईआईएले सामाजिक विविधता प्रतिबिम्बित हुने गरी अनुसन्धानकर्ता भर्ना गर्नुपर्छ । आईआईएको अनुसन्धानकर्तालाई जातीय समानता, विविधता र समावेशीकरण, लैंगिक हिंसा, मानव अधिकार, मानसिक स्वास्थ्य र शान्ति सुव्यवस्थासँग सम्बन्धित सामुदायिक इतिहास आदिको बारेमा नियमित र प्रभावकारी प्रशिक्षण दिइनु पर्दछ । आईआईएको कार्यालय वा अनुसन्धानकर्ता प्रहरी दुर्व्यवहारबाट प्रभावित व्यक्तिलगायत सबैका लागि पहुँचयोग्य हुनुपर्दछ ।

**पारिश्रमिक :** आईआईएको अनुसन्धानकर्तालाई पर्याप्त पारिश्रमिक दिइनुपर्दछ भने तिनीहरूको पारिश्रमिक प्रहरी लगायतका राज्यको अधिकारीको भन्दा कम हुनु हुँदैन ।

**अनुसन्धानको अवधि :** आईआईएको अनुसन्धान विस्तृत हुनुपर्दछ र समय सीमाको पालना गरी सम्पन्न हुनुपर्दछ । कानून वा आन्तरिक नियमले तोकेको समय सीमाभन्दा (उदाहरणका लागि १२० दिन भन्दा) धेरै समय लाग्ने भएमा आईआईएले ढिलाई हुनुको कारण खुलाई सार्वजनिक सूचना प्रकाशित गर्नुपर्दछ ।

## ५ सहयोगको कर्तव्य र अनिवार्य सूचना

**अधिकार :** आईआईएको अनुसन्धानकर्तासँग (पक्राउ गर्ने लगायत) प्रहरी अधिकारीको जस्तै कानूनी अधिकारहरू हुनुपर्दछ। अरू कसैको अनुमति नलिईकन कानून कार्यान्वयन गर्ने निकायको कार्यालयमा प्रवेश गरी प्रमाण संकलन गर्ने अधिकारहरू हुनुपर्छ।

**अनिवार्य तत्काल सूचना :** कुनै पनि राज्यको अधिकारीलाई आईआईएको क्षेत्राधिकारभित्र पर्ने घटनाको जानकारी भएमा सोको सूचना तत्काल आईआईएलाई दिनुपर्दछ। आईआईएको क्षेत्राधिकारभित्र पर्ने कुनै घटना भएमा सो घटनास्थललाई आईआईएको अनुसन्धानकर्ता आई नपुगुन्जेल सुरक्षित राख्नु पर्दछ। आईआईएले तेस्रो पक्षबाट उजुरी तथा सूचना प्राप्त गरेको अवस्थामा आफ्नो कार्यादेशभित्र पर्ने विषय भएमा तत्काल अनुसन्धान शुरू गर्नुपर्दछ। आईआईएसँग अनुसन्धान गर्ने वा नगर्ने विषयमा निर्णय गर्ने अधिकार हुनुपर्दछ भने अनुसन्धान गर्न अस्वीकार गर्ने अधिकार पनि हुनुपर्दछ।

**घटनास्थलको सुरक्षा :** आईआईए घटनास्थल आईपुग्नु अगावै राज्यका निकायले कानूनी मापदण्ड प्रयोग गरी घटनास्थलको सुरक्षा गर्नुपर्दछ।

**राज्यको अधिकारीको पृथकीकरण :** घटनामा संलग्न राज्यको अधिकारीलाई आईआईएको अनुसन्धानकर्ताले नभनेसम्म तत्काल आफ्नो सहकर्मी, वकिल र प्रहरी संगठनका अन्य अधिकारीबाट अलग राख्नु पर्दछ। बाह्य प्रभावबिना घटना के भएको थियो भनी लिखित बयान लिनु पर्दछ। कानूनी वा संगठनको प्रतिनिधित्वबिना घटनाका साक्षी राज्यको अधिकारीलाई अन्तर्वार्ता दिने तथा सम्बन्धित सबै प्रश्नको उत्तर दिने कर्तव्य रोजगारी सम्झौतामै उल्लेख गरिएको हुनुपर्दछ। (पछि संदिग्ध पनि बन्न सक्ने) घटनामा संलग्न अधिकारीलाई भने यस्तो कर्तव्य हुँदैन तर स्वेच्छाले बयान वा अन्तर्वार्ता दिन सक्छ।

**प्रमाणको संरक्षण :** घटनापश्चात भौतिक प्रमाण आईआईएको अनुसन्धानकर्तालाई उपलब्ध गराउनु पर्दछ। राज्यको निकायले सबै सम्बन्धित तथ्यांक र अभिलेख पनि सुरक्षित राख्नुपर्दछ र आईआईएले अनुरोध गरेमा तिनलाई उपलब्ध गराउनु पर्दछ। यस कर्तव्य अन्तर्गत घटनामा संलग्न राज्यको अधिकारीले घटनापूर्व तयार पारेका विवरण पनि उपलब्ध गराउनु पर्दछन्।

**सहयोगको कर्तव्य :** राज्यको निकाय तथा अधिकारीले आईआईएलाई सहयोग गर्नुपर्दछ। सहयोगको कर्तव्य नियुक्तिपत्र वा रोजगारी सम्झौतामा नै उल्लेख गरिएको हुनुपर्छ। सहयोगको कर्तव्य पूरा नभएमा अनुशासनात्मक कारवाही तथा फौजदारी कारवाही समेत हुने व्यवस्था हुनुपर्छ।

## ६ पीडितको अधिकार, गैर-सरकारी संस्था र सरकारी वकिलको कार्यालयसँग सहकार्य

**सहायता :** आईआईएको अनुसन्धानकर्तालाई पीडितसँग काम गर्न पर्याप्त प्रशिक्षण दिइनुपर्छ। आईआईएले पीडित र प्रभावित व्यक्तिलाई सामाजिक सेवा दिने निकाय तथा सहायता कार्यक्रम सञ्चालन गर्ने संस्था वा समुदायसमक्ष सहकार्य गरी पीडितलाई सामाजिक सेवा उपलब्ध गराउनु पर्छ।

**सहभागिता :** आईआईएले पीडितलाई न्यायिक कारवाहीमा सहभागी हुन पाउने सबै कानूनी अधिकारको बारेमा जानकारी दिनुपर्छ। आईआईएले सधैँ पीडितको अन्तर्वार्ता लिनुपर्छ र प्रमाण वा साक्षी सम्बन्धी तिनीहरूले दिएको सुझावलाई ध्यान दिनु पर्दछ।

**सूचना :** पीडित र/वा पीडितका आफन्तलाई कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाबाहेक अनुसन्धानको प्रगतिको बारेमा जानकारी गराइनुपर्दछ। अनुसन्धान समाप्त भएपछि आईआईएको अनुसन्धानकर्ताले पहिले पीडित र आरोपित अधिकारीलाई अभियोग दायर हुने नहुने बारेमा कारणसहित जानकारी गराउनु पर्दछ।

**गैर-सरकारी संस्था र सरकारी वकिलको कार्यालयको सहभागिता :** आईआईएले गैर-सरकारी संस्था, समुदायमा आधारित संस्था र सरकारी वकिलको कार्यालयसँग प्रभावकारी सहकार्यात्मक सम्बन्ध बनाउनु पर्दछ जसले पीडितसँग सम्पर्क गर्न र सहायता गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ।

## ७ फरेन्सिक प्रमाण

**फरेन्सिक परीक्षणमा प्राथमिकता :** आईआईएलाई राज्यका विधिविज्ञान प्रयोगशालामा फरेन्सिक परीक्षणमा प्राथमिकता दिइनुपर्दछ। आईआईएसँग फरेन्सिक परीक्षणमा आफ्नै फरेन्सिक विज्ञ र स्वतन्त्र विज्ञ समावेश गराउन सक्ने अधिकार पनि हुनुपर्दछ।

**शव परीक्षण :** मिनेसोटा प्रोटोकलमा उल्लेख गरिएको मापदण्ड प्रयोग गरी शव परीक्षण गरिनुपर्दछ भने परिवारले छानेको चिकित्सकबाट दोस्रो शव परीक्षण गराउन पाउने अधिकारको सुनिश्चितता गरिनु पर्दछ।

**यातना वा दुर्व्यवहारको आरोप :** यातना वा यौन दुर्व्यवहारको गम्भीर आरोप लगाइएको अवस्थामा इस्तानबुल प्रोटोकलमा उल्लेख गरिएको मापदण्डसँग मेल खाने गरी राज्यका निकायले स्वतन्त्र चिकित्सकबाट मेडिको-लिगल (चिकित्सकीय-कानूनी) परीक्षण गरिनु पर्दछ।

**बलपूर्वक बेपत्ता पारिएको घटना :** आईआईए र बेपत्ता पारिएका व्यक्तिको खोजी गर्न जिम्मेवार निकायले बेपत्ता पारिएका व्यक्तिको खोजी गर्न समन्वय सम्बन्धी स्पष्ट कार्यविधि बनाउनु पर्दछ भने प्रमाण र पृष्ठभुमिको विश्लेषण सम्बन्धी सूचना एक आपसमा आदानप्रदान गर्नुपर्दछ।

## ८ साक्षी र शंखघोषकको सुरक्षा

**साक्षीलाई प्रभावित पार्ने कार्य :** साक्षीलाई अनुचित प्रभाव पार्न खोज्ने राज्यको अधिकारीलाई कारवाही गरिनुपर्दछ भने त्यस्तो आरोपको बारेमा अनुसन्धान गर्ने अधिकार आईआईएलाई हुनुपर्दछ।

**साक्षी संरक्षण :** आईआईएसँग साक्षी संरक्षण कार्यक्रमका लागि आवश्यक स्रोतसाधन हुनुपर्दछ।

**शंखघोषक :** राज्यको अधिकारीबाट भएको उल्लंघनका बारेमा जानकारी दिने वा सो उल्लंघनको अनुसन्धानमा सहकार्य गर्ने शंखघोषक राज्यको अधिकारीलाई अनुचित प्रभाव पार्ने राज्यको अधिकारीलाई कारवाही गरिनुपर्दछ। अवस्था हेरिकन शंखघोषक राज्यको अधिकारीलाई साक्षी संरक्षण कार्यक्रम अन्तर्गत सुरक्षा दिनुपर्ने हुन सक्छ।

**अभियोजनबाट उन्मुक्ति :** राज्यको अधिकारीले गरेको उल्लंघनको बारेमा प्रमाण संकलन गर्ने उद्देश्यले उन्मुक्ति दिने अधिकार आईआईएसँगको समन्वयमा सम्बन्धित अभियोजन सेवासँग हुनुपर्दछ।

# ९ पारदर्शिता

**सार्वजनिक वक्तव्य :** अनुसन्धानको क्रममा आईआईएसँग सार्वजनिक वक्तव्य जारी गर्ने अधिकार हुनुपर्दछ।

**आम नागरिकलाई जानकारी :** अभियोग दायर नहुने अवस्था भएमा आईआईएको निर्देशकले अनुसन्धानको संक्षिप्त विवरण तथा अभियोग दायर नगर्ने निर्णयका कारण सार्वजनिक गर्नुपर्दछ। अभियोग फिर्ता लिइने निर्णय भएमा आईआईएको निर्देशकले अभियोग दायर गर्नुपर्ने आईआईएको निष्कर्ष सम्बन्धी कारण सार्वजनिक गर्ने स्वविवेकीय अधिकार हुनुपर्दछ।

**वार्षिक प्रतिवेदन :** आईआईएले बजेट विवरण, मुद्दा सम्बन्धी तथ्यांक, अनुसन्धानको परिणाम तथा कानूनी विवरण समावेश गरि वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ। यसको साथै आईआईएले उल्लंघनको ढाँचा र संस्थागत विषय विश्लेषण गरी प्रतिवेदनमा समावेश गर्नुपर्दछ। आईआईएले आफैले प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्दछ।

**जनसाँख्यिकीय तथ्यांक :** आईआईएले आफ्नो कार्यादेशभित्र पर्ने घटनामा संलग्न व्यक्तिको (जातजाति, जनजाति र अन्य सामाजिक वर्ग सम्बन्धी) जनसाँख्यिकीय तथ्यांक संकलन गर्नुपर्दछ।

# १० अभियोजन तथा पुर्पक्ष

**विशिष्टकृत अभियोजनकर्ता :** आईआईएसँग अभियोजन प्रक्रियामा सहयोग गर्ने, निजी कानून व्यवसायी राख्ने वा आईआईएबाट भएको अनुसन्धान अनुसार अभियोजन गर्ने विशिष्टकृत विभाग अभियोजन सेवामा विद्यमान रहेको सुनिश्चित गर्ने अधिकारहरू हुनुपर्दछ।

**निष्पक्ष सुनुवाई :** आरोपित राज्यको अधिकारीलाई नियमित अदालतको खुल्ला इजलासमा अभियोजन तथा पुर्पक्ष गरिनुपर्दछ। सेनाबाट भएको उल्लंघन सम्बन्धी मुद्दाको पुर्पक्ष पनि नियमित अदालतमा नै हुनुपर्दछ।

# अनुसूची : सन्दर्भ सामग्रीको सूची

## क. पुस्तक, लेख तथा प्रतिवेदन

अफ्रिकी फौजदारी न्याय सुधार, फ्याक्टसिट १५ : लोकतान्त्रिक नीति निर्माण : एक अवधारणात्मक संरचना, मार्च २०१९ । https://acjr.org.za/acjr-publications/acjr-factsheet-15-democratic-policing.pdf/view मा उपलब्ध छ ।

अफ्रिकी प्रहरी प्रशासन सम्बन्धी नागरिक निरीक्षण मञ्च (एपिसिओए), स्वतन्त्र प्रहरी अनुसन्धानात्मक निर्देशनालयको सुदृढीकरण सम्बन्धी नीति पत्र (फेब्रुअरी २०१७) । http://apcof.org/wp-content/uploads/2017/03/016-strengthening-the-independence-of-the-independent-police-investigative-directorate.pdf मा उपलब्ध छ ।

अमेरिकी समाजशास्त्रीय संघ, जातजाति सम्बन्धी विषयमा तथ्यांक संकलन र सामाजिक वैज्ञानिक अनुसन्धानको महत्त्व, (वासिंगटन डिसीः अमेरिकी समाजशास्त्रीय संघ, २००३) ।

यातनाको रोकथाम तथा यातना विरुद्धको महासन्धि सम्बन्धी पहल सम्बन्धी संघ, यातना विरुद्धको कानून सम्बन्धी मार्गदर्शन, २०१६ । https://www.apt.ch/en/resources/publications/guide-anti-torture-legislation-2016 मा उपलब्ध छ ।

डेभिड, ब्रुस, दक्षिण अफ्रिकामा प्रहरीको क्रुरता कसरी न्यूनीकरण गर्ने, सुरक्षा सम्बन्धी अध्ययन संस्था, अक्टोबर ७, २०२० । https://issafrica.org/research/southern-africa-report/how-to-reduce-police-brutality-in-south-africa मा उपलब्ध छ ।

डेभिड, ब्रुस, के दक्षिण अफ्रिकाका प्रहरी जवाफदेही छन् ? स्वतन्त्र प्रहरी अनुसन्धानात्मक निर्देशनालयको अनुसन्धान प्रतिवेदन, अफ्रिकी प्रहरी प्रशासन सम्बन्धी नागरिक निरीक्षण मञ्च(एपिसिओएफ), अनुसन्धान श्रृंखला २०२० । https:// www.documentcloud.org/documents/6780260-APCOF-RESEARCH-25.html#document/p14/a551413 मा उपलब्ध छ ।

कानूनी तथा सामाजिक अध्ययन केन्द्र(सन्ट्रो डे इस्टुगियोस लिगालेस य सोसियालेस) (सिइएलएस), मानसिक स्वास्थ्य अधिकार सम्बन्धी संघ (असोसियसन पोर लोस डेरेजोस इन सलुड मेन्टल) (एडिइएसएएम), मानव अधिकार प्रवर्धन तथा संरक्षण संघ (असोसियसन पार ल प्रोमोसियन य प्रोटेक्सन डे लोस डेरेजोस ह्युमानोस) (जुमेक), लोकप्रिय सहभागिताको लागि आर्कविशप एनरिक एन्जेली केन्द्र (सेन्ट्रो डे पार्टिपेसन पपुलर मोन्स, इन्रिक एन्जेलेल्ली), सामूहिक अनुसन्धान तथा कारवाही सम्बन्धी संस्था (कलेक्टिभो डे इन्भेस्टिगेशन य अक्सन जुरिडिका) (सिआइए), लानुसको राष्ट्रिय विश्वविद्यालय (युनिभरसिडाड नासेक्नल डे लानुस) (युएनएलए), रोसारियाको राष्ट्रिय विश्वविद्यालयको कानून संकाय (फाकुल्टाड डे डेरेचो डे ला युनिभर्सिडाड नासनेल डे रोसारिया) (एफडिइए–युएनआर), संस्थागत हिंसा सम्बन्धी विषयमा विशिष्टकृत ज्ञान भएका अभियोजनकर्ताहरू (फिस्किलियस इस्पेलाइजेडास एन् भ्वाइलेसिया इस्टिनुसनल), योजना, कार्यान्वयन तथा कानूनी रणनीति (डिसेनो इम्प्लिमेन्टासन य इस्ट्राटेजियास जुरिडिकास), नोभेम्बर ९, २०२० । स्पेनिश भाषामा https:// www.cels.org.ar/web/publicaciones/ scalias-especializadas-en-violencia-institucional-diseno-implementacion- y-estrategias-juridicas/ मा उपलब्ध छ ।

चैपम्यान, ब्रेट, शरीरमा लगाइएका क्यामेरा : प्रमाणले के भन्छ, राष्ट्रिय न्याय संस्था, संख्या २८०, जनवरी २०१९ ।

छानबिन आयोग सिआईपिईभि प्रतिवेदन (वाकी प्रतिवेदन), सत्य, न्याय तथा मेलमिलाप आयोग, केन्या, २००८ । https://digitalcommons.law.seattleu.edu/cgi/viewcontent.cgi?article=1004&context=tjrc-gov मा उपलब्ध छ ।

यूरोपेली परिषद् (२०१९), १० देखि २१ सेप्टेम्बर २०१८ सम्म यातना तथा अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम (सिपिटि) सम्बन्धी यूरोपेलीसमितिबाट भएको जर्जिया भ्रमण सम्बन्धी जर्जियाको सरकारसमक्ष पेश गरिएको प्रतिवेदन ।

मानव अधिकार सम्बन्धी यूरोपेली अदालत, मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धिको धारा ६ सम्बन्धी मार्गदर्शन, स्वच्छ सुनुवाइको अधिकार (फौजदारी विषय), ३१ अगस्ट २०२० मा अद्यावधिक गरिएको । https://www.echr.coe.int/Documents/Guide_Art_6_ criminal_ENG.pdf मा उपलब्ध छ ।

मानव अधिकारको विशेषज्ञ केन्द्र, पुर्पक्ष अघिको चरणमा भ्रष्टाचार विरुद्धको विशेष कार्यालयको अभियोजनकर्ताको भूमिका, अध्ययन प्रतिवेदन, मे १२, २०१८ । https://ecpl.com.ua/en/ publications/the-role-of-the-prosecutor-of-the-specialized-anti-corruption-prosecutor-s-of ce-at-the-pre-trial- stage-study-report/ मा उपलब्ध छ ।

फोली, कोनोर, यातना विरुद्धको लडाइ : न्यायाधीश र अभियोजनकर्ताका लागि मार्गदर्शन, मानव अधिकार केन्द्र, एसेक्स विश्वविद्यालय, २००३ । https://www.refworld.org/docid/4ec0e9062.html मा उपलब्ध रहेको ।

गोल्ड, चन्द्र र न्यूहेम, गरेथ, सुरक्षा सम्बन्धी अध्ययन संस्था, दक्षिण अफ्रिकी संवैधानिक अदालतले प्रहरी जवाफदेहीता विस्तार गरेको छ, आइएसएस टुडे, ६ फेब्रुअरी २०१२ । https://issafrica.org/amp/iss-today/the-south-african-constitutional-court-extends-police-accountability#:~:text=In%20an%20important%20 unanimous%20judgement,of cers%20 who%20break%20the%20law मा उपलब्ध छ ।

गटीरेज, युआन कार्लोस र केन्टु, सिल्भानो, अन्तर्राष्ट्रिय मानव अधिकार संरक्षण प्रणालीमा सैन्य क्षेत्राधिकारको प्रतिबन्ध, एसयूआर जर्नल, संख्या १३, डिसेम्बर २०१० । https://sur.conectas.org/en/the-restriction-of-military-jurisdiction-in-international-human-rights-protection-systems/ मा उपलब्ध छ ।

ह्युमन राइट्स वाच, संयुक्त राज्य अमेरिकामा सार्वजनिक सुरक्षाको पुनः कल्पनाका लागि एक रोडम्याप : प्रहरी, सामुदायिक लगानी र जवाफदेहीताका लागि १४ सिफारिसहरू, अगस्ट १२, २०२० । https://www.hrw.org/ news/2020/08/12/roadmap-re-imagining-public-safety-united-states मा उपलब्ध छ ।

ह्युमन राइट्स वाच, रियो दे जेनेरियो : प्रहरी दुर्व्यवहार विरुद्धको कानून, रियो दे जेनेरियोका महान्यायाधिवक्ताको लागि पत्र, फेब्रुअरी १६, २०१७ । https://www.hrw.org/news/2017/02/17/rio-de-janeiro-act-against-police-abuse# मा उपलब्ध छ ।

ह्युमन राइट्स वाच, रियो दे जेनेरियोका महान्यायाधिवक्ता लुसियानो म्याटोसको लागि पत्र, अप्रिल १६, २०२१ । https://www.hrw.org/news/2021/04/16/letter-rio-de-janeiros-attorney-general-luciano-mattos मा उपलब्ध छ ।

अन्तर अमेरिकी मानव अधिकार आयोग, निकारागुवाको सामाजिक विरोधको सन्दर्भमा भएको मानव अधिकार उल्लङ्घन, OEA/Ser.L/VII (२०१८) ।

अन्तर अमेरिकी मानव अधिकार आयोग, मेक्सिकोमा मानव अधिकारको अवस्था, OEA/Ser.L/VII (२०१८) ।

जोसेफ, सारा र केस्टन, मेलिसा, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि : फैसला तथा टिप्पणी, (तेस्रो संस्करण) (अक्सफोर्डः अक्सफोर्ड विश्वविद्यालय प्रेस, २०१३) ।

किफी, पेट्रिक रेडेन, केही नभन्नुहोस् – उत्तरी आयरल्यैण्डमा हत्या र स्मृतिको एउटा सत्य कथा, पेन्गुइन रेन्डम हाउस एलएलसी, २०१९ ।

मोब्रे, अलिस्टेयर, मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धि अन्तर्गत अनुसन्धान सम्बन्धी दायित्व, इन्टरनेसनल एण्ड कम्पेरेटिभ ल क्वाटर्ली, भाग ५१, संख्या २ (अप्रिल २००२) ।

मुन्टिंघ लुकास, संवैधानिक कानून, शासन र मानव अधिकार सम्बन्धी दुल्लाह ओमर संस्था, वेस्टन केप विश्वविद्यालय, राज्यको स्वामित्व भएका संस्थाको समितिमा निर्देशकको नियुक्तिः मूल्यांकनका लागि प्रस्तावित संरचना, २०२० । https://dullahomarinstitute.org.za/women-and-democracy/board-members-ofstate-owned-enterprises-towards-transparent-appointments/reports/appointment-of-soe-directors-assessmentpdf-version-12-feb-2020-final.pdf मा उपलब्ध छ ।

मुन्टिंघ, एल. र देरेमेइकेर, जी., दक्षिण अफ्रिकी कानून कार्यान्वयन गर्ने निकायमा रहेको दण्डहीनता बुझ्दै, सिएसपिआरआई अनुसन्धान पत्र, बेलभिल : सामुदायिक कानून केन्द्र, २०१३ । https://acjr.org.za/resource-centre/understanding-impunity-in-the-south-african-law-enforcement-agencies df pknAw /x]sf] मा उपलब्ध छ ।

मुर्दोच, जीम र जीरीका, भेकलेभ, कारागारमा हुने दुर्व्यवहार विरुद्ध लड्दै, यूरोपेली परिषद्, २०१६ । https://rm.coe.int/combating-ill-treatment-in-prison-2-web-en/16806ab9a7 मा उपलब्ध छ ।

देरितु, डेभिड, आइपीओए केन्या, अनुसन्धानात्मक क्षेत्राधिकार तथा राष्ट्रिय प्रहरी सेवा र स्वतन्त्र प्रहरी निरीक्षण निकायमा द्विविधा र दोहोरोपन – विधायिकी योजना वा दुर्घटना, अगस्ट २०२० (अप्रकाशित) ।

नोवाक, मेनफ्रेड र मकार्थर, एलिजावेथ, संयुक्त राष्ट्रसंघको यातना विरुद्धको महासन्धि, एक टिप्पणी, न्यूयोर्क : अक्सफोर्ड विश्वविद्यालय प्रेस, २००८ ।

पेरेज-सेल्स, पाउ, मनोवैज्ञानिक यातना : परिभाषा, मूल्यांकन र मापन, नोभेम्बर २०१६ ।

उत्तरी आयरल्याण्डको लागि प्रहरी लोकपाल, उत्तरी आयरल्याण्डको प्रहरी कर्मचारीको आचरण सम्बन्धी उजुरी अनुसन्धानको २० वर्ष । https://www.policeombudsman.org/PONI/files/2a/2a731513-24da42f5-a996-c475d28ba751.pdf मा उपलब्ध छ ।

प्रेन्जलेर, टिम, प्रहरीको नागरिक निरीक्षण : पक्राउ सिद्धान्तको परीक्षण, ४० ब्रिट जे. अपराधशास्त्र ६५९ ।

ओन्टारियो मानव अधिकार आयोग, अन्तिम प्रतिवेदन, टोरोन्टो प्रहरी सेवाद्वारा बलको प्रयोग, अगस्ट १०, २०२० मा प्रकाशित ।

ओपेन सोसाइटी जस्टिस इनिसिएटिभ, रणनीतिक मुद्दामामिलाका प्रभावहरू : थुनामा यातना, नोभेम्बर २०१७ । जततउकस्रर https://www.justiceinitiative.org/publications/strategic-litigation-impacts-torture-custody मा उपलब्ध छ ।

ओपेन सोसाइटी जस्टिस इनिसिएटिभ, न्यायका लागि विकल्पहरू : गम्भीर अपराधका लागि जवाफदेहीता संयन्त्र निर्माणका लागि एक पुस्तिका, २०१८ । https://www.justiceinitiative.org/publications/options-justice-handbook-designingaccountability-mechanisms-grave-crimes मा उपलब्ध छ ।

प्रोभर्ट, थोमस, किमारी, ब्रायन र रूटिर, मुटुमा, प्रहरीको व्यवहारबाट हुने मृत्यु सम्बन्धी केन्याको आईपिओए अनुसन्धानको अध्ययनमा प्रहरी निरीक्षण र अनुसन्धानको सुदृढीकरण, मानव अधिकार तथा नीति अध्ययन केन्द्र, अक्टोबर २०२० । https://apcof.org/wp-content/uploads/apcof-study-of-ipoa-deaths-from-police-action-kenya-eng-041-3.pdf मा उपलब्ध छ ।

रोजेन्थल, रिचार्ड, गम्भीर घटना स्वतन्त्र अनुसन्धान एजेन्सीः प्रहरी निरीक्षणको एक फरक ढाँचा, (२०२०) ८३ एल्ब. ल. रिभ्यू ८८५ ।

सेभेज स्टिफन, स्वतन्त्रताको सोच : प्रहरीको उजुरी सम्बन्धमा स्वतन्त्र अनुसन्धानमार्फत प्रहरीको जवाफदेहीतामा पहल, २०१३, ५३ ब्रिट. जे. क्रिमिनोलोजी ९४ ।

स्कट, आयान (सम्पादन), क्यानडामा नागरिक निरीक्षण सम्बन्धी विषय, टारोन्टो, ओन्टारियो (२०१४) ।

स्कट, आयान, फौजदारी दुर्व्यवहारमा आरोपित प्रहरीहरूको बयान, (२००४) ४९ क्रिम. ल क्वाटर्ली १६६ ।

स्भानिड्जे, एरिक, यातना र दुर्व्यवहार सम्बन्धी विशेषज्ञको राय र हदम्याद, यूरोपेली परिषद्, डिसेम्बर २०१८ । https://rm.coe.int/2019-comparative-analysis-on-macedonian-criminalcode-eng/168091f5ce मा उपलब्ध छ ।

स्भानिड्जे, एरिक, दुर्व्यवहारको प्रभावकारी अनुसन्धान, यूरोपियन मापदण्ड सम्बन्धी कार्यविधि, यूरोपेली परिषद्, दोस्रो संस्करण, जुन २०१४ । https://rm.coe.int/16806f11a3df मा उपलब्ध छ ।

स्वीसपीस, बेपत्ता पारिएका व्यक्तिको खोजी र फौजदारी अनुसन्धानमा सहकार्य, जुन २०२० । https://www.swisspeace.ch/assets/publications/downloads/Reports/b966e003cc/Report_ExpertWorkingMeeting_CoordinatingSearchCriminalInvestigationsConcerningDisappearedPersons.pdf मा उपलब्ध छ ।

तियान शान नीति केन्द्र, अमेरिकन सेन्ट्रल एशिया विश्वविद्यालय, किर्गिज गणतन्त्रको नमूना अभ्यास सम्बन्धी अन्तिम प्रतिवेदनका लागि मानव अधिकार सम्बन्धी निर्णय र यातना रोकथामको मापदण्ड कार्यान्वयनको लागि गैर-सरकारी संस्था र संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम, २०१४ । https://www.auca.kg/uploads/Tian%20 Shan%20Policy%20Center/EU%20 TSPC/FINAL%20REPORT%202014/Final%20report-TSPC.pdf मा उपलब्ध छ ।

लागूऔषध र अपराध सम्बन्धी संयुक्त राष्ट्र संघको कार्यालय (युएनडिओसी), पीडितको न्यायको लागि पुस्तिका, १९९९ । https://www.unodc. org/pdf/criminal_justice/UNODC_Handbook_on_Justice_for_victims.pdf मा उपलब्ध छ ।

संयुक्त राज्य अमेरिका, न्याय विभाग, नागरिक अधिकार शाखा र संयुक्त राज्य अमेरिकाको अभियोजनकर्ताको कार्यालय, इलिनोईको उत्तरी जिल्ला, शिकागो प्रहरी विभागको अनुसन्धान, जनवरी १३, २०१७ ।

## ख. कानूनी सामग्रीहरू

अब्दुलसामेत यमन वि. टर्की, मानव अधिकार सम्बन्धी यूरोपेली अदालत, २ नोभेम्बर २००४ को फैसला, निवेदन नं. ३२४४६।९६ ।

बामाका-भेलासक्वेज वि. ग्वाटेमाला, अन्तर-अमेरिकी मानव अधिकार अदालत, फेब्रुअरी २२, २००२ को फैसला (परिपूरण तथा खर्च) ।

बारिओस एट्लोस (चुम्बिपुमा अग्वेर समेत वि. पेरू), अन्तर-अमेरिकी मानव अधिकार अदालत, १४ मार्च २००१ को फैसला ।

ब्लेइयर वि. उरूग्वे, संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्, २९ मार्च १९८२ का निर्णय, संयुक्त राष्ट्र संघीय दस्तावेज ए।३७।४० (नं. ४०) ।

इन्डेकमका आयुक्त वि. प्रहरी महासंघ समेत (२०२०) युकेपीसी ११ ।

डेभ लेवीन (स्वतन्त्र अनुसन्धान आयोगका उजुरी निर्देशक) (पुनरावेदक) वि. दिया समेत (प्रत्यर्थी) (जमैका), मुद्दा नं.: जेसीपिसि २०१९।००९९, ४ मे २०२० ।

एसोनोभ वि. उज्बेकिस्तान, संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्, २२ जुलाई २०१० को निर्णय, सीसीपीआर।सी।९।डी।१२२५।२००३इ ।

फभेला नोभा ब्रासिलिया वि. ब्राजिल, अन्तर-अमेरिकी मानव अधिकार अदालत, फैसला, १६ फेब्रुअरी, २०१७ (इक्सेप्सीवनेस प्रिलिमिनरिज, फोन्दो, रिपारासीवनेस वि. कोस्तास), स्पेनिस भाषामा ।

गार्दिनर वि. ब्रोदेरिक, ३९२ यु.एस. २७३ (१९६८)।

गेरिटी वि. संयुक्त राज्य अमेरिका, ३८५ यु.एस.४९२ (१९६७)।

केली समेत वि. बेलायत, मानव अधिकार सम्बन्धी यूरोपेली अदालत, निवेदन नं. ३००५४।९६, अगस्ट ४, २००१ को फैसला।

क्रासनोभा वि. किर्गिस्तान, संयुक्त राष्ट्र संघ मानव अधिकार समिति, २९ मार्च २०११ का निर्णय, सीसीपीआर।सी।१०१।डी।१४०२।२००५।

माइकल गेल वि. जमैका, आईएसिएचआर प्रतिवेदन ९२।९५, मुद्दा १२.४१८, २००५।

मक्विब्रड वि. प्रहरी मन्त्री समेत (सिसिटीभी २५५।१५) (२०१६) एसएसिसि ३०: २०१६ (२) एसएसिआर ५८५ (सिसि): २०१६ (११) बिसिएलआर १३९८ (सिसि) (६ सेप्टेम्बर २०१६)।

मक्यान वि. बेलायत समेत, २१ मानव अधिकार सम्बन्धी यूरोपेली अदालत ९७ जीसी।

मखिज वि. एस (३९०।१८)२०१९ जिएएससिए ५६, फैसला, दक्षिण अफ्रिका, सर्वोच्च अदालत, अप्रिल १, २०१९।

आर वि. निक्सन (१९९०), ५७ सी.सी.सी. (३डी) ९७, क्यानडाको सर्वोच्च अदालतमा गरिएको पुनरावेदन इन्कार १९९९१ एस.सी.आर. १२।

आर वि. वाटरफिल्ड,१९६३२ अल इ. आर. ६५९ (सी.सी.ए.)।

टिटस गमाउ मुसिला कट्टिु वि. नैरोबी गणतन्त्र, फौजदारी पुनरावेदन नं. २०१८ को १२४।

ससिन वि. अल्जेर, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति, २९ अक्टोबर २०१४ को निर्णय, सीसीपीआर।सी।११२।डी।२०२६।२०११।

सुनिल रन्जन सिंह समेत वि. मन्त्रीपरिषद्को कार्यालय समेत, ०६७-WO-१०४३, जनवरी ६, २०२०।

स्वारेज दे गुरेरो वि. कोलम्बिया, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति, मार्च ३१, १९८२ को निर्णय, १९८२, मानव अधिकार समिति ४५।१९७९।

उड वि.स्केइफेर, २०१३, क्यानडाको सर्वोच्च अदालत ७१।

## ग. अन्तर्राष्ट्रिय मापदण्डहरू

मानव अधिकार सम्बन्धी अफ्रिकी बडापत्र। https://www.achpr.org/legalinstruments/detail¿id=49 मा उपलब्ध छ।

मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि। https://www.cidh.oas.org/basicos/english/basic3.american%20 convention.htm मा उपलब्ध छ।।

अन्तर्राष्ट्रिय मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय अधिकारको गम्भीर उल्लंघनको उपचार तथा क्षतिपूर्तिको अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र कार्यविधि, १६ डिसेम्बर २००५ को महासभाको प्रस्ताव ६०।१४७ द्वारा पारित र घोषणा गरिएको। https://www.ohchr.org/en/ professionalinterest/pages/remedyandreparation.asp मा उपलब्ध छ।

कानून कार्यान्वयन गर्ने अधिकारीबाट हुने बल तथा हातहतियार प्रयोग सम्बन्धी आधारभूत सिद्धान्त, अपराध रोकथाम तथा कसूरदारमाथिको व्यवहार सम्बन्धी आठौँ संयुक्त राष्ट्र संघीय कंग्रेसद्वारा ग्रहण गरिएको, हवाना, क्युबा, अगस्ट २७–सेप्टेम्बर ७, १९९० । https://www.ohchr.org/en/professionalinterest/pages/useofforceandfirearms.aspx मा उपलब्ध छ ।

कानून कार्यान्वयन गर्ने अधिकारी सम्बन्धी आचार संहिता, संयुक्त राष्ट्र संघीय महासभाको १७ डिसेम्बर, १९७९ को प्रस्ताव ३४।१६९ । https://www.ohchr.org/en/professionalinterest/pages/lawenforcementofficials.aspx मा उपलब्ध छ ।

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम सम्बन्धी महासन्धि । https://www.ohchr.org/en/professionalinterest/pages/cat.aspx मा उपलब्ध छ ।

अपराध पीडितको लागि न्याय तथा बल दुरुपयोग सम्बन्धी आधारभूत सिद्धान्त सम्बन्धी घोषणापत्र, महासभाको २९ नोभेम्बर, १९८५ को प्रस्ताव ४०।३४ द्वारा पारित गरिएको ।

अपराध पीडितको अधिकार, सहायता तथा संरक्षण सम्बन्धी न्यूनतम मापदण्ड निर्माण गर्ने र परिषद्को संरचना निर्णय २००१/२२०/जेएचलाई प्रतिस्थापन गर्ने २५ अक्टोबर २०१२ को यूरोपेली संसद् र परिषद्को निर्देशन २०१२।२९।इयू । https://eur-lex.europa.eu/legal-content/EN/ TXT/¿qid=1421925131614&uri=CELEX:32012L0029 मा उपलब्ध छ ।

सैनिक न्यायधिकरणबाट न्याय प्रशासन गर्ने सिद्धान्तको मस्यौदा, संयुक्त राष्ट्र संघीय दस्तावेज इासीएन.४।२००६।५८, जनवरी १३, २००६ । http://hrlibrary.umn.edu/instree/DecauxPrinciples.html मा उपलब्ध छ ।

मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धि । https://www.echr.coe.int/documents/convention_eng.pdf मा उपलब्ध छ ।

प्रहरीमा जातिवाद र जातीय विभेद विरुद्धको लडाई सम्बन्धी इसिआरआई, साधारण नीति सिफारिस एन ११, २९ जुन २००७ मा पारित गरिएको । https://rm.coe.int/ecri-general-policy-recommendation-no-11-on-combatingracism-and-racia/16808b5adf मा उपलब्ध छ ।

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदक को अन्तरिम प्रतिवेदन । युआन इ. मेन्डेज, सेप्टेम्बर २३, २०१४, एा६९।३८७ । https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx¿NewsID=15195&LangID=E मा उपलब्ध छ ।

कानून कार्यान्वयनमा कम खतरनाक हतियार प्रयोग सम्बन्धी मार्गदर्शन, मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालय, २०२० । https://www.ohchr.org/Documents/HRBodies/CCPR/LLW_Guidance.pdf मा उपलब्ध छ ।

बलपूर्वक बेपत्ता पारिएका व्यक्ति सम्बन्धी समिति, बेपत्ता पारिएका व्यक्तिको खोजी सम्बन्धी मार्गदर्शक सिद्धान्त, मे ८, २०१९ ।

यातनाको रोकथाम तथा सजाय सम्बन्धी अन्तर-अमेरिकी महासन्धि । https://www.oas.org/juridico/english/ treaties/a-51.html मा उपलब्ध छ ।

बलपूर्वक बेपत्ता पारिएका व्यक्ति सम्बन्धी अन्तर-अमेरिकी महासन्धि । https://www.oas.org/juridico/english/ treaties/a-60.html मा उपलब्ध छ ।

बलपूर्वक बेपत्ताबाट सम्पूर्ण व्यक्तिको संरक्षणको लागि अन्तर्राष्ट्रिय महासन्धि । https://www.ohchr.org/en/hrbodies/ced/pages/conventionced.aspx मा उपलब्ध छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र । https://www.ohchr.org/en/ professionalinterest/pages/ccpr.aspx मा उपलब्ध छ ।

इस्तानबुल प्रोटोकल, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी अनुसन्धान तथा दस्तावेजीकरण सम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गदर्शन(२००४) मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालय (जेनेभा २००४)। https://www.ohchr.org/documents/publications/training8rev1en.pdf मा उपलब्ध छ।

सम्भावित गैर-न्यायिक हत्या सम्बन्धी अनुसन्धान सम्बन्धी मिनेसोटा प्रोटोकल : गैर-न्यायिक, स्वेच्छाचारी र बिना पुर्पक्ष दिइने मृत्युदण्डको प्रभावकारी रोकथाम तथा अनुसन्धान, मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालय (जेनेभा २०१६)। https://www.ohchr.org/Documents/ Publications/MinnesotaProtocol.pdf मा उपलब्ध छ।

लोकपाल संस्थाको संरक्षण र प्रवर्धन सम्बन्धी सिद्धान्त ("भेनिस सिद्धान्त"), कानून मार्फत लोकतन्त्रको लागि यूरोपेली आयोग (भेनिस आयोग) को ११८ औँ पूर्ण सत्रमा पारित गरिएको, मार्च २०१९। https://www.venice.coe.int/webforms/documents/default.aspx¿pdffile=CDL-AD(2019)005-e मा उपलब्ध छ।

बलपूर्वक वा स्वेच्छाचारी बेपत्ता पारिएको व्यक्ति सम्बन्धी कार्यदलको बेपत्ता पारिएको व्यक्ति सम्बन्धी प्रभावकारी अनुसन्धानको लागि मापदण्ड र सार्वजनिक नीतिको प्रतिवेदन, ७ अगस्ट २०२०, ए।एचआरसी।४५।१३।एड.३। https:// undocs.org/A/HRC/45/13/Add.3 मा उपलब्ध छ।

# इन्डनोट

१ तियान शान नीति केन्द्र, अमेरिकन युनिभर्सिटी अफ सेन्ट्रल एशिया, किर्गिज गणतन्त्रमा यातना रोक्न मानव अधिकार निर्णयहरू र मापदण्डहरूको कार्यान्वयनको लागि वकालत गर्ने गैर-सरकारी संस्थाहरू र संस्थाहरूको क्षमता वृद्धि गर्ने कार्यक्रम सम्बन्धी नमुना अभ्यास सम्बन्धी अन्तिम प्रतिवेदन, २०१४। https://www.auca.kg/uploads/Tian%20Shan%20Policy%20Center/EU%20TSPC/FINAL%20REPORT%202014/Final%20 report-TSPC.pdf मा उपलब्ध छ।

२ तियान शान नीति केन्द्र, अमेरिकन युनिभर्सिटी अफ सेन्ट्रल एशिया, किर्गिज गणतन्त्रमा यातना रोक्न मानव अधिकार निर्णयहरू र मापदण्डहरूको कार्यान्वयनको लागि वकालत गर्ने गैर-सरकारी संस्थाहरू र संस्थाहरूको क्षमता वृद्धि गर्ने कार्यक्रम सम्बन्धी नमुना अभ्यास सम्बन्धी अन्तिम प्रतिवेदन, २०१४। https://www.auca.kg/uploads/Tian%20Shan%20Policy%20Center/EU%20TSPC/FINAL%20REPORT%202014/Final%20 report-TSPC.pdf मा उपलब्ध छ।

३ कृतज्ञता खण्डमा अन्तर्वार्ताकार, अन्तर्वार्ता दिने व्यक्ति तथा समीक्षकको नाम उल्लेख गरिएको छ।

४ https://www.siu.on.ca/en/index.php हेर्नुहोस्।

५ https://stateinspector.ge/en/ हेर्नुहोस्।

६ https://www.gardaombudsman.ie/ हेर्नुहोस्।

७ https://www.justice.gov.il/En/Units/PoliceInternalInvestigationsDepartment/Pages/default.aspx हेर्नुहोस्।

८ https://www.indecom.gov.jm/ हेर्नुहोस्।

९ https://www.ipoa.go.ke/ हेर्नुहोस्।

१० https://www.spesialenheten.no/ हेर्नुहोस्।

११ http://www.ipid.gov.za/ हेर्नुहोस्।

१२ https://www.pca.org.tt/ हेर्नुहोस्।

१३ https://www.policeconduct.gov.uk/ हेर्नुहोस्।

१४ https://www.policeombudsman.org/ हेर्नुहोस्।

१५ https://www.mpf.gob.ar/procuvin/ हेर्नुहोस्।

१६ महान्यायाधिवक्ताबाट २७ फेब्रुअरी २०२० मा विभागको कार्यान्वयन क्षमता तथा नियममा हस्ताक्षर गरिएको थियो। सो नियमावली युक्रेनको भाषामा छ।

१७ https://www.justice.gov/crt/criminal-section हेर्नुहोस्।

१८ नताशा नेरीसँगको अन्तर्वार्ता, रियो दे जेनेरियोको प्रहरीद्वारा हत्या गरिएका पीडितको परिवारसँग कार्यरत अनुसन्धानकर्ता, ब्राजिल, अप्रिल १९, २०२१। ह्युमन राइट्स वाच, रियो दे जेनेरियोका महान्यायाधिवक्ताको लागि पत्र, ल्युसियानो म्याटोस, अप्रिल १६, २०२१। https://www.hrw.org/news/2021/04/16/ letter-rio-de-janeiros-attorney-general-luciano-mattos मा उपलब्ध छ।

१९ मार्गदर्शन "विशेष गरी पक्राउ गर्ने वा थुनामा राख्ने जस्ता प्रहरीको अधिकार भएका नियुक्त गरिएको वा निर्वाचित भएका कानून अधिकारीलाई लागू हुन्छ। बर्दीमा हुँदा वा नहुँदा जे भए पनि सेना वा राज्यका सुरक्षा निकायले कानून कार्यान्वयन गर्ने अधिकार प्रयोग गर्दा तिनीहरू कानून कार्यान्वयन गर्ने अधिकारीको परिभाषाभित्र समावेश हुन्छन् कानून कार्यान्वयन गर्ने अधिकारीको परिभाषामा अध्यागमन अधिकारीहरू पनि पर्दछन्।"

मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालय, कानून कार्यान्वयनमा कम घातक हतियार प्रयोग सम्बन्धी मार्गदर्शन, पृष्ठ ४४ हेर्नुहोस्। https://www.ohchr.org/Documents/HRBodies/CCPR/LLW_Guidance.pdf मा उपलब्ध छ।

२० उदाहरणको लागि प्रहरीको मामिला अनुसन्धान सम्बन्धी नर्वेली विभागले अभियोजनकर्तामाथि अनुसन्धान गर्न सक्छ।

२१ अपराध पीडितको लागि न्याय तथा बल दुरुपयोग सम्बन्धी आधारभूत सिद्धान्त सम्बन्धी घोषणापत्र, अनुच्छेद १।

२२ अपराध पीडितको लागि न्याय तथा बल दुरुपयोग सम्बन्धी आधारभूत सिद्धान्त सम्बन्धी घोषणापत्र, अनुच्छेद २।

२३ अपराध पीडितको लागि न्याय तथा बल दुरुपयोग सम्बन्धी आधारभूत सिद्धान्त सम्बन्धी घोषणापत्र, अनुच्छेद २।

२४ https://civilrights.org/resource/civil-rights-groups-request-doj-investigation-into-death-of-george- oyd हेर्नुहोस्।

२५ https://www.hrw.org/news/2020/09/15/belarus-systematic-beatings-torture-protesters# हेर्नुहोस्।

२६ https://www.washingtonpost.com/world/asia_paci c/lockdown-deaths-in-india-ignite-debate-on-police-brutality/2020/08/16/ d70f12fa-e03a-11ea-82d8-5e55d47e90ca_story.html हेर्नुहोस्।

२७ https://www.hrw.org/news/2020/04/22/kenya-police-brutality-during-curfew# हेर्नुहोस्।

२८ https://www.un.org/ruleo aw/un-and-the-rule-of-law/ हेर्नुहोस्।

२९ ओपेन सोसाइटी जस्टिस इनिसिएटिभ, रणनीतिक मुद्दामामिला टुलकिटः संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति वा यातना विरुद्धको समितिमा दायर गरिने यातना सम्बन्धी उजुरीको मस्यौदा गर्ने सम्बन्धी, २०१८, २०१८, पृष्ठ ३४। https://www.justiceinitiative.org/uploads/507acc52-2c91-4d0f-8410-62c31cb2f391/ litigation-toolkit-torture-20180427.pdf मा उपलब्ध छ। क्रासनोभा वि. किर्गिस्तान, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति, २९ मार्च २०११ को निर्णय, सीसीपीआर।सी।१०१।डी।१४०२।२००५, अनुच्छेद ८.३ तथा ससीन वि. अल्जेरिया, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति, २९ अक्टोबर २०१४ को निर्णय, सीसीपीआर।सी।११२।डी।२०२६।२०११, अनुच्छेद ७.३ हेर्नुहोस्।

३० ब्लेइर वि. उरुग्वे, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति, २९ मार्च १९८२ को निर्णय, संयुक्त राष्ट्र संघीय दस्तावेज ए।३७।४० (सुप. नं.४०), अनुच्छेद १३.३।

३१ मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालय, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी अनुसन्धान तथा दस्तावेजीकरण सम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गदर्शन (२००४)।

३२ संयुक्त राष्ट्र संघ, गैर-कानूनी, स्वेच्छाचारी र बिना पुर्पक्ष दिइने मृत्युदण्डको प्रभावकारी रोकथाम र अनुसन्धान सम्बन्धी मार्गदर्शन, संयुक्त राष्ट्र संघीय दस्तावेज इ।एसटी।सीएसडीएचब्।१२, १९९१(जुन २०१६ मा अद्यावधिक गरिएको)।

३३ प्रभावकारी अनुसन्धान सम्बन्धी आवश्यकताको बारेमा थप जानकारीको लागि ओपेन सोसाइटी जस्टिस इनिसिएटिभ, संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति तथा संयुक्त राष्ट्र संघीय यातना विरुद्धको समितिमा दायर गर्ने उजुरी मस्यौदा सम्बन्धी टुलकीट, २०१८, पृष्ठ ५५–६३ हेर्नुहोस्।

३४ https://www.siu.on.ca/en/index.php हेर्नुहोस्।

३५ https://www.indecom.gov.jm/ हेर्नुहोस्।

३६ https://www.indecom.gov.jm/ हेर्नुहोस्।

३७ http://www.ipid.gov.za/ हेर्नुहोस्।

३८ महान्यायाधिवक्ताको कार्यालय, कानून कार्यान्वयन गर्ने निकायबाट हुने यातना तथा अन्य गम्भीर मानव अधिकार उल्लंघन सम्बन्धी फौजदारी कारवाही कार्यविधिगत मार्गदर्शन विभाग।

३९ अर्जेन्टिना, हिंसा विरुद्ध सरकारी वकिलको कार्यालय (प्रोकुराडुरियडे भ्वाइलेसिया इन्टिटुनाल) (प्रोभिक्यून)। https://www.mpf.gob.ar/procuvin/ हेर्नुहोस्।

४० संयुक्त राज्य अमेरिका, नागरिक अधिकार शाखा, न्याय विभाग, फौजदारी एकाइ। https://www.justice.gov/crt/criminal-section हेर्नुहोस्।

४१ ब्राजिल, रियो दे जेनेरियो, सार्वजनिक सुरक्षा सम्बन्धी विशेष कार्य समूह (ग्रुपोडे अटुआक्याओ इस्पेरियलिजाडा इम सेगुरान्का पब्लिका) (जिइएसपि)।

४२ ह्युमन राइट्स वाच, संयुक्त राज्य अमेरिकामा सार्वजनिक सुरक्षाको पुनः कल्पनाका लागि एक रोडम्याप : प्रहरी, सामुदायिक लगानी र जवाफदेहीताका लागि १४ सिफारिसहरू, अगस्ट १२, २०२० हेर्नुहोस् । https://www.hrw.org/ news/2020/08/12/roadmap-re-imagining-public-safety-united-states मा उपलब्ध छ ।

४३ अफ्रिका फौजदारी न्याय सुधार, फ्याक्टसिट १५ : लोकतान्त्रिक नीति निमार्णः एक अवधारणात्मक संरचना, मार्च २०१९ हेर्नुहोस् । https://acjr.org.za/acjr-publications/acjr-factsheet-15-democratic-policing.pdf/view मा उपलब्ध छ ।

४४ नोवाक, मेनफ्रेड र मकार्थर, एलिजावेथ, संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धि, एक टिप्पणी, न्यूयोर्क : अक्सफोर्ड विश्वविद्यालय प्रेस, २००८, पृष्ठ ४१४ हेर्नुहोस् ।

४५ बलपूर्वक वा स्वेच्छाचारी बेपत्ता पारिएको व्यक्ति सम्बन्धी कार्यदलको बेपत्ता पारिएको व्यक्ति सम्बन्धी प्रभावकारी अनुसन्धानको लागि मापदण्ड र सार्वजनिक नीतिको प्रतिवेदन, ७ अगस्ट २०२०, ए।एचआरसी।४५।१३।एड.३ । https:// undocs.org/A/HRC/45/13/ Add.3 मा उपलब्ध छ ।

४६ अप्रिल १९८९, क्लेयर लेवीस प्रतिवेदन : जातीय सम्बन्ध र प्रहरी सम्बन्धी कार्यसमूह । http://www.siu.on.ca/pdfs/clare_lewis_ report_1989.pdf मा उपलब्ध छ ।

४७ सोफियो असान्तानीसँगको इमेल संवाद, ओपेन सोसाइटी फाउन्डेशन - जर्जिया, जनवरी १५, २०२१ ।

४८ https://www.indecom.gov.jm/why-was-indecom-established/870 हेर्नुहोस् ।

४९ छानबिन आयोग सिआईपिईभि प्रतिवेदन (वाकी प्रतिवेदन), सत्य, न्याय तथा मेलमिलाप आयोग, केन्या, २००८ । https:// digitalcommons.law.seattleu.edu/cgi/viewcontent.cgi?article=1004&context=tjrc-gov मा उपलब्ध छ ।

५० एस २२२ अन्तरिम संविधान र एस २०६(६) संविधान ।

५१ सुनिल रन्जन सिंह समेत वि. मन्त्रीपरिषद्को कार्यालय समेत ०६७-WO-१०४३ (६ जनवरी २०२०) ।

५२ उदाहरणका लागि दक्षिण अफ्रिकाको प्रहरी नेतृत्वले स्वतन्त्र अनुसन्धान निकायको उपस्थितिलाई आफ्ना अधिकारीबाट भएको बल प्रयोगको नियमन र नियन्त्रण गर्ने दायित्व बेवास्ता गर्ने बहानाको रूपमा लिने गर्छन् । डेभिड ब्रुस, दक्षिण अफ्रिकामा प्रहरीको दुर्व्यवहार कसरी न्यूनीकरण गर्ने ? सुरक्षा सम्बन्धी अध्ययन संस्था, पृष्ठ २ । https://issafrica.org/research/southern-africa-report/how-to-reduce-police-brutality-in-south-africa मा उपलब्ध छ ।

५३ उत्तरी आयरल्याण्डका लागि प्रहरी लोकपाल, उत्तरी आयरल्याण्डका प्रहरी अधिकारीको आचरण सम्बन्धी उजुरी अनुसन्धानको २० वर्ष । https://www.policeombudsman.org/PONI/files/2a/2a731513-24da42f5-a996-c475d28ba751.pdf मा उपलब्ध छ ।

५४ उदाहरणका लागि रणनीतिक मुद्दामामिला, ओपेन सोसाइटी जस्टिस इनिसिएटिभ, रणनीतिक मुद्दामामिलाका प्रभावहरू : कारागारमा यातना, नोभेम्बर २०१७ हेर्नुहोस् । https://www.justiceinitiative.org/publications/strategic-litigation-impacts-torture-custody मा उपलब्ध छ ।

५५ उदाहरणका लागि जनवरी १४, २०२१ मा न्यूयोर्कको महान्यायाधिवक्ताको कार्यालयले न्यूयोर्क प्रहरी विभाग र त्यसको नेतृत्व विरुद्ध शान्तिपूर्ण आन्दोलनको क्रममा न्यूयोर्कका नागरिक विरुद्ध हुने अतिरिक्त बल प्रयोग र झुट्टा गिरफ्तार गर्ने शैली अन्त्य गर्नका लागि मुद्दा दायर गर्‍यो । https://ag.ny.gov/press-release/2021/attorney-general-james-files-lawsuit-against-nypd-excessive-use-force हेर्नुहोस् ।

५६ उदाहरणका लागि अक्टोबर २०२० मा नाइजेरियाको सरकारले डकैती विरुद्धको विशेष समूह तथा अन्य प्रहरी एकाइबाट गरिएका प्रहरीको दुर्व्यवहार वा गैर-कानूनी हत्या सम्बन्धी अनुसन्धानको लागि स्वतन्त्र न्यायिक परिषद् गठन गर्न आदेश दियो । थप जानकारीको लागि https://cleen.org/2020/12/29/cso-police-reform-observatory-calls-on-thejudicial-panels-of-inquiry-on-extra-judicial-killings-by-security-agents-to-dispense-justice-not-technicalities-to-families-of-victims-andsurvivors/ हेर्नुहोस् ।

५७ बलपूर्वक वा स्वेच्छाचारी बेपत्ता पारिएको व्यक्ति सम्बन्धी कार्यदलको बेपत्ता पारिएको व्यक्ति सम्बन्धी प्रभावकारी अनुसन्धानको लागि मापदण्ड र सार्वजनिक नीतिको प्रतिवेदन, ७ अगस्ट २०२०, ए।एचआरसी।४५।१३।एड.३. अनुच्छेद ३८ र इण्डनोट ३२ । https:// undocs.org/A/HRC/45/13/Add.3 मा उपलब्ध छ । कार्यदलले मेक्सिकोको असल अभ्यासबारे उल्लेख गरको थियो जस अन्तर्गत मेक्सिकोको इगुयलाको आयोत्जिनापा विद्यालयका ४३ जना विद्यार्थी बलपूर्वक बेपत्ता पारिएको घटना सम्बन्धी अनुसन्धान गर्नको लागि स्वतन्त्र बहुदलीय विज्ञहरू सम्मिलित समूह (जिआईइआई) स्थापना गरिएको थियो । जिआईइआईले अभियोजनकर्ताबाट बेवास्ता गरिएको

नयाँ पक्षमा अनुसन्धान गरी प्रमाण लुकाइएको तथा प्रतिवादीबाट भएको यातनाको विषयमा गलत तथ्य प्रस्तुत गरिएको जस्ता गम्भीर किसिमका अनियमितताहरू फेला पारेको थियो।

५८ उदाहरणका लागि ब्राजिलको रियो दे जेनेरियोको अभियोजनकर्ताको कार्यालयको मानव अधिकार एकाइले थुनामा रहँदा भएको यातना सुनुवाईका क्रममा पहिचान गर्नका लागि ८०० भन्दा बढी अभियोजनकर्ताले प्रयोग गर्नुपर्ने आलेख पारित गरेको थियो। अगस्ट २०१८ मा बुझाइएको प्रतिवेदनमा अभियोजनकर्ताहरूले दश महिनाको अवधिमा प्राप्त गरेका यातना तथा दुर्व्यवहारका ९३१ वटा उजुरीहरूको विश्लेषण गरिएको छ। https://defensoria.rj.def.br/noticia/ detalhes/9265-Denuncias-apontam-que-tres-presos-sofrem-tortura-a-cada-dia-no-Rio (पर्चुगिज भाषामा) हेर्नुहोस्।

५९ थप जानकारीको लागि यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय सम्बन्धी विशेष प्रतिवेदक को अन्तरिम प्रतिवेदन हेर्नुहोस्। युआन इ. मेन्डेज, सेप्टेम्बर २३, २०१४, ए।६९।३८७। https://www.ohchr.org/EN/NewsEvents/Pages/ DisplayNews. aspx?NewsID=15195&LangID=E मा उपलब्ध छ।

६० दक्षिण अफ्रिका गणतन्त्रको संविधानको दफा २०६(६), डिसेम्बर १०, १९९६।

६१ https://www.npsc.go.ke/index.php/2014-03-25-12-08-21/downloads?download=3:independent-police-oversight-authority-act हेर्नुहोस्।

६२ https://japarliament.gov.jm/attachments/341_The%20Independent%20Commission%20of%20 Investigation%20Act,%202010,.pdf हेर्नुहोस्।

६३ https://japarliament.gov.jm/attachments/341_The%20Independent%20Commission%20of%20 Investigation%20Act,%202010,.pdf हेर्नुहोस्।

६४ आईओपिसि प्रहरी सुधार ऐन २००२ अन्तर्गत सन् २००४ मा स्थापना भएको स्वतन्त्र प्रहरी उजुरी आयोग थियो। सन् २०१७ मा प्रहरी र अपराध ऐन २०१७ ले विस्तारित संगठनमा केही संरचनागत परिवर्तन ल्यायो र प्रहरी आचरणको लागि स्वतन्त्र कार्यालयमा नाम परिवर्तन गऱ्यो।

६५ https://www.ontario.ca/laws/statute/19s01 हेर्नुहोस्।

६६ पृष्ठ २१–२२ हेर्नुहोस्। https://www.policeombudsman.org/PONI/files/4a/4a6df267-71c3-431b-a85a-a5ac8ed7956d.pdf मा उपलब्ध छ।

६७ https://old.gp.gov.ua/ua/news.html?_m=publications&_t=rec&id=259760&fp=310 मा समाचार हेर्नुहोस्।

६८ धारा २२, https://www.mpf.gob.ar/wp-content/uploads/2018/08/Ley_organica_2018.pdf हेर्नुहोस्।

६९ कानूनी तथा सामाजिक अध्ययन केन्द्र (सन्ट्रो डे इस्टुडियोस् लिगालेस य सोसियालेस) समेत, संस्थागत हिंसा सम्बन्धी विषयमा विशिष्टकृत ज्ञान भएका अभियोजनकर्ताहरू (फिस्किलियस इस्पेलाइजेडास एन् भ्वाइलेसिया इस्टिनुसनल), योजना, कार्यान्वयन तथा कानूनी रणनीति (डिसेनो इम्प्लिमेन्टासन य इस्ट्राटेजियास जुरिडिकास), नोभेम्बर ९, २०२०, पृष्ठ ७। स्पेनिस भाषामा https://www.cels.org.ar/web/ publicaciones/ scalias-especializadas-en-violencia- institucional-diseno-implementacion-y-estrategias-juridicas/ मा उपलब्ध छ।

७० सेभेज स्टिफन, स्वतन्त्रताको बारेमाः प्रहरीविरुद्धको उजुरी सम्बन्धमा स्वतन्त्र अनुसन्धानमार्फत प्रहरीको जवाफदेहीतामा पहल (२०१३) ५३ ब्रिट. जे. क्रिमिनोलोजी ९४, १०९।

७१ पिटर कियमासँगको अन्तर्वार्ता, आईएमएलयु, फेब्रुअरी ९, २०२१।

७२ लुकास मुन्टींघसँगको अन्तर्वार्ता, अफ्रिका फौजदारी न्याय सुधार, जनवरी ७, २०२१।

७३ एउटा महत्त्वपूर्ण सावधानी : मचासले सेनाबाट भएको अपराधको अनुसन्धान गर्दैन। साथै थोरै अवस्थामा मात्र सुरक्षा निकायमाथि लागेको आरोपहरूमाथि अन्य निकायले प्रारम्भिक अनुसन्धान गरिसकेपछि मात्र मचासमा पठाइन्छ। धेरै जसो अवस्थामा प्यालेस्टाइनमा भएको भनिएका अपराध सम्बन्धी आरोपहरूमाथि मचासले अनुसन्धान गर्दैन र प्यालेस्टाइनमा यसको कार्यालय पनि छैन।

७४ उदाहरणका लागि उत्तरी आयरल्याण्डमा न्याय मन्त्रालयमार्फत प्रहरी लोकपाल उत्तरी आयरल्याण्डको सभाप्रति जवाफदेही हुन्छन्।

७५ मोव्रे, अलिस्तेयर, “मानव अधिकार सम्बन्धी यूरोपेली महासन्धि अन्तर्गत अनुसन्धानको दायित्व”, दि इन्टरनेसनल एण्ड कम्पेरेटिभ ल क्वाटर्ली, भाग ५१, संख्या २ (अप्रिल २००२), ४३७, पृष्ठ ४३९।

७६ मक्ब्राइड वि. प्रहरी मन्त्रालय समेत (सिसिटि२५५।१५) (२०१६) एसएसिसि ३०स २०१६ (२) एसएसिआर ५८५ (सिसि)स २०१६ बिसिएलआर १३९८ (सिसि) (६ सेप्टेम्बर २०१६) र स्वतन्त्र प्रहरी अनुसन्धानात्मक निर्देशनालयको स्वतन्त्रता सुदृढ गर्ने सम्बन्धी एपिसिओएफ नीतिपत्र (फेब्रुअरी २०१७)।

७७ स्वतन्त्र प्रहरी अनुसन्धानात्मक निर्देशनालय संशोधित ऐन, २०१९, ऐन २७, २७ मे, २०२० देखि लागू भएको थियो।

७८ स्वतन्त्र प्रहरी अनुसन्धानात्मक निर्देशनालय संशोधित विधेयक (बि२५-२०१८)। https://pmg.org.za/bill/818/ मा उपलब्ध छ।

७९ अनुसन्धान सम्बन्धी स्वतन्त्र आयोग ऐन, २०१० को पहिलो अनुसूचीको दफा ५ र दफा ३, सन् २०१० को ऐन १२।

८० डेभिड डेरिटुसँगको अन्तर्वार्ता, उजुरी तथा कानूनी सेवाका निर्देशक, आईपिओए, केन्या, फेब्रुअरी २६, २०२१।

८१ पिटर कियमासँगको अन्तर्वार्ता, स्वतन्त्र मेडिको-लिगल एकाइ, केन्या, फेब्रुअरी ९, २०२१।

८२ पृष्ठ २२ मा हेर्नुहोस्। https://www.policeombudsman.org/PONI/files/4a/4a6df267-71c3-431b-a85a-a5ac8ed7956d.pdf मा उपलब्ध छ।

८३ राज्य निरीक्षकको सेवा सम्बन्धी जर्जियाको कानून, धारा ६१।

८४ लोकपाल संस्थाको संरक्षण र प्रवर्धन सम्बन्धी सिद्धान्त ("भेनिस सिद्धान्त"), कानून मार्फत लोकतन्त्रको लागि यूरोपेली आयोग (भेनिस आयोग) को ११८ औँ पूर्ण सत्रमा पारित गरिएको, मार्च २०१९। https://www.venice.coe.int/webforms/documents/default.aspx¿pdffile=CDL-AD(2019)005-e मा उपलब्ध छ।

८५ भेनिस सिद्धान्त, सिद्धान्त ७।

८६ राज्य निरीक्षकको सेवा सम्बन्धी जर्जियाको कानून, धारा ६.२।

८७ भेनिस सिद्धान्त, सिद्धान्त १०।

८८ भेनिस सिद्धान्त, सिद्धान्त ११।

८९ पाउलो रोबर्टोसँगको अन्तर्वार्ता, रियो दे जेनेरियोको सरकारी वकिलको कार्यालय, फेब्रुअरी ११, २०२१।

९० विशेष अनुसन्धान एकाइ ऐन, दफा ३२, एस.ओ. २०१९, बुँदा १, अनुसूची ५।

९१ डेभिड वेस्टसँगको अन्तर्वार्ता, निर्देशक, प्रहरी उजुरी निकाय, ट्रिनिडाड र टोबागो, फेब्रुअरी ९, २०२१।

९२ https://www.indecom.gov.jm/press_release/privy-council-delivers-judgment-in-indecom-cases हेर्नुहोस्।

९३ हेमिस केम्बेलसँगको अन्तर्वार्ता, इन्डेकम, जमैका, डिसेम्बर २३, २०२०।

९४ https://www.indecom.gov.jm/press_release/privy-council-delivers-judgment-in-indecom-cases हेर्नुहोस्।

९५ प्रहरी मामिला सम्बन्धी अनुसन्धानका लागि नर्वेली विभाग, वार्षिक प्रतिवेदन २०१८, पृष्ठ ३२।

९६ नाम गोप्य राख्ने शर्तमा नर्वेको एक कानून व्यवसायीसँग गरिएको अन्तर्वार्ता, फेब्रुअरी १७, २०२१।

९७ विभागले प्रहरी अधिकारी विरुद्ध अभियोग दर्ता गर्ने आधार रहेको भनी निर्णय गरेको अवस्थामा मुद्दा निम्न प्रकारले अगाडि बढ्छ : मचासका मुद्दाहरू जेरुसलेम, तेल अभीभ, केन्द्रिय र दक्षिण जिल्लाहरूको मेजिस्ट्रेट अदालतहरूको क्षेत्राधिकार अन्तर्गत आउने गर्छन्। मचासका वकिलले अभियोग दायर गर्छन् र अदालतमा उपस्थित हुन्छन्। अन्य अवस्थामा उपयुक्त जिल्ला न्यायाधिवक्ताको कार्यालयमा मिसिल पठाइन्छ जसले अभियोजन लगाउने नलगाउने विषयमा निर्णय गर्दछ। https://www.justice.gov.il/En/Units/PoliceInternalInvestigationsDepartment/Pages/default.aspx हेर्नुहोस्।

९८ जर्ज केगोरोसँगको अन्तर्वार्ता, ओपेन सोसाइटी फाउन्डेशनका पूर्वी अफ्रिकाका निर्देशक, केन्या मानव अधिकार आयोगका पूर्व निर्देशक र निर्वाचन पश्चातको द्वन्द्व सम्बन्धी छानबिन आयोगको सदस्य, जनवरी २१, २०२१।

९९ डेभिड डेरिटुसँगको अन्तर्वार्ता, उजुरी तथा कानूनी सेवाका निर्देशक, आईपिओए, केन्या, फेब्रुअरी २६, २०२१।

१०० पाउलो रोबर्टोसँगको अन्तर्वार्ता, रियो दे जेनेरियोका अभियोजनकर्ता, फेब्रुअरी ११, २०२१।

१०१ मानव अधिकार सम्बन्धी यूरोपेली अदालत निवेदन ३००५४।९६, २००१, अनुच्छेद ११४।

१०२ विशेष अनुसन्धान एकाइ ऐन को दफा १८, एस.ओ. २०१९, परिच्छेद १, अनुसूची ५।

१०३ देरितु, डेभिड, आईपिओए केन्या, अनुसन्धानात्मक क्षेत्राधिकार तथा राष्ट्रिय प्रहरी सेवा र स्वतन्त्र प्रहरी निरीक्षण निकायमा द्विविधा र दोहोरोपन – विधायिकी योजना वा दुर्घटना, अगस्ट २०२०, पृष्ठ ३ मा। (अप्रकाशित)

१०४ राज्य निरीक्षकको सेवा, जर्जिया गणतन्त्र, वार्षिक प्रतिवेदन २०१९, पृष्ठ १२५।

१०५ "हामी के अनुसन्धान गर्छौं" https://www.siu.on.ca/en/investigate_what.php मा उपलब्ध छ।

१०६ उदाहरणका लागि, क्यानडाको फौजदारी संहिता को दफा २७३.१(२)(ग)।

१०७ उदाहरणको लागि कोलम्बियामा फौजदारी संहिता, २००० को कानून ५९९, धारा १७८ मा यातनालाई फौजदारी कसूरको रूपमा व्यवस्था गरिएको छ। थप उदाहरणको लागि यातनाको रोकथाम तथा यातना विरुद्धको महासन्धि पहल सम्बन्धी संघ, यातना विरुद्धको कानून सम्बन्धी मार्गदर्शन, २०१६, पृष्ठ १५ हेर्नुहोस्।

१०८ उदाहरणका लागि कोलम्बियामा कोलम्बियाको संविधानको धारा १२ ले बलपूर्वक व्यक्ति बेपत्ता गर्ने कार्यमाथि प्रतिबन्ध लगाउँछ र कोलम्बियाको फौजदारी संहिता, २००० को कानून ५८९ को धारा १६५ ले फौजदारी अपराधको रूपमा अपराधिकरण गरेको छ। अर्जेन्टिनाको फौजदारी संहिताको दफा १४२ बमोजिम सो कार्य फौजदारी अपराध हो।

१०९ उदाहरणका लागि जमैकाको इन्डेकमले सुरक्षा फौजका सदस्य तथा राज्यका अधिकारीहरू विरुद्धको बल प्रयोग सम्बन्धी सम्पूर्ण मुद्दाहरू कानून बमोजिम अनुसन्धान गर्न आवश्यक छ। https://www.indecom.gov.jm/about-us/commission हेर्नुहोस्। साथै क्यानडाको नोभा स्कोटियाको गम्भीर घटना सम्वोधन समूह (सिरियस इन्सिडेन्ट रेस्पोन्स टिम) ले प्रहरीबाट भएको घरेलु हिंसा सम्बन्धी अपराधको अनुसन्धान गर्दछ। https://sirt.novasc otia.ca/about हेर्नुहोस्।

११० उदाहरणका लागि जर्जिया गणतन्त्रको फौजदारी संहितामा यातना (धारा १४४.१) र अमानवीय वा अपमानजनक व्यवहार (धारा १४४.३) सम्बन्धी फरक धाराहरू छन्। दुवै अपराधहरूको अनुसन्धान राज्य निरीक्षकको सेवाद्वारा अनुसन्धान गरिन्छ।

